# निरन्तर नेपाली व्याकरण र रचना

कक्षा १०

लेखक तथा सम्पादक
डा. भूपहरि पौडेल

निरन्तर प्रकाशन
पुतलीसडक, काठमाडौँ–२९, नेपाल ।
फोनः ०१–४५४६३८४

नाम :..........................................................................................

कक्षा :........................................... रोल नं. ...............................

सेक्सन :......................................... विषय :.................................

विद्यालयको नाम :.........................................................................


| | | |
|---|---|---|
| पुस्तक | : | निरन्तर नेपाली व्याकरण र रचना कक्षा–१० |
| लेखक तथा सम्पादक | : | डा. भूपहरि पौडेल |
| प्रथम संस्करण | : | २०८०, वैशाख |
| सर्वाधिकार | : | © प्रकाशकमा |
| प्रकाशक | : | निरन्तर प्रकाशन |
| | | काठमाडौँ, नेपाल |
| | | फोन नं. ०१–४५४६३८४ |
| मूल्य | : | रू. ३८४।– |

छपाइ नेपालमा ।

# भूमिका

भाषाको प्रयोग मानव समाजमा दैनिक व्यावहारिक प्रयोजनका निमित्त गरिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्नु भाषा सिकाइको प्रमुख सक्षमता हो । भाषाका यिनै चार सिप विकास गर्न विभिन्न व्याकरण निर्माण गरिएका छन् । यसरी निर्माण गरिएका व्याकरणहरू व्यवहारिकभन्दा पनि सैद्धान्तिक पद्धतिका रहेका पाइन्छन् । सैद्धान्तिक प्रकृतिका व्याकरणका पठनपाठनबाट विद्यार्थीहरूले भाषाका नियम जानेका हुन्छन् तर भाषा प्रयोगमा कठिनाइ महसुस पनि गरेका छन् । भाषा सिकाइमा रहेका विभिन्न कठिनाइहरूलाई सुधार गर्ने उद्देश्यले प्रस्तुत व्याकरण शृङ्खला लेखिएको हो । यस पुस्तकबाट व्याकरण शिक्षण गराउँदा विद्यार्थीहरूलाई घोक्न नलगाई उनीहरूकै परिवेश एवम् चित्रका माध्यमबाट सिकाउने प्रयास गरिएको छ । भाषा व्याकरण भनेको सिद्धान्तको व्याख्या र इतिहासको वर्णनमा भन्दा व्यावहारिक प्रयोग र अभ्यासमा केन्द्रित हुने पक्ष हुन् । यिनीहरूको व्यावहारिक प्रयोगका लागि भाषिक सीपहरूको प्रयोग हुनु जरुरी छ । अतः भाषा व्याकरणका यस्ता पाठ्य तथा अभ्यासपरक सामग्रीले अभ्यासात्मक पक्ष र गतिविधिमा जोड दिनु स्वाभाविक भएकाले यस्तै अभ्यासपरक सामग्री तथा आगमनात्मक विधिले पाठ्यपुस्तकमा प्राथमिकता पाएका छन् ।

प्रस्तुत पुस्तक निरन्तर नेपाली व्याकरण र रचना कक्षा–१० शिक्षक मित्रहरूको अभिप्रेरणाबाट विद्यार्थीहरूका लागि लेखिएको हो । पुस्तक प्रकाशक वितरक निरन्तर प्रकाशनका सारथीद्वय रामहरि खड्का र पूर्ण बस्नेतमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अन्तमा यस पुस्तकलाई आधिकारिक तथा त्रुटिरहित बनाउन सक्दो प्रयास गरिएको छ । तर पनि कतै त्रुटि रहन गएको हुनसक्छ त्यसका लागि विज्ञहरूबाट सकारात्मक सुझावको अपेक्षा गर्दछु ।

२०८०, वैशाख

– लेखक तथा सम्पादक

# विषयसूची


| खण्ड 'क' | व्याकरण | १–१७६ |
|---|---|---|
| एकाइ १ | शब्दवर्ग | १ |
| एकाइ २ | नाम | ३ |
| एकाइ ३ | सर्वनाम | ९ |
| एकाइ ४ | विशेषण | १६ |
| एकाइ ५ | क्रियापद | २२ |
| एकाइ ६ | अव्यय | २९ |
| एकाइ ७ | वर्णविन्यास | ३९ |
| एकाइ ८ | शब्दनिर्माण प्रक्रिया | ६१ |
| एकाइ ९ | उपसर्ग र प्रत्यय प्रक्रियाद्वारा शब्दनिर्माण | ६२ |
| एकाइ १० | समास प्रक्रियाद्वारा शब्दनिर्माण | ७७ |
| एकाइ ११ | द्वित्व प्रक्रियाद्वारा शब्दनिर्माण | ८४ |
| एकाइ १२ | काल र पक्ष | ८७ |
| एकाइ १३ | धातु र क्रिया | ९५ |
| एकाइ १४ | शब्दभण्डार | ९८ |
| एकाइ १५ | अनुकरणात्मक शब्द | १०८ |
| एकाइ १६ | पारिभाषिक शब्द | ११३ |
| एकाइ १७ | क्रियाको अर्थ र भाव | ११५ |
| एकाइ १८ | प्रेरणार्थक क्रिया | १२४ |
| एकाइ १९ | वाच्य र वाच्यका प्रकार | १२८ |
| एकाइ २० | कारक र विभक्ति | १३७ |
| एकाइ २१ | करण–अकरण | १४५ |
| एकाइ २२ | आदरार्थी | १५४ |
| एकाइ २३ | वाक्य र वाक्यका प्रकार | १५७ |
| एकाइ २४ | पदसङ्गति | १६५ |
| एकाइ २५ | वाक्य संश्लेषण र वाक्य विश्लेषण | १६९ |
| एकाइ २६ | उक्ति परिवर्तन | १७६ |
| एकाइ २७ | उखान र टुक्का | १८० |

| खण्ड 'ख' | बोध तथा अभिव्यक्ति | १८८–२२३ |
|---|---|---|
| एकाइ १ | बोध | १८८ |
| एकाइ २ | बुँदा टिपोट र सारांश लेखन | १९२ |
| एकाइ ३ | कथा लेखन | १९७ |
| एकाइ ४ | जीवनी लेखन | २०२ |
| एकाइ ५ | चिठी लेखन | २०६ |
| एकाइ ६ | वादविवाद लेखन | २१३ |
| एकाइ ७ | वक्तृता लेखन | २१७ |
| एकाइ ८ | संवाद लेखन | २१९ |
| एकाइ ९ | अनुच्छेद लेखन | २२१ |
| एकाइ १० | निबन्ध लेखन | २२३ |

एकाइ ९

# शब्दवर्ग

## ९. पढ्नुहोस् र बुझ्नुहोस् :

पदावलीभन्दा सानो अक्षरभन्दा ठुलो अर्थपूर्ण भाषिक एकाइलाई शब्द भनिन्छ। शब्द एकाक्षरी र बहुअक्षरी दुवै किसिमका हुन्छन्। निपातहरू, र, है, नि, ल, लौ, त आदि एकाक्षरी शब्द हुन्। भने, अनि, पनि, हजुर, लेख, हुन्छ, राम्रा, खिचडी आदि बहुअक्षरी शब्द हुन्। शब्द वाक्यमा प्रयोग हुँदा पद हुन्छन्। पद भनेको स्तर, दर्जा, तह, बस्ने स्थान आदि हो। हाम्रो नाता सम्बन्धमा हामी जसरी ठाउँअनुसार कसैको छोरो, छोरी, भान्जो, भान्जी, मामा–सानिमा, नाति, नातिनी, हजुरबा हुन्छौँ त्यसैगरी शब्दको पद परिवर्तन हुन्छ। खै, कृष्णहरि, मोबाइल, दर्पण, खाए, भएका छन् आदि शब्द हुन्।

शब्दलाई रूप चल्ने (फेरबदल हुने) आधारमा दुई वर्गमा विभाजन गर्न सकिन्छ। १. विकारी २. अविकारी। शब्दको रूप परिवर्तन हुने, त्यही रूप चल्दा अर्थमा परिवर्तन हुने शब्दलाई विकारी शब्द भनिन्छ। रूप चल्नुलाई रूपायन पनि भनिन्छ। रूप नचल्ने शब्दहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, वाच्य, भाव आदिका आधारमा रूपमा वा अर्थमा परिवर्तन नआउने शब्दहरूलाई अविकारी शब्द भनिन्छ। जसरी निर्माण भएका निर्मित शब्द भए पनि र सिङ्गा शब्द, मूल शब्द र आधारपदहरू पनि विकारी र अविकारी शब्द कोटिमै पर्दछन्। तिनले वाक्यमा प्रयोग भएर पद ग्रहण गरेका आधारमा शब्दको वर्ग छुट्टिन्छन्।

### विकारी शब्दको विकार हुने प्रक्रिया

विकारी शब्दमा नाम, सर्वनाम, विशेषण र क्रियापद पर्दछन्। नाम, सर्वनाम र विशेषणलाई चाहिँ नामिक शब्द पनि भनिन्छ।

### विकार प्रक्रिया (अर्थमा आउने परिवर्तन)

| | | | | | |
|---|---|---|---|---|---|
| गणेश (नाम) | गणेशले | गणेशहरू | गणेशसँग | गणेशलाई | गणेशको |
| ऊ (सर्वनाम) | उनले | उनीहरू | उनीसँग | उनलाई | उनको |
| रातो (विशेषण) | राता | राताहरू | रातासँग | रातालाई | राताको |
| लेख् (क्रियापद/आज्ञार्थ) | लेख्छ | लेख्छन् | लेख्ली | लेख्लिन् | लेख्नुभयो |

माथि नामिक आदि शब्दका रूप मात्र परिवर्तन भएनन्, कि तिनको अर्थ प्रधानतामा पनि परिवर्तन आएको छ।

(क) विकारी शब्द

१. नाम (हरि, राम, देश, गण्डकी, कैलाली, नेपाल, माटो, कपडा...)

२. सर्वनाम (म, हामी, ऊ, उनी, तिनी, उनीहरू, तपाईँ, हजुर.....)

३. विशेषण (असल, खराब, दोषी, झरेको, फुटेको, रातो, बिग्रेका, दुर्गन्धित........)

४. क्रियापद (गर्, लेख्, खायो, हिँड्लान्, आऊ, पढ्नुहोस्, लगेछ, पढाइछ्यौ, गइन्.....)

(ख) अविकारी शब्द (अव्यय)

१. क्रियायोगी (आज, भोलि, सरासर, गर्न, हिँडेका, विस्तारै...)

२. नामयोगी (देखि, बाट, तिर, तर्फ, अनुसार, बमोजिम, सँग, ....)

३. विस्मयादिबोधक (ला, छ्या, छि, छिछि, हुर्रे, स्याबास्, ज्याहै, ज्या.......)

४. निपात (र, पो, त, लौ, नि, खै, क्यारे, ब्यारे, अँ, हँ....)

५. संयोजक (र, पनि, वा, किन्तु, परन्तु, अथवा, नकि, अन्यथा, भने, भन्ने.)

**शब्दवर्ग छुट्याउनुपर्ने शीर्षकहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | नाम | २. | सर्वनाम | ३. | विशेषण |
| ४. | क्रियापद | ५. | क्रियायोगी | ६. | नामयोगी |
| ७. | विस्मयादिबोधक | ८. | निपात | ९. | संयोजक |

## अभ्यास

१. **प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) शब्द भनेको के हो ?

(ख) शब्दवर्ग केलाई भनिन्छ ?

१. विकारी शब्द भनेको के हो ? उदाहरण दिई लेख्नुहोस् ।

२. अविकारी शब्द भनेको के हो ? उदाहरण दिई लेख्नुहोस् ।

(ग) शब्द कुन बेला पद र कुन अवस्थामा मात्र शब्द हुन्छ ? उदाहरण दिई लेख्नुहोस् ।

(घ) कस्ता शब्दको रूपायन हुन्छ ? उदाहरण दिई लेख्नुहोस् ।

(ङ) रूपायन नहुनेमा कस्ता शब्द पर्दछन् ? तिनका प्रकार र उदाहरण लेख्नुहोस् ।

(च) शब्दवर्ग/पदवर्गमा छुट्याउने शब्दका वर्गहरू के के हुन् ? नाम लेखी तीन तीनओटा उदाहरण लेख्नुहोस् ।

(छ) तपाईँ शब्दवर्ग भन्नासाथ के सम्झनु र बुझ्नुहुन्छ ? तर्क लेख्नुहोस् ।

एकाइ
२

# नाम

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

**तल दिइएको अनुच्छेद पढी नाम शब्द पहिचान गरी तालिकामा भर्नुहोस् :**

नेपाल गाउँ नै गाउँले भरिएको बहुजातीय देश हो । यहाँ बाहुन, क्षत्री, नेवार, थारु, मगर, राई, लिम्बू, लामा आदि थुप्रै जातजातिका मानिसहरू समूहमा मिलेर बस्छन् । जिउँदाको जन्ती मर्दाको मलामी भन्ने हाम्रो समाजको सांस्कृतिक पहिचान बनेको छ । सबै जातजातिका आआफ्ना धर्म र संस्कारहरू छन् । आआफ्नै पर्वहरू छन् । कतै दशैं, तिहार धुमधामका साथ मनाइन्छ भने कतै माघी, छठ आदि छुट्टाछुट्टै चाड मनाइन्छ । गाउँका मानिसहरू सुन, चाँदी, धन, सम्पत्तिमा होइन दया, माया, स्नेह, प्रेम इमानदारिता जस्ता कुराहरूमा विश्वास गर्छन् । अरूलाई दुःख पर्दा साथ दिन्छन् । छिमेकमा चामल, पिठो, नुन, तेल जस्ता वस्तुहरू खाँचो पर्दा पैंचो ल्याउँछन् । जसले जे जस्तो धर्म, भाषा र संस्कृतिको अवलम्बन गरे पनि सबैले आआफ्नै पहिचान र अस्तित्व स्वीकार गरेकाले नै नेपाल अनेकतामा एकताको राष्ट्र बन्न सफल भएको छ ।

| व्यक्तिवाचक | जातिवाचक | द्रव्यवाचक | समूहवाचक | भाववाचक |
|---|---|---|---|---|
| | | | | |

## १. नाम

के ? = सुन्तला, आँप, कलम, पुस्तक, सिन्को, साइकल, सिसा, सिसाकलम, लुगा, गाडी, बस, बाघ, गाई, जुत्ता, साइकल, भेडो.... आदि ।

को ? = हरि, गणेश, धने, शिव, सीताराम, पुष्पलाल, घटराज, दाजु, गीताञ्जली, भूषण, कृष्ण, सरोज, गौतम, विनोद.... आदि ।

को को ? = कृष्ण, कमल र रुपक, सालो र भेना, दाजु र भाउजू, रूपा, गणेश र सञ्जिता... आदि ।

कुनै पनि व्यक्ति, वस्तु वा ठाउँ आदिलाई तोकेर बोलाउँदा वा चिनाउँदा प्रयोग गरिने शब्द चिह्न वा प्रतीक नै नाम हो । नामलाई संज्ञा पनि भनिन्छ । नाम शब्द 'के र को ?' प्रश्नको उत्तरमा पनि आउँछन् ।

## २. नामका प्रकारहरू :

नामलाई परम्परागत र अन्य गरी दुई आधारमा विभाजन गर्न सकिन्छ :

### परम्परागत आधारमा

### (क) व्यक्तिवाचक नाम

- कमल, सेते, कविर, रवि, ज्ञानुवाकर, सुवीर, करुणा, कृतन, सन्दीप, सुकृति, संस्कृति, मानस, निशान्त.... आदि ।
- नेपाल, भारत, चीन, पाकिस्तान, भुटान, म्यानमार, पोल्याण्ड,...आदि ।
- मोरङ, झापा, धनकुटा, ताप्लेजुङ, काठमाडौँ, सुनसरी,...आदि ।
- राधानगर, बेलबारी, कपन, चाबहिल, पशुपति, धरान,..... आदि ।
- प्रशान्त, आन्द्र, हिन्द, एटलान्टिक,..आदि ।
- गण्डकी, कोसी, कर्णाली, मेची, महाकाली,....आदि ।
- पूर्वाञ्चल, पश्चिमाञ्चल, मध्यमाञ्चल,...आदि ।
- एसिया, अफ्रिका, उत्तर अमेरिका, दक्षिण अमेरिका,....आदि ।
- चन्द्र, सूर्य, पृथ्वी, शुक्र, यम,....आदि ।
- सगरमाथा, अपी, नाम्पा, सयपाल, कान्जिरोवा, गणेशहिमाल, गौरीशङ्कर, माछापुच्छ्रे आदि ।
- होली, माघे सङ्क्रान्ति, तिहार, छठ, गौरा, इद, ल्होसार, एकादशी, जनैपूर्णिमा, श्रीपञ्चमी,..आदि ।

सिङ्गो व्यक्ति, वस्तु वा ठाउँ आदिलाई तोकेर चिनाउँदा वा देखाउँदा प्रयोग गरिने प्रतीक शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ ।

### (ख) जातिवाचक नाम

- मानिस, केटाकेटी, महिला, पुरुष
- देश, राष्ट्र, नागरिक, खोला, नदी, पहाड,
- महासागर, विकासक्षेत्र, पिण्ड, महादेश, हिमाल, टाकुरा
- पुस्तक, कलम, लुगा, रुमाल, हँसिया आदि ।

कुनै पनि वस्तु, व्यक्ति वा पदार्थको जात विशेषलाई बुझाउने नामिक शब्द नै जातिवाचक नाम हो । व्यक्तिवाचक नामको सामूहिक रूपलाई बुझाउने शब्दलाई जातिवाचक संज्ञा भनिन्छ । यसमा सजीव/निर्जीव सबै वस्तुहरू पर्दछन् ।

### (ग) समूहवाचकनाम

| गणनीय | अगणनीय |
|---|---|
| हुल, बथान, पार्क, समूह, लाइन, लस्कर, पल्टन, जत्था | थुप्रो, थाक, रास, कुनियो, झुण्ड, मण्डल, ताँती |

व्यक्ति, वस्तु आदिको जमात वा एकमुस्ट रूप नै समूहवाचक संज्ञा हो । यसले निश्चित वा अनिश्चित झुण्डका गणनीय वा अगणनीय नामलाई समूहवाचक नाम भनिन्छ ।

**समग्रतामा समूहवाचक नामहरू**

हुल, रास, खलियो, ताँती, लाइन, लस्कर, पल्टन, पार्क, घार, झुण्ड, बथान, बगाल, काइँयो, घरी, बजार, चुल्ठो, गुच्छा, जन्ती, मलामी, पाना, कुनियो, लाछी, डल्लो, थाङ्ग्रो, थास, रास, पल्टन, परेड, चुल्हो, चाङ, गोठ, माला, नर्सरी, वन, निकुञ्ज, झ्याङ, गड्डी, जमात, झुप्पो, दर्जन...

### (घ) द्रव्यवाचक नाम

दुध, दही, मही, चिनी, सखखर, आलु, बन्दा, काउली, चामल, पिठो, नुन, तेल, बेसार, पानी, खानेतेल, भुटुन, माटो, पेट्रोल, डिजेल, साग, दाल, चियापत्ति, धुलो, सुठो आदि ।

छुन देख्न सकिने र जोखेर लिन दिन मात्र गरिने नामिक शब्दलाई द्रव्यवाचक नाम भनिन्छ । यसमा बग्ने, पोखिने, चुहिने आदि पर्दछन् ।

### (ङ) भाववाचक नाम

माया, प्रेम, घृणा, स्नेह, दया, रिस, क्रोध, मानवता, ईश्वरीय, खानु, लेख्नु, हिँड्नु, जानु, पाउनु, राम्रोपन, ठालुपन, मङ्गापन आफ्नोपन, भावुकता, समानता आदि ।

छुन, देख्न नसकिने अनुभव मात्र गर्न सकिने नामिक शब्दलाई भाववाचक नाम भनिन्छ ।

## ३. नामलाई अन्य विभिन्न प्रकारमा पनि वर्गीकरण गरिन्छ

### १. जीवितताका आधारमा

(क) सजीव :

स्वास प्रश्वास गर्ने/फेर्नेहरू सजीव नाम हुन् । मानिस, हरि, माछा, आँप, रूख, कटहर, गोपाल, गाई, घोडा, भेडा, स्याल, बाख्रा, किरा, फट्याङ्ग्रा, हात्ती आदि ।

(ख) निर्जीव :

माटो, ढुङ्गा, धुलो, त्रिशूल, कलम, पुस्तक, लुगा, लेख, उपन्यास, निबन्धमाला, पाना, बाकस, कन्तुर, पिङ, भकुण्डो आदि ।

## २. मानव वा अन्यका आधारमा

(क) मानवीय नाम

हरि, श्याम, दाजु, भाउजू, फुपू, आमाजू, बा, दासोनी, प्रिन्सा, निबन्ध, कोमल, दोर्जे, लेखनाथ आदि ।

(ख) अमानवीय नाम

आकाश, चन्द्रमा, सूर्य, सुन, चाँदी, रूख, पात, हाँगा, रचना, पाना, बोक्रा, बाजा, बहर, गाई, केरा, हलो, गोरु, गुन्द्रुक, ढिँडो, कलम, लेखनी, सामान, घडी, लौरो, जुत्ता आदि ।

## ३. गन्न सक्ने र नसक्ने आधारमा

(क) गणनीय (गन्न सकिने)

केरा, मानिस, कलम, पुस्तक, पैसा, बाकस, दाजु, आमा, देवर, देश, महादेश, हात, औँला, टोपी, घडी, स्याउ, घर, मठ, मन्दिर, गुम्बा, झ्याल, ढोका, नदी, हिमाल, पहाड आदि ।

(ख) अगणनीय (गन्न नसकिने)

तारा, धान, गहुँ, मकै, हावा, पानी, ग्याँस, सुठो, माहुरी, हेराइ, दृष्टि, तेल, नुन, बेसार, कपाल, आफ्नोपन, व्यक्तित्व, कवित्व आदि ।

## ४. नामले गर्ने कार्यहरू

(क) नामले उद्देश्यको काम गर्छ ।

(ख) सकर्मक क्रियाको कर्म भएर काम गर्छ ।

(ग) विशेषणको विशेष्य भई काम गर्छ ।

घ) नाम पदले कारक भई काम गर्छ ।

(ङ) नामले रूपायन भई काम गर्छ ।

(च) क्रिया लिने पूरकापेक्षीको पूरक भई काम गर्छ ।

(छ) नामले पुलिङ्ग र स्त्रीलिङ्गको रूपमा काम गर्छ ।

## अभ्यास

१. **तलका नाम शब्दहरू कुनकुन प्रकारका पर्छन् ? तालिका बनाई भर्नुहोस् :**

हरि, मानवता, स्वर्गीय, पाठकत्व, स्वर्गमय, ढुङ्गा, दाल, तरकारी, नुन, तेल, आलु, देश, सगरमाथा, बथान, थकाइ, महादेश, पानी, टपरी, गुच्छा, पल्टन, ब्यारेक, स्याउ, पागलपन, एक्लोपन, हावा, ग्याँस, जिल्ला, ठाउँ, जन्ती, काम, गर्नु,

| व्यक्तिवाचक | जातिवाचक | द्रव्यवाचक | समूहवाचक | भाववाचक |
|---|---|---|---|---|
| | | | | |

२. **तल दिइएका वाक्य पढी नाम शब्द छुट्याउनुहोस् :**

(क) सिपाहीका पल्टन पहाडै पहाड हिँडेर नदी तरेर ब्यारेकमा जाँदै थिए ।

(ख) बाटैभरि फोहरको थुप्रो देखेर राम नाक थुन्दै सुन्धारातिर जाँदै थियो ।

(ग) हाँसका बथान पानीमा डुबुल्की मार्दै माछाका भुरा खोजी गर्दै थिए ।

(घ) श्याम बिहानै उठेर चिया नास्ता गरी आमासँग बिदा मागेर पोखरा गयो ।

(ङ) हाम्रो दाजुले छिमेकी घरबाट चामल सापटी ल्याउनुभयो ।

(च) जीवन भनेकै सुख, दुःख, हर्ष, पीडा, हाँसो, रुवाइ र कर्तव्यको सम्मिश्रण हो ।

३. **प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) नाम भनेको के हो ? यसका प्रकारहरू लेख्नुहोस् ।

(ख) नामका प्रकारहरू लेखी तिनको दशदश ओटा उदाहरण लेख्नुहोस् ।

(ग) जातिवाचक नामको परिचय दिई पाठमा नभएका दशओटा नाम शब्द उदाहरणका रूपमा लेख्नुहोस् ।

(घ) के/केको उत्तरमा नाम आउँछन् ? लेखी के को उत्तरमा आउन बीसओटा र को को उत्तरमा आउने बीसओटा नाम शब्द लेख्नुहोस् ।

(ङ) तपाईंले देखेका सुनेका बोलाएका चलाएका सामग्रीहरूको पचासओटा नाम शब्द लेखी तिनलाई व्यक्ति, जाति, समूह, द्रव्य र भाववाचकको फरक तालिका बनाई भर्नुहोस् ।

४. **तलको अनुच्छेद पढ्नुहोस्, त्यस अनुच्छेदमा कुनकुन प्रकारका नामपदहरू छन्, छुट्याउनुहोस् :**

कुवेत र कतारमा एउटै किसिमको भाषा र भेषभूषा रहेको छ । रहनसहन र समान संस्कृति हुनाका साथसाथै दुवै खाडी क्षेत्रका देशहरू हुन् । दुवै देश गल्फ कोअर्डिनेसन

काउन्सिलका सदस्य पनि हुन् । भौगोलिक वातावरण पनि उस्तैउस्तै छन् । दुवै देशमा तेलका विशाल भण्डार रहेको बारेमा उल्लेख गरिरहनु पर्दैन । तैपनि पहिलो पटकको खाडी देशको बसाइ भएकाले कताकता अलिक अनौठो नै लागिरहेको छ मलाई । यही **२०११** अगस्ट १ तारिखदेखि रमादान पर्व चलिरहेको छ  कतारलगायत साउदी अरेबिया, संयुक्त अरब इमिरेट, यमन, इजिष्ट र कुवेतमा । रमादान पर्व अगस्ट महिनाभरि नै रहनेछ । यस पर्वका समयमा सरकारी कार्यालयहरूमा पनि बिहानको साढे आठ बजेदेखि अपरान्ह साढे बाह्र बजेसम्म र सपिङ महलहरू तथा पसलहरू साँझ उन्नाइस बजेदेखि भोलिपल्टको बिहान एक बजेसम्म खुल्ने प्रचलन रहेछ । प्रायः दिनभरि सहर तथा बजारहरू बन्द रहनुका साथसाथै सडकहरू खालीखाली रहेको पाएँ कतारमा । सायद खाडीका अन्य देशहरूमा पनि यस्तै होला भन्ने सोझो अनुमान गरेको छु मैले । यहाँको प्रचलनअनुसार प्रत्येक बिहान उज्यालो हुनुअघि सुहुरदेखि साँझ घाम नअस्ताउञ्जेलसम्म निराहार बस्ने र इफ्तारबाट व्रतलाई भङ्ग गरी भोजन गर्ने कार्यको सुरुवात गरेको पाएँ मैले । सायद कुवेतमा पनि यहाँजस्तै त होला ? अनि कतारमा जस्तै इफ्तार टेन्ट (व्रत भङ्ग गर्न उपस्थित सर्वसाधारणलाई सित्तैमा भोजन बाँड्न बनाइएको पाल घर) कुवेतमा पनि बनाइने प्रचलन होला नै ? त्यसबारे यहाँ उल्लेख गरिरहनुपर्ला जस्तो लागेको छैन मलाई ।

यही रमादानको शान्त र सौम्य वातावरण तथा सार्वजनिक बिदाको दिन शुक्रबार अर्थात् अगस्ट **१९, २०११** का दिन दोहादेखि करिब **८५** किलोमिटर पश्चिममा रहेको दुखान जाने कार्यक्रमअनुसार दिनको तेह्र बजे प्रस्थान गर्‍यौं । यात्रामा श्रीमती रतन, श्रमसहचारी धुव्रप्रसाद कोइराला, सहचारी केशवराज पन्थी तथा श्रीमती पन्थी सहयात्रीका रूपमा रहेका छौं ।

(जय छाङ्छा, दोहाको सीधा उडानबाट साभार)

एकाइ ३

# सर्वनाम

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

**तल दिइएको अनुच्छेद पढी सर्वनाम शब्दहरू खोजेर लेख्नुहोस् :**

मेरो नाम दावा हो । म कक्षा ९ मा पढ्छु । म र लखनसँगै विद्यालय जान्छौँ । हामी एउटै विद्यालयमा पढ्छौँ । सफल मलाई मनपर्ने साथी हो । उसँग म खाजा खाने छुट्टीमा कुरा गरेर बसिरहन्थेँ । दावा तँ कहाँ गइस् ? भन्दै फुटबल खेल्न जानलाई राजेश लिन आइहाल्यो । मेरी सानी बहिनी रमा पनि त्यहीँ विद्यालयमा कक्षा पाँचमा पढ्थिन् । म उनलाई 'तिमी खाजा खाऊ' भनेर पैसा दिन्थेँ ।

कक्षामा सुमनले बेलाबेलामा कथा सुनाउने गर्थ्यो । आफूलाई भने कथा भन्न आउँदैनथ्यो । जुन कक्षामा सुमनले सुनाउने गर्थ्यो त्यो कथा ज्यादै रोचक र रमाइलो हुन्थ्यो । हामी साथीहरूमा को आयो ? को आएन ? भन्ने कुरामा ध्यान दिन्थ्यौँ । घुम्न कतै जान परेमा कहाँ जाने भनेर सल्लाह गर्थ्यौँ । कुनकुन साथीलाई लाने त्यो पनि सल्लाह गर्थ्यौँ ।

म अहिले शिक्षक हुँ । मेरो साथी लखन उद्योगपति भएको छ । राजेश र सुमन राम्रा विद्यार्थी थिए । उनीहरू अहिले डाक्टर भएका छन् । मेरी बहिनीले फ्याक्ट्री चलाएकी छे । त्यहाँ धेरै सामानहरू उत्पादन हुन्छ । त्यो धेरै महँगो छ । त्यस उद्योगमा काम गर्ने कर्मचारी छन् । ती परिश्रमी र मिहिनेती छन् । बहिनी आफैँ पनि काम गर्छे । उनी स्वयम् मिहिनेती छिन् । उनी आफू सिपालु पनि छिन् ।

**माथिको अनुच्छेमा प्रयोग भएका सर्वनाम शब्द टिप्नुहोस् :**

.................. .................. .................. .................. ..................

.................. .................. .................. .................. ..................

नामको सट्टामा प्रयोग हुने शब्दलाई **सर्वनाम** भनिन्छ । सर्वनाम जब नाम भन्ने वा प्रयोग गर्ने बेला कुनै व्यक्ति, वस्तु, ठाउँ आदिका सट्टामा प्रयोगमा आउँछन् । सर्वनाम शब्द शब्दको सट्टामा, पदावलीको सट्टामा र वाक्यको सट्टामा पनि सर्वनाम प्रयोग हुन्छ ।

### शब्दको सट्टामा

- कमला, कविर र कौतुप आए । उनीहरू तुरुन्त फर्किहाले ।
- दाजु आउनुभयो । उहाँ आज बास बस्नुहुन्छ रे ।
- केदार र सपना विद्यालय गए । ती पढेर आउँछन् ।

**पदावलीको सट्टामा**

- कुवेर जस्ता साथीहरू मिलेर काम गर्छन् । उनीहरू मिलेरै हिँड्छन् पनि ।
- गरेको काम सबै बिग्रियो । त्यो सम्हाल्न सकिएन ।
- लागेको गोली डाक्टरले झिके । त्यो तिघ्रामा गाडिएको रहेछ ।

**वाक्यको सट्टामा**

- मिहिनेती हरिले अन्ततः प्रथम नतिजा ल्यायो ।
- यो प्रशंशनीय कार्य हो ।
- दाजुका छोराले सधैँ मिहिनेत गर्न थालेको छ ।
- त्यो सुधार हुने लक्षण हो ।

## २. सर्वनामका प्रकारहरू

### १. पुरुषवाचक सर्वनाम

| पुरुष | | |
|---|---|---|
| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
| म, हामी, हामीहरू | तँ, तिमी, तपाईं, हजुर, तिमीहरू, तपाईंहरू, हजुरहरू | ऊ, उनी, उनीहरू, तिनी, तिनीहरू, उहाँ, उहाँहरू, त्यो, ती |

व्यक्ति जनाउने शब्दको सट्टामा प्रयोग हुने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ । पुरुषवाचक सर्वनाम पहिलो व्यक्ति, दोस्रो व्यक्ति र तेस्रो व्यक्तिको सट्टामा प्रयोग हुन्छन् ।

**पुरुषवाचक सर्वनाम तीन प्रकार छन् :**

### (क) प्रथम पुरुषवाचक सर्वनाम

दुई वा दुईभन्दा बढी व्यक्तिले कुरा गर्दा कुरा कोट्याउने पहिलो व्यक्तिको सट्टामा प्रयोग हुने सर्वनामलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ ।

जस्तै : म, हामी, हामीहरू

- म खेल खेल्छु ।
- हामी परोपकारी काम गर्छौं ।
- हामीहरू चाँडै भोलि गाडी चढौँला ।

### (ख) द्वितीय पुरुष वाचक सर्वनाम

दुई वा दुईभन्दा बढी व्यक्तिले बोल्दा वा कुराकानी गर्दा कुरा सुन्ने दोस्रो व्यक्तिको सट्टामा प्रयोग हुने सर्वनामलाई द्वितीय पुरुषवाचक सर्वनाम भनिन्छ । यो कुरा गर्न सघाउने व्यक्ति हुन्छ ।

जस्तै : तँ, तिमी, तिमीहरू, तपाईं, तपाईंहरू, हजुर, हजुरहरू

- तँ खेल खेल्छस् ।
- तिमी सपनामा रुन्छौ ।
- तिमीहरू आजै पुस्तक किन ।
- तपाईं लेख लेख्नुहोस् ।
- तपाईंहरू ज्ञानको मार्ग खोज्नुहोस् ।
- हजुर आजै घर आइबक्सियोस् ।
- हजुरहरू सुनिताको विवाहमा गइबक्सियो ?

### (ग) तृतीय पुरुषवाचक सर्वनाम

दुई मानिसले कुरा गर्दा जसको बारेमा कुरा गरिन्छ, त्यस तेस्रो व्यक्तिको सट्टामा प्रयोग गरिने सर्वनामलाई तृतीय पुरुषवाचक सर्वनाम भनिन्छ ।

जस्तै : ऊ, उनी, उनीहरू, ती, तिनी, तिनीहरू, उहाँ, उहाँहरू, वहाँ, वहाँहरू, त्यो आदि ।

- ऊ पुस्त पढ्छ ।
- उनी आज घुम्न गए ।
- उनीहरू वनभोज जानेछन् ।
- ती केटाले पढाइ सकेछन् ।
- तिनी उत्कृष्ट छात्रा हुन् ।
- तिनीहरूको गृहकार्य सकिएछ ।
- उहाँ नेपाली लेखक हुनुहुन्छ ।
- उहाँहरूको समाज सेवाको कार्य अनुकरणीय छ ।
- उहाँ नेपालका आगन्तुक हुनुहुन्छ ।
- उहाँहरू तराईमा बस्नुहुन्थ्यो ।
- त्यो किन आज विद्यालय आएन ?

### २. प्रश्नवाचक सर्वनाम

- ऊ कुन काम गर्छ रे ?
- तिमी कतिजना साथी बनाउँछौ ?
- हजुर कहिले जाने र ?
- आज कति कति काम सक्यौ ?
- तपाईं कहाँ कहाँ जानुभएको छ ?
- गणेश कति बेला आए ?
- तिमी कुनकुन प्रकारका लुगा मन पराउँछौ ?

- दिनमा कति लिटर पानी पिउनुहुन्छ ?
- आज को को खेताला बोलाउनुभयो ?
- खलामा धान कति भए ?
- किसानले कस्ता कस्ता काम गर्छन् ?

प्रश्न जनाउने शब्दहरू नै प्रश्नवाचक सर्वनाम हुन्छन् । कहाँ, कहिले, किन, कसरी, कस्तो, कत्रो, कति, कुन, के, किन, कुन कुन, कति कति, कहाँ कहाँ आदि प्रश्नवाचक सर्वनाम हुन् ।

### ३. निज वा आत्मवाचक सर्वनाम

- आफूले त गृहकार्य सकियो ।
- आफैं गर्छ आफ्नो काम ।
- स्वयम्ले निम्त्याएको दुःख हो यो ।
- निजैको हो यो घर ।

आफूले आफैंलाई बुझाउन प्रयोग गरिने वा आफ्नो सट्टामा प्रयोग हुने सर्वनाम नै आत्मवाचक सर्वनाम हो ।

### ४. दर्शकवाचक सर्वनाम

| निकटवर्ती दर्शक सर्वनाम | दूरवर्ती दर्शक सर्वनाम |
|---|---|
| यो हाम्रो घर हो । | त्यो हाम्रो घर हो । |
| यी मेरा गाई हुन् । | ती मेरा गाई हुन् । |
| यहाँ बसेर पढ । | त्यहाँ बसेर पढ । |

नजिक वा टाढाको वस्तुलाई देखाउँदा वा चिनाउँदा त्यस व्यक्ति वा वस्तुको सट्टामा प्रयोग गरिने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ ।

दर्शकवाचक सर्वनामका दुई पक्ष छन् :

#### (क) दूरवाचक वा परवर्ती

परको व्यक्ति वा वस्तुको सट्टामा प्रयोग हुने त्यो, ती, तिनीहरू, उनीहरू, उहाँ, वहाँ दूरवर्ती सर्वनाम हुन् ।

#### (ख) अदूरवर्ती वा निकटवर्ती

वरको वा नजिकको वस्तु वा व्यक्तिको साटो प्रयोग हुने सर्वनाम निकटवर्ती सर्वनाम हुन् ।

- यो, यी, यिनी, यिनीहरू
- यो ठिक छ त्यो ठिक छैन ।

- यी तिमीले भनेका मान्छे र ती मैले देखाएका मान्छे दुवै हाम्रा नातेदार हुन् ।
- यिनीहरू आउन् । तिनीहरू चाहिँ एकछिन् खेलून् ।

## ५. सम्बन्धवाचक सर्वनाम

व्यक्तिको वस्तुसँग, व्यक्तिको व्यक्तिसँग वा व्यक्तिको अन्यसँग सम्बन्ध देखाउँदा त्यो व्यक्ति वा वस्तुको साटो प्रयोग हुने सर्वनाम सम्बन्धवाचक सर्वनाम हो ।

**यसका प्रकारहरू**

(क) निश्चितवाचक सर्वनाम

निश्चित व्यक्ति वा वस्तुको सट्टामा प्रयोग हुने सर्वनाम निश्चितवाचक सर्वनाम हुन् । जस्तै : जो, जे, जुन, जोजो, जेजे, जुनजुन

(ख) अनिश्चितवाचक सर्वनाम

अनिश्चित वा किटान नगर्ने व्यक्ति वा वस्तुको सट्टामा प्रयोग हुने सर्वनाम अनिश्चितवाचक सर्वनाम हुन् । जस्तै : जोसुकै, जुनसुकै, जहाँसुकै, जहिलेसुकै, जोजोसुकै, जुनजुनसुकै आदि ।

**दृष्टान्त :**

निश्चितवाचक

- जो आउँछौ आऊ । जे खान्छौ खाए हुन्छ । जुन काम गरे नि हुन्छ ।
- जुनजुन लुगा रोज्छौ रोज ।

अनिश्चितवाचक

- जोसुकै आओस् ।
- जुनसुकै लुगा लगाऊ ।
- जहाँसुकै घुम तर चाँडो आऊ ।
- जतिसुकै बेला आउन् आइपुगे भैगो नि ।
- जोजोसुकैले खाउन् भोका चाहिँ नबसुन् ।

## ६. सर्वनामले गर्ने कामहरू

(क) सर्वनामले उद्देश्यको काम गर्छ ।

(ख) नामको सट्टामा आई काम गर्छ ।

(ग) सर्वनामले विभिन्न पुरुष चिह्न लिएर काम गर्छ ।

(घ) सर्वनामले कर्ता, कर्म, करण, सम्प्रदाय, अपादान र अधिकरण कारक भई काम गर्दछ ।

(ङ) सर्वनामको सरल र तिर्थक रूप पाइन्छ ।

## अभ्यास

१. **तलका सर्वनाम कुनकुन प्रकारका हुन् ? तालिकामा लेख्नुहोस् :**

ऊ, ती, हामी, उहाँ, तपाईँ, त्यो, आफू, तिनीहरू, यिनीहरू, जुन, कुन, कहाँ, म, कसरी, को, हजुर, जुनसुकै

२. **तलका तालिकामा दिइएका सर्वनामका चार चार शब्दहरू भर्नुहोस् :**

| आत्मवाचक | पुरुषवाचक | प्रश्नवाचक | दर्शकवाचक | सम्बन्धवाचक |
|---|---|---|---|---|
| | | | | |

३. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) सर्वनाम भनेको के हो ? यी कति प्रकारका छन् ?

(ख) सर्वनाम के केको सट्टामा प्रयोग हुन्छन् ?

(ग) प्रश्नवाचक सर्वनाम वाक्यमा के जनाउन आउँछ ? उदाहरण दिई लेख्नुहोस् ।

(घ) आत्मवाचक सर्वनामको परिचय दिनुहोस् ।

(ङ) वस्तु र मानवबिच सम्बन्ध देखाउँदा कुन सर्वनाम प्रयोग हुन्छन् ?

४. **तलको कथा पढ्नुहोस्, त्यस कथामा प्रयोग भएका सर्वनाम शब्दहरू छुट्याउनुहोस् :**

### राजा ब्रस र माकुरो

उहिले स्कटल्याण्डमा रबर्ट ब्रस नाम गरेका राजा थिए । शत्रुहरूले उनलाई लडाइँमा हराए । उनी जङ्गलमा आफ्नो फौजहरू समेतसँग लुकेर बसेका थिए । लडाइँको नयाँ तयारी गरी उनी फेरि शत्रुहरूसँग लडे । उनले यसपटक पनि हारे ।

यस्तै किसिमले उनी जति पटक शत्रुहरूसँग लड्थे, त्यतिपटक हार्थे । उनका बहादुर सिपाहीहरू हरेकपटक मारिन्थे, घाइते हुन्थे अथवा हारेर ज्यान जोगाउन भाग्थे ।

उनका शत्रुहरू उनीभन्दा धेरै बलिया थिए । राजा ब्रुसको केही लाग्दै लागेन । तैपनि उनी शत्रुहरूलाई आफ्नो मुलुक जित्न दिन चाहँदैनथे । राजाले फेरि पनि लडाइँ गरे तर परिणाम राम्रो भएन । नभागेको भए उनको ज्यानै जाने थियो । उनी भागेर अनकन्टार एक झाडीभित्र बसे ।

जङ्गलभित्र चट्टानै चट्टान भएको एकलासको एउटा ठाउँ थियो । त्यहाँ शत्रुहरू आउन सक्दैनथे किनभने यो ठाउँ बडो डरलाग्दो र जान नसकिने थियो ।

ज्यादै थाकेकाले एउटा नदेखिने गुफाजस्तो ठाउँमा राजाले त्यस रात बिताए । भोलिपल्ट

उनी बिउँझदा धेरै उज्यालो भइसकेको थियो । लडाइँ हारेकाले उनी ज्याँदै दुःखी थिए । उनलाई त्यस ठाउँबाट उठेर यताउता जानै मन थिएन ।

मेरा शत्रुहरू मभन्दा धेरै बलिया रहेछन्– उनी विचार गरिरहेका थिए । अब लडाइँ गरेर केही फाइदा छैन ।

यत्तिकैमा उनको आँखा एउटा माकुरो माथि पऱ्यो । त्यो माकुरो आफ्नो जाल बुन्दै थियो । राजाले त्यसलाई हेरिरहे ।

त्यो माकुरोले एउटा चट्टानको छेउमा आफ्नो जाल बुन्न सुरु गरेको थियो । ऊ अर्को चट्टानमा धागो लैजान चाहन्थ्यो । उसले कतिपटक धागो तल खसाल्यो । कति पटक ऊ मच्चिएर अर्को चट्टानमा पुग्न खोज्यो । तर उसले चट्टानको छेउमा आफ्नो चट्टानलाई भेट्टाउन सकेन । ऊ यही काममा लागिरह्यो ।

के त्यो माकुरोले त्यो चट्टान भेट्टाउन सक्छ ? राजाले मनमनै प्रश्न गरे । यसले यो चट्टान भेट्टाउन सक्यो भने म पनि लडाइँ जित्न सक्छु ? राजाले माकुरोको काम धेरै बेरसम्म नियालेर हेरिरहे ।

श्याबास माकुरा ! तैले मलाई ठुलो पाठ पढाइस्– राजा आफैँ बरबराए । म पनि मेरा शत्रुहरूलाई नजिती छाड्दिन ।

राजा जङ्गलबाट बाहिर आए । उनले ज्यादै ठुलो फौज जम्मा गरे ।

एकपटक फेरि घोर घमासानको लडाइँ भयो । यति ठुलो लडाइँ पहिले भएकै थिएन ।

राजा ब्रुसले आखिरमा शत्रुहरूलाई हराइ छाडे । यसरी उनले स्कटल्यान्डलाई बचाए । आफ्नो इज्जत र गौरव पनि बढाए ।

*(अनिता शर्मा, बालक पत्रिकाबाट साभार)*

एकाइ ४

# विशेषण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

पारिजात एक अत्यन्त स्वाभिमानी र स्वतन्त्रप्रेमी नारी थिइन् । अरूको नियन्त्रणमा बस्न पटक्कै नरुचाउने भएकाले उनी आफ्नो काममा कसैले बाधा पारेको सहन सक्दिनथिन् । भावुक र कल्पनाशील भएकाले उनी प्रकृतिप्रेमी थिइन् । चिसो पानीमा रुझ्दै रुझ्दै घुम्ने, धना जङ्गलमा चहार्ने, धेरै जङ्गली फूलहरू टिप्ने, राम्रा राम्रा ढुङ्गाहरू बटुल्ने, जुनेली रातमा एक्लै घुम्ने र एकान्तमा तीन, चार घण्टासम्म पनि बसिरहने जस्ता आफ्नै प्रकारका बानीहरू उनका थिए । साना घटनाले पनि उनमा गहिरो प्रभाव पार्दथ्यो किनभने उनी ज्यादै संवेदनशील, अन्तर्मुखी र कोमल हृदयकी थिइन् । उनलाई हरियो रङ विशेष मन पर्दथ्यो । गायनमा पनि उनको विशेष रुचि थियो । राम्रा राम्रा फूलहरू गमलामा फुलाउने, चिटिक्क पारेर कोठा सजाउने उनको औधी सोख थियो । उनी अत्यन्त दयालु र सहयोगी भावना भएकी व्यक्ति भएकाले अभावमा परेका व्यक्तिहरूको मद्दतमा जुट्ने उनको बानी थियो ।

**माथिको अनुच्छेमा प्रयोग भएका विशेषण शब्द टिप्नुहोस् :**

.................. .................. .................. .................. ..................

.................. .................. .................. .................. ..................

> कुनै पनि व्यक्ति, वस्तु, ठाउँ आदिको गुण, दोष, सङ्ख्या, विशेषता, अवस्था, स्थिति बुझाउने शब्दलाई विशेषण भनिन्छ ।

विशेषण शब्द वाक्यमा कुनै पनि नामको अगाडि आउने गर्छ । जस्तै : राम्रो मान्छे, असल केटो, पढेकी छोरी, अघाएको गाई, नेपाली ठिटो, जमेको दही, रन्केको थाल, हराएको पैसा, लुटेको धन, पालेका माछा, काटेको दाह्री, चुहिएको पानी, चुहुने लोहोटा, दबेका इच्छाहरू, ढल्केको दिन, विद्वान् मान्छे, विदुषी नारी, सुतुवा गोरु आदि ।

| | |
|---|---|
| नोट : | माथि प्रयोग भएका दुई वाक्यका समूह पदावली हुन् । तिनको पछाडिपट्टि प्रयोग भएका शब्दहरू नाम शब्द हुन् भने तिनै नाम शब्दको अगाडि, गुण र दोष छुट्याउन आएका शब्दहरू विशेषण हुन् । |

विशेषण शब्द कस्तो, कस्ता, कस्ती, कत्रो, कति, कुन प्रश्नको जवाफमा पनि आउने गर्छन् ।

- कस्ता/कस्तो/कस्ती : सेतो, रातो, धमिलो, अमिलो, नुनिलो, राम्री, मोटी
- कत्रो : सानो, ठुलो, आधा, अग्लो, होचो, ग्याँचे, पुड्को
- कति : धेरै, थोरे, अलिकति, निक्कै, औधि, ज्यादै, निकै, पिलिक्क
- कुन : जुन, त्यही, यो, त्यो, ती

## २. विशेषणका प्रकारहरू

### १. गुणबोधक विशेषण

राम्रो, नराम्रो, कालो, गोरो, होचो, पुड्को, अग्लो, गोरो, धमिलो, नुनिलो, पिरो, चर्को, भत्केको, चर्केको, भक्कानिएको, लडेको, भिजेको, स्याउले, पाखण्डी, झर्किने, झ्वाँक्की, आँटी, बहादुर, वीराङ्गना, धैर्यवान्, बलवान, वर्तमान, आगामी, पूर्वीय, एशियाली, बलौटे, घरेलु, गफाडी, कुरूप, किताबी आदि ।

कुनै पनि व्यक्ति वा वस्तुको गुण, दोष, अवस्था, स्थिति, बुझाउने नामिक शब्दलाई गुणबोधक विशेषण भनिन्छ ।

### २. सङ्ख्याबोधक विशेषण

- स्थान, दर्जा, श्रेणी जनाउने : पहिलो, दोस्रो, तेस्रो पाँचौं, सयौं, हजारौं, लाखौं प्रथम, द्वितीय, तृतीय, चौथो,.......अन्तिम ।
- आवृत्ति जनाउने : चारहाते, एकहाते, तीनहाते
- अङ्कहरू सबै : एक, दुई, चार, दश, एघार, सय, लाख, करोड, अरब, दश अरब आदि ।

सङ्ख्या जनाउने शब्दहरू सबै सङ्ख्याबोधक विशेषण हुन् ।

### ३. परिमाणबोधक विशेषण

कति ? — धेरै, त्यति, अलिकति, निकै, निक्कै, औधी, थोरै, पितिक्क, आधा, भरी, पुरै, ज्यादा, ज्यादै, चुली.... ।

मात्रा जनाउने वा कति ? प्रश्नको उत्तरमा आउने शब्द परिमाणबोधक विशेषण हुन् ।

### ४. सार्वनामिक विशेषण

यो साथी असल छ । त्यस्तो मान्छेको विश्वास नगर ।

त्यो केटी चलाक छे । कस्तो खानेकुरा खायौ ?

कुनै पनि नामका अगाडि तोकेर वा किटान गरेर कुनै पनि सर्वनाम शब्द आएमा त्यो सर्वनाम शब्द सार्वनामिक विशेषण हुन्छ । नतोकेको अवस्था भए त्यो सर्वनाम सार्वनामिक विशेषण हुँदैन ।

जस्तै :

**(अ) नतोकेको अवस्था**

- म खाना खान्छु ।
- ऊ पुस्तक पढ्छ ।
- तँ भात खान्छस् ।
- त्यसले खाना खायो ।

माथि खाना, पुस्तक, भात, खाना अगाडि प्रयोग भएका सर्वनामले नामको विशेषता बुझाएनन्, त्यसैले ती सर्वनाम शब्द पछाडि नाम आए पनि विशेषण होइनन् ।

**(आ) तोकेको अवस्था**

| | | |
|---|---|---|
| जो मान्छे | ती केटाहरू | तीती कामहरू |
| त्यो ब्याग | जुन पुस्तक | जेसुकै काम |
| त्यो भकुण्डो | यो शिक्षार्थी | यी नानीहरू |

माथिका पदावलीमा नामहरू क्रमश : मान्छे, केटाहरू, कामहरू, ब्याग, पुस्तक, काम, भकुण्डो, शिक्षार्थी, नानीहरूका अगाडि प्रयोग भएका सर्वनामहरू क्रमशः जो, ती, तीती, त्यो, जुन, जेसुकै, त्यो, यो, यी पछाडिका नामलाई तोकेर विशेषता देखाएका हुनाले ती सर्वनामहरू सार्वनामिक विशेषण हुन् ।

## ५. भेदक विशेषण

| षष्ठी विभक्ति लागेका नाम, सर्वनाममा (भेदक) | – भेद्य (नाम) |
|---|---|
| उसको | – छोरो |
| उनका | – सामान |
| दाजुकी | – साथी |
| तेरो | – पाउ |
| हाम्रा | – सामानहरू |
| तिम्री | – दिदी |
| आफ्नो | – मान्छे |
| आफ्ना | – कामहरू |
| आफ्नी | – साली |

षष्ठी विभक्ति लागेका नाम वा सर्वनाम भेदक हुन्छन् भने त्यसका पछाडि प्रयोग भएको नाम शब्द भेद्य हुन्छ ।

- भेदकको जुन वचन छ, भेद्यको पनि त्यही वचन हुन्छ ।
- भेदकको जुन आदर छ, भेद्यको पनि त्यही आदर हुन्छ ।
- भेदकको जुन लिङ्ग छ, भेद्यको त्यही लिङ्ग हुन्छन् ।

## ६. कृदन्त विशेषण

| कृदन्त | | विशेषण | | नाम |
|---|---|---|---|---|
| कुद् | + | एको | = | कुदेको केटो |
| जल | + | एका | = | जलेका हात |
| जम | + | एका | = | जमेका मन |
| पढ् | + | उकी | = | पढेकी छोरी |
| हिँड् | + | ने | = | हिँड्ने मान्छे |
| पस् | + | ने | = | पस्ने ठाउँ |

माथि प्रयोग भएका आधार पद कुद, जल्, जम्, पढ्, हिँड्, पस् धातु मूल हुन् । तिनमा जोडिन आएका एको, उका, एकी, ने, कृत् प्रत्यय हुन् । पछाडि निर्माण भएका नामको अगाडि प्रयोग भएका कुदेको, जलेका, जमेका, पढेको, हिँड्ने, पस्ने कृदन्त विशेषण हुन् ।

धातुमा जोडिएको कृत् प्रत्यय लागेको कृदन्त शब्दले त्यस पछाडिको नाम शब्दको विशेषता जनाएमा उक्त कृदन्त शब्द कृदन्त विशेषण हुन्छ । पछाडि नाम नआए क्रियायोगी हुन्छ ।

## ७. विशेषणले गर्ने कार्यहरू

(क) विशेषणले नामको विशेषता जनाउँछ ।

(ख) पूरकापेक्षी क्रियापदको पूरक भएका काम गर्छ ।

(ग) विशेषणले क्रियाविशेषणको विशेष्य भएर काम गर्छ ।

(घ) सरल र तिर्यक रूपमा प्रयोग हुन्छ ।

(ङ) विशेष्य (नाम) को भेदकको रूपमा काम गर्छ ।

(च) विशेष्य (नाम) को अर्थलाई निश्चित सीमामा सीमित गर्छ ।

## अभ्यास

१. **तलका विशेषणहरू कुनकुन प्रकारमा पर्दछन् ? तालिका बनाई भर्नुहोस् :**

रामको, उसका, पढ्ने, हाम्री, हाम्रो, रिसाएका, त्यो, को, जसको, जेसुकै, कुन, यी, सम्पूर्ण, सबै, ज्यादै, ती, दोस्रो, एक, गरिब, आधा, दोब्बर, नौओटा, लाख, फलामे, बलौटे, टर्रो, अमिलो, गफाडी, आधुनिक, आगामी, मसिनो, ख्याउटे

२. **तलको तालिकामा विशेषण शब्दहरू पाँच पाँचओटा भर्नुहोस् :**

| सङ्ख्या बोधक | भेदक विशेषण | कृदन्त विशेषण | सार्वनामिक | गुणबोधक |
|---|---|---|---|---|
| | | | | |

३. **प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) विशेषण कसरी चिन्नुहुन्छ ? उदाहरण दिई लेख्नुहोस् ।

(ख) विशेषण कति प्रकारका हुन्छन् ? उदाहरण दिई लेख्नुहोस् ।

(ग) भेदक विशेषण र सार्वनामिक विशेषणका भेद्य र समानता उदाहरण दिई लेख्नुहोस् ।

(घ) कृदन्त विशेषण कसरी निर्माण हुँदो रहेछ ? कृदन्त विशेषण भनेको के हो ? आफैँले १० ओटा कृदन्त शब्दहरूको निर्माण गर्नुहोस् ।

४. **तल दिइएको कथा पढ्नुहोस् र त्यस कथामा प्रयोग भएका विशेषण पदहरू टिप्नुहोस् :**

### इन्द्र यवक्रित कथा

भारद्वाज ऋषिको छोराको नाम यवक्रित थियो । उनले नपढिकनै सम्पूर्ण भेद जान्न चाहे । यसका लागि उनले कठोर तपस्या गर्न लागे । उनको तपस्याले इन्द्र प्रसन्न भई यवक्रितको नजिकै आए र तपस्या गर्नुको उद्देश्य सोधे । जवाफमा यवक्रितले भने, "महाराज, नपढिकनै वेद जान्नका लागि तपस्या गरेको हुँ । तपोबलले सारा वेदको ज्ञान जान्ने मेरो इच्छा छ । यसो हुन सकेमा समयको पनि बचत हुन्छ । साथै, परिश्रम पनि कम पर्दछ ।" यवक्रितको कुराले इन्द्र चकित भए । उनले भने, "यवक्रित वेद विद्याका लागि तप गर्नु राम्रो कुरा

होइन । तपस्याको बलले सबैकुरा जान्न सकिन्छ, तर यस प्रकारको जानकारीले तिमीलाई कुनै फाइदा हुँदैन । विद्या भनेको गुरुसँग बसेर पढ्नु पर्ने कुरा हो । गुरुको उपदेशविनाको विद्या उत्तम र फलदायक हुँदैन । गुरुबाट सिक्नुपर्ने कुरा तपस्याको बलले जान्न खोज्नु मूर्खता बाहेक केही होइन । त्यसैले तिमी यो तपस्या छोडेर गुरुकहाँ गई विद्या पढ । बरू पढाइको साथसाथै केही तपस्या पनि गर । यसले तिमीमा राम्रो संस्कारको विकास हुनेछ र तिमीले छिटै विद्या हासिल गर्ने छौं ।"

यसरी सम्झाइबुझाइ गर्दा पनि यवक्रितले आफ्नो तपस्या छोडेनन् । केही दिनपछि इन्द्र फेरि आए । यसपटक पनि उनले यवक्रितलाई धेरै सम्झाए । उनले भने, "हेर यवक्रित, तिमी आफ्नो बाबुसँग वेद पढ । तिमीले वेद पढ्नका लागि न कतै जानु पर्दछ, न त अधिक परिश्रम नै गर्नुपर्ने हुन्छ । यसो गर्‍यौ भने मात्र तिमीले वेद जान्न सकौला, अन्यथा तिम्रो सारा प्रयास बेकार हुने छ ।" इन्द्रको यस्तो आग्रह देखेर यवक्रितले स्पष्ट शब्दमा भने, "म पढ्न चाहन्न, नपढिकनै विद्या प्राप्त गर्न नसके तप गर्दागर्दै प्राण त्याग्ने छु ।" यसरी सम्झाउँदा पनि यवक्रितले आफ्नो हठ नछोडेको देखेर इन्द्रले अरू नै उपायद्वारा उनको मन पढ्नमा लगाउने निश्चय गरे ।

केही दिनपछि ब्राम्हणको रूप धारण गरी इन्द्र फेरि यवक्रितले तपस्या गरिरहेको नदीको किनारमा आए र सो नदीमा बालुवा फाल्न लागे । उनको अथक परिश्रम देखेर यवक्रितलाई ज्यादै आश्चर्य लाग्यो । उनी ती ब्राम्हणको नजिकै गए र सोधे, "ब्राम्हण देव, तपाईँ यो के गर्दै हुनुहुन्छ ?" यवक्रितको प्रश्नको जवाफमा उनले भने, "म यहीँ एउटा पुल बनाउन लाग्दै छु ।" ब्राम्हणको यस्तो जवाफ सुनेर यवक्रित अट्टहासपूर्ण हाँसो हाँस्दै भने, "यसरी नदीमा बालुवा फालेर पुल बनाउन खोज्नु त खरायोको सिङ समात्न खोज्नु जस्तै हो । त्यसैले तपाई यो वाहियात काम गर्न छाड्नुहोस्, चाहिँदो काम गर्नुहोस् । बेकारमा आफ्नो समय र शक्तिको दुरूपयोग गर्ने कार्य बन्द गर्नुहोस् ।" यवक्रितको यस्तो उपदेश सुनिसकेपछि इन्द्रले भने, "यदि तपाईँ नपढिकनै कुनै विद्या हासिल गर्न चाहानुहुन्छ भने बालुवाले पुल बनाउन म कसो नसकूँला र ?" ब्राम्हणको यति कुरा सुन्नासाथ यवक्रितले बुझिहाले कि यी त कुनै साधारण ब्राम्हण नभएर इन्द्र पो रहेछन् । उनले इन्द्र समक्ष आफ्नो भूल स्वीकार गरी क्षमा मागे । कार्यअनुसारको उद्योग गरे मात्र सफल हुन सकिन्छ । अतः यवक्रितले पनि तपस्या छोडेर एक चित्त भई आफ्नो पितासँग विद्या सिक्न लागे र छोटै समयमा उनी विद्वान् भए ।

(देवेन्द्र तिम्ला, नैतिक शिक्षाबाट साभार)

एकाइ ५

# क्रियापद

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

प्याखोभकी छिमेकी एउटा महिला थिइन् । उनको प्रशस्त जमिन थियो । जमिनको सुरक्षाका लागि उनले एउटा सैनिक राखेकी थिइन् । उनको जग्गामा कसैका गाईवस्तु पसे भने ठुलो जरिवाना तिर्नुपर्थ्यो । प्याखोभले पनि गाईवस्तु पसिदिनाले पटकपटक जरिवाना तिर्नुपरेको थियो । पछि उनले सैनिकलाई बेच्ने विचार गरिन् । यो थाहा पाएर प्याखोभले पनि आफ्नो घोडा र माहुरी बेचेर दश बिघा जति जग्गा किन्ने पैसा जुटायो र जग्गा किन्यो पनि । प्याखोभ खुसी भयो । उसले उब्जनी पनि प्रशस्त गर्‍यो । अरूका गाईवस्तु आफ्नो जमिनमा पस्न सक्देनथे । बाली सुरक्षित नै थियो । तापनि ऊ अरूलाई आफ्नो जमिनमा गाईवस्तु छोडिदियौ भनेर गाली गरिरहन्थ्यो । यसबाट गाउँलेहरू आजित भए । गाउँलेहरूले साँच्चै गाईवस्तु छाड्ने, अन्न चोर्ने, रूखहरू काटिदिने आदि गर्न थाले ।

**माथिको अनुच्छेमा प्रयोग भएका क्रियापदका शब्द टिप्नुहोस् :**

.................. .................. .................. .................. ..................

.................. .................. .................. .................. ..................

- आउँछ नि श्याम बिहानै आज ?
- हरिको पुस्तक हरायो ।
- उसले गर्‍यो नि पास नौ कक्षा ?
- प्रहरी घरमै आएका थिए ।
- ऊ गलेकाले धेरै सुत्ली ।
- भाइ घर आओइन ।
- हरिले मिहिनेत गरी पढे हुन्थ्यो ।

कर्ताले गरेको कामको बोध गराउने वा कर्तासँग निकट सम्बन्ध राखी कार्य व्यापार गर्ने विकारी शब्द नै क्रिया हो । क्रिया एक्लै प्रयोग हुँदा मात्र क्रिया बन्छ भने वाक्यमा प्रयोग हुँदा क्रियाले आफ्नो पद ग्रहण गर्ने हुनाले क्रियापद हुन्छ ।

**क्रिया हुन**

| | |
|---|---|
| धातु + छ, छन्, छिन्, छु, छे, छौ, छौँ, छेस्, छस् | – वर्तमान काल |
| धातु + ला, लान्, लिन, लाऊ, लास्, लिस् | – सम्भावनार्थ |
| धातु + यो, ए, ई, इन्, यो, यौ, यौँ, एँ, इस् | – भूतकाल |
| धातु + योस्, एस्, ऊन्, ए, औँ | – इच्छार्थ |
| धातु + नेछ, नेछु, नेछन्, नेछे, नेछस्, नेछिन्, नेछौँ, नेछौ | – भविष्यत् काल |
| धातु + एछ, एछु, एछन्, एछस्, एछौ, एँछु, इछे, इछेस्, इछन् | – अज्ञात |
| धातु + थ्यो, थे, थिन्, थ्यौ, थ्यौँ, थेँ, थी, थिस् | – अभ्यस्त भूत |

नोट : क्रियापद बन्न धातु अनिवार्य तत्त्व हो, मूल रूप हो। धातुबिना क्रियापद बन्दै बन्दैन।

## २. क्रियापदका प्रकार

### १. वाक्य टुङ्ग्याउने आधारमा क्रिया

#### (क) समापक क्रिया

- कमलले घोडा चढ्यो।
- उसले बल फुटाएछ।
- हरिले पुस्तक किनेको हुने छ।
- बाख्राको पाठो पानीमा डुबेछ।
- सरोज गुरु चाँडै आउनुहोला।
- परीक्षाको नतिजा आउने कुरा उसले भन्थ्यो।
- बिचरा ! बिरामी निको होओस्।

माथि वाक्यका पछाडि रेखाङ्कन गरेका शब्दहरू क्रियापद हुन्।

जुन क्रियाले वाक्य समापन गर्छ त्यो क्रिया समापक क्रिया हो।

#### (ख) असमापक क्रिया

- (धातु + नु = खानु, लेख्नु, आउनु, फुल्याउनु, धुनु, रुनु, लेख्नु, पाउनु, सघाउनु– क्रियामूल (नाम वर्ग)
- हरिले काम सकेर घर गयो।
- उसले लेखेको कुरा झोलामा हाली घर गयो।

- काम गर्दा स्फूर्ति बढ्छ ।
- घर हिँडेको जो कोही फर्केर आउँदा किन हो बुझ्नु पर्ने हुन्छ ।
- काम गर्न जाँदा काम गर्ने साधन त बोकेर आउँदा राम्रो हुन्छ नि ।

माथिका वाक्यमा रेखाङ्कन गरिएका शब्दहरू असमापक क्रिया हुन् । तिनले वाक्य नटुङ्ग्याएर अझ लामा पार्ने भूमिका खेलेका छन् ।

वाक्य समापन नगर्ने नटुङ्ग्याउने वा लम्ब्याउने क्रिया असमापिका क्रिया हुन्छन् । असमापक क्रियालाई कृदन्त क्रिया पनि भनिन्छ ।

धातु + न, ने, दा, ता, तै, दै, तो, दो, एको, एका, एकी, एर ई, ('नु' चाहिँ असमापक क्रिया भए पनि यो चाहिँ क्रियामूल भएकाले भाववाचक नाम वर्गमा राखिन्छ)

## ३. ध्रुवीयताका आधारमा

### (क) करण क्रिया

आउँछ, खायो, खाए, गरे, आउँछन्, पढेको छ, सुत्छस्, लेखी, आउनुहोला, पढ्ली, सुत्लान्, पढायो, सिकाउलान्, भिजेकी छु, पसौँला, बोकाउलास्, आउँथे, सुत्थेँ, लड्लिस्, उठाउँथ्यौ, पिउलान्, हेरोस्, जानून, हो – ऊन्, बनौँ, मासून्, जाऊ आदि ।
काम हुन्छ वा हो साथै सकारात्मक अर्थ दिने सबै क्रिया करणबोधक क्रिया हुन् । यिनमा अकरण बोधक 'न' लागेको हुँदैन ।

### (ख) अकरण क्रिया

नखा, नआऊ, नलेख, नखेल, आउँदैनथे, खाँदैनथे, ल्याउँदैनथे, आएनछ, पढेनछन्, मिचेनछन्, बोल्दिनथी, सुत्तिनथेँ, नआउलान्, आओइन, गरोइनन्, नरोलान्, नपढे हुन्थ्यो, नलेखे हुन्छ, नगरे हुन्थ्यो, नबोल, नहाँस, आएन, भएन, सुतेन, पढेन, लेखेन, बोलेनन्, पसेनन्, सुतेनन् आदि ।
हुन्न, हुँदैन, होइन वा नकारात्मक अर्थ दिने क्रिया अकरण क्रिया हुन् । जसको क्रियामा अकरण बोधक बुझाउन 'न' जोडिएको हुन्छ ।

## ४. कर्म लिने आधारमा

### (क) सकर्मक क्रिया

पकाई, दियो, पढ्छ, दिएँ, हानेछ आदि ।

क्रियाले कर्म लिएर आए सकर्मक क्रिया हुन्छ वा जुन वाक्यमा कर्म छ, त्यस वाक्यको क्रिया सकर्मक क्रिया हुन्छ ।

### (ख) अकर्मक क्रिया

रोयो, आएछ, हाँसी, आए आदि ।

कर्म नलिने क्रिया अकर्मक क्रिया हो वा वाक्यमा कर्म नआए त्यस वाक्यको क्रिया अकर्मक क्रिया हुन्छ ।

## ४. अर्थका आधारमा

### (क) मुख्य क्रिया

लडेको छ, राखेकी थिई, बोकेको थियो, आउँदै थिए, पढ्दै थिए, बन्दै छन् । माथिका रेखाङ्कित शब्द मुख्य क्रिया हुन् ।

मुख्य अर्थ दिने क्रिया मुख्य क्रिया हुन् ।

### (ख) सहायक क्रिया

गरेका थिए, रुँदै छन्, पाएकी थिई, पाउने छौ, आउने होली ।

नोट : क्रिया, लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, करण, अकरण, आदर आदिका आधारमा परिवर्तन हुने हुनाले यी विकारी वर्गमा पर्दछन् ।

संयुक्त क्रियामा मुख्य अर्थ नदिई सहायक भूमिका खेल्ने क्रिया सहायक क्रिया हुन् ।

## ५. क्रियापदले गर्ने कार्यहरू

(क) क्रियापदले वाक्यमा विधेयको कार्य गर्दछ ।

(ख) क्रियापदले कारकहरूसँग सम्बन्ध राख्ने कार्य गर्दछ ।

(ग) क्रियापदले वाक्य समापन गर्ने कार्य गर्दछ ।

(घ) क्रियापदले वाक्यमा घटना, कार्यव्यापार, स्थिति वा अवस्था बुझाउने कार्य गर्छ ।

(ङ) क्रियापद रूपायन हुन्छ ।

(च) क्रियापदले कुनै पनि कुराको उपस्थिति वा अनुपस्थिति बुझाउँछ ।

## अभ्यास

१. उदाहरणमा जस्तै गरी तालिका भर्नुहोस् :

| धातु | क्रियामूल | क्रिया |
|---|---|---|
| पढ | पढ् + नु = पढ्नु | पढ्छु, पढ्छौं, पढ्यो, पढ्ला, पढ्ने छ |
| गर् | | |

| | | |
|---|---|---|
| भोकाउ | | |
| सुक | | |
| लि | | |
| खन्याउ | | |
| उक्ल | | |

२. **उदाहरणमा दिइए झैँ तल दिइएका क्रियापदका क्रियामूल र धातु लेख्नुहोस् :**

| क्रियापद | क्रियामूल | धातु |
|---|---|---|
| बस्ला | बस् + नु = बस्नु | बस् |
| कराउँछ | | |
| दुख्यो | | |
| भेट्ला | | |
| बढ्ने छ | | |
| पढ्दै थियो | | |
| भएको छ | | |
| लिन्थ्यो | | |
| गाएछ | | |
| हराउला | | |
| कोऱ्यो | | |

३. **तल दिइएका वाक्यमा समापिका र असमापिका क्रियापद छुट्याउनुहोस् :**

(क) रजिना माला उन्दै छे ।

(ख) श्यामले डन्डीबियो खेलेको थियो ।

(ग) सानिमा उपन्यास पढ्दै हुनुहुन्थ्यो ।

(घ) उनले जाँच दिने भइन् ।

(ङ) तिमी परीक्षा दिँदै छौ ।

(च) धारामा पानी आएको होला ।

(छ) मैले त्यो टेलिचलचित्र हेरेको थिएँ ।

(ज) उनीहरूले गाउँखाने कथा पढेका छन् ।

४. **सकर्मक र अकर्मक क्रियापद छुट्याउनुहोस् :**
लड्नु, रुनु, खानु, पिट्नु, गोड्नु, हँसाउनु, फुल्नु, छुट्याउनु, आउनु, बाँच्नु, खेल्नु, दिनु, थाक्नु, उठ्नु, जानु, दिनु, फुल्नु

| ;sd{s | csd{s |
|---|---|
| | |

५. **तल दिइएका धातु प्रयोग गरी वाक्य बनाउनुहोस् :**
कुर्, मिच्, गर्, हिँडाउ, फुट्, सिलाउ, निफन्, उक्ल, ओर्ल, हाँक्, चलाउ, रिसाउ, भित्र्याउ, लम्ब्याउ, ताछ्, सार्, कोर्, कोपर्

६. **तल दिइएका वाक्यमा सहायक क्रियालाई गोलो तथा मुख्य क्रियालाई रेखाङ्कन गर्नुहोस् :**

(क) हामी ब्युँझदा सात बजेको रहेछ ।

(ख) सरासर झुठो बोल्नु राम्रो हो र ?

(ग) तिम्रो इच्छा भए ईश्वरले हेर्लान् ।

(घ) उसले पसिना बगाएर खेत मलिलो बनाएको छ ।

(ङ) दिनको तीन घण्टा पढ्ने मानिसले उत्तीर्ण गर्छ ।

(च) मैले दश पाना लेख्दा उसले दुई पाना लेख्यो ।

७. **तल दिइएका क्रियाको धातु लेख्नुहोस् :**
फोर्छ, उठाउँछ, गोड्छ, पिर्छ, जिस्कायो, फुट्ने छ, लुक्दै छ, जित्दै थियो, सजाउँछ, हाऱ्यो, कुन्यो, लगायो, पाक्ने छ, तिर्दै छ, हुर्कन्छ, भत्क्यो, आउँछ, डाक्यो

८. **तल दिइएका धातुबाट प्रेरणार्थक धातु बनाउनुहोस् :**
बस्, लेख्, गर्, भन्, सुत्, देख्, कुद्, रु, फुट, काट्, गर्, बोल्, हिँड्, पढ्, कुर्, खेल्, पाक्, हेर्, छर्, मिच्, भिज्

९. **तालिकामा दिइएका धातुलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

| सामान्य धातु | प्रेरणार्थक धातु |
|---|---|
| सुत् – राम सुत्छ । | सुताउ – आमा बहिनीलाई सुताउनुहुन्छ । |
| उठ् – | उठाउ – |
| गर् – | गराउ – |
| भेट् – | भेटाउ – |
| कुर् – | कुराउ – |

| | |
|---|---|
| चल् – | चलाउ – |
| हेर् – | हेराउ – |
| घुम् – | घुमाउ – |

१०. **तल दिइएको कथा पढ्नुहोस् र त्यस कथामा प्रयोग भएका क्रियापदहरू टिप्नुहोस् :**

## भरत मिलाप

भाइ बहिनीहरू हो !

श्रीरामले ती सबैलाई सम्झिए जसले उनको कार्यक्रममा सहयोग गरेका थिए। यस्तो भक्तवत्सल रामलाई कसैले पनि छाड्न चाहँदैनथे, तर रामले सबैलाई भेटेर बिदाबारी गरी उपकार गरे।

अब उनी चौध वर्ष वनबास पूरा गरी फर्किरहेका थिए। बाटोमा ती स्थान देखेपछि खुसी हुन्थे, जहाँजहाँ विश्राम लिएका थिए। सर्वप्रथम उनले सीतालाई त्यो पुल देखाए जो निर्माण गरेर लङ्का पुगेका थिए। अगाडि बढेर ऋष्यमूक पहाड देखाए, जहाँ बाँदर राजा सुग्रीव र हनुमानसँग भेट भएको थियो। यहाँ बसेर बाँदर सेनाको सङ्गठन गरेका थिए। रामले सीतालाई त्यो ठाउँ पनि देखाए, जहाँ जटायु घायल भई खसेको थियो। बाटोमा अगस्त्य ऋषि आश्रममा पुगेर विमान उतारे, राम सीताले ऋषि र उनकी पत्नी लोपामुद्राको दर्शन गरे। यस्तै भारद्वाज ऋषिका आश्रममा केहीबेर रहे। वनबासको त्यो अन्तिम रात थियो।

अयोध्या पुग्नुपूर्व रामले हनुमानद्वारा आफू फर्किएको सूचना पठाएका थिए। भरत राम फर्कने सूचनाले हर्षित बनायो। प्रेमाश्रु बगाउँदै उनले हनुमानलाई हृदयमा लगाए। भरतद्वारा राम आउने खबर आमाहरू, गुरु वशिष्ट कहाँ पुऱ्याइयो। पूरै सहर हर्षले छायो। ठाउँठाउँ तोरणद्वार बनाइयो। मङ्गलकलश राखियो। ध्वजापताका बाँधिन थालियो। घरघरबाट मङ्गलध्वनि सुनिन थाल्यो।

अयोध्यावासी रामको स्वागतको लागि जुट्न थाले। दोस्रो दिन भारद्वाज ऋषिसँग बिदा भएर राम अयोध्या पुगे। अयोध्यावासीहरू, गाउँ सहरबाट असङ्ख्य जनता उनको स्वागतमा उभिएका थिए। सबभन्दा अगाडि भरत तथा आमाहरू, गुरु वशिष्ट र मन्त्रीहरू क्रमशः थिए। राम र भरतले गला मिलाउँदा दुवैका आँखामा अश्रुधारा देखिए। रामले, राजगुरु तथा आमाहरूको चरण स्पर्श गरे। सबै सहरबासीले नाच्दै गाउँदै राम, सीता, लक्ष्मण र हनुमानलाई अयोध्या भित्र्याए।

(अनु: टिकाराम शर्मा रिजाल, बाल रामायणबाट साभार)

एकाइ ६

# अव्यय

## १. अव्ययको परिचय

वाह ! श्रीलङ्कालाई हामीले क्रिकेटमा १०० रनले हरायौँ । नेपाली क्रिकेट खेलाडी खुसी भए अनि पट्टट ताली बजाए । नेपाली क्रिकेट खेलाडीले निकै उत्साहपूर्वक खेल खेलेर दर्शकको मन जिते । आज नेपालीमा उत्साह र उमङ्ग छ । म त नेपालको भक्त । तिमी पनि त छौ नि ? ल, आऊ अब हामी खुलेर हर्ष साटौँ । यो नेपाली माटोको जित हो भनेर । बिचरा ! श्रीलङ्काको टिमले सोचेको पनि थिएन, नेपालले जित्छ भनेर । होइन र ? नेपालले पाएको यो अवसरलाई अब पटक पटक जोगाउनुपर्छ । म त धेरै भावुक पो भएछु ।

**माथिको अनुच्छेमा प्रयोग भएका अव्यय शब्द टिप्नुहोस् :**

.................. .................. .................. .................. ..................

.................. .................. .................. .................. ..................

| अविकारी | | | | |
|---|---|---|---|---|
| नामयोगी | क्रियायोगी | संयोजक | विस्मयादिबोधक | निपात |
| वारि, तल, नजिक, सँग | खाँदै, बिस्तारै भुसुक्क, बिहान | र, अनि, पनि, तर | ओहो, अरे, ला, ज्या, थुक्क | र, पो, त, लौ, नि, खै |

रूप नचल्ने वा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, ध्रुवीयता आदिका आधारमा परिवर्तन नहुने शब्दहरू अव्यय हुन् । यिनलाई अविकारी पनि भनिन्छ । अव्यय भनेको खर्च नहुने हो ।

## २. अव्ययका प्रकारहरू :

### १. क्रियायोगी

क्रियायोगी क्रियाको विशेषणको तथा क्रियाविशेषणको विशेषता बुझाउने अव्यय शब्दलाई क्रियायोगी भनिन्छ ।

क्रियाविशेषण यी निम्न अवस्थामा प्रयोग हुन्छन् ।

जस्तै :

### (क) क्रियाको विशेषता बुझाएमा

- ऊ विस्तारै आयो ।
- भाइ फटाफट हिँड्छ ।
- भरत घुँक्कघुँक्क गर्दै रोयो ।
- उसले पानी तनतन पियो ।
- बुबा थुचुक्क बस्नुभयो ।

माथिका क्रियाको अगाडि प्रयोग भएका रेखाङ्कित शब्द क्रियायोगी हुन् ।

### (ख) विशेषणको विशेषता बुझाएमा

- त्यो लुगा अति राम्रो थियो ।
- तपाईं ज्यादै असल हुनुहुन्छ ।
- मलाई औधि मनपरेको कार बिकेछ ।
- धेरै बोल्ने राजु बोलीमा ख्याल गर्दैन ।

माथिका वाक्यमा क्रमश : राम्रो, असल, मनपरेको, बोल्ने विशेषण हुन् । तिनको ठ्याक्कै अगाडि प्रयोग भएका ती विशेषणको विशेषता बुझाउने शब्द क्रियायोगी हुन्छन् ।

### (ग) क्रियायोगीले क्रियायोगीको विशेषता बुझाएमा

- चङ्गा अत्ति माथि उड्यो ।
- सुकाएको लुगा औधि तल खसेछ ।
- ऊ थ्याच्च बसेको छ ।
- तिमी निक्कै तल पुग्यौ ।
- गौरी दौडिँदै सरासर आइन् ।

माथिका माथि, तल, बसेको, तल, सरासर शब्द क्रियायोगी हुन् । तिनका अगाडि विशेषता बुझाउने प्रयोग भएका क्रियायोगी शब्द पनि क्रियायोगी नै हुन् ।

### (घ) सम्पूर्ण अनुकरणात्मक शब्दहरू क्रियायोगी

च्याककुचुक, प्याट्ट, पुट्ट, तुर्र, ध्वार्र, धुर्र, पिटिक्क, डिच्च, तुरुक्क, कल्याङ्बल्याङ, ह्वात्त, घप्लक्क, हुर्रर, हतुतु, दरर, गम्लङ्ग, टिङटिङ, घ्वाङघ्वाङ, मुसुक्क, टुक्रुक्क, सुटुक्क, बुर्लुक्क, थुक्क, टहटह, झलमल्ल, हरहर, दनदन आदि ।

### (ङ) सम्पूर्ण समयसूचक शब्दहरू क्रियायोगी

आज, भोलि, पर्सि, आजभोलि, आजकल, हिजोआज, हिजोअस्ति, अब, भरे, ऐले, आघौं, पराघौं, पोहोर, परार, दिनदिनै, बिहानै, दिउँसो, साँझ, राति, यतिखेर, दिउँसो, अघि, सधैं, भर्खर, तुरुन्तै, अचेल आदि ।

### (च) कृदन्त शब्दहरू वा असमापक क्रियाहरू सबै क्रियायोगी

- धातु + न, ने, ता, दा, तो, दो, तै, दै, एको, एका, एकी, एर, ई लागेका शब्द क्रियायोगी हुन्छन् ।
- लेख् + न = लेख्न, लेख्ने, लेख्ता, लेख्दा, लेख्दो, लेख्तो, लेख्तै, लेख्दै, लेखेको, लेखेका, लेखेकी, लेखेर

नोट : धातु + ने, एको, एका, एकी चाहिँ विशेषण नि हुन्छन्, जुन बेला ती शब्दको पछाडि नाम आउँछ । ती नामको विशेषता बुझाउँदा विशेषण नत्र क्रियाको विशेषता बुझाउँदा क्रियाविशेषण हुन्छन् । गर्ने काम लेखेको पुस्तक, हेरेको फिलिम, लडेकी केटी मा गर्ने, खेलेको, हेरेको, लडेकी विशेषण हुन् । निम्न केशमा चाहिँ क्रियायोगी हुन्छन् । जस्तै :

- उसले काम गर्ने थियो ।
- लेखकले पुस्तक लेखेका छन् ।
- उमेशले चलचित्र हेरेको थियो । बहिनी गल्र्याम्म लडेकी थिई ।

माथि क्रियाको विशेषता बुझाउन आएकाले क्रियायोगी भएका छन् । माथि दिइएका छओटा अवस्था बाहेक अन्य अवस्थामा :

### १. कारण बुझाएमा क्रियायोगी

गर्नाले, लेख्न, लिन, पढेकाले, लेखेकामा, देखेकैले, हुनाले, मर्नाले, फलस्वरूप, यसकारण आदि ।

### २. परिमाण बुझाएमा क्रियायोगी

प्रशस्तै, जति, धेरै, औधि, जति, त्यति, छिट्टै, निक्कै, साह्रै, केवल, अलिकति, मात्र, कति, असाध्यै

### ३. स्थानबोधक शब्दहरू क्रियायोगी

वरपर, तल, माथि, भित्र, बाहिर, उँभो, नजिक, नजिच, टाढा, त्यहीँ, त्यहाँ, यहाँ, अगाडि, पछाडि, कता, पछिल्तिर, जतातत्तै

### ४. क्रियाविशेषणका कार्यहरू

(क) वाक्यमा प्रयुक्त क्रियाको विशेषता बुझाउँछ ।

(ख) विशेषणकै विशेषता बुझाउँछ ।

(ग) क्रियाविशेषणकै विशेषता बनेर पनि क्रियाविशेषण पद आउँछ ।

(घ) क्रियाविशेषण रूपायन हुँदैन ।

(ङ) क्रियाको नजिक प्रयोग हुन्छ ।

## २. नामयोगी

- उसको घरतिर रूख छ ।
- मानिस ऊ बसेको समाजनिकट रहन्छ ।
- त्यो झण्डा हाम्रो घरतर्फ फर्किएको छ ।
- हाम्रा घरमा उसका दाजुभाइसमेत आएका रहेछन् ।
- छानामाथि फलेको फर्सी पाकेछ ।
- रूखमुनि शीतल छ ।
- तिमी दिनभरि घरमै बस ल ।

माथिका वाक्यमा प्रयुक्त पछाडिपट्टि शब्दसँग जोडिएर आएका निर, निकट, तर्फ, बित्तिकै, समेत, माथि, मुनि, भरि शब्दहरू नामयोगी हुन् । तिनले अगाडिको शब्दसँग सम्बन्ध गाँस्ने काम गरेका छन् ।

नेपाली भाषामा अव्यय वर्गमा पर्ने नामयोगीहरू यस प्रकार छन् ।

१. समयवाचक – खेर, बित्तिकै, पहिले, पूर्व, पश्चात, पछि, पालि, ताक
२. स्थान वाचक – नजिक, माथि, मुनि, भित्र, बाहिर, वरिपरि, बिच, निर, निरै
३. रीतिवाच – बमोजिम, भन्दा, अनुसार, समान, सामु, सरि
४. दिशावाचक – तिर, पट्टि, सामुन्ने, तर्फ, आसपास, छेउछाउ
५. सहभाव वाचक – समेत, सँग, सित, सहित, साथै
६. कारण बोधक – निम्ति, निमित्त, कारण, लागि, खातिर
७. अभावबोधक – बाहेक, बिना, शिवाय, अतिरिक्त, बेगर आदि ।

नाम, सर्वनाम, विशेषण तथा अन्य क्रियायोगी आदि शब्दको पछाडि अनिवार्य जोडिएर आउने अव्यय शब्दलाई नामयोगी भनिन्छ । नामयोगी सबै शब्दका पछाडि जोडेरै लेख्नु पर्ने हुन्छ नत्र यसको प्रयोग निरर्थक हुन्छ ।

### निम्न नामयोगी पनि प्रयोगमा छन् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पर | वर | उँभो | उँधो | समक्ष | माझ | अघि | पछि |
| पहिले | पूर्व | उप्रान्त | देखि | सम्म | पर्यन्त | ताका | पटक |
| भित्र | तिर | अगाडि | पछि | पछाडि | यता | उता | बिच |
| सामु | जस्तो | झैँ | समान | बमोजिम | अनुसार | भन्दा | जति |
| निम्ति | निमित्त | लागि | कारण | पट्टि | अतिरिक्त | विना | बाहेक |
| भरि | सँग | सँग | जस्तै | अनुसार | बारे | अन्तर्गत | ताक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पालि | पश्चात | वित्तिकै | वरिपरि | खातिर | निर | मध्ये | सरि |
| मात्र | सामुन्ने | तर्फ | आसपास | समान | केवल | सङ्गत | सहित |
| सिवाय | अलावा | सट्टा | बारे | छेउछाउ | बापत | खेर | प्रति |

### नामयोगीका कार्यहरू

(क) नामयोगीले क्रियापदसँग सम्बन्ध दर्शाउँछ ।

(ख) नामयोगीले सरल कारकको नामिक पदलाई तिर्यक कारकमा फेर्दछ ।

(ग) लिङ्ग, वचन, पुरुष, आदर, भाव आदिको आधारमा रूपायन हुँदैनन् ।

(घ) नामयोगी अविकारी पदवर्ग भित्र पर्दछ ।

(ङ) यसलाई अव्यय पद पनि भनिन्छ ।

## ३. विस्मयादिबोधक

- राम ! कत्रो साँप ।
- ला ! मैले त पहिलो कक्षाकै गृहकार्य बिर्सिएछु ।
- हुर्रे ! हामीले खेल जित्यौँ ।
- आम्माम ! केराको थाम लडेछ ।
- ज्याहै ! भाइले त विद्यालयको कापी च्यातेछ ।
- अँ ! कविता ठिक पर्दैछे ।
- हरे ! तिमी बेलामा विद्यालय जानु पर्दैनथ्यो ।
- ज्या ! कसले दुध पोखेछ ?
- आम्मम ! कत्रो ठुलो रूख ?
- छ्या ! भाइले त यहीँ बिस्छट्याएछ ।
- नाइँ ! म त अर्को विद्यालय जान्न, यहीँ पढ्छु ।
- हरि ! यो के देख्नुपऱ्यो ?

आश्चर्य, विस्मय, दुःख, खुसी, ग्लानी, चिन्ता, अपशोच आदि व्यक्त गर्ने अविकारी वा अव्यय शब्दलाई विस्मयादिबोधक भनिन्छ । जस्तै : आहा, ओहो, ला, छ्या, छिछि, ज्याहै, नाइँ, नाइँनाइँ, हरे, हरेशिव, हरेहरे, राम, रामराम, आम्मम, आम्मै, हुर्रे आदि ।

### विस्मयादिबोधकका कार्यहरू

(क) वाक्यात्मक संरचनाभन्दा छुट्टै रहन्छ ।

(ख) मनको भाव व्यक्त गर्दछ ।

### विस्मयादिबोधकको प्रकारहरू

- आश्चर्य वाचक - आम्मै, ए, अरे, छि, छिछि, ऐय्या
- तिरस्कार वाचक - ओहो, आम्मै, लु, ल, आथ्थु
- सम्बोधन वाचक - ए, ओ, हे, ओइ, एइ
- उपहास वाचक - अँ, हिहि, हँ हँ, वा
- शोक वाचक - हाय, हा, कठै, बिचरा, आत्थु, आत्था
- विस्मृति - ज्या, ला, ओइ, ओ, अँ
- प्रशंसा - वा, क्यावात्, हुर्रे, धन्य, स्याबास्, आहा, जय, जयजय, धन्यवाद

## ४. निपात

- तिमी त भन्न सक्दिन, पास हुन्छौ कि हुँदैनौ ।
- नाइँ म त जान्न ।
- आज पोखरा गइन्छ कि ।
- उसका घरमा पो सिकाइदिने पढेलेखेका छन् त ।
- भाइ पनि आउँछ रे ।
- सके तिर नसके नतिर ।
- से, ऊ आज पुग्छ कि ।
- हँ, मैले त सुनिन ।
- आ, अब त बुढो भइयो ।
- यो केरा भाइले खान्छ क्या ।

आफ्नो स्वतन्त्र अर्थ नभएको वाक्यमा आउँदा, बोल्दा वा लेख्दा मिठास दिन प्रयोग हुने अव्यय वा अविकारी शब्दलाई निपात भनिन्छ । जस्तै : र, पो, त, लौ, नि, खै, क्यारे, ब्यारे, अँ, हँ निपात वाक्यबाट सरक्क झिक्ने हो भने पनि वाक्यको अर्थ विचलन हुँदैन । निपातले भनाइ, बोलाई र लेखाइ मिठो, नम्र, चखिलो, च्वास्स लाग्ने वा छुने बनाउँछ ।

### नेपालीमा प्रयोग हुने निपातहरू

- त, लु, हो, नै, सके, रे, हँ, आ, ए, क्या, के, खोइ, खै, लु, कुन्नि, लौत, खेर आदि ।

## ५. संयोजक

- श्याम शेर्पासँग घुम्न गए र तुरुन्त फर्केर आए ।

- सामाजिक सुरक्षा गर्नुपर्छ अनि समाजमा प्रत्येक नागरिकलाई न्याय गर्नुपर्छ ।
- तिमी खाऊ तर खाना नफ्याँक ।
- मामा आउनुभएछ त्यसैले घरमा होहल्ला छ ।
- श्याम राम्रो पढ अन्यथा अनुतीर्ण हुन्छौ ।
- जब देशले रगत माग्छ तब युवाले तातो आलो रगत बगाउनुपर्ने हुन्छ ।
- ऊ आयो अनि तुरुन्त फर्कियो ।
- जुन काम गर्छौ त्यो सकिहाल ।
- जहाँ जान्छौ त्यहाँ घुमेर आऊ ।
- रमेशले फटाईं गर्‍यो त्यसैले सजाय पायो ।
- तिमी आयौ भने म जान्छु ।
- बुबाले प्रथम हुँदा स्यावास् ! दिनुहुन्छ भन्ने लागेको थियो ।

दुई वा दुईभन्दा बढी शब्द, पदावली, उपवाक्य साथै वाक्य जोड्न प्रयोग हुने, सेतुको काम गर्ने अव्यय शब्दलाई संयोजक भनिन्छ । संयोजक सापेक्ष र निरपेक्ष गरी दुई प्रकारका छन् ।

## संयोजकका प्रकारहरू

(क) **सापेक्ष संयोजक** (ख) **निरपेक्ष संयोजक**

| संयोजक | |
|---|---|
| सापेक्ष संयोजक | निरपेक्ष संयोजक |
| यद्यपि, यदि, भने, भन्ने, जब, तब, जहिले, तहिले, जहाँ, त्यहाँ | र, अनि, पनि, ताकि, तथापि, किन्तु, परन्तु, |

थप संयोजक चिन्न सहज होस् भनेर निम्न तालिकामा देखाइएको छ ।

| सापेक्ष संयोजक | निरपेक्ष संयोजक |
|---|---|
| जो, त्यो, जसरी, त्यसरी, भने, भन्ने, जब, तब, यदि, यद्यपि, भनेदेखि, जुन, त्यो, ती, जहाँ, त्यहाँ | र, अनि, पनि, ताकि, तथापि, किन्तु, परन्तु, वा, अथवा, त्यसैले, किनकि, अन्यथा, नत्र, अतएव, या, एवम्, नत्रभने, न न, कि कि, त्यसकारण, तसर्थ, यसर्थ |

## संयोजकका कार्यहरू

(क) संयोजकले शब्दहरू जोड्ने गर्दछ ।

(ख) संयोजकले पद समूह जोड्ने गर्दछ ।

(ग) संयोजकले स्वतन्त्र उपवाक्यलाई जोड्ने गर्दछ ।

(घ) संयोजकले प्रधान र अप्रधान वाक्य जोड्ने गर्दछ ।

(ङ) संयोजक अविकारी पदवर्गभित्र पर्दछ ।

(च) यसलाई अव्यय पद पनि भनिन्छ ।

## अभ्यास

१. **नामयोगी शब्द वाक्यबाट चिनेर लेख्नुहोस् :**

(क) घरबाट सामान ल्याएपछि डेरासम्म पुऱ्याऊ ।

(ख) हिजोदेखि हिँडेको हरिले गन्तव्यबाट के कोसेली ल्याउँछ होला ?

(ग) तिमीसँग भएका पुस्तकबाट जतिखेर पढे नि ज्ञान लिन सक्छौ ।

(घ) त्यो घर पूर्वपट्टि फर्केको छ, त्यसमाथि अर्को बाटो र बायाँतर्फ खोलाको पुल अनि तल्तिर छाप्रोजस्तो देखिने टौवा छ ।

(ङ) दुधबाट बनेको दही मोहीभन्दा त बाक्लो हुन्छ तर प्युनलाई त मोही नै ठिक गर्मीमा ।

(च) आज उप्रान्त भत्काउने बिगार्ने जस्ता कुकर्मलाई छोड्ने प्रण गरेको छ साथीले शिक्षकका अगाडि ।

२. **तलको अनुच्छेदमा प्रयोग भएका नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपातपदलाई तालिकामा भर्नुहोस् :**

आज शनिबारको दिन हो । त्यसैले विद्यालय छुट्टी छ । यो छुट्टीको उपयोग त गर्नेपऱ्यो । त्यहीकारण आमा, बुबा, बहिनीसित म पनि पालुङ्टारतिर घुम्न गएँ । आहा ! क्या रमाइलो रहेछ हगि पालुङ्टार । यहाँ वरपर सानुतिनु जङ्गल छ । जङ्गलमा मान्छे फटाफट हिँडिरहेका छन् । किनभने उनीहरूलाई जङ्गली जनावरको निकै डर थियो । जबजब बिदाको दिन आउँछ त्यसपछि विचरा साथीहरू कोही वनभोज आउँछन् । कोही साथीको पछि लागेर आउँछन् । आउन त खुसी भएर साथीको पछि लागेर आउँछन् । तर, धुरुधुरु रोइरहेका भेटिन्छन् । कोही ढुङ्गामा चिप्लेटी खेलिरहेका भेटिन्छन् । कोही डाँडातर्फ उक्लिरहेका छन् । अघिअघि जाने विद्यार्थीलाई गुरुआमाले स्यावास दिनुहुन्छ । त्यहीबेला तारा गुरुआमाले भन्नुभयो– हाम्रा विद्यार्थीहरू यसरी हिँड्छन् र पो निरोगी छन् त । किनभने हिँडाइले मानिसलाई निरोगी बन्न सहयोग पुऱ्याउँछ । त्यही बेला शोभित राजथलाले थपे– हिँडेर मात्र पुग्दैन । सबैले वाहवाह भन्ने किसिमको स्वास्थ्य हुनुपर्छ ।

| नामयोगी | क्रियायोगी | संयोजक | बोधक | निपात |
|---|---|---|---|---|
| | | | | |

३. **अव्यय भनेको के हो ? परिभाषा दिँदै तलका अव्यय पदहरू कुनकुन प्रकारका पर्छन्, तालिकामा भर्नुहोस् :**

यो, सुटुक्क, पनि, कठै, क्यारे, अहो, बाहेक, छिटो, तिर, र, पो, किनभने, फनक्क, जहिले, जुन, हरे, राम्ररी, भन्दा, सहित, क्यारे, छिटो, सँग, बाहेक

| नामयोगी | क्रियायोगी | विस्मयादिबोधक | संयोजक | निपात |
|---|---|---|---|---|
| | | | | |

४. **तलका संयोजकलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

जब–जब, किनभने, तर, पस्नु, जहाँ–तहाँ, अनि, भने, यद्यपि

५. **विस्मयादिबोधक शब्दहरूको प्रयोग गरेर साहित्यिक कार्यक्रमको प्रत्यक्ष वर्णन गर्दै दुई अनुच्छेद लेख्नुहोस् ।**

६. **प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) नामयोगी भनेको के हो ? यसलाई कसरी चिनिन्छ ?

(ख) भरि, भित्र, अगाडि, पछि, देखि, बाट, सम्म, निर, लाई प्रयोग गरी आफ्ना वाक्य बनाउनुहोस् ।

७. **तलका वाक्यमा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :**

(क) खै सानीले र गणेशले खाना खाएनन् कि ।

(ख) धृतराष्ट्र त भित्र पनि बाहिर पनि अन्धो रहेछन् भनेर धौम्यले रातो मुख लगाए ।

(ग) सामाजिक सुरक्षा पाउनु, जिउ धनको सुरक्षा पाउनु नागरिकको नैसर्गिक अधिकार हो ।

(घ) तिम्रो सपना पूरा गर्नु तिम्रो अधिकार होला तर उद्देश्य पूरा गर्न जगदेखि नै लागेर अगाडि बढ्नुपर्छ ।

(ङ) त्यो केटो कता गयो ? तिमीले देखेका छौ ?

(च) आफ्ना सन्तान आफ्नै हुन्छन् तर तिनको व्यवहार नैतिकता, आचरण, शीलस्वभाव आदिलाई नमान्दा सन्तान पराइ बोध हुन्छन् ।

(छ) दाजुको छोरो अहिले एम. ए. गरेर नेपाल सरकारको निजामती सेवामा जागिर खान थालेछ ।

(ज) यो रेडियो नेपाल हो । अब कोमल ओलीबाट मुख्य समाचार सुन्नुहोस् ।

(झ) मेरो कलम हराएपछि आज पेन्सिलले कामचलाउ गरी सबै कक्षामा पेन्सिलले नै लेखियो ।

(ञ) न सावित्राले राम्रोसँग पढी, न सविनाले पढी । यी दुईजनाले त पढाइ किन बिगार्दै गए ? खोजको विषय भएको छ ।

(ट) ए कान्छा तिमीले त विदेश जान्न भनेर पासपोर्ट नै जलाएछौ रे नि हो ? त्यसो हो भने युवाका लागि यो उदाहरणीय सन्देशात्मक कार्य भयो नि ।

(ठ) जो मरुञ्जेल काममा खटिन्छ, उही सर्वाधिक पीडित छ भने इमानदारिताको कदर भएजस्तो देखिएन ।

(ड) जुन देश सुन्दर छ, जुन देशको हावापानी शीतल छ, प्राकृतिक विविधताले भरिपूर्ण र दिव्य मनमोहक छ, त्यो देश नेपाल हो ।

(ढ) नव नेपाल बनाउने हो भने नेपालमा बस्ने हामी सम्पूर्ण नेपाली नै जागरुक हुनुपर्छ ।

(ण) वाह ! मन चाहे रामराम ! चाहे ज्याहै ! भन, दुर्घटना घट्ने घटिगो, मर्ने मरिगो ।

(त) मनको बह कह कि नकह भन्ने उखानझैँ कहिले त कसैले मनमा लागेका कुरा व्यक्त गर्न नै सक्दैनन् ।

(थ) रातभरि करायो दक्षिणा हरायो भयो भने कर्मशील मानिसको सङ्ख्या घट्न जान्छ र मानिसहरू कर्मप्रति हतोत्साही हुन सक्छन् ।

(द) विज्ञानको युगमा पनि अन्धविश्वास र रुढीमा साथ दिनु मूर्खता शिवाय अरू केही हुन सक्दैन ।

(ध) परिश्रमी मानिस संसारमा श्रमले नै बाँचेका हुन्छन् र श्रमका माध्यमबाट गरी खाएका छन् ।

(न) धनी मानिस धनमा रमाउलान् तर मनकारी मानिस अरूको दुःखमा साथ दिने हुन्छन् ।

(प) नयाँ नेपाल निर्माण गर्ने कार्य हामी सबै नेपालीले सुसंगठित भएर गर्नुपर्छ ।

(फ) आफू त कहीँ पनि गइँदैन किनभने आउँदो हप्तादेखिन् परीक्षा सुरु हुँदै छ ।

(ब) देवकोटाले लेखेका कृतिहरू ऐतिहासिक, दीर्घजीवी, भावपूर्ण सबै पाठक, भावक सबैको मन जित्ने खालका छन् ।

(भ) छ्या ! कति गन्हाएको, कसले फोहोर गरेछ ? यसलाई तुरुन्त सफा गरूँ, फोहोर उठाउने ल्याऊ त ।

एकाइ ७

# वर्णविन्यास

## १. वर्णविन्यासको परिचय

वर्णहरूको व्यवस्थित विन्यास वा वर्णहरूको उचित रखाइ वा नियमबमोजिमको लेखन नै वर्णविन्यास हो । उचित ढङ्गले वर्णविन्यासको प्रयोग नगरिएमा अर्थको अनर्थ हुने हुँदा लेखाइमा वर्णविन्यास मिलाउनु आवश्यक हुन्छ । भाषामा शब्दका उच्चार्य र लेख्य दुई भेद हुन्छन् । वर्णविन्यासको नियम पनि यी दुवैमा लागु हुनुपर्ने हो तर लेख्य भाषासँग जोडेर वर्णविन्यासलाई बुन्ने गरिन्छ । यसलाई हिज्जे, वर्तनी आदि नामले पनि चिन्ने गरिन्छ । सामान्यतः वर्णविन्यासभन्दा ह्रस्व र दीर्घका नियमलाई मात्र बुन्ने गरिन्छ तर त्यति मात्र नभएर सबैखाले वर्णहरूको समुचित विन्यास यसमा हुनुपर्ने भएकाले वर्णविन्याससँग अर्थको प्रत्यक्ष सम्बन्ध हुन्छ । 'सब' र 'शब' उच्चारणमा एउटै गरिन्छ तर लिखित रूप र अर्थ दुवैमा फरक फरक छन् । सबको अर्थ 'सबै' हो भने शवको अर्थ 'लास' हो ।

नेपाली व्याकरणमा ह्रस्व/दीर्घ, (इ/ई, उ/ऊ), श/ष/स, ब/व/ओ, य/ए, रि/ऋ, क्ष/छे/क्ष्य/छ्य, ङ्/ञ्/ण्/न्/म्, शिरबिन्दु/चन्द्रबिन्दु, अजन्त/हलन्त, पदयोग/पदवियोग र विभिन्न लेख्य चिह्नहरूसँग सम्बन्धित नियमहरू वर्णविन्यासअन्तर्गत समेटिन्छन् ।

### (अ) ह्रस्वदीर्घसम्बन्धी नियम

अ, इ, उ र ऋ ह्रस्व वर्ण हुन् । यी स्वरवर्णहरू स्वतन्त्र रूपमा प्रयोग हुँदा यस रूपमा आए पनि व्यञ्जनसँग मिल्दासाथ कि ( ि ), कु ( ु ), रू ( ॱ ) कृ ( ृ ) बन्दछन् । दीर्घ स्वर मानिने ई र ऊ पनि व्यञ्जनका साथ आउँदा की ( ी ), कू ( ू ), बनेर आउँछन् । नेपाली भाषामा तत्सम, तद्भव र आगन्तुक शब्दमा कहाँ कहाँ ह्रस्व इकार उकार र कहाँ कहाँ दीर्घ ईकार ऊकार प्रयोग हुन्छन् भन्ने चर्चा गर्नुका साथै त्यही नियममा पनि भिन्न बनेर देखिने ह्रस्वदीर्घसम्बन्धी वर्णविन्यासहरू अपवाद हुन् भन्ने चर्चा पनि यहाँ गरिन्छ । नेपाली भाषाका शब्दादि, शब्दमध्य र शब्दान्तमा आउने ह्रस्व वा दीर्घ इकार उकारको प्रयोग निम्नलिखित अवस्थामा हुन्छ ।

## (क) ह्रस्व इकार र उकारको प्रयोग

### शब्दका सुरूमा ह्रस्व

१. **उपसर्गबाट बनेका शब्द :**

निश्चल, निष्कलङ्क, निर्विवाद, निबन्ध, सुमार्ग, उत्कर्ष, उपकार, निःस्वार्थ, कुपुत्र, दुष्कर्म, दुर्गति, विहार आदि ।

२. **द्वि, त्रि अगाडि आउने सङ्ख्यावाचक शब्द :**

द्वितीय, तृतीय, द्विविधा, त्रिभुवन, त्रियोग, त्रिचन्द्र, त्रिभुज आदि ।

३. **व्युत्पन्न नामहरू :**

चिनारी, धुपौरो, बुद्ध्याइँ, फुली, मुखारी, पुजारी, मितिनी, दियालो आदि ।

४. **आगन्तुक नामहरू :**

किसान, किरो, चिउरा, जिब्रो, रिजाल, धिताल, सुँगुर, खुकुरी, भुँडी आदि ।

५. **आगन्तुक नामहरू :**

किताब, टिकट, रिबन, फिल्म, खुन, हुकुम, जिन्दगी, उमेर, पुलिस, इन्साफ, इङ्ल्याण्ड, इङ्लिस आदि ।

६. **एकाक्षरीबाहेक सबै सर्वनाम :**

तिमी, तिनी, यिनी, उनी, उहाँ आदि ।

७. **विशेषण :**

इमानदार, उज्यालो, उत्ताउलो, खुनी, गुलाफी, जिम्मेदार, चिसो, चिप्लो, चिल्लो, हुस्सू आदि ।

८. **धातु :**

हिँड्, सुत्, किन्, पिट्, रू, दि आदि ।

९. **सङ्ख्यावाचक शब्दहरू :**

दुई, उन्नाइस, बिस, उनन्तिस, तिस, उनान्सय, त्रिचालिस, त्रिपन्न, आदि ।
(**अपवाद : तीन**)

१०. **क्षतिपूर्तिस्वरूप दीर्घ मानिँदै आएका तद्भव शब्दहरू :**

मिठो, तितो, बुढो, ठुलो, सिप, दुध, पिठो, मित, उँट, दुबो, खिर, भिख, तिखो, रूखो आदि ।

**११. क्रियापद :**

किन्छ, चिन्छ, पिँध्यो, उठ्थ्यो, सुतेछ, भुक्नेछ आदि ।

**१२. अव्यय :**

भित्र, तिर, हिजो, मुनि, किनभने आदि ।

**१३. अनुकरणात्मक शब्द :**

भुसुक्क, मुसुक्क, खुरूखुरू, झिलिमिली, टिलपिल, कुपुकुपु आदि ।

## शब्दका मध्यमा ह्रस्व

**१. अनु, अभि, अधि, अति, प्रति, परि, उपसर्ग लागेर बनेका शब्दहरू :**

अनुभव, अभिभावक, अनुमान, अभिमान, अधिकार, अधिपति, अतिरथी, प्रतिकार, प्रतिनिधि, परिचय, परिमाण आदि ।

**२. इक, इका, इत, इम, इमा, इष्ठ, उक आदि प्रत्यय लागेर बनेका शब्दहरू :**

लेखिका, गायिका, कथिता, अग्रिम, स्वर्णिम, वरिष्ठ, गरिमा, भिक्षुक, भावुक आदि ।

**३. व्युत्पन्न नामहरू :**

सम्धिनी, पतिङ्गर, जहानियाँ, बिसाउनी, हतियार, भरिया, दतिउन आदि ।

**४. अव्युत्पन्न नामहरू :**

पाइलो, काइँलो, कमिलो, बहिनी, नरिवल, कुखुरा, साउन, पटुका, कुकुर, बाजुरा आदि ।

**५. आगन्तुक नामहरू :**

इन्जिन, कमिटी, अफिस, पेन्सिल, रेडियो, मजदुर, कानुन, हुकुम, तस्बिर आदि ।

**६. विशेषण**

पोसिलो, चिनियाँ, झगडिया, माथिल्लो, सुतुवा, गाउँले, कलिलो, बाटुलो, बिटुलो, हरियो आदि ।

**७. इच्छार्थकबाहेक सबै क्रियापद :**

गरिस्, आइछे, हिँडिछस्, गरिनस्, सघाउँछ, पढाउँछ, सुताउँछिन् आदि ।

८. **कर्म वा भाववाच्यका क्रियापद :**

भनिन्छ, सुनिन्छ, किनियो, पढिने छ, सिँकिँदै छ, निदाइने छ आदि ।

९. **अव्यय :**

नजिक, बाहिर, सामुन्ने, कतिन्जेल, सालिन्दा, अहिले, उहिले, तलतिर आदि ।

१०. **अनुकरणात्मक शब्द :**

मुसुक्क, भुतुक्क, जुरूक्क, कुपुकुपु, सुटुक्क, पिटिक्क, टुप्लुक्क, खिसिक्क आदि ।

## शब्दका अन्त्यमा ह्रस्व

१. **पुलिङ्गी नाता जनाउने नाम :**

दाजु, बाबु, भिनाजु, फुपाजु, भाइ, गुरु, नाति, पनाति, पोइ, ज्वाइँ, गोरु आदि ।
(अपवादः पुलिङ्गी नाम भएपनि खसी, स्वामी, सम्धी हात्ती चाहिँ दीर्घ हुन्छन् ।)

२. **स्थानवाचक र निर्जीव नाम :**

गाउँ, ठाउँ, साँखु, मलेखु, टेकु, घिउ, पिँडालु, केराउ, घाउ, धनु आदि ।

३. **आइ, आइँ, याइ, याइँ, आउ, नु प्रत्यय लागेर बनेका शब्द :**

पढाइ, लेखाइ, सुनाइ, बसाइँ, लगाइँ, मुर्ख्याइँ, घेराउ, पक्राउ, सुत्नु, पढ्नु आदि ।

४. **आरू, आलु, उ, एलु, तु प्रत्यय लागेका विशेषण शब्द :**

सिकालु, दुधालु, बिखालु, यात्रु, घरेलु, पाल्तु

५. **मूल अव्यय :**

अगाडि, पछाडि, माथि, अनि, पनि, मुनि, भोलि, अस्ति, फेरि, चोटि, पर्सि, बर्सेनि, पछि आदि ।

६. **लाई, की, री, नी बाहेक अन्य विभक्ति :**

लागि, निम्ति, देखि आदि ।

७. **अरी, तरी र ही प्रत्यय लागेका बाहेक अन्त्यमा आउने प्रत्ययहरू :**

कति, त्यति, जति, उति आदि ।

८. **'नु' र 'छु' प्रत्यय जोडिने असमापिका र समापिक दुवै क्रियापद :**

चल्नु, गर्नु, भन्नु, तर्नु, सर्नु, सुन्छु, रून्छु, लेख्छु, हिँड्छु, गर्छु आदि ।

९. ति, धि, नि, टि, पि, अन्त्यमा आउने शब्द :

गति, नीति, कृति, क्षति, निधि, दधि, ध्वनि, अग्नि, सृष्टि, वृष्टि, लिपि, तथापि, यद्यपि आदि ।

## (ख) दीर्घ ईकार र ऊकारको प्रयोग

**शब्दका सुरूमा दीर्घ**

१. संस्कृतबाट नेपालीमा जस्ताको तस्तै आएका केही शब्दहरू :

मूल, जीवन, दीपक, कूप, शूल, भीषण, भूगोल, भूमि, सूचना आदि आदि ।

२. उकार आदिमा भएका 'सु' उपसर्ग लाग्दा :

सूक्त, सूक्ति आदि ।

३. श्रुतिसमभिन्नार्थक तद्भव शब्द :

फूल, पूरा, तीन आदि ।

**शब्दका मध्यमा दीर्घ**

१. अनीय, ईय, ईन, प्रत्यय लागेका शब्द :

ईश्वरीय, मननीय, पठनीय, केन्द्रीय, नवीन आदि ।

२. करण, कृत, कार, भवन, भूत, भावसँग जोडिएका शब्द :

एकीकरण, विकेन्द्रीकरण, अङ्गीकार, समीभवन, भष्मीभूत, एकीभाव आदि ।

३. इच्छार्थक क्रियापद :

खाऊन्, पढून्, डुलून्, सुनून्, गरून, हेरून्, होऊन् आदि ।

**शब्दका अन्त्यमा दीर्घ**

१. 'ई' प्रत्यय अन्त्यमा आउने शब्द :

ज्ञानी, त्यागी, योगी, घाती, द्रोही आदि ।

२. वती, वी, प्रत्यय लागेर बनेका शब्द :

रूपवती, गुणवती, सौभाग्यवती, मेधावी, तपस्वी, यशस्वी आदि ।

३. स्त्रीलिङ्गी नामपद :

दिदी, बहिनी, आइमाई, रानी, स्वास्नी, भाउजू, फुपू, सासू, भैँसी, गाई आदि ।

४. **स्त्रीलिङ्गी विशेषण :**

गोरी, काली, ठुली, सानी, लाटी, मोटी आदि ।

५. **पेसा, जाति, थर बुझाउने शब्द :**

पेसा : व्यापारी, हली, पादरी, खेती आदि ।
जाति : ठकुरी, दमाई, कामी, राई, लिम्बू, जैसी, थारु आदि ।
थर : अधिकारी, उप्रेती, सुवेदी, प्रसाईँ, गिरी आदि ।

६. **ईकारान्त निर्जीव नामपद :**

फर्सी, कोपी, गाडी, गुन्द्री, कैँची, बाल्टी, धोती, कोदाली, थाली आदि ।

७. **सबै सर्वनाम :**

ऊ, ती, ती, उनी, तिनी, तिमी, हामी आदि ।

८. **सबै विशेषण :**

धनी, ज्ञानी, रोगी, लोभी, इलमी, विरोधी, परिश्रमी, गफाडी, हुस्सू, बुद्धू आदि ।

९. **सङ्ख्यावाचक शब्द :**

दुई, साठी, सत्तरी, असी, आदि ।

१०. **सबै आज्ञार्थ र स्त्रीलिङ्गी क्रियापद :**

आऊ, जाऊ, हेर्नू, भन्नू, आउनू, लेखी, गरी, भनी, हिँडी, गई, आदि ।

११. **स्थान, नदी र भाषा बुझाउने शब्द :**

चन्द्रगढी, गुल्मी, रिडी, ठिमी, मेची, नारायणी, कर्णाली, महाकाली, कन्काई, नेपाली, मैथिली, भोजपुरी, उर्दू, अङ्ग्रेजी, हिन्दी, फारसी, आदि ।

१२. **'चाहिँ' बाहेक सबै 'ही':**

कोही, केही, यही, त्यही, कहीँ, सोही, आदि ।

१३. **अरी, तरी अन्त्यमा आउने अव्यय शब्द :**

यसरी, त्यसरी, जसरी, सरासरी, कस्तरी, सुस्तरी, त्यस्तरी, आदि ।

१४. **'एर' अर्थ दिने असमापक क्रिया :**

भनी, गरी, लागी, सोधी, आदि ।

**१५. विशेषणबाट बनेका भाववाची नामपद :**

जवानी, गरिबी, चाकरी, चोरी, इमानदारी, आदि ।

**१६. मानबोधक वा आदरसूचक :**

रामजी, गुरुज्यू, कविज्यू, श्यामजी, मन्त्रीज्यू, सचिवज्यू, मितज्यू, प्रधानाध्यापकज्यू, अभिभावकज्यू, आदि ।

### (आ) श, ष, स को प्रयोग

नेपालीमा एउटा मात्र 'स' को प्रयोग हुन्छ । तत्सम शब्दमा शास्त्र, कृषक सुतजस्ता शब्दमा 'श/ष/स' प्रयोग भए पनि आगन्तुक र तद्भव शब्दमा भने सबैतिर 'स'को मात्र प्रयोग गर्नुपर्छ ।

#### 'श' को प्रयोग

**१. श, ष, स तीनओटा 'स' मा कुनै दुईओटा सँगै आएमा अगाडिको 'श' हुन्छ :**

शिशु, शशि, शासन, शिष्य, शेष, आदि ।

**२. 'चवर्ग' र 'ल' का अघि 'श' हुन्छ :**

निश्चल, पश्चात्ताप, आश्चर्य, निश्चय, श्लेष, विश्लेषण, आदि ।

**३. 'ऋ' र 'र' का साथमा :**

शृङ्गार, शृङ्खला, शृङ्ग, श्रम, श्राप, श्रद्धा, श्रावण, अश्रु, आदि ।

**४. विसर्गका अगाडि :**

क्रमशः, अक्षरशः, शतशः, प्रायशः, आदि ।

#### 'ष' को प्रयोग

**१. ट, ठ, ड, ढ, ण र केही 'प' हुन्छ :**

स्पष्ट, प्रष्ट, दृष्टि, षष्ठ, ओष्ठ, षोडश, षट्कोण, आषाढ, विशेषण, पुष्प, वाष्प, आदि ।

**२. 'इ' र 'उ' का अघि 'क' र 'प' छन् भने 'ष' हुन्छ :**

निष्कपट, निष्कलङ्क, मतिष्क, परिष्कार, दुष्कर्म, पुष्कर, शुष्क, दुष्कृति, आदि ।

#### 'स' को प्रयोग

**१. स, सत्, सम्, सु, स्व, स्वयम् आदि जोडिएका शब्दका सुरुमा 'स' हुन्छ :**

सफल, सकाम, सत्कार्य, सद्भावना, संवाद, संसार, सुपुत्र, सुमार्ग, स्वरूप, स्वार्थ, स्वयंवर, आदि ।

२. **शब्दका मध्यमा प्रायः 'स' हुन्छ :**

शासन, कुसुम, उत्सुक, व्यस्त, नास्तिक, सरस्वती, आस्तिक, आस्था, आदि ।

३. **'स' को प्रयोग हुने नामपदहरू :**

असार, असोज, सगुन, सलाई, साझा, पुस, सुन, सास, सेलो सोरठी, साला, साली, आदि ।

४. **सर्वनाम :**

सो, कस, यस, त्यस, जस, उस, आदि ।

५. **विशेषण :**

सानो, सेतो, सबै, सात, सत्तरी, सस्तो, आदि ।

६. **धातु र क्रियापद :**

सुत्, सोर्, कस्, सक्छ, सिक्यो, सुहाउँछ, आदि ।

७. **अव्यय :**

अस्ति, पर्सि, सित, सिर्र, सँग, एक्कासि, आदि ।

८. **सबै आगन्तुक शब्द :**

अफिस, सर्ट, सिनेमा, सिट, किसिम, सडक, सहर, सहिद, एसिया, सिकार, सालिक, पसल, जासुस, सायद, सायर, सेर, कोसिस, होस, जुलुस, आदि ।

## (इ) 'ब', 'व' र 'ओ' को प्रयोग

'ब' र 'व' को प्रयोग हुने कतिपय शब्दमा कथ्य र लेख्य रूप फरक फरक देखिने हुनाले वर्णविन्यासमा अन्योल देखापरेको छ । तत्सम शब्दमा चाहिँ उच्चारण र लेखनमा भिन्नाभिन्नै रूप देखिन्छ । कवि, वन, विराजजस्ता तत्सम शब्दको लेखनमा 'व' भए पनि उच्चारण 'ब' हुन्छ । तर, तद्भव र आगन्तुक शब्दमा जस्तो उच्चारण गरिन्छ त्यस्तै लेख्नुपर्छ । 'व' लाई 'ब' लाई 'व' लेख्न पाइँदैन ।

### 'ब' को प्रयोग

१. **द, ध, ल, ह, ह्मका अगाडि प्रायः 'ब' हुन्छ :**

बुद्ध, बुद्धि, बध, बोध, बधू, बल, बलात्, बहु, ब्रह्म, ब्राह्मण, ब्रह्माण्ड आदि ।

२. **आधा 'म्' का पछि 'ब' हुन्छ :**

अम्बर, बिम्ब, अम्बिका, कुटुम्ब, चुम्बक, ताम्बुल, सम्बन्ध आदि ।

३. **'ब' उच्चारण हुने नामपद :**

बकुल्लो, बक्खु, बचत, बच्चा, बयर, बर्को, बतास, बहिनी, बाछो, बाख्रो, बाँदर, बाँस, बिजुली, बिफर, बिरालो, बोको, बोक्रो आदि ।

४. **'ब' उच्चारण हुने विशेषण :**

बभुवा, बकेर्नु, बाङ्गो, बुढो, बिटुलो, बुच्चो, बोक्सो, बौलाहा, बलियो, बहिरो आदि ।

५. **'ब' उच्चारण हुने अव्यय :**

अब, तब, बजे, जब, बरू, बर्र, ब्यारे आदि ।

६. **'ब' उच्चारण हुने धातु र क्रियापद :**

बाँच्, बेच्, बस्, बेर्, बग्छ, बिर्सन्छ, बास्यो, बाँधेछ, बिझायो, बोरछ, बटुल्ने छ, बज्या आदि ।

७. **बे, बद, बि, उपसर्ग लागेका शब्द :**

बेकाम, बेहोस, बेमेल, बदनाम, बदमास, बदनियत, बिखर्ची आदि ।

## 'व' को प्रयोग

१. **'वि' उपसर्ग लागेका शब्द :**

विनाश, विकास, विकल्प, विकट, विद्रोह, विचित्र, विदेश आदि ।

२. **'वै, रेफ, ऋ' भएका शब्द :**

वैज्ञानिक, वैदिक, वैभव, वैर, वर्ष, वर्ग, वर्ण, वार्ता, वृक्ष, वृष्टि, दृष्टि आदि ।

३. **वर, तव्य, त्व, वत्, वान्, वती प्रत्यय लागेका शब्द :**

गुरुवर, मान्यवर, कर्तव्य, वक्तव्य, नेतृत्व, कवित्व, मातृत्व, आत्मवत्, धनवान्, गुणवान्, रूपवती, धनवती आदि ।

४. **'सम्' उपसर्गपछि :**

संवर्द्धन, संवर्ण, संवाद, संवेदना, संवरण आदि ।

५. **सन्तानवाचक शब्दका अन्त्यमा :**

दानव, मानव, पाण्डव, वैष्णव, राघव, यादव, पार्थिव आदि ।

६. **'व' उच्चारण हुने नामपद :**

कुवा, कौवा, खुवा, गँवार, जुवाइँ, ताँवा, देवर, धुवाँ, पुवा, पालुवा, पावर, टावर, ह्वेल, वारिस, हलुवा, खेतीवाल, मेवा, क्वाँटी आदि ।

७. **'व' उच्चारण हुने विशेषण :**

अगुवा, हरूवा, भतुवा, भगुवा, भुवादार, पिस्तोलवाला, जुवाडे आदि ।

८. **'व' उच्चारण हुने अव्यय :**

वर, वरिपरि, वारपार, वाल्ल, प्वाक्क, ह्वाल्ल, ट्वाक्क, ह्वात्त, छ्वाल्ल आदि ।

१०. **आवट, उवा, वाला, वार, वारी जोडिएका शब्द :**

सजावट, बनावट, हरूवा, खेतवाला, उम्मेदवार, जिम्मेवारी आदि ।

### 'ओ' को प्रयोग

१. **'ओ' उच्चारण हुने केही शब्द :**

ओठ, ओडार, ओखती, ओखर, ओझेल, ओदान, ओरालो, ओभरकोट आदि ।

२. **केही क्रियापद :**

ओढ्छ, ओर्लिन्छ, ओभायो, ओराल्यो, जाओ, गाओ, बनाओस्, देओस् आदि ।

३. **केही तत्सम शब्द :**

ओम्, ओज, ओजस्वी आदि ।

## (ई) 'ए' र 'य' को प्रयोग

### 'ए' को प्रयोग :

१. **भूतकालको पहिलो र तेस्रो पुरूषका क्रियापदमा :**

गए, खाए, आए, दिए, भएँ, लिएँ, पढाएँ, हँसाएँ, गराएँ आदि ।

२. **'एर' र 'एको/एका/एकी' प्रत्यय लागेका कृदन्त शब्द :**

गएर, आएर, पाएको, खाएको, लिएको, सिएकी आदि ।

३. **अज्ञात भूतको करण र अकरण दुवैमा :**

आएछ, पाएछौ, दिएछु, गाएनछु, पाएनछु, आएनछौँ आदि ।

४. **इच्छार्थ क्रियापदमा :**

गए, गएस्, लिए, आए, राएस् आदि ।

५. **'एक' शब्दबाट बनेका शब्द :**

एक, एघार, एक्काइस, एकतिस, एकचालिस, एक्लो, एकासी आदि ।

६. **केही आगन्तुक शब्द :**

एकड, एक्सरे, एजेन्ट, एयर, एसिड, एभरेस्ट, एम्बुलेन्स आदि ।

### (उ) 'ऋ' र 'रि' को प्रयोग

'ऋ' को प्रयोग तत्सम शब्दमा मात्र हुन्छ । तद्भव र आगन्तुक शब्दमा भने 'रि' ले नै काम चल्छ । तत्सम शब्दमा निम्नलिखित शब्दमा 'ऋ' को प्रयोग हुन्छ : ऋषि, ऋण, ऋचा, ऋषभ, ऋतु आदि ।

#### 'रि' को प्रयोग

१. **केही तद्भव र आगन्तुक शब्दमा :**

रित्तो, रिँगटा, रिजाल, सुरिलो, हरियो, रिस, रिजर्भ, रिजल्ट, रिवाज, रिकापी, रिक्सा, रिबन, रिल, रेल आदि ।

२. **केही तत्सम शब्दमा :**

रिक्त, रिपु, अरि, गिरि आदि ।

### (ऊ) क्ष/क्षे/क्ष्य र छ/छे/छ्यको प्रयोग

क्ष, क्षे र क्ष्यको प्रयोग तत्सम शब्दमा मात्र हुन्छ । जस्तै : क्षण, क्षति, क्षमा, अक्षर, नक्षत्र, भक्षण, कक्ष, अध्यक्ष, भक्ष्य, लक्ष्य, परिपेक्ष्य, आरक्ष्य, क्षेत्र, क्षेत्रीय आदि ।

#### छ/छे/छ्यको प्रयोग

१. **'छ' को प्रयोग हुने ठाउँ :**

छक्क, छक्का, छड्के, छत्तिस, छनक, छपनी, छर्रा, छकावट आदि ।

२. **'छे' को प्रयोग हुने ठाउँ :**

छेक, छेकारो, छेत्री, छेपारो, छेलो, छेस्को, छेक्नु, छेडछाड आदि ।

३. 'छ्य' को प्रयोग हुने ठाउँ :

ओछ्यान, छ्याप्प, छ्यास्स, छ्याप्नु, छ्याल्लब्याल्ल, पछ्याउनु, बिछ्याउनु आदि ।

## (ऋ) 'ज्ञ' र 'ग्यँ' र ग्याको प्रयोग

१. 'ज्ञ' को प्रयोग तत्सम शब्दमा मात्र गरिन्छ :

यज्ञ, ज्ञान, विज्ञान, विज्ञ, प्राज्ञ, राजनीतिज्ञ आदि ।

२. 'ग्यँ' को प्रयोग :

ग्याँटिस, ग्याँचे, ग्याँक्क आदि ।

३. 'ग्या' को प्रयोग :

ग्यारेन्टी, ग्यारेज, ग्यास, ग्यास्टिक आदि ।

## (ए) हलन्त (खुट्टा काट्ने) र अजन्त (खुट्टा नकाट्ने) को प्रयोग

### हलन्तको प्रयोग :

१. व्यञ्जनान्त धातु :

उठ्, डुल्, हिँड्, हेर्, देख् आदि ।

२. द्वितीय पुरुषवाचक क्रियापद :

गइस्, आइस्, गर्छन्, भन्छस्, लेख्छस् आदि ।

३. तृतीय पुरुष, बहुवचन र आदरार्थी क्रियापद :

जान्छन्, खान्छन्, भन्छन्, गर्छन्, हेर्छन्, सुन्छन्, गर्दैनन् आदि ।

### अजन्तको प्रयोग :

१. एकाक्षरी सर्वनाम र अव्यय :

म, तँ, र, न, त आदि ।

२. स्वरान्त अव्यय :

बाहिर, भित्र, आज, तिर, जब, तब, निर आदि ।

३. आज्ञार्थ क्रियापद :

भन, पढ, गर, हेर, बुझ, लुक, लेख आदि ।

**४. अकरण क्रियापद :**

जान्नँ, गर्दैन, भन्दैन, लेखिन, भनेन आदि ।

**५. समापक क्रियापद :**

जान्छ, गर्छ, भन्छ, हेर्छ, खेल्छ आदि ।

**६. असमापक क्रियापद :**

गर्न, हेर्न, लेख्न, पढ्न, जान आदि ।

**७. अनुकरणात्मक शब्द :**

टिलिक्क, टुप्लुक्क, स्वाट्ट आदि ।

**८. केही नाम, सर्वनाम, विशेषण शब्दचाहिँ उच्चारणमा हलन्त र लेखनमा अजन्त हुन्छन् :**

| | उच्चारण | लेखन |
|---|---|---|
| नाम : | भात्, झ्याल्, राम्, रात् | भात, झ्याल, राम, रात |
| सर्वनाम : | यस्, त्यस्, जस्, कस् | यस, त्यस, जस, कस |
| विशेषण : | कठोर्, गरिब्, बिस्, तिस् | कठोर, गरिब, बिस, तिस |

## (ऐ) शिरबिन्दु र चन्द्रबिन्दुको प्रयोग

शिरबिन्दु ( ं ) पञ्चम वर्ण हो भने चन्द्रबिन्दु ( ँ ) नासिक्य ध्वनि हो । शिरबिन्दु खण्डीय वर्ण हो, यो छुट्टै उच्चारण हुन सक्छ भने चन्द्रबिन्दु खण्डेतर वर्ण हो, यो छुट्टै उच्चारण हुन सक्दैन । अहिले इ, ई, ए, ऐ, ओ, औ आदि स्वरमा व्यञ्जन वर्ण जोडिँदा शिरबिन्दु दिने चलन छ तर त्यो गलत प्रयोग हो । यी दुईका आआफ्नै ठाउँ छन् । त्यसैले शिरबिन्दुका ठाउँमा चन्द्रबिन्दु र चन्द्रबिन्दुका ठाउँमा शिरबिन्दु प्रयोग गर्नु हुँदैन । स्पष्ट के छ भने कुनै पनि तत्सम शब्दमा चन्द्रबिन्दुको प्रयोग हुँदैन र कुनै पनि तद्भव र आगन्तुक शब्दमा शिरबिन्दुको प्रयोग हुँदैन ।

## शिरबिन्दु तथा पञ्चम वर्ण (ङ्, ञ्, ण्, न्, म्) को प्रयोग

नेपाली तद्भव र आगन्तुक शब्दमा शिरबिन्दुको प्रयोग हुँदैन । संस्कृत शिरबिन्दु भएका शब्द तद्भव भएर आउँदा सबै चन्द्रबिन्दुमा (हंस = हाँस, वंश = बाँस) परिवर्तन भएका छन् । तत्सम, शब्दमा 'य, र, ल, व, श, ष, ह, ज्ञ' वर्णका अगाडि शिरबिन्दु हुन्छ भने अरू ठाउँमा पञ्चम वर्णको प्रयोग गरिन्छ ।

**१. शिरबिन्दु प्रयोग हुने ठाउँहरू :**

अंश, अंशु, प्रशंसा, संयम, संज्ञा, संसार, संयोजक, संरक्षक, संलाप, सिंह, संशय, हंस, संस्मरण आदि ।

**२. 'क' देखि 'म' सम्मका वर्णका अगाडिचाहिँ पञ्चम वर्णको प्रयोग हुन्छ :**

- क, ख, ग, घ र क्षभन्दा 'ङ्' हुन्छ :
  अङ्ग, अङ्क, सङ्ख्या, सङ्घ, सङ्केत, सङ्क्षेप, पङ्क्ति, शङ्का, सङ्घर्ष, आकाङ्क्षा, शब्दाङ्कर आदि ।
- च, छ, ज झभन्दा अगाडि 'ञ्' हुन्छ :
  पञ्च, कञ्चन, सञ्चालन, चञ्चु, पुञ्ज, मञ्ज, वाञ्छनीय, झञ्झा, व्यञ्जन आदि ।
- ट, ठ, ड, ढभन्दा अगाडि 'ण्' हुन्छ :
  कण्टक, दण्ड, काण्ड, कुण्ठा, ताण्डव, पाण्डव, माण्डव्य आदि ।
- त, थ, द, ध, न र त्रभन्दा अगाडि 'न्' हुन्छ :
  कान्ति, क्रान्ति, शान्ति, गन्तव्य, तन्तु, ग्रन्थ, छन्द, गन्ध, बन्धन, निबन्ध, उन्नति, मन्त्री, सन्त्रास आदि ।
- प, फ, ब, भ, मभन्दा अगाडि 'म्' हुन्छ :
  सम्पन्न, गुम्फन, बिम्ब, लम्बोदर, स्तम्भ, शम्भु, सम्बन्ध, सम्मान आदि ।

तद्भव र आगन्तुक शब्दमा चाहिँ शिरबिन्दुको प्रयोग हुँदैन र पञ्चमवर्णको नियम पनि लाग्दैन । त्यसैले यस्ता शब्दहरूमा जस्तो उच्चारण हुन्छ, त्यस्तै लेख्नुपर्छ । तद्भव र आगन्तुक शब्दमा 'ञ्' र 'ण्' को अलग उच्चारण हुँदैन, यी दुईका ठाउँमा 'न' र 'म' कै प्रयोग हुन्छ ।

जस्तै : कङ्गाली, खङ्ग्रङ्ग, ठिङ्ग, नङ्ग्रा, नाङ्लो, कान्छो, भन्छ, पिन्चे, गुन्डा, झन्डा, मुखुन्डो, काम्लो, दुम्जा, चम्चा, चिम्टी, इन्जिन, इन्च, इन्कार, जिन्सी, फाउन्डेसन आदि ।

## चन्द्रबिन्दुको प्रयोग

चन्द्रबिन्दुको प्रयोग तद्भव र आगन्तुक शब्दमा मात्र हुन्छ ।

**१. तद्भव र आगन्तुक शब्द :**

अँगार, अँजुली, आँप, गाउँ, पाँच, आँगन, बाँस, भँडार, साँझ, काँध, हिउँ, उँट, कँडेल, खाँबो, आँखा, घाँस, काँक्रो, सुँगुर, चाँद, फाँसी, मैयाँ आदि ।

**२. प्रथम पुरुषवाचक क्रियापद :**

खाएँ, गएँ, हेछौ, भन्छौँ, आयौँ, गरूँला, बाँचौँ, बचाऔँ, जाऊँ, भनूँ आदि ।

३. **स्वरान्त धातुमा दा/दै जोडिँदा :**

जाँदा, खाँदा, आउँदा, ल्याउँदै, पिउँदै, दिँदै, सिउँदै, हुँदै आदि ।

४. **द्वित्वरान्त धातुमा 'छ' र 'थ' आएमा :**

आउँछ, गाउँछ, देखाउँछ, खुवाउँछ, हँसाउँथे, गाउँथ्यो, देखाउँथी आदि ।

## (ओ) पदयोग र पदवियोगसम्बन्धी नियम

### पदयोग

दुई वा दुईभन्दा बढी पदहरू जोडिनु वा त्यस्ता पदहरू एउटै डिकामा लेखिनुलाई पदयोग भनिन्छ । पदयोग भनेको पदहरूको मिलन हो । निम्नलिखित शब्दमा पदयोग हुन्छ ।

१. **उपसर्ग (तत्सम, तद्भव र आगन्तुक सबै) :**

प्रचार, पराजय, विनाश, अभिमान, अधिपति, परिस्थिति, बदनाम, बेकाम आदि ।

२. **प्रत्यय :**

झापाली, पहाडी, यतिन्जेल, भुलक्कड, हरूवा आदि ।

३. **विभक्ति र नामयोगी :**

रामले, भाइलाई, देशको, घरबाट, मदेखि, घरतिर, पारिपट्टि, तिमीभन्दा, कोठाभित्र, कामविना, मसँग आदि ।

४. **समस्त शब्द :**

गाईगोठ, ज्यानमारा, आमाछोरी, कागखुट्टे, प्राणप्रिय, कालीमाटी, जनसेवा, दाजुभाइ, राजदरबार, भूकम्पपीडित, चरणकमल, देशनिकाला, भविष्यनिर्माण आदि ।

५. **द्वित्व शब्द :**

(आंशिक र अपरिवर्तितमा मात्र) आआफ्नो, आनीबानी, फटाफट, गल्र्यामगुर्लुम, सरासर, हस्याङफस्याङ, सर्सापट आदि ।

६. **अकरणको 'न' :**

खाँदैन, भन्दैन, नगर, लेखेनछ, गएनछु, भन्दैनथ्यो, नजाऊ आदि ।

७. **मिलित क्रियापद :**

गइसक्यो, कुटिदिएँ, गरिहाल, पढ्नुपर्छ, लेखिदिनुपथ्र्यो, भनिछाड्छु, सुन्नुपर्छ आदि ।

## पदवियोग

पदहरू छुट्टाछुट्टै लेखिनु वा पदहरू एउटै डिकामा नआउनुलाई पदवियोग भनिन्छ। पदवियोग भनेको पदहरूको बिछोड हो। निम्नलिखित शब्दमा पदवियोग हुन्छ।

१. **वाक्यमा प्रयोग हुने प्रत्येक शब्द :**

राम झोलामा किताब बोक्छ।

२. **विभक्तिका पछाडि आउने नामयोगी :**

उसका अगाडि, मुखका पछाडि, मदेखि बाहेक आदि।

३. **लागि, निम्ति र द'ईओटा विभक्ति एकै ठाउँमा आएमा :**

देशका लागि, मेरा निम्ति, हाम्रा लागि, समाजका निम्ति, मेरा माथि, रामका मामा आदि।

४. **सबै निपातहरू :**

भन त, तिमी नै आऊ, भाइ पो आएछ, नरिसाऊ न, ए हो र, आऊ नि आदि।

५. **'न' संयोजक :**

न यता भएँ न उता भएँ।

६. **अपूर्ण र पूर्ण पक्ष जनाउने क्रियापद :**

जाँदै छ, लेख्दै छ, भन्दै थियो, खाँदो छ, आएको छ, भनेका थिए, गएकी थिई आदि।

७. **संयुक्त क्रियापदका बिचमा निपात आएमा :**

पढ्नु नै पर्छ, जानु त पर्ने हो, हेर्नु त पर्छ, गाउनु नै पर्छ आदि।

८. **'न' र 'न' पछि आउने क्रियापद :**

जानु छ, हेर्नु छ, भन्न सक्छ, रिसाउन सक्छ, आउन सक्छ आदि।

९. **सार्थक द्वित्वमा :**

घर घर, मान्छे मान्छे, आऊ आऊ, कालो कालो, तँ तँ, म म, जुन जुन, जो जो, के के आदि।

### (औ) लेख्य चिह्नहरूको प्रयोग

भाषिक अभिव्यक्तिमा चिह्नले ठुलो महत्त्व राखेको हुन्छ। नेपाली भाषामा अल्पविराम (,), अर्धविराम (;), प्रश्नवाचक (?), पूर्णविराम (।), विस्मयादिबोधक (!), निर्देशक (:–),

कोष्ठक ( , ) उद्धरण (“ ”), योजक (—) तिर्यकविरामघढ (/), सङ्क्षेप (.), ऐजन (,,) आदि चिह्नको प्रयोग भएको पाइन्छ । यी चिह्नहरूको पदवियोगलाई निम्नानुसार क्रमशः प्रस्तुत गरिन्छ ।

## १. अल्पविराम (,)

वाक्यमा लघु विश्रामलाई जनाउने चिह्न अल्पविराम हो । यो पद, पदावली, उपवाक्य आदिलाई छुट्याउनु पर्दा प्रयोग गरिन्छ ।

(क) पद : नेपालमा भोक, रोग, अशिक्षा र पछौटेपनले जरो गाडेको छ ।

(ख) पदावली : बुद्धिको दुरूपयोग, समयको बेवास्ता, स्वावलम्बको कमीजस्ता कुराहरूले मान्छेलाई पछि पारेका छन् ।

(ग) उपवाक्य : जो नियमित व्यायाम गर्छ, जो सन्तुलित भोजन गर्छ, जो असल विचार मात्र उत्पन्न गर्छ त्यही व्यक्तिको जीवन सुन्दर हुन्छ ।

(घ) वाक्यका सुरुमा आएर समर्थन वा विरोध जनाउने शब्दपछि :

- हो, यस कार्यमा हामी पनि संलग्न छौँ ।
- अहँ, म यस्तो काम कहिल्यै गर्दिनँ ।

(ङ) वाक्यको सुरूमा आएको निपात पछि : ल, तिमी पनि आयौ ?

(च) प्रत्यक्ष – कथाको वाक्यमा : उसले भन्यो, “म आज आउँदिनँ ।”

## २. अर्धविराम (;)

यो पूर्णविरामभन्दा सानो विराम चिह्न हो । यसले पदावली र उपवाक्यलाई छुट्याउने काम गर्छ ।

(क) पदावली : अनुशासन, कर्तव्य र त्यागलाई बिर्सँदा; परोपकार, जीवनको पवित्रता र सत्कर्मलाई बेवास्ता गर्दा; अहिले राम पश्चात्तापको अनुभव गर्दै छ ।

(ख) उपवाक्य : मैले तिमीलाई चिनेको छैन; चिनेर पनि के गर्नु र ?

## ३. पूर्णविराम (।)

(क) पूर्णविराम चिह्न वाक्य पूरा हुँदा प्रयोग हुन्छ । जस्तै : हामीले पनि ‘मुनामदन’ पढेका छौँ ।

## ४. प्रश्नवाचक (?)

(क) प्रश्नार्थक वाक्यका अन्त्यमा : तिमीहरू आज कहाँ गएका थियौ ?

(ख) शङ्कास्पद विषयको वर्णनमा : व्यासले अठार पुराणको रचना गरेको ठाउँ तनहुँ हो ?

## ५. विस्मयबोधक/उद्‌गार (!)

(क) विस्मय आदि भाव बुझाउँदा र सम्बोधन गर्दा यस चिह्नको प्रयोग गरिन्छ ।

जस्तै :

| | | |
|---|---|---|
| खुसी | = | अहा ! कति सुन्दर दृश्य रहेछ ! |
| खेद | = | बिचरा ! त्यो जोगी त मरेछ ! |
| तिरस्कार | = | धत् ! त्यस्तो खराब कुरामा विश्वास गर्ने हो ? |
| सम्बोधन | = | हे भगवान् ! अब हाम्रो के गति होला ? |

### ६. निर्देशक/सापेक्ष विराम ( :/ – / : –)

वाक्यमा निर्देशन जनाउँदा वा उदाहरण दिनुपर्दा निर्देशक चिह्नको प्रयोग गरिन्छ । जस्तै :

(क) तल दिइएका शब्दहरूको प्रकृति प्रत्यय छुट्याउनुहोस् :
देशी, गति, नवीन, हँसाइ, सामाजिक ।

(ख) सर्वनाम शब्दका अन्त्यमा दीर्घ देखिन्छ ।
जस्तै : तिमी, उनी, तिनी, हामी, तपाईँ आदि ।

(ग) नेपालका ठुला नदीहरू हुन् :– कोसी, गण्डकी र कर्णाली ।

### ७. उद्धरण (... ' / " ")

वाक्यमा आएको विशेष शब्दमा एकोहोरो ( ' ' ) उद्धरण चिह्न दिइन्छ भने प्रत्यक्ष – कथनका अंशमा दोहोरो (" ") उद्धरण चिह्न दिइन्छ जस्तै :

(क) 'बसाइँ' नेपाली समाजको दुःखपीडा बोकेको उपन्यास हो ।

(ख) उनले भनेका थिए, "मेरो विजय सुनिश्चित छ ।"

### ८. कोष्ठक ( () )

अस्पष्ट शब्दको अर्थ खुलाउन र मनोवाद, संवाद वा नाटकमा पात्रको हाउभाउ आदिलाई सङ्केत गर्न कोष्ठक चिह्नको प्रयोग गरिन्छ । जस्तै :

(क) 'बसाइँ' नेपाली समाजको दुःखपीडा बोकेको उपन्यास हो ।

(ख) उनले भनेका थिए, "मेरो विजय सुनिश्चित छ ।"

### ९. योजक ( – )

समस्त र द्वित्व भएका पदहरूलाई जोड्दा र पङ्क्तिका अन्त्यमा पूरै शब्द नअट्दा योजक चिह्नको प्रयोग गरिन्छ । जस्तै :

(क) दाजु–भाइ, देश–भक्ति आदि ।

(ख) (संवैधानिक) संवैधा–, (मान्छे–, (यसरी) यस–आदि ।

### १०. तिर्यक्विराम (/)

विकल्पमा प्रयोग हुने शब्दहरूलाई एकै ठाउँमा लेख्नुपर्‍यो भने तिर्यक्विराम चिह्नको प्रयोग गरिन्छ । जस्तै :

(क) तिमी जान्छौ/जान्छ्यौ ।

(ख) तपाईँ/उहाँ आउनुहुन्छ ।

### ११. सङ्क्षेप चिह्न (.)

लामो शब्दलाई छोटकारीमा भन्नुपर्दा सङ्क्षेप चिह्नको प्रयोग हुन्छ । जस्तै :

(क) अ. दु. अ. आ. ले नेताहरूको सम्पत्ति छानबिन गर्दै छ ।

(ख) त्रि. वि. ले परीक्षफल प्रकाशित गरेछ ।

### १२. ऐजन चिह्न (")

त्यही शब्द फेरि दोहोरिने ठाउँमा ऐजन चिह्नको प्रयोग हुन्छ । जस्तै :

(क) राम बिहानै विद्यालय गयो ।

(ख) " " " पुग्यो ।

## अभ्यास

### १. ह्रस्वदीर्घ मिलाएर शुद्ध गर्नुहोस् :

(क) प्राकृतीक सम्पदा प्रचुर मात्रामा छन् तापनी यिनको राम्ररी उपयोग गर्न नसक्दासम्म हाम्रो देशको उन्नति हुने कुरामा म बिलकूल सहमत छैन ।

(ख) पोहोर साल राम र सिताको बिहे हुँदा मेरा दाजू, भाउजु, दीदि, भिनाजु, भाइ, बुहारि, बहिनी, ज्वाइँ सबै गएर खसिको मासू खाँदै हात्तिमा सफारी गरेका रे । त्यतीबेला रामका ससूरा, सासु पनि औधी खुसि भए रे ।

### २. पदयोग र पदवियोग मिलाएर लेख्नुहोस् :

(क) आजकल बच्चाहरू पढाइ भन्दा मोबाइलमा भुल्ने बानीलेगर्दा उत्कृष्ट अङ्क ल्याउन कठिनाइपरेको छ ।

(ख) हाम्रा गाउँका धार्केलीले दुई नयाँकपडा भएपनि थोत्रो र मक्किएको कपडा नै लगाएर हिँड्छन् केभाको होला भन्या ?

### ३. उचित लेख्य चिह्नहरूको प्रयोग गरी शुद्ध गर्नुहोस् :

(क) ओहो कति धेरै मिहिनेत गरेर पढ्दा पनि उत्कृष्ट अङ्क ल्याउन गाह्रो है जुनकिरीले भनी

(ख) मसँग किताब कापी र कलम पनि छ नतपढ्न मन लाग्छ नतलेख्न मन लाग्छ यसरी त प्रगति हुँदैन अहिलेदेखिने समयतालिका बनाएर पढ्ने प्रण गर्छु

४. **वर्णविन्यासका सबै नियमलाई ध्यान दिँदै शुद्ध गर्नुहोस् :**

(क) आम्मै मैले लक्ष्मीपुजालाई सरजाम किन्न भनेर लुकाइ राखेको केही पैसा र मीठाई मरिचमानले चोरेछ ।

(ख) विदूरले भने, ओहो ढुङ्गो खाोज्दा देउता भेट्टाए । तपाईँ कै नभेट्टाएर घुम्दाघुम्दा कत्रो हैरान

(ग) लेखकका बारेमा रामशरण दर्नाल भन्छन् साँचो अर्थमा लेखक त्यही हो जो प्रतिकुल परिस्थीति र कठिन अवस्थामा पनि आफ्नो लेखनलाई निरन्तरता दिइरहन्छ ?

(घ) आज विवेकशिल मानिएको प्राणी मानवबाटै मानीसको पशु सरह बिक्रीवितरण हुँदो छ यसभन्दा बढी दुर्भाग्य के हुन सक्छर

(ङ) बालकुमारीले भनिन्, महाराज पनी कस्तो कुरा गरिबक्सन्छ । कलेज खोलेरत झन् राम्रो भयोनी अब हाम्रा मान्छेले पढ्न पाउने भए ।

(च) आँसु ले टम्म भरिएका आँखा पुछ्दै उनले भने त्यो डाक्टर अंकल मनै हूँ ।

(छ) आफ्नै परीवेशमा पाइने वनस्पति जडिबुटी तथा वस्तुबाट जैविक खेतिका सामग्री तयार पारिन्छ यी सामग्री जिवनका लागि हानिकारक नभई लाभ दायक हुन्छन् ।

(ज) मामाले हामीलाई प्रमुख जील्ला अधिकारी प्रजिअ को कार्यकक्षमा लैजानु भयो उहाँले मर भाउजुलाई प्रजिअसँग परिचय गराउनुभयो ।

(झ) मीत्र अब तपाईँ पनि मैलेझैँ खुला हृदयले भन्नोस् त तपाइले मेरो कस्तो मुल्याङ् कन गर्नुभयो ।

(ञ) बिचरा त्यस्ता इमानदार फत्य बाबुलाई हजुरीयाबाट हटाइ बक्स्यो । गेहेन्द्र भतिजलाई यहाँ आउनै रोक लगाइबक्सेको छ, बालकुमाररिदेविले चन्द्रशमशेरलाई भनिन् ।

५. **तल दिइएका शब्दसमूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | (अ) | चन्चल | चंचल | चञ्चल | चङचल |
| | (आ) | निधी | निधि | नीधी | नीधिध |
| २. | (अ) | नीती | निति | तिती | नीति |
| | (आ) | विवाद | बिवाद | विबाद | बिबाद |
| ३. | (अ) | ससुरा | ससूरा | शसुरा | सशूरा |
| | (आ) | विशेषता | विसेशता | विसेषता | विशेसता |
| ४. | (अ) | संकीर्ण | सङ्कीर्ण | संकिर्ण | षङ्कीर्ण |
| | (आ) | आसय | आषय | आशए | आशय |
| ५. | (अ) | सारांश | शारांश | सारांश | षारांश |
| | (आ) | परिक्षा | परीक्षा | परिछ्या | परीक्ष्या |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | (अ) | जातीय | जातिय | जातिए | जातीए |
| | (आ) | सुपुत्र | शुपुत्र | सुपुत्र | सूपुत्र |
| ७. | (अ) | संबाद | संवाद | शम्वाद | सम्वाद |
| | (आ) | ब्रह्मान्ड | व्रम्मान्ड | व्रह्माण्ड | ब्रह्माण्ड |
| ८. | (अ) | आर्सिवाद | आसिर्वाद | आर्शिवाद | आशीर्वाद |
| | (आ) | मर्मश्पर्शी | मर्मस्पर्शी | मर्मस्पर्शि | मर्मष्पर्शी |
| ९. | (अ) | पंचेन्द्रीय | पञ्चेन्द्रीय | पञ्चेन्द्रिय | पन्चेन्द्रिय |
| | (आ) | विस्वविद्यालय | बिश्वविद्यालय | वीश्वविद्यालय | विश्वविद्यालय |
| १०. | (अ) | राष्ट्रीय | रास्ट्रिय | राष्ट्रिय | राष्ट्रिए |
| | (आ) | बन्दोबस्त | वन्दोबस्त | बन्दोवस्त | बन्दोबष्त |
| ११. | (अ) | सम्रक्षण | संरक्षण | शंरक्षण | सङ्रक्षण |
| | (आ) | विवेकशिल | विवेकशील | बिवेकशिल | विबेकशील |
| १२. | (अ) | संख | शंख | शङ्ख | षङ्ख |
| | (आ) | वाङ्मय | वांमय | बाङ्मय | वाङ्गमय |
| १३. | (अ) | निरङ्कूस | निरङ्कुस | निरङ्कुश | नीरङ्कुश |
| | (आ) | समावेशीकरण | समावेशिकरण | समावेसिकरन | शमावेशिकरण |
| १४. | (अ) | पुन्ज | पुञ्ज | पुंज | पूञ्ज |
| | (आ) | विसालु | विशालु | बिषालु | विषालु |
| १५. | (अ) | पुष्टि | पुश्टि | पुष्टी | पुस्टी |
| | (आ) | सम्वेदना | संबेदना | संवेदना | शंवेदना |
| १६. | (अ) | व्यक्ति | बेक्ति | व्यक्ति | वेक्ति |
| | (आ) | सङ्घर्ष | संघर्ष | सँघर्ष | संघर्श |
| १७. | (अ) | सन्सार | शंसार | संसार | शंशार |
| | (आ) | बिधवा | विधवा | विधबा | वीधवा |
| १८. | (अ) | पण्डित | पन्डित | पंडित | पण्डीत |
| | (आ) | शोषित | सोषण | शोषण | शोषन |
| १९. | (अ) | ग्याँस | ज्ञास | ग्याश | ज्ञाष |
| | (आ) | ग्यान | ज्ञान | ग्याण | ज्ञाण |
| २०. | (अ) | विद्यालए | विध्यालय | बिद्यालय | विद्यालय |
| | (आ) | छैन्न | छैन् | छैन्न | छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | (अ) | शीर्सक | शीर्षक | शीर्शक | सीर्षक |
| | (आ) | प्रतीकुल | प्रतिकुल | प्रतीकूल | प्रतिकूल |

६. **वर्णविन्यासको परिचय दिई केकस्ता शब्दको सुरूमा ह्रस्व हुन्छ ? लेख्नुहोस् :**

७. **चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोग कहाँ कहाँ हुन्छ ?**

८. **अल्पविराम र उद्धरण चिह्नको प्रयोग कहाँ कहाँ हुन्छ ?**

९. **जोडा मिलाउनुहोस् :**


| | | |
|---|---|---|
| (क) | ऐजन चिह्न | (‘ ’, “ ”) |
| (ख) | सङ्क्षेप चिह्न | ( ,, ) |
| (ग) | तिर्यकविराम | ( . ) |
| (घ) | योजक | ( ? ) |
| (ङ) | कोष्ठक | ( / ) |
| (च) | उद्धरण | ( । ) |
| (छ) | निर्देशक/सापेक्ष/विराम | (     ) |
| (ज) | विस्मयादिबोधक/उद्गार | ( ; ) |
| (झ) | प्रश्नवाचक | ( () ) |
| (ञ) | पूर्णविराम | ( , ) |
| (ट) | अल्पविराम | ( :/ – / : –) |
| (ठ) | अर्धविराम | ( ी ) |
| (ड) | चन्द्रबिन्दु | ( ु ) |
| (ढ) | ह्रस्व इकार | ( ँ ) |
| (ण) | दीर्घ इकार | ( ू ) |
| (त) | ह्रस्व उकार | ( ि ) |
| (थ) | दीर्घ ऊकार | ( ! ) |

एकाइ ८

# शब्दनिर्माण प्रक्रिया

## १. शब्दनिर्माण प्रक्रियाको परिचय

भाषामा आवश्यकताअनुसार नयाँ–नयाँ शब्द बनाउने प्रक्रियालाई शब्दनिर्माण प्रक्रिया भनिन्छ । शब्दनिर्माणलाई शब्द व्युत्पादन वा शब्द रचना पनि भनिन्छ । मूलतः कोशीय अर्थ भएका आधार तत्त्वमा आधेय तत्त्व जोडेर नयाँ शब्दको निर्माण गरिन्छ । नेपालीमा आधार तत्त्वअन्तर्गत धातु र प्रातिपादक (शब्द) पर्दछन् भने आधेय तत्त्वअन्तर्गत उपसर्ग, प्रत्यय शब्द आदि पर्दछन् । नेपाली भाषामा शब्दनिर्माणअन्तर्गत उपसर्ग, परसर्ग, समास, द्वित्व, सन्धि आदिद्वारा शब्द बनाउने प्रक्रियाहरू पर्दछन् ।




| प्रक्रिया आधार तत्त्व | आधेय तत्त्व | शब्दरचना | निर्मित शब्द |
|---|---|---|---|
| सर्ग सन्तोष (शब्द) | अ (उपसर्ग) | अ + सन्तोष | असन्तोष |
| भिड् (धातु) | अन्त (प्रत्यय) | भिड् + अन्त | भिडन्त |
| समाज (शब्द) | इक (प्रत्यय) | समाज + इक | सामाजिक |
| समास अणु (शब्द) | बम (शब्द) | अणु + बम | अणुबम |
| द्वित्व झगडा (शब्द) | झगडा (शब्द) | झगडा + झगडा | झैझगडा |
| सन्धि ठुलो (शब्द) | दाइ (शब्द) | ठुलो + दाइ | ठुल्दाइ |

एकाइ ९

# उपसर्ग र प्रत्यय प्रक्रियाद्वारा शब्दनिर्माण

## उपसर्ग

### उपसर्गको परिचय :

शब्दको अघिल्तिर जोडिने भाषाको सानो एकाईलाई नै उपसर्ग भनिन्छ । शब्दको अघिल्तिर जोडिने हुनाले उपसर्गलाई पूर्वसर्ग पनि भनिन्छ । नेपाली भाषामा प्रचलनमा रहेका केही उपसर्गबाट निर्मित शब्दहरू निम्न छन् :

**अनु (पछि, नजिक, कम अर्थ बुझाउने)**

| | |
|---|---|
| अनु + हार = अनुहार | अनु + चर = अनुचर |
| अनु + भव = अनुभव | अनु + मान = अनुमान |
| अनु + रूप = अनुरूप | अनु + शासन = अनुशासन |
| अनु + छेद = अनुच्छेद | अनु + वाद = अनुवाद |
| अनु + करण = अनुकरण | अनु + सार = अनुसार |
| अनु + राग = अनुराग | अनु + अय = अन्वय |

**अति (धेरै, बढी अर्थ बुझाउने)**

| | |
|---|---|
| अति + रथि = अतिरथि | अति + अन्त = अत्यन्त |
| अति + रिक्त = अतिरिक्त | अति + सार = अतिसार |
| अति + इत = अतीत | अति + आचार = अत्याचार |
| अति + शय = अतिशय | अति + वृष्टि = अतिवृष्टि |
| अति + विस्तार = अतिविस्तार | अति + वादी = अतिवादी |

**अ (निशेष, अभाव, प्रतिकूल)**

| | |
|---|---|
| अ + सजिलो = असजिलो | अ + खण्ड = अखण्ड |
| अ + पुग = अपुग | अ + सन्तोष = असन्तोष |
| अ + बेला = अबेला | अ + विश्वास = अविश्वास |
| अ + चेत = अचेत | अ + छुत = अछुत |
| अ + काल = अकाल | अ + चुक = अचुक |
| अ + गतिलो = अगतिलो | अ + बेर = अबेर |
| अ + योग = अयोग्य | अ + हित = अहित |

**अधि (धेरै, बढी, विशेष)**

| | |
|---|---|
| अधि + मास = अधिमास | अधि + राज्य = अधिराज्य |
| अधि + कार = अधिकार | अधि + नायक = अधिनायक |
| अधि + पति = अधिपति | अधि + आय = अध्याय |
| अधि + अक्ष = अध्यक्ष | अधि + वेशन = अधिवेशन |
| अधि + आय = अध्याय | अधि + आत्म = अध्यात्म |

**अन (निषेध, अभाव)**

| | |
|---|---|
| अन + मोल = अनमोल | अन + अर्थ = अनर्थ |
| अन + गिन्ती = अनगिन्ती | अन + आस्था = अनास्था |
| अन + पढ = अनपढ | अन + आदि = अनादि |
| अन् + पत्यार = अनपत्यार | अन + आदर = अनादर |

**उप (उल्टो, खराब, अनुचित, तुच्छ, अभाव)**

| | |
|---|---|
| अप + राध = अपराध | अप + चलन = अपचलन |
| अप + भाषा = अपभाषा | अप + गति = अपगति |
| अप + व्याख्या = अपव्याख्या | अप + कीर्ति = अपकीर्ति |
| अप + व्यय = अपव्यय | अप + शकुन = अपशकुन |
| अप + सोच = अपसोच | अप + हरण = अपहरण |

**अभि (निर, नजिक, बढी, छेउमा, तिर)**

| | |
|---|---|
| अभि + मान = अभिमान | अभि + भारा = अभिभारा |
| अभि + नव = अभिनव | अभि + मान = अभिमान |
| अभि + यान = अभियान | अभि + लेख = अभिलेख |
| अभि + रुचि = अभिरुचि | अभि + नेता = अभिनेता |
| अभि + प्राय = अभिप्राय | अभि + योग = अभियोग |

**अव (तल, खराब, उल्टो, निश्चय)**

| | |
|---|---|
| अव + ज्ञा = अवज्ञा | अव + गत = अवगत |
| अव + रोध = अवरोध | अव + मूल्यन = अवमूल्यन |
| अव + गुण = अवगुण | अव + गत = अवगत |
| अव + धि = अवधि | अव + धारणा = अवधारणा |
| अव + गुण = अवगुण | अव + लोकन = अवलोकन |

**आ (सम्म, माथि, विशेष)**

| | |
|---|---|
| आ + कृति = आकृति | आ + चार्य = आचार्य |
| आ + गमन = आगमन | आ + काश = आकाश |
| आ + गामी = आगामी | आ + जन्म = आजन्म |
| आ + कर्षक = आकर्षक | आ + रक्षण = आरक्षण |
| आ + राम = आराम | आ + देश = आदेश |

**उप (नजिक, सहायक, अनुकूल, तल्लो)**

| | |
|---|---|
| उप + नाम = उपनाम | उप + कार = उपकार |
| उप + स्थिति = उपस्थिति | उप + मा = उपमा |
| उप + अध्यक्ष = उपाध्यक्ष | उप + हार = उपहार |
| उप + देश = उपदेश | उप + आसक = उपासक |
| उप + चार = उपचार | उप + सर्ग = उपसर्ग |

**कु (नराम्रो, खराब, कमजोर)**

| | |
|---|---|
| कु + विचार = कुविचार | कु + कर्म = कुकर्म |
| कु + जात = कुजात | कु + पात्र = कुपात्र |
| कु + रीति = कुरीति | कु + काम = कुकाम |
| कु + मार्ग = कुमार्ग | कु + रूप = कुरूप |
| कु + चेष्टा = कुचेष्ठा | कु + कृत्य = कुकृत्य |

**दुर् (नराम्रो, अप्ठ्यारो, कठिन)**

| | |
|---|---|
| दुस् + कर्म = दुष्कर्म | दुस् + चरित्र = दुश्चरित्र |
| दुस् + चेष्टा = दुईचेष्टा | दुस् + कीर्ति = दुष्कीर्ति |
| दुस् + साहस = दुस्साहस | दुस् + स्वप्न = दुस्स्वप्न |
| दुस् + कर = दुष्कर | दुस् + परिणाम = दुष्परिणाम |

**न (नशेष, अभाव)**

| | |
|---|---|
| न + पुग = नपुग | न + मिठो = नमिठो |
| न + राम्रो = नराम्रो | न + काम = नकाम |
| न + जाती = नजाती | न + मज्जा = नमज्जा |
| न + रमाइलो = नरमाइलो | न + निको = ननिको |

**ना (निशेष)**

| | |
|---|---|
| ना + बालक = नाबालक | ना + मेट = नामेट |
| ना + जायज = नाजायज | ना + मर्द = नामर्द |

ना + जवाफ = नाजवाफ

ना + बालिका = नाबालिका

ना + तागत = नातागत

ना + मञ्जुर = नामञ्जुर

**नि–भित्र, रहित, विशेष)**

नि + बन्ध = निबन्ध

नि + वास = निवास

नि + कट = निकट

नि + योग = नियोग

नि + गम = निगम

नि + यम = नियम

नि + योजन = नियोजन

नि + क्षेप = निक्षेप

नि + वेदन = निवेदन

नि + आय = न्याय

**निर् (रहित, निषेध, बाहिर)**

निर् + जन = निर्जन

निर् + आशा = निरासा

निर् + अस्त = निरस्त

निर् + ईह = निरीह

निर् + अङ्कुश = निरङ्कुश

निर् + दोष = निर्दोष

निर् + अन्तर = निरन्तर

निर् + नय = निर्णय

निर् + बल = निर्बल

निर् + अथक = निरर्थक

**निस् (रहित, विशेष, निषेध)**

निस् + चय = निश्चय

निस् + तेज = निष्तेज

निस् + छल = निश्छल

निस् + पक्ष = निष्पक्ष

निस् + पक्ष = निष्पक्ष

निस् + फल = निष्फल

निस् + सार = निस्सार

निस् + स्वार्थ = निस्वार्थ

**परा (पछि, टाढा, बढी)**

परा + जय = पराजय

परा + वर्तन = परावर्तन

परा + जित = पराजित

परा + अधीन = पराधिन

परा + काष्ठ = पराकाष्ठ

परा + क्रम = पराक्रम

**परि (छेउ, वरपर, सबैतिर, राम्ररी, पूरा)**

परि + चय = परिचय

परि + वर्तन = परिवर्तन

परि + कृत = परिष्कृत

परि + कार = परिकार

परि + ईक्षा = परीक्षा

परि + अटन = पर्यटन

परि + सूचक = परिसुचक

परि + योजना = परियोजना

परि + पूर्ण = परिपूर्ण

परि + भाषा = परिभाषा

**प्र (धेरै, बढी, अगाडि, सानो)**

| | |
|---|---|
| प्र + चार = प्रचार | प्र + बन्ध = प्रबन्ध |
| प्र + हार = प्रहार | प्र + शाखा = प्रशाखा |
| प्र + क्रिया = प्रक्रिया | प्र + चलन = प्रचलन |
| प्र + सिद्ध = प्रसिद्ध | प्र + बल = प्रबल |
| प्र + सार = प्रसार | प्र + शासन = प्रशासन |

**प्रति (प्रत्येक, अधि, समान, विरुद्ध, अन्य, सट्टा)**

| | |
|---|---|
| प्रति + निधि = प्रतिनिधि | प्रति + फल = प्रतिफल |
| प्रति + वाद = प्रतिवाद | प्रति + मा = प्रतिमा |
| प्रति + ज्ञा = प्रतिज्ञा | प्रति + रोध = प्रतिरोध |
| प्रति + एक = प्रत्येक | प्रति + कूल = प्रतिकूल |
| प्रति + रूप = प्रतिरूप | प्रति + फल = प्रतिफल |

**बद् (खराब)**

| | |
|---|---|
| बद् + नाम = बद्नाम | बद् + मास = बद्मास |
| बद् + नियत = बद्नियत | बद् + चलन = बद्चलन |
| बद् + मासी = बद्मासी | बद् + ख्याइँ = बद्ख्वाइँ |

**बि (नराम्रो, निषेध)**

| | |
|---|---|
| बि + छोड = बिछोड | बि + हाल = बिहाल |
| बि + काम== बिकाम | बि + खर्ची = बिखर्ची |
| बि + रङ्ग = बिरङ्ग | बि + जोग = बिजोग |
| बि + रसिलो = बिरसिलो | बि + सञ्चो = बिसञ्चो |
| बि + स्याहार = बिस्याहार | बि + रङ्ग = बिरङ्ग |

**वि (विशेष, रहित, बढी, प्रतिकूल)**

| | |
|---|---|
| वि + वाद = विवाद | वि + कार = विकार |
| वि + लोप = विलोप | वि + शेष = विशेष |
| वि + आपक = व्यापक | वि + कास = विकास |
| वि + भेद = विभेद | वि + भाग = विभाग |
| वि + लोप = विलोप | वि + गत = विगत |

**बे (बिना, निषेध, प्रतिकूल)**

| | |
|---|---|
| बे + काम = बेकाम | बे + ताल = बेताल |
| बे + हाल = बेहाल | बे + खबर = बेखबर |

बे + इज्जत = बेइज्जत बे + नाम = बेनाम
बे + मतलब = बेमतलब बे + कार = बेकार
बे + ढङ्ग = बेढङ्ग बे + वास्ता = बेवास्ता

**स (सहित, युक्त)**

स + हित = सहित स + जग = सजग
स + चेत = सचेत स + हर्ष = सहर्ष
स + आदर = सादर स + क्रिय = सक्रिय
स + रस = सरस स + जीव = सजीव
स + बल = सबल स + आभार = साभार

**सह (सँगा, सहायक,समेत, साथ)**

सह + भाव = सहभाव सह + यात्री = सहयात्री
सह + पाढी = सहपाढी सह + नायक = सहनायक
सह + योद्धा = सहयोद्धा सह + लेखक = सहलेखक
सह + योग = सहयोग सह + कर्मी = सहकर्मी
सह + कारी = सहकारी सह + घर्मी = सहघर्मी

**सु (राम्रो, असल)**

सु + नाम = सुनाम सु + काम = सुकाम
सु + बोध = सुबोध सु + पुत्र = सुपुत्र
सु + मन = सुमन सु + योग = सुयोग
सु + जन = सुजन सु + रक्षा = सुरक्षा
सु + मार्ग = सुमार्ग सु + मन = सुमन

**हर (हरेक,प्रत्येक)**

हर + दिन = हरेक हर + घडी = हरघडी
हर + पल = हरपल हर + दिन = हरदिन
हर + क्षण = हरक्षण हर + सम्भव== हरसम्भव

## प्रत्ययबाट शब्दनिर्माण

शब्दको अन्त्यमा आएर नयाँ शब्दनिर्माण गर्न जोडिन आउने पदलाई प्रत्यय भनिन्छ। प्रत्ययलाई भाषाको टुक्रो पनि भनिन्छ। धातुमा प्रत्यय जोडिए त्यसलाई कृत प्रत्यय र शब्दमा प्रत्यय जोडिए त्यसलाई तद्वित प्रत्यय भनिन्छ।

### (क) धातुमा प्रत्यय लागेर बनेका केही शब्दहरू

| धातु | प्रत्यय | निर्मित शब्द |
|---|---|---|
| भिड्/लड् | अन्त | भिडन्त/लडन्त |
| माग्/उड् | अन्ते | मगन्ते/उडन्ते |
| चाल्/घेर | आ | चाला/घेरा |
| रोप्/बढ् | आइँ | रोपाइँ/बसाइ |
| हाँक्/खोप् | अ | हाँक/खोप |
| बच्/लागे | अत | बचत/लागत |
| पिउ/घुम् | अक्कड | पियक्कड/घुमक्कड |
| खुट्/जल् | अन | खटन/जलन |
| चाट्/ढाक् | अनी | चटनी/ढकनी |
| भन्/बस | आइ | भनाइ/बसाइ |
| चुन्/बहकि | आउ | चुनाउ/बहकाउ |
| किट्/चिर् | आन | किटान/चिरान |
| चल्/फाँड | आनी | चलानी/फँडानी |
| चिन्/छेक् | आरी | चिनारी/छेकारी |
| जोत्/पोत् | आरो | जोतारो/पोतारो |
| बन्/मिस् | आवट | बनावट/मिसावट |
| मिच्/पोल | आहा | मिचाहा/पोलाहा |
| खप्/पुग | आलु | खपालु/पुगालु |
| कस्/पोस् | इलो | कसिलो/पोसिलो |
| काट्/छुट | ई | कट्टी/छुट्टी |
| सर्/डुल् | उवा | सरूवा/डुलुवा |
| सुन्/जा | एको | सुनेको/गएको |

| | | |
|---|---|---|
| लेख्/हु | एर | लेखेर/भएर |
| छान्/बन् | ओट | छनोट/बनोट |
| घेर/खाम् | ओ | घेरो/खामो |
| सक्/भन् | तो/दो | सक्तो/भन्दो |
| भन्/दि | न | भन्न/दिन |
| सम्झ/पढ् | ने | सम्झने/पढ्ने |
| खेल्/रू | नु | खेल्नु/रूनु |
| खुल्/पर् | दा/दै | खुल्दा/खुल्दै/पर्दा/पर्दै |

**संस्कृतका प्रत्यय लागेर बनेका केही कठिन नेपाली शब्दहरू :**

| धातु | प्रत्यय | निर्मित शब्द |
|---|---|---|
| वच्/कृ/हँस्/दृश | य | वाच्य/कार्य/हास्य/दृश्य |
| गम्/कृ/बुध/मन् | ति | गति/कृति/बुद्धि/मति |
| दा/नी/वच्/कृ | ता | दाता/नेता/वक्ता/कर्ता |
| दृश्/वच्/भू/गम् | तव्य | द्रष्टव्य/वक्तव्य/भवितव्य/गन्तव्य |
| कृ/मृ/गम्/मुच् | त | कृत/मृत/गत/मुक्त |
| युज्/द्रुह/दुष्/हन् | ई | योगी/द्रोही/दुःखी/घाती |
| कथ्/रच्/पत्/सुच् | इत | कथित/रचित/पतित/सूचित |
| कथ्/रक्ष्/पूज्/शिक्ष | आ | कथा/रक्षा/पूजा/शिक्षा |
| दृश्/मान्/पूज्/पठ | अनीय | दर्शनीय/माननीय/पूजनीय/पठनीय |
| दृश्/श्रु/मृ/स्मृ | अन | दर्शन/श्रवण/मरण/स्मरण |
| दृश्/गै/पठ/कृष् | अक | दर्शक/गायक/पाठक/कृषक |

**(ख) शब्दमा प्रत्यय लागेर बनेका केही शब्दहरू :**

| शब्द | प्रत्यय | निर्मित शब्द |
|---|---|---|
| रस/नुन/आँट/जाँगर | इलो | रसिलो/नुनिलो/आँटिलो/जाँगरिलो |
| होस्/साँध/मत/हात | इयार | होसियार/सँधियार/मतियार/हतियार |
| वाहिर/सहर/खाट/भित्र | इया | वाहिरिया/सहरिया/खटिया/भित्रिया |

| | | |
|---|---|---|
| जहान/घरान/चीन | इयाँ | जहानियाँ/घरानियाँ/चिनियाँ |
| नेपाल/रोग/गरिब/धन | ई | नेपाली/रोगी/गरिबी/धनी |
| ठग/पीर/फाटो/घुस | आहा | ठगाहा/पीरहा/फटाहा/घुस्याहा |
| सँग/सम्धी/थापा/पाखो | इनी | सँगिनी/सम्धिनी/थपिनी/पखिनी |
| फ्याक/गाग्रो/खर/खुर्पा | एटो | फक्लेटो/गग्रेटो/खरेटो/खुर्पेटो |
| धुप/मास/काँच/घाम | औरो | धुपौरो/मस्यौरो/कचौरो/घमौरो |
| बुढो/केटो/उँधो | औली | बुढौली/केटौली/उँधौली |
| स्वस्थ/सहित/दिति/कुमार | य | स्वास्थ्य/साहित्य/दैत्य/कौमार्य |
| ओजस्/मेधा/तपस/मनस् | वी | ओजस्वी/मेधावी/तपस्वी/मनस्वी |
| शक्ति/गुण/बल/चरित्र | वान् | शक्तिवात्/गुणवान्/बलवान्/चरित्रवान् |
| मित्र/पूर्व/शत्रु/यथा | वत् | मित्रवते/पूर्ववत/शत्रवत्/यथावत् |
| श्री/आयुष/बुद्धि/शक्ति | मान् | श्रीमान्/आयुष्मान्/बुद्धिमान्/शक्तिमान् |
| जल/सुख/दुःख/रहस्य | मय | जलमय/सुखमय/दुःखमय/रहस्यमय |
| लघु/श्रेष्ठ/अधिक/उच्च | तम | लघुतम/श्रेष्ठतम/अधिकतम/उच्चतम |
| अन्त/स्व/मूल/पूर्ण | त | अन्नतः/स्वत/मूलत/पूर्णत |
| अस्ति/महाकवि/प्रभु | त्व | अस्तित्व/महत्व/कवित्व/प्रभुत्व |
| शत/पद/दश/भिक्षु | क | शतक/पदक/दर्शक/भिक्षुक |
| आत्मा/मानव/क्षेत्र/स्तर | ईय | आत्मीय/मानवीय/क्षेत्रीय/स्तरीय |
| राष्ट्र/इन्द्र/पाठक/दर्शन | इय | राष्ट्रिय/इन्द्रिय/पाठीय/दर्शनीय |
| पश्च/अन्तर/रक्त/अन्त | इम | पश्चिम/अन्तरिम/रक्तिम/अन्तिम |
| घृणा/पण्डा/हर्ष/निन्दा | इत | घृणित /पण्डित /हर्षित /निन्दित |
| गोर्खा/एसिया/पाल्पा/स्याङ्जा | ली | गार्खाली/एसियाली/पाल्पाली/स्याङ्जाली |
| पत्र/जीव/सेवा/रक्ष | इका | पत्रिका/जीविका/सेविका/रक्षिका |
| तर्क/पुराण/नीति/वर्ष | इक | तार्किक/पौराणिक/नैतिक/वार्षिक |
| श्रद्धा/लज्जा/कृपा/हर्ष | आलु | श्रद्धालु/लज्जालु/कृपालु/हर्षालु |

| | | |
|---|---|---|
| विवाहित/छात्र/पात्र/पुष्प | आ | विवाहिता/छात्रा/पात्रा/पुष्पा |
| झन्डा/जिम्मा/पैसा/रिक्का | वाल | झन्डावाल/जिम्मावाल/पैसावाल/रिक्सावाल |

## संस्कृतका प्रत्यय लागेर बनेका केही कठिन नेपाली शब्दहरू :

**(क) आ,क ने, य, एरी, ति, आवट**

| शब्द | प्रत्यय | निर्मित शब्द |
|---|---|---|
| श्रद्धा/कृपा/ईर्ष्या/दया | आलु | श्रद्धालु/कृपालु/ईर्ष्यालु/दयालु |
| दिन/नीति/पितृ/शरीर | इक | दैनिक/नैतिक/पैतृक/शारीरिक |
| चिन्ता/क्रोध/पीडा/सुगन्ध | इत | चिन्तित/क्रोधित/पीडित/सुगन्धित |
| अग्र/अन्त/रक्त/पश्च | इम | अग्रिम/अन्तिम/रक्तिम/पश्चिम |
| राष्ट्र/यज्ञ/इन्द्र/क्षत्र | इय | राष्ट्रिय/यज्ञिय/इन्द्रिय/क्षत्रिय |
| युग/ग्राम/नव/प्राच | ईन | युगीन/ग्रामीण/नवीन/प्राचीन |
| आत्मा/भवत्/केन्द्र/वर्णन | ईय | आत्मीय/भवदीय/केन्द्रीय/वणनीय |
| बाल/दश/शत/पाठ/भाव | क | बालक/दशक/शतक/पाठक/भावक |

## अभ्यास

**१. तलका प्रत्ययहरू लगाई दुईदुई ओटा शब्दनिर्माण गर्नुहोस् :**

(क) आ, ने, य, एरी, ति, आवट

| आधारपद | प्रत्यय | निर्मित शब्द |
|---|---|---|
| छाप् | आ | छापा |
| घेर | आ | घेरा |

(ख) तो, इयाँ, औरो, ईन, एको, इत

| आधारपद | प्रत्यय | निर्मित शब्द |
|---|---|---|
| | | |

(ग) मान्, यौली, इक, ओट, ति, अक्कड

| आधारपद | प्रत्यय | निर्मित शब्द |
|---|---|---|
| | | |

(घ) आइ, ए, ता, अन, क, उन्जेल

| आधारपद | प्रत्यय | निर्मित शब्द |
|---|---|---|
| | | |

(ङ) अन्ते, आइ, ई, तव्य, त, ले

| आधारपद | प्रत्यय | निर्मित शब्द |
|---|---|---|
| | | |

(च) औटो, एली, मय, नु, उवा, ईय

| आधारपद | प्रत्यय | निर्मित शब्द |
|---|---|---|
| | | |

२. **तलका शब्दहरूको आधारपद छुट्याउनुहोस् :**

(क) चिनारी, शैक्षिक, स्मृति, कालीन, पियक्कड, पखेरो

उत्तर :

| शब्द | आधारपद | प्रत्यय | शब्द | आधारपद | प्रत्यय |
|---|---|---|---|---|---|
| चिनारी | चिन् | आरी | शैक्षिक | शिक्षा | इक |
| स्मृति | स्मृ | ति | कालीन | काल | ईन |
| पियक्कड | पिउ | अक्कड | पखेरो | पाखो | एरो |

(ख) घोकन्ते, खेलौना, गुठियार, मन्तव्य, दर्शन, दासता

उत्तर :

| शब्द | आधारपद | प्रत्यय | शब्द | आधारपद | प्रत्यय |
|---|---|---|---|---|---|
| घोकन्ते | घोक् | अन्ते | खेलौना | खेल् | औना |
| गुठियार | गुठी | इयार | मन्तव्य | मन् | तव्य |
| दर्शन | दृश् | अन | दासता | दास | ता |

(ग) छेकारो, छाँटा, सेविका, गायक, सिरान, पन्डित्याइँ

| शब्द | आधारपद | प्रत्यय |
| --- | --- | --- |
| | | |

(घ) योगी, रमणीय, लुच्याइँ, बलौटो, लम्बाइ, बचाउ

| शब्द | आधारपद | प्रत्यय |
| --- | --- | --- |
| | | |

(ङ) जहानियाँ, क्षेत्रीय, वैदिक, छर्न, ज्ञातव्य, माधुर्य

| शब्द | आधारपद | प्रत्यय |
| --- | --- | --- |
| | | |

(च) छुट्टी, बटुवा, चस्मे, हिरण्यमय, बडप्पन, हँसिलो

| शब्द | आधारपद | प्रत्यय |
| --- | --- | --- |
| | | |

(छ) कुरौटे, दृष्टि, भलाइ, स्वर्गीय, उपद्र्याहा, मूर्खता

| शब्द | आधारपद | प्रत्यय |
| --- | --- | --- |
| | | |

(ज) झोली, टान, ठिमिले, कुलीन, बुढ्याइँ, वैकल्पिक

| शब्द | आधारपद | प्रत्यय |
| --- | --- | --- |
| | | |

**३. तलका गद्यांशबाट उपसर्ग र प्रत्यय लागेका दुईदुई शब्दहरू पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

(क) इस्लामी समाजमा पूरा एक एक महिना नै पवित्रताको हुन्छ । सम्पूर्ण वातावरणमा आचरण र इमान छाएको हुन्छ ।

उत्तर :

उपसर्ग लागेका शब्द र निर्माणप्रक्रिया

| | | | | |
|---|---|---|---|---|
| सम्पूर्ण | : | सम् | + | पूर्ण |
| आचरण | : | आ | + | चरण |

प्रत्यय लागेका शब्द र निर्माण प्रक्रिया

| | | | | |
|---|---|---|---|---|
| इस्लामी | : | इस्लाम | + | ई |
| पवित्रता | : | पवित्र | + | ता |

(ख) जर्मनेली सरकारले समाजवादीहरूमाथि लगाएको प्रतिबन्ध फुकुवा गरेपछि क्लारा जेट्किन सामाजिक जीवनमा संलग्न भइन् ।

उत्तर :

उपसर्ग लागेका शब्द र निर्माण प्रक्रिया

| | | | | |
|---|---|---|---|---|
| प्रतिबन्ध | : | प्रति | + | बन्ध |
| संलग्न | : | सम् | + | लग्न |

प्रत्यय लागेका शब्द र निर्माण प्रक्रिया

| | | | | |
|---|---|---|---|---|
| जर्मनेली | : | जर्मन | + | एली |
| सामाजिक | : | समाज | + | इक |

(ग) नखाएर सञ्चय गर्ने लोभीलाई चैन हुँदैन । उपकार गर्नेले नै पूजित हुन पाउँछ ।

उत्तर :

| दिइएका शब्द | उपसर्ग | आधारपद | प्रत्यय |
|---|---|---|---|
| | | | |

(घ) नेपालको एउटा दुर्गम गाउँमा जन्मेका सन्दुक रुइत अहिले विश्वभर प्रसिद्ध छन् । उनको जीवनीमा आधारित भएर धेरै वृत्तचित्र बनेका छन् ।

उत्तर :

| दिइएका शब्द | उपसर्ग | आधारपद | प्रत्यय |
|---|---|---|---|
| | | | |

(ङ) थाङ्का हामीले प्रबर्धन गर्नैपर्ने मौलिक उत्पादन हो । यसमा रहेको विविधता र सौन्दर्यले सबैको मन तान्छ ।

| दिइएका शब्द | उपसर्ग | आधारपद | प्रत्यय |
|---|---|---|---|
| | | | |

(च) अपाङ्गता भएकालाई हेला र तिरस्कार गर्नु मूर्ख्याइँ हो । अपाङ्गता भएका मानिसमा अरू सरह प्रतिभा र क्षमता हुन्छ ।

| दिइएका शब्द | उपसर्ग | आधारपद | प्रत्यय |
|---|---|---|---|
| | | | |

(छ) जो धनी छ, उसैले आर्थिक लगानी गर्न सक्छ । आफूले लगानी गर्न उत्पादक कम्पनीहरूमा उसले आफ्नै भाषा, आफ्नै प्रविधि, आफ्नै संस्कृति लागु गर्छ ।

| दिइएका शब्द | उपसर्ग | आधारपद | प्रत्यय |
|---|---|---|---|
| | | | |

**४. तलका गद्यांशमा रेखाङ्कित शब्दको निर्माणप्रक्रिया देखाउनुहोस् :**

(क) लडाइँमा जितेको भूभाग विजय हुनेकै हुन्छ । त्यसैले अब लङ्काको अधिपति राम नै हुनुपर्छ ।

उत्तर :

| | | | | |
|---|---|---|---|---|
| लडाइँ | : | लड | + | आइँ (प्रत्यय) |
| जितेका | : | जित | + | एका (प्रत्यय) |
| विजय | : | वि | + | जय (उपसर्ग) |
| अधिपति | : | अधि | + | पति (उपसर्ग) |

(ख) दुर्गम भूगोल र अविसित क्षेत्र भए पनि रुइत मध्यम वर्गीय व्यापारिक घरानामा जन्मिएका थिए । गाउँमा उपचार नपाएर छोराको मृत्यु भएपछि सोनाम निकै दुःखी भए ।

उत्तर :

| शब्द | निर्माण प्रक्रिया | पद्धति |
|---|---|---|
| | | |

(ग) थाङ्का बनाउने विज्ञ र कामदारहरूले राम्रो पारिश्रमिक त पाउँछन् नै, त्यसरी सिर्जनाबाट प्राप्त हुने सन्तुष्टि पनि पाउँछन् ।

उत्तर :

| शब्द | निर्माण प्रक्रिया | पद्धति |
|---|---|---|
| | | |

(घ) जीवनलाई सार्थक बनाउन योजना, सङ्घर्ष, त्याग र समर्पण चाहिन्छ । श्रमिक क्लारा जेट्लिनले महिलालाई अधिकार दिलाउने कार्यमा राज्यका विरुद्ध गरेको सङ्घर्ष अविस्मरणीय छ ।

उत्तर :

| शब्द | निर्माण प्रक्रिया | पद्धति |
|---|---|---|
| | | |

(ङ) गृहमन्त्रीको दौडाहा भएकाले उनको स्वागतको प्रबन्ध मिलाउने समितिले माउजङ बाबुसाहेवलाई निम्त्याएको थियो । उनी छुट्टी लिएर आफ्नो गौरव प्रदर्शन गर्ने मिठो अनुभूतिका साथ त्यहाँ गए ।

उत्तर :

| शब्द | निर्माण प्रक्रिया | पद्धति |
|---|---|---|
| | | |

(च) जनकपुर नेपालको ऐतिहासिक नगरी हो । यहाँ रहेको जानकी मन्दिर निकै प्रख्यात छ । यसको संरक्षण गर्नु हाम्रो कर्तव्य हो ।

उत्तर :

| शब्द | निर्माण प्रक्रिया | पद्धति |
|---|---|---|
| | | |

एकाइ १०

# समास प्रक्रियाद्वारा शब्दनिर्माण

## १. परिचय

एकभन्दा बढी स्वतन्त्र शब्दहरू मिलेर एउटा नयाँ शब्द बन्ने प्रक्रियालाई समास भनिन्छ । समासबाट बनेको नयाँ शब्दलाई समस्त शब्द भनिन्छ भने शब्दहरू छुट्टिएको अवस्थाको रूपलाई विग्रह भनिन्छ । जस्तै :

चार बाटोको समूह (विग्रह) = चौबाटो (समस्त शब्द)

**समस्त शब्दले सम्पूर्ण शब्दहरूको अर्थ समेटेर वा बदलेर एउटै अर्थ प्रदान गर्दछ । जस्तै :**

(क) लामो पात भएको = लाम्पाते (एक जातको बिरुवा)

(ख) चन्द्रमाको जस्तो मुख भएकी = चन्द्रमुखी (राम्री)

(ग) सातओटा रङ भएको = सप्तरङ्गी (धेरै रङ)

(घ) पाँचओटा कन्याको समूह = पञ्चकन्या (धेरै केटी)

(ङ) आज भोलि = आजभोलि (आजकल)

## २. समासका प्रकार

समास हुँदा जोडिने शब्दहरूको अर्थको प्रधानता र तिनीहरूको जोडिने तरिकाका आधारमा समास ६ प्रकारका छन् : तत्पुरुष, द्विगु, कर्मधारय, अव्ययीभाव, द्वन्द्व र बहुव्रीहि । समासको प्रकार कसरी पत्ता लगाउने भन्ने कुरा तल संक्षेपमा चर्चा गरिएको छ :

### (क) तत्पुरुष समास

शब्द शब्दका बिचमा समास हुँदा विभक्ति लोप हुने र पछिल्लो शब्दको अर्थ प्रधान हुने प्रक्रियालाई तत्पुरुष समास भनिन्छ । यसमा द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी र सप्तमी विभक्तिका चिह्न लोप हुन्छन्, जस्तै :

| | | | |
|---|---|---|---|
| प्रेममा मग्न | = प्रेममग्न | राष्ट्रको सेवक | = राष्ट्रसेवक |
| नरमा उत्तम | = नरोत्तम | गुरुबाट भाइ | = गुरुभाइ |
| भुँइबाट फुट्टा | = भुइँफुट्टा | पूजालाइ सामग्री | = पूजासामग्री |
| डाकका लागि खर्च | = डाँकखर्च | रसले भरी | = रसभरी |

| | | | |
|---|---|---|---|
| कपडाले छानिएको | = कपडछान | वेतनलाई भोगी | = वेतनभागी |
| भुँडीलाई फोर्ने | = भुँडीफोरा | कविमा श्रेष्ठ | = कविश्रेष्ठ |
| रातमा अन्धो | = रतन्धो | पापबाट मुक्त | = पापमुक्त |
| मामाको घर | = मामाघर | पथबाट भ्रष्ट | = पथभ्रष्ट |
| आरामका लागि कुर्सी | = आरामकुर्सी | कामलाई लायक | = कामलायक |
| डरले छेरुवा | = डरछेरुवा | बुद्धिले हीन | = बुद्धिहीन |
| कामलाई चोर | = कामचोर | घरलाई भँडुवा | = घरभँडुवा |

**(ख) द्विगु समास**

सङ्ख्यावाची विशेषण शब्दसँगै समूहवाची नाम जोडिएर नयाँ शब्द बन्ने प्रक्रिया भएमा त्यसलाई द्विगु समास भनिन्छ । द्विगु समासबाट बन्ने समस्त शब्द समूहबोधक हुन्छ । जस्तै :

| | | | |
|---|---|---|---|
| दश दानहरूको समूह | = दशदान | दश नङ्ग्राहरूको समूह | = दशनङ्ग्री |
| नौ ग्रहको समूह | = नवग्रह | नौ रसको समूह | = नवरस |
| तीन फलको समूह | = त्रिफला | आठ आनाको समूह | = आठाना |
| पाँच तत्त्वको समूह | = पञ्चतत्त्व | सात घुम्तीको समूह | = सातघुम्ती |
| पाँच अमृतको समूह | = पञ्चामृत | छ कोणहरूको समूह | = षट्कोण |
| सात ऋषिहरूको समूह | = सप्तर्षि | पाँच शीलहरूको समूह | = पञ्चशील |
| आठ अध्यायहरूको समूह | = अष्टाध्यायी | तीन ओटा भुजाको समूह | = त्रिभुज |

**(ग) कर्मधारय समास**

विशेषणको विशेषणसँग, विशेषणको नामसँग तथा नामको नामसँग योग भई पछिल्लो शब्दको अर्थ प्रधान हुने समासको प्रक्रियालाई कर्मधारय समास भनिन्छ । यसरी बनेका समस्त शब्दमा अघिल्लो शब्दले विशेषणको काम गर्दछ, जस्तै :

| | | | |
|---|---|---|---|
| कालो निलो | = कालोनिलो | प्राणझैँ प्रिय | = प्राणप्रिय |
| कालो माटो | = कालिमाटी | सिंहझैँ नाद | = सिंहनाद |
| ठुलो दाइ | = ठुल्दाइ | द्रव्यरूपी पिचास | = द्रव्यपिचास |
| जेठो बाठो | = जेठोबाठो | चरणरूपी कमल | = चरणकमल |
| जीवनरूपी दीप | = जीवनदीप | गुरु आमा | = गुरुमा |
| दु:खरूपी समुद्र | = दुखसमुद्र | शीत उष्ण | = शीतोष्ण |
| गहुँझैँ गोरो | = गहुँगोरो | बुढो पाको | = बुढोपाको |

| | | | |
|---|---|---|---|
| बाबु साहेब | = बाबुसाहेब | राँके भूत | = राँकेभूत |
| भानिज दाइ | = भान्दाइ | मामा ससुरा | = मामाससुरा |
| भलो आदमी | = भलाद्मी | निलो कमल | = नीलकमल |
| दिदी सासु | = दिदीसासु | आमा सासू | = आमासासू |

(घ) **अव्ययीभाव समास**

अव्ययसँग अव्यय वा अरू शब्द तथा अन्य शब्दहरूका बिच योग भई अव्यय अर्थ प्रदान गर्ने गरी समस्त शब्द बन्ने प्रक्रियालाई अव्ययीभाव समास भनिन्छ । यसमा पछिल्लो शब्दको अर्थ प्रधान हुन्छ, जस्तै :

| | | | |
|---|---|---|---|
| माथि तिर | = मास्तिर | हर घडी | = हरघडी |
| यता उता | = यताउता | तल तिर | = तल्तिर |
| हिजो आज | = हिजोआज | जहिले तहिले | = जहिलेतहिले |
| प्रत्येक वर्ष | = प्रतिवर्ष | जन्म भर | = भरजन्म/जन्मभर |
| पेट भरेर | = भरपेट | विधि पूर्वक | = विधिपूर्वक |
| आज्ञाअनुसार | = आज्ञाअनुसार | लेखेको अनुसार | = लेखेअनुसार |
| हर दिन | = हरदिन | डाँडा पारि | = डाँडापारि |
| जन्म भएसम्म | = आजन्म | हर वखत | = हरवखत |
| साँझ विहान | = साँझबिहान | रात दिन | = रातदिन |

(ङ) **द्वन्द्व समास**

दुई वा दुईभन्दा बढी समान महत्त्वका शब्दहरूका बिच समास हुँदा दुवै शब्दको अर्थ प्रधान हुने प्रक्रियालाई द्वन्द्व समास भनिन्छ । यसमा शब्दहरूका बिचमा रहने संयोजकको लोप हुन्छ । यसरी जोडिने शब्दहरू कि उस्तै खालका कि विपरीतार्थक हुन्छन्, जस्तै :

| | | | |
|---|---|---|---|
| लोग्ने र स्वास्नी | = लोग्नेस्वास्नी | माना र पाथी | = मानापाथी |
| घाम र छाया | = घामछाया | नुन र तेल | = नुनतेल |
| दाल, भात र डुकु | = दालभातडुकु | तन, मन र धन | = तनमनधन |
| मन, वचन र कर्म | = मनवचनकर्म | पाप वा पुण्य | = पापपुण्य |
| आकाश र धर्ती | = आकाशधर्ती | कथा र कहानी | = कथाकहानी |
| नाफा वा नोक्सान | = नाफानोक्सान | सय वा पचास | = सयपचास |
| लेखा र जोखा | = लेखाजोखा | न फेद न टुप्पो | = फेदटुप्पो |

### (च) बहुब्रीहि समास

दुई वा दुईभन्दा बढी शब्द मिलेर समस्त शब्द बन्दा भिन्न(नयाँ) अर्थ प्रधान हुने विशेषण शब्द बन्ने प्रक्रियालाई बहुब्रीहि समास भनिन्छ। यसरी बनेका शब्द विशेष रूप वा परम्परागत अर्थमा प्रयोग गरिन्छन्। जस्तै :

| | | |
|---|---|---|
| नाङ्ला जस्ता कान भएको | = | नाङ्लाकाने (हात्ती) |
| चराको नङ्ग्राजस्तो भएको | = | चरीनङ्ग्रे (अक्षर) |
| ज्यानलाई मार्छ जस्ले | = | ज्यानमारा (खुर्सानी) |
| बाघलाई चालिन्छ जसमा | = | बाघचाल (खेल) |
| सय पत्र छन् जसमा | = | सयपत्री (फूल) |
| गोवरको गणेशजस्तो छ जो | = | गोवरगणेश (बुद्धू) |
| विकल्प नभएको | = | निर्विकल्प (सत्य) |
| लाज नभएको | = | निर्लज्ज (मानिस) |
| चार कोस परिमाण छ जसको | = | चारकोसे (झाडी) |
| दश गज चौडाइ भएको | = | दशगजा (सिमाना) |
| कालो जिब्रो भएको | = | कालजिब्रे (सर्प) |
| चराको चुच्चोजस्तो भएको | = | चरिचुच्चे (नाक) |
| वायुका जस्ता पङ्ख छन् जसका | = | वायुपङ्खी (घोडा) |

## अभ्यास

१. **तलका समस्त शब्दहरूको विग्रहित अवस्था देखाएर समासको प्रकार लेख्नुहोस् :**

(क) लालपुर्जा, चैतेबाँदर, देशविदेश, हिजोआज, पञ्चतत्त्व

उत्तर :

| समस्त शब्द | विग्रहित अवस्था | समासको प्रकार |
|---|---|---|
| लालपुर्जा | लालपुर्जा | कर्मधारय |
| चैतेबाँदर | चैतको बाँदरजस्तो छ जो | बहुब्रीहि |
| देशविदेश | देश र विदेश | द्वन्द्व |
| हिजोआज | हिजो आज | अव्ययीभाव |
| पञ्चतत्त्व | पञ्च तत्त्वको समूह | द्विगु |

(ख) जीवनपर्यन्त, कनसुत्लो, करकमल, त्रिशूल, तन मन धन

| समस्त शब्द | विग्रहित अवस्था | समासको प्रकार |
|---|---|---|
| | | |

(ग) कर्मचण्डाल, स्नानघर, नवदुर्गा, गाईजात्रा, जेठीबाठी

| समस्त शब्द | विग्रहित अवस्था | समासको प्रकार |
|---|---|---|
| | | |

(घ) नानीमैंया, चौमासा, बाघमुखे, सँगसँगै, गौरीशङ्कर

| समस्त शब्द | विग्रहित अवस्था | समासको प्रकार |
|---|---|---|
| | | |

(ङ) कामकाज, नवरात्रि, दशगजा, वरिपरि, रजहाँस

| समस्त शब्द | विग्रहित अवस्था | समासको प्रकार |
|---|---|---|
| | | |

**२. तलका विग्रहित अवस्थालाई समस्त शब्द बनाउनुहोस् :**

(क) लामा पात छ जसको, दिन भरी, नुन र तेल, आश्चर्यले चकित, चार कोणको समूह

उत्तर :

| विग्रह | समस्त शब्द |
|---|---|
| लामा पात छ जसको | लाम्पाते |
| दिनभरी | भरदिन |
| नुन र तेल | नुनतेल |
| आश्चर्यले चकित | आश्चर्यचकित |
| चार कोणको समूह | चौकोण |

(ख) विद्यारूपी धन, राष्ट्रका पिता, घोडाको जस्तो मुख छ जसको, हरेक बखत, तीन नदीको सङ्गम

| विग्रह | समस्त शब्द |
|---|---|
| | |

(ग) धोक्रोजस्तो सुरुवाल, लच्छित नभएकी, यता उता, पढेको लेखेको, पाँच रङको समूह, मरण उपरान्त

| विग्रह | समस्त शब्द |
|---|---|
| | |

(घ) घरमा पालिएको, हात्तीको जस्तो सुँढ भएको, देहरूपी लता, नरमा उत्तम, यस कारण

| विग्रह | समस्त शब्द |
|---|---|
| | |

(ङ) कागको जस्तो खुट्टा भएको, नौ लाख मूल्य पर्ने, नामको करण, दुई जिब्रा छन् जसका

| विग्रह | समस्त शब्द |
|---|---|
| | |

(च) सत्तामा रूढ, गगनलाई चुम्ने, घाम र छाया, बाढीले पीडित, पाँच अमृतहरूको समूह

| विग्रह | समस्त शब्द |
|---|---|
| | |

**३. तलको गद्यांशबाट एक एकओटा समस्त शब्द र विग्रहित अवस्था पहिचान गरी समस्त शब्दको विग्रह र विग्रहित अवस्थाको समस्त शब्द लेख्नुहोस् :**

(क) भोलि लक्ष्मीको पूजा गर्ने दिन । मानचा लालको नासमझ देखेर हाँस्यो ।

| विग्रहित अवस्था | समस्त शब्द | विग्रहित अवस्था |
|---|---|---|
| | | |

(ख) संस्कृति सामाजिक आचारसंहिता हो । नेपाली संस्कृति लोकमा प्रिय छ ।

| दिइएको शब्द | समास | विग्रह |
|---|---|---|
| | | |

(ग) भुँडीले संसारलाई जनताको क्रान्तितिर निर्देशित गर्दछ । त्यसैले भुँडीपूजा अती आवश्यक छ ।

| दिइएको शब्द | समास | विग्रह |
| --- | --- | --- |
| | | |

(घ) हिजोदेखि झरी परिरहेछ र नदीमा बाढी उर्लिरहेछ । दोबाटामा बसेर बाढीले पीडित मान्छेहरूका निम्ति उसले सहयोग माग्यो ।

| दिइएको शब्द | समास | विग्रह |
| --- | --- | --- |
| | | |

(ङ) बाँच्नलाई व्यवहारको सिकाई आवश्यक छ । त्यसैले जीवनसूत्र सिक्नका निम्ति म हिजो भानिज दाइका घरमा गएको थिएँ ।

| दिइएको शब्द | समास | विग्रह |
| --- | --- | --- |
| | | |

एकाइ ११

# द्वित्व प्रक्रियाद्वारा शब्दनिर्माण

## परिचय

एउटै शब्दलाई दोहोऱ्याएर नयाँ शब्द बनाउने पद्धतिलाई द्वित्व भनिन्छ । द्वित्व भएर बनेको शब्दलाई द्विरुक्त भनिन्छ । नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्यय शब्दका द्वित्व हुन सक्दछन् । जस्तै :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नाम | : | पालो | + | पालो | = | आलोपालो |
| सर्वनाम | : | जो | + | जो | = | जोजो |
| विशेषण | : | सानो | + | सानो | = | ससानो |
| क्रियापद | : | भन् | + | भन् | = | भन्भन् |
| अव्यय | : | ल | + | ल | = | ल ल |

### द्वित्वका प्रकार

शब्द दोहोरिँदा कतै पूरै शब्द दोहोरिने, कतै केही अंश र कतै शब्दको ध्वनि परिवर्तन हुने आधारमा द्वित्व तीन प्रकारका हुन्छन् :

### (क) पूर्ण द्वित्व

द्वित्व हुने शब्द जस्ताको तस्तै दोहोरिएर नयाँ शब्द बन्ने प्रक्रियालाई पूर्ण द्वित्व भनिन्छ, पूर्ण द्वित्वमा शब्दका पूरा रूप दोहोरिन्छन् । जस्तै :

| | | | |
|---|---|---|---|
| खेत + खेत | = खेतखेत | कल + कल | = कलकल |
| छ + छ | = छछ | तँ + तँ | = तँतँ |
| हुन्छ + हुन्छ | = हुन्छहुन्छ | सुन + सुन | = सुनसुन |
| ठाउँ + ठाउँ | = ठाउँठाउँ | स्याउँ + स्याउँ | = स्याउँस्याउँ |

### (ख) आंशिक द्वित्व

द्वित्व हुने शब्दको कुनै अंशमात्र दोहोरिएर नयाँ शब्द बन्ने प्रक्रियालाई आंशिक द्वित्व भनिन्छ । जस्तै :

| | | | |
|---|---|---|---|
| सल्लाह + सल्लाह | = सर्सल्लाह | गहना + गहना | = गर्गहना |
| सल + सल | = सलल | भुरु + भुरु | = भुरुरु |

| | | | |
|---|---|---|---|
| सानो + सानो | = ससानो | झल्को + झल्को | = झझल्को |
| थर्की + थर्की | = थथर्की | जसको + जसको | = जजसको |

### (ग) आपरिवर्तित द्वित्व

द्वित्व हुँदा शब्दको ध्वनिमा परिवर्तन भई तथा कुनै ध्वनि लोप भई नयाँ शब्द बन्ने प्रक्रियालाई आपरिवर्तित द्वित्व भनिन्छ । यस द्वित्व एउटा शब्द पूरा आउँदै अर्को शब्द परिवर्तन भएर आउँछ ।

| | | |
|---|---|---|
| पालो + पालो | = आलोपालो | ('प्' – लोप) |
| काट् + काट | = काट्कुट | ('आ'– मा परिवर्तन) |
| पैँचो + पैँचो | = ऐँचोपैँचो | ('प्' – लोप) |
| सोध + सोध | = सोधसाध | ('अ'– 'आ' मा परिवर्तन) |
| केर + केर | = केरकार | ('ए' – 'आ' मा परिवर्तन) |
| न्याल + न्याल | = न्यालफ्याल | ('र' –'फ' मा परिवर्तन) |

## अभ्यास

१. **तलका शब्दहरूलाई द्वित्व गरेर द्विरुक्त शब्दनिर्माण गर्नुहोस् :**

(क) घाम, पानी, पाहुना, भुरु, आऊ, कसको

**उत्तर :**

| शब्द | द्विरुक्त शब्द | शब्द | द्विरुक्त शब्द |
|---|---|---|---|
| घाम | घामैघाम | पानी | पानीसानी |
| पाहुना | परपाहुना | भरु | भुरुरु |
| आऊ | आऊआऊ | कसको | ककसको |

(ख) किताब, चाट, भान्सा, रिन, सुरु, पैँचो

| विग्रह | द्विरुक्त शब्द | विग्रह | द्विरुक्त शब्द |
|---|---|---|---|
| | | | |

(ग) छिमेक, जसको, टोल, च्याँ, आफू, सल

| विग्रह | द्विरुक्त शब्द | विग्रह | द्विरुक्त शब्द |
|---|---|---|---|
| | | | |

(घ) माल, पिर, गहना, पालो, हो, पर

| विग्रह | द्विरुक्त शब्द | विग्रह | द्विरुक्त शब्द |
|---|---|---|---|
| | | | |

(ङ) हुल, बत्ती, सापट, तुरु, कालो, ले

| विग्रह | द्विरुक्त शब्द | विग्रह | द्विरुक्त शब्द |
|---|---|---|---|
| | | | |

२. **तलका द्विरुक्त शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :**

(क) टिपनटापन, काटाकाट, घर्घडेरी, अर्कोफर्को, खुरुरु, भुटभाट

उत्तर :

| द्विरुक्त शब्द | निर्माणप्रक्रिया | द्विरुक्त शब्द | निर्माणप्रक्रिया |
|---|---|---|---|
| टिपनटापन | टिपन + टिपन | काटाकाट | काट + काट |
| घर्घडेरी | घडेरी + घडेरी | अर्कोफर्को | फर्की + फर्की |
| खुरुरु | खुरु + खुरु | भुटभाट | भुट + भुट |

(ख) सिङ्गारपटार, खर्चपर्च, कलमसलम, बत्तीसत्ती, आनीबानी, झझल्को

| शब्द | द्विरुक्त शब्द |
|---|---|
| | |

(ग) थोपा थोपा, थथर्को, लाटलुट, सरर, चाटचुट, ससानो

| शब्द | द्विरुक्त शब्द |
|---|---|
| | |

(घ) फेरफार, हँहँ, आरोफारो, पालसाल, जजसले, खरर

| शब्द | द्विरुक्त शब्द |
|---|---|
| | |

(ङ) फनन, च्याँच्याँ, झैझगडा, टिकटिक, किताबसिताब

| शब्द | द्विरुक्त शब्द |
|---|---|
| | |

एकाइ १२

# काल र पक्ष

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

**तल दिइएका अनुच्छेदहरू पढ्नुहोस् :**

हिजो शनिबार भएकाले म मामा घर गएकी थिएँ । मसँगै बुबा, आमा र भाइ पनि थिए । हामी मामाघर बिहान ९:०० बजे पुगेका थियौँ । मेरा मामाको छोरो पनि सात कक्षामा पढ्थ्यो । त्यसैले हामी दुवैले एकछिन हिसाब गर्‍यौँ । माइजू र आमा मिली खाना पकाउँदै हुनुहुन्थ्यो । ठिक एघार बजे हामीले खाना खायौँ । दिनभर विभिन्न खेलहरू खेली बेलुका पाँच बजे खाजा खाएर हामी घर पुग्यौँ ।

आज आइतबार हो । अब म स्कुल जान्छु । स्कुलमा गएर पढ्छु । अहिले आमा खाना पकाउँदै हुनुहुन्छ । भाइ साइकल चलाउँदै छ । बुबा भने टेलिभिजनमा समाचार हेर्दै हुनुहुन्छ । अहिले ठिक ८:०० बजेको छ । हामीले चिया खाएका छौँ । मैले आजको पाठ पढेको छु । आमाले खाना खान बोलाउँदै हुनुहुन्छ । अब म भान्छा कोठामा जान्छु, खाना खान्छु र भाइसँगै हिँड्छु ।

भोलि सोमवार हो । भोलि हाम्रो विद्यालयमा सांस्कृतिक कार्यक्रम हुने छ । त्यस कार्यक्रममा म गीत गाउने छु । मेरा साथी रुक्मिणी, दीपा र शिला नाच्ने छन् । भोलि १२:०० बजे कार्यक्रम शुभारम्भ हुने छ । मेरा साथीहरू नाच्दै हुने छन् । भोलि चार बजे हाम्रो विद्यालयको कार्यक्रम सकिएको हुने छ ।

**माथि दिएका अनुच्छेदमा भएका घटना कुनकुन समयमा घटेका हुन् ?**

पहिलो अनुच्छेद :

दोस्रो अनुच्छेद :

तेस्रो अनुच्छेद :

**पहिलो अनुच्छेदमा भएका क्रिया सार्नुहोस् :**

.................. .................... .................. ..................

.................. .................... .................. ..................

**दोस्रो अनुच्छेदमा भएका क्रिया सार्नुहोस् :**

.................. .................... .................. ..................

.................. .................... .................. ..................

**तेस्रो अनुच्छेदमा भएका क्रिया सार्नुहोस् :**


................. ................... ................. .................

................. ................... ................. .................

काल भनेको समय हो । व्याकरणमा काल भन्नाले समय निर्धारण गर्ने क्रियापदको रूपलाई बुझिन्छ । जुन क्रियाले समयको सूचना वा सङ्केत दिँदैन त्यसलाई कालअन्तर्गत राखिँदैन ।

केही शब्द आज, भोलि, पर्सि, अस्ति, अब, भरे, पोहोर, परार, आघौँ, पराघौँ आदिले समय सङ्केत गरेका छन् । तिनको खासै अर्थ रहँदैन । यहाँ क्रियापदको कालको मात्र अध्ययन गरिन्छ ।

## २. कालका प्रकार




गौर गरेर अध्ययन गर्दा वर्तमानका र भविष्यत्का क्रियाले काम सम्पन्न नगरी गर्न वा हुन बाँकी राखेका छन् वा काम गर्नेवाला भएको सङ्केत गर्छन् । भूतकालका पक्षले काम भएको, पूर्ण भैसकेको अवस्थाको सङ्केत गर्छन् । माध्यमिक तहमा काललाई पारम्परिक शैलीमा नै अध्ययन गरिन्छ ।

### (क) वर्तमान काल

(अ) सामान्य वर्तमान – कर्ता + .... धातु + छ, छन्, छिन्, छु, छस्, छेस्, छौ, छौँ

- श्यामा हिलामा खेल्छिन् । (छिन्)
- रीता रिमालाई बोलाउँछे । (छे)
- तिमी घरबाट आउँदै छौ । (दै छौ)

(आ) अपूर्ण वर्तमान – कर्ता + ......... धातु + तो, दो, तै, दै + छ, छन्, छिन्

- रेखा कक्षामा पढ्दै छिन् । (दै छिन्)
- हामी खेल जित्दै छौँ । (तै छौँ)
- तिमी घरबाट आउँदै छौ । (दै छौ)

(इ) पूर्ण वर्तमान – कर्ता + ..... धातु + एको, एकी, एका + छ, छन्, छिन्, छौ, छौँ

- उसले कर्म गर्छ । (छ)
- उसले कर्म गर्दै छ । (दै छ)
- उसले कर्म गरेको छ । (एको छ)

## २. भूतकाल

बितेको समयको बोध गराउने क्रियाको रूप –ए, यो, ई, इन्, यौ...)

(अ) सामान्य भूत – कर्ता + ..... धातु + यो, ए, ई, इन्, यौँ, इस्, एँ

(आ) अपूर्ण भूत – कर्ता + .... धातु + तो, दो, तै, दै + यो, ई, इन्, यौ, यौँ

(इ) पूर्ण भूत – कर्ता + ..... धातु + एको, एकी, एका + यो, ए, इन्, एँ, यौ, यौँ

(ई) अभ्यस्त भूत – कर्ता + ...... धातु + थ्यो, थे, थिन्, थ्यौ, थ्यौँ, थेँ, थिस्, थिन्

(उ) अज्ञात भूत – कर्ता + ......... धातु + एछ, एछु, एँछु, एछन्, इछिन्, इछन्, एछस्, इछस्, एछौ, एछौँ ।

- श्यामाले सङ्गीत सिकिन् । (इन्)
- श्यामाले सङ्गीत सिक्तै थिइन् । (तै + इन्)
- श्यामाले सङ्गीत सिकेकी थिइन् । (एकी + इन्)
- श्यामाले सङ्गीत सिक्थिन् । (थिन्)
- श्यामाले सङ्गीत सिकिछिन् । (इछिन्)

## ३. भविष्यत् काल

(अ) सामान्य भविष्यत् – कर्ता + ......... धातु + नेछ, नेछु, नेछे, नेछिन्, नेछौ

(आ) अपूर्ण भविष्यत् – कर्ता + ......... धातु + तो, दो, तै, दै नेछु, नेछ

(इ) पूर्ण भविष्यत् – कर्ता + ......... धातु + एको, एकी, एका नेछ, नेछु, नेछन्, नेछे, नेछस्, नेछेस्, नेछौ, नेछौँ, नेछिन् ।

- उसले सामान किन्ने छ । (नेछ)
- उसले सामान किन्दै हुने छ । (दै नेछ)
- उसले सामान किनेको हुने छ । (एको नेछ)

- कमला बन जाने छिन् ।
- कमला बन जाँदै हुने छिन् ।
- कमला बन गएकी हुने छिन् ।

## सम्पूर्ण काल र पक्षलाई बुझ्न एउटै तालिका

सम्पूर्ण काल र पक्षलाई बुझ्न एउटै तालिका

| धातु | अपूर्ण रूप | पूर्ण रूप | सामान्य भूत कालबोधक प्रत्यय | सामान्य वर्तमान कालबोधक प्रत्यय | सामान्य भविष्यत् कालबोधक प्रत्यय |
|---|---|---|---|---|---|
| हुः<br>जा<br>जान्<br>गर्<br>ल्याउ | ता/<br>दो/<br>तै/<br>दै | एको<br>एका<br>एकी | यो, ए, एँ, ई, यौ, यौँ, इस्, इन् | छ, छन्, छिन्, छु, छे, छौ, छौँ, छस्, छेस् | नेछ, नेछु, नेछौँ, नेछन्, नेछस्, नेछे, नेछौ, नेछेस् |

### १. एउटा वाक्यलाई विभिन्न अन्य पक्षमा परिवर्तन

- शम्भु पाठ पढ्छन् । – सामान्य वर्तमान
- शम्भु पाठ पढ्दैछन् । – अपूर्ण वर्तमान
- शम्भुले पाठ पढेका छन् । – पूर्ण वर्तमान
- शम्भुले पाठ पढे । – सामान्य भूत
- शम्भु पाठ पढ्दै थिए । – अपूर्ण भूत
- शम्भुले पाठ पढेका थिए । – पूर्ण भूत
- शम्भु पाठ पढ्थे । – अभ्यस्त भूत
- शम्भुले पाठ पढेछन् । – अज्ञात भूत

## अभ्यस्त र अज्ञातमा कर्ता निर्धारण – तिनमा क्रियाको रूप

ऊ/श्याम – खान्थ्यो/गर्थ्यौ/जान्थ्यौ)
उनी(पुलिङ्ग)/उनीहरू – खान्थे/गर्थे/लेख्थे/जान्थे
म – खान्थेँ/जान्थेँ/आउँथे/पढ्थेँ
उनी (स्त्री)/बहिनी – खान्थिन्/गर्थिन्/पढ्थिन्
तँ/भाइ/बहिनी – जान्थिन्/हेर्थिस्/खेल्थिस्
ऊ/(स्त्री) – गर्थी, लेख्थी, आउँथी, जान्थी, पढ्थी

| | | |
|---|---|---|
| तिमी/(स्त्री/पुलिङ्ग) तिमीहरू | – | जान्थ्यौ, लेख्थ्यौ, आउँथ्यौ, पाउँथ्यौ |
| हामी | – | जान्थ्यौँ, लेख्थ्यौँ, चिप्लिन्थ्यौँ, लड्थ्यौँ |

## अज्ञात भूतमा कर्ता र क्रियाको निर्धारण

| | | |
|---|---|---|
| म | – | भएछु, गएछु, लाएछु, खेलेछु |
| हामी | – | आएछौँ, लाएछौँ, पाएछौँ, फ्यालेछौँ |
| म | – | लडेछुँ, उठेँछु, सुतेछु, दौडेछु |
| ऊ (पुलिङ्ग) | – | आएछ, खाएछ, पाएछ |
| ऊ (स्त्रीलिङ्ग) | – | पाइछे, खाइछे, मरिछे, चरिछे, लडिछे |
| त्यो/ऊ | – | लाएछ, आएछ, पाएछ |
| उनी (पुलिङ्ग) | – | आएछन्, पाएछन्, ल्याएछन् |
| उनी (स्त्रीलिङ्ग) | – | आइछिन्, लाइछिन्, फेरिछिन्, गइछिन् |
| तिमी/तिमीहरू | – | गरेछौ, सकेछौ, पाएछौ, ल्याएछौ |
| तँ (स्त्री) | – | गरिछेस्, आइछेस्, लडिछेस्, पाइछेस् |
| तँ (पुलिङ्ग) | – | खाएछस्, पाएछस्, गरेछस्, लाएछस् |
| (उ.आ.) तपाईँ | – | आउनुभएछ, बस्नुभएछ, पाउनुभएछ |
| (अ.उ.आ) हजुर | – | गरिबक्सिएछ, सकिबक्सिएछ, लडिबक्सिएछ |

## एक – अर्को पक्षबाट अन्य पक्षमा परिवर्तन

१. दाजु आए । (सामान्य वर्तमान)
दाजु आउँछन् ।

२. तँ के गर्छस् ? (अपूर्ण भूत)
तँ के गर्दै थिइस् ?

३. उसले खेल जितेको छ । (अपूर्ण भविष्यत्)
ऊ खेल जित्तै हुनेछ ।

४. म खराब काम गर्दिनँ । (अभ्यस्त भूत)
म खराब काम गर्दिनथेँ ।

५. भाइ विद्यालयतिर हिँड्यो । (पूर्ण भविष्यत्)
भाइ विद्यालयतिर हिँडेको हुने छ ।

६. आज पानी परेको छैन । (अज्ञात भूत)
आज पानी परेनछ ।

७. तिमी कति बेला सुत्छौ ? (अपूर्ण वर्तमान, अपूर्ण भूत, अपूर्ण भविष्यत्)
तिमी कति बेला सुत्तै छौ ?
तिमी कति बेला सुत्तै थियौ ?
तिमी कति बेला सुत्तै हुनेछौ ?

८. रेडियोले समाचार भन्यो । (अभ्यस्त/अज्ञात)
रेडियोले समाचार भन्थ्यो ।
रेडियोले समाचार भनेछ ।

९. मानवलाई अमानवीय यातना दियौ । (सामान्य वर्तमान)
मानवलाई अमानवीय यातना दिन्छौ ।

१०. वि.सं. २००७ सालमा प्रजातन्त्र आयो । (अज्ञात भूत/पूर्ण भूत)
वि.सं. २००७ सालमा प्रजातन्त्र आएछ ।
वि.सं. २००७ सालमा प्रजातन्त्र आएको थियो ।

११. म त भुसुक्कै निदाएछु । (अभ्यस्त/पूर्ण भूत)
म त भुसुक्कै निदाउँथे ।
म त भुसुक्कै निदाएको थिएँ ।

१२. ऊ घरमै बस्न मान्दिन । (अज्ञात)
ऊ घरमै बस्न मानिनछे ।

१३. सपना पोखराबाट हिँडी । (अज्ञात)
सपना पोखराबाट हिँडिछे ।

१४. तपाईँ एम. ए. पढ्नुहोला । (सामान्य भविष्यत्)
तपाईँ एम. ए. पढ्नुहुने छ ।

१५. देशले कोल्टो फेऱ्यो । (पूर्ण भविष्यत्)
देशले कोल्टो फेरेको हुने छ ।

१६. नेताको बुद्धि सप्रियोस् । (अपूर्ण वर्तमान)
नेताको बुद्धि सप्रिँदै छ ।

१७. मेरो कलम हरायो । (पूर्ण भूत)
मेरो कलम हराएको थियो ।

## अभ्यास

(क) तलका प्रश्नहरूको अन्त्यमा धातु र सङ्केत दिएका छन् । त्यसअनुसार खाली स्थान भर्नुहोस् :

१. म खेल ................ । (खेल् पूर्ण भूत)
२. यो भाइ पानीमा ................ । (खेल अपूर्ण भूत)
३. राजु फटाईँ ................ । (गर् अपूर्ण भूत)
४. म देशको सेवा ................ । (गर् अपूर्ण वर्तमान)
५. दृष्टि चौतारीमा ................ । (पुग् सामान्य भविष्यत्)
६. उसले आकाशका तारा ................ । (गन् अभ्यस्त भूत)
७. बुबाले सानाबालाई ................ । (बोलाउ सामान्य भूत)
८. तिम्रो पढाइ सफल ................ । (हु: पूर्ण भविष्यत्)
९. सबै विद्यार्थी ................ । (गल्: अज्ञात भूत)
१०. एउटा मान्छे सडकमा एक्लै ................ । (बस्: पूर्ण वर्तमान)
११. तृषा साहित्य सिर्जना ................ । (गर्: सामान्य वर्तमान)
१२. सूर्यकिरण गजल, कविता ................ । (लेख्: अपूर्ण वर्तमान)
१३. दाजुका छोरी पढाइमा उत्कृष्ट ................ । (हु: पूर्ण वर्तमान)
१४. रेखा कहिल्यै परदेश ................ । (जा: पूर्ण वर्तमान)
१५. ऊ तेरो डेरामा ................ ? (आउ: पूर्ण भूत)
१६. हामी नाटक ................ । (खेल्: अपूर्ण भविष्यत्)
१७. गुमानेले धनजितेलाई सहयोग ................ । (गर्: पूर्ण भूत)
१८. उसले हिजोचाहिँ असल र खराब ................ । (छुट्याउ: अज्ञात भूत)
१९. ऊ मसँगै ................ । (आउ: अपूर्ण भूत)
२०. त्यो व्यापारी त क्योरमबोर्ड ................ । (खेल्: अभ्यस्त)
२१. सकम्बरी सुयोगवीरलाई गाली ................ । (गर्: अज्ञात भूत)
२२. राजाले गद्दी ................ । (छोड्: पूर्ण वर्तमान)
२३. सेवा गरे मेवा ................ । (मिल्: सामान्य भविष्यत्)
२४. तेरी आमा बजार ................ । (जा: पूर्ण भूत)
२५. नारीले तीज प्राचीन युवाबाट ................ । (मनाउ: अपूर्ण भूत)

२६. हरिले मिठो गीत ................ । (गाउः अपूर्ण वर्तमान)

२७. उनीहरूले खेल खेल्न नाम ................ । (लेखाउः पूर्ण भविष्यत्)

२८. राजु अहिले चरित्रवान ................ । (हुः पूर्ण छ)

२९. तेरा पिताजी खेल ................ । (खेल्ः अभ्यस्त भूत)

३०. तपाईँ छोरीलाई ................ । (पढाउः अभ्यस्त भूत)

३१. तिम्रो दृष्टि भ्रम ................ । (हुः अज्ञात भूत)

३२. भतिज र चार तलामाथि ................ । (चढ्ः अज्ञात भूत)

३३. भानिज मामाघर ................ । (बस्ः सामान्य भविष्यत्)

३४. म सार्वजनिक विद्यालयमा ................ । (पढ्ः पूर्ण भूत)

३५. संस्कृति पाँच कक्षा पढुन्जेल ................ । (रुः अभ्यस्त)

३६. गुरुजीले चस्मा ................ । (लगाउः पूर्ण वर्तमान)

३७. तिमी जतिपनि हिँड्न ................ । (सक्ः सामान्य वर्तमान)

३८. नेपाल समृद्ध ................ । (बन्ः अपूर्ण भविष्यत्)

३९. सीता भातका सिता ................ । (टिप्ः अपूर्ण भूत)

४०. तिम्रा कान कमजोर ................ । (हुः अज्ञात भूत)

४१. तिमीले मसी डेस्कमा ................ । (पोख्ः अज्ञात अकरण)

४२. ऊ तीन लिटर पानी ................ । (पिउः अभ्यस्त अकरण)

४३. उसको छोरो रोगले परलोक ................ । (जाः अज्ञात भूत)

४४. सरोज लेखन कार्य अगाडि ................ । (बढाउः अपूर्ण भूत)

४५. पानीमा नुन ................ । (मिस्ः पूर्ण भूत)

४६. राजा राजेन्द्र अरूको बोलीको अनुकरण ........... । (गर्ः सामान्यार्थ वर्तमान)

४७. तिमीले कलम ................ । (भाँच्ः पूर्ण अकरण)

४८. उनी तिहारमा भैली ................ रे । (खेल्ः सामान्य वर्तमान)

४९. मुस्ताङका स्याउ गुलिया................ । (हुः पूर्ण वर्तमान)

५०. आजचाहिँ सजाय ................ । (पाउः पूर्ण वर्तमान अकरण)

एकाइ १३

# धातु र क्रिया

## १. धातुको परिचय

क्रियापद र कृदन्त शब्दको मूल रूपलाई धातु भनिन्छ। धातुमा जोडिने प्रत्ययलाई कृत प्रत्यय भनिन्छ। कृत प्रत्यय जोडिएर बनेको शब्दलाई कृदन्त शब्द भनिन्छ। धातुमै कालबोधक प्रत्यय सम्भावना बोधक र इच्छा बोधक, आज्ञा बोधक आदि प्रत्यय जोडिएर क्रियापद बन्छन्।

## २. धातुका प्रकारहरू

### १. नामिक धातु (नाम/विशेषणले धातुको काम गरेका)

दुःख, काम, धुलो, लोभ, होचो, तातो, मोटो, थेप्चो, चोखो, दुब्लो आदि।

### २. प्रेरणार्थक धातु

सामान्य धातुमा आउ प्रत्यय जोडिँदा प्रेरणार्थक धातु बन्छ।

| | | | |
|---|---|---|---|
| गर् | + आउ | गराउ | प्रेरणार्थक धातु |
| खा | | खुवाउ | |
| लेख् | | लेखाउ | |
| कुद् | | कुदाउ | |
| दि | | दिलाउ | |
| लि | | ल्याउ | |
| जा | | जाउ | |
| ले | | ल्याउ | |

माथिको तालिका अगाडि माथिबाट तल लेखिएका गर्, खा, लेख्, आदि धातु हुन् भने तिनमा आउ प्रत्यय लागी बनेका गराउ, खुवाउ, कुदाउ, पठाउ आदि प्रेरणार्थक धातु हुन्।

### ३. स्वरान्त धातु

खा, जा, आउ, खाउ, खुवाइ, सह, जोगी, पाउ आदि।

४. **व्यञ्जनान्त धातु**

लेख्, पढ्, हिँड्, भन्, पस्, मर्, पस्, गन्, चिमोट, उचाल्, समात्, निफन् आदि ।

नोट : उच्चारण वा लेखाइको अन्त्यमा स्वरवर्ण आए स्वरान्त धातु र अन्त्यमा हलन्त (खुट्टो काटिएमा) भएका धातु व्यञ्जन धातु हुन् ।

५. **एकाक्षरी धातु**

एउटा वर्ण वा अक्षरले नै धातुको काम गरेमा ती धातु एकाक्षरी धातु हुन् । जस्तै – जा, खा, गर्, लेख्, भन्, गर्, हु, दि, रु आदि ।

६. **बहुअक्षरी धातु**

एकभन्दा बढी अक्षरले बनेका धातु बहुअक्षरी धातु हुन् । जस्तै – हिँडाउ, सुताउ, कुदाउ, कमाउ, धमिल्याउ, देखाउ, सिलाउ, पखाल्, बचाउ, फर्फराउ, लगाउ आदि ।

धातु + कृत प्रत्यय = कृदन्त क्रिया (असमापक क्रिया)

लेख् + एर, न, ता, दा, नु, ने, एको, एका, एकी, तो, दो, तै, दै = लेखेर, लेख्न, लेख्ता, लेख्दा, लेख्नु, लेख्ने, लेखेको, लेखेका, लेखेकी, लेख्तो, लेख्दो, लेख्तै, लेख्दै

- लेख्नु (क्रियामूल) – बाहेक सबै असमापक क्रिया शब्दवर्गमा क्रियायोगी हुन्छन् ।
- क्रियामूल (धातु + नु) चाहिँ नाम (भाववाचक) वर्गमा पर्दछन् ।
- धातु + काल बोधक, सम्भावना बोधक, आज्ञा बोधक, इच्छा बोधक प्रत्यय लागेमा क्रियापद हुन्छन् । जस्तै : पढ् + छ, छन्, छिन्, छौ, छौँ, छस्, छेस्, छु, ए, यो, ई, यौ, यौँ, इस्, इन, एँ, नेछ, नेछु, नेछस्, नेछौँ, नेछौ, नेछन, नेछिन्, ला, लान्, लिन्, लाउ, लास्, लिस्, योस्, एस्, औ, औँ, ऊँ आदि ।

| | |
|---|---|
| वर्तमान कालीन क्रिया | लेख्छ, लेख्छु, लेख्छन्, लेख्छे, लेख्छेस्, लेख्छिन् लेख्छन् |
| भूतकालीन क्रिया | गयो, गए, गएँ, गइस्, गई, गइन्, गयौ, गयौँ |
| आज्ञार्थ क्रिया | गर्, लेख्, आऊ, भन्नुहोस्, पढिबक्सियोस् |
| भविष्यत् कालीन क्रिया | आउने छे, आउने छु, आउने छन्, आउने छौ, आउने छौँ, आउने छेस्, |
| इच्छार्थक क्रिया | गरौँ, गरेँ, आऔँ, आएस्, भए, भरियून, खुलून्, पाऊन् |
| सम्भावनार्थ क्रिया | खाला, खाली, आउलिन्, हिँड्लिन्, पोख्लान्, आउलास्, हिँड्लाऊ, पाऔँला |

माथि देखाइएका क्रियापदका नमुनाले क्रियापद चिन्न सहज बनाउँछ । केही विद्यार्थीले वाक्यको अन्त्यमा आउने शब्द नै क्रियापद लेख्ने मनोविज्ञान भएकालाई केही राहत मिल्नेछ र क्रियापद चिन्नेछन् ।

कालका पक्षहरूको एकअर्कामा परिवर्तन गरी, क्रियाको भावका पक्षहरूको एक आपसमा बदल्न र करण, वाच्यका पक्षको एक अर्कामा परिवर्तन गर्न क्रिया, धातु चिन्नै पर्ने अनिवार्यता हुन्छ नत्र ती अभ्यास लेख्न वा एक अर्कामा बदल्न सकिँदैन । कक्षा १० को परिप्रेक्षमा यस पाठलाई चिनारीका रूपले मात्र लिइएको छ ।

## अभ्यास

### (क) प्रश्नहरूको उत्तर दिनुहोस् :

१. धातु भनेको के हो ? धातुबाट कस्ता कस्ता शब्द बन्छन् ?

२. अन्त्यका आधारमा धातु कति प्रकारका छन् ? उदाहरण दिई लेख्नुहोस् ।

३. धातुबाट कस्तो अवस्थामा असमापक क्रिया बन्छन् ? असमापक क्रियालाई के भनिन्छ ?

४. समापक क्रिया धातुबाट कसरी बन्छन् ? उदाहरण दिई लेख्नुहोस् ।

५. तलका धातुलाई स्वरान्त र व्यञ्जनान्त छुट्याउनुहोस् ।

आउ, पिउ, जा, लेख्, भन्, सुताउ, पिलाउ, दे, हु, ठोक्, भर्, भन्, देख्, समात्, मुन्ट्याउ आदि ।

६. १० ओटा क्रियापदहरू लेखी तिनबाट धातु छुट्याएर देखाउनुहोस् ।

७. कृदन्त शब्द भनेको के हो ? कृदन्त शब्दहरूलाई पद वर्गमा के लेखिन्छन् ?

८. कृदन्त शब्दहरूबाट धातु कसरी छुट्याइन्छ ? १० ओटा फरक फरक धातु लेखी तिनबाट कृदन्त शब्द बनाउनुहोस् ।

एकाइ १४

# शब्दभण्डार

## १. शब्दभण्डारको परिचय

व्याकरण र अर्थका दृष्टिले रूपभन्दा माथिल्लो र पदावलीभन्दा तल्लो एकाइलाई शब्द भनिन्छ । रूपमा रूप मिलेर शब्द बन्दछ । शब्द बन्न वर्ण वा वर्णहरूको कम्तिमा अर्थ आउनुपर्छ । विभिन्न अवस्थामा शब्दका विभिन्न अर्थ र प्रयोग भइसकेपछि पद बन्दछ । कुनै पनि भाषाका शब्दहरूको समग्र स्थितिलाई शब्दभण्डार भनिन्छ । संसारमा सबै भाषाका आआफ्नै किसिमका शब्दभण्डार हुन्छन् । नेपाली भाषाको पनि आफ्नै किसिमको शब्दभण्डार छ । नेपाली भाषाको शब्दभण्डारमा तत्सम, तद्भव र आगन्तुक स्रोतबाट आएका शब्दहरूले भाषालाई समृद्ध तुल्याएको छ । पाठ्यक्रमले निर्देशित गरेअनुरूप पर्यायवाची, विपरीतार्थ, श्रुतिसमभिन्नार्थ, अनेकार्थी, एकल शब्द आदि रहेका छन् ।

### (क) पर्यायवाची शब्द :

उही वा उस्तै अर्थ दिने शब्दलाई पर्यायवाची शब्द भनिन्छ । पर्यायवाची शब्दलाई समानार्थी शब्द समेत भनिन्छ । नेपाली भाषामा प्रचलनमा रहेका केही पर्यायवाची शब्दहरू निम्नअनुसार रहेका छन् ।

| | | | | | |
|---|---|---|---|---|---|
| माता | : | जननी, आमा, मा | कक्षा | : | श्रेणी, दर्जा, स्तर |
| पिता | : | बावा, बा, बुबा, जनक | बत्ती | : | दीप, दियो |
| श्रीमती | : | पत्नी, स्वास्नी, भार्या, प्रेयसी | पृथ्वी | : | भूमी, धर्ती, वसुन्धरा |
| पति | : | श्रीमान्, लोग्ने, स्वामी | पानी | : | जल, नीर, पय |
| फूल | : | पुष्प, सुमन, कुसुम | वल | : | ताकत, क्षमता, शक्ति |
| उद्यान | : | बगैंचा, बाग, फूलबारी | नयाँ | : | नव, नूतन, नवीन |
| बाटो | : | पथ, सडक, मार्ग | प्रकाश | : | किरण, अंशु, आभा |
| रात | : | रजनी, निशा, रात्रि | दिन | : | दिउँसो, दिवस, उज्यालो |
| विचार | : | सोचाइ, चिन्तन, मनन् | दैत्य | : | राक्षस, दानव, असुर |
| मानिस | : | मनुष्य, मानव, नर | त्रुटि | : | भूल, गल्ती, कमजोरी |

| | | | | | |
|---|---|---|---|---|---|
| बथान | : | समूह, बगाल, हुल | ढुङ्गो | : | शिला, पत्थर, पाषाण |
| सूर्य | : | रवि, भानु, आदित्य | छोरी | : | कन्या, पुत्री, दुहिता |
| विश्वास | : | आस्था, निष्ठा | चन्द्रमा | : | जून, शशी, इन्दु |
| युद्ध | : | सङ्ग्राम, लडाइँ, जङ्ग | घमण्ड | : | अहङ्कार, अहम्, अभियान |
| विप्लव | : | क्रान्ति, विद्रोह | गुरू | : | शिक्षक,आचार्य, अध्यापक |
| रूख | : | वृक्ष, तरू, द्रुम | गहना | : | अलङ्कार, आभूषण |
| आकाश | : | सगर, गगन, नभ | कष्ट | : | आपत, दुःख, कहर |
| आगो | : | अग्नि, अनल, पावक | उचित | : | योग्य, उपयुक्त |
| देश | : | राष्ट्र, मुलुक | ईश्वर | : | देवता, सुर, भगवान |
| पहाड | : | गिरि, पर्वत, शैल | आनन्द | : | हर्ष, खुसी, सुख |
| तलाउ | : | ताल, दह, पोखरी | आँखा | : | नेत्र, नयन, चक्षु |
| घर | : | सदन, घर, निकेतन | अन्त्य | : | अन्तिम, पछिल्लो |
| करूणा | : | दया, टिठ, माया, प्रेम | असाध्य | : | ज्यादै, धेरै, अति |

## (ख) विपरीतार्थी शब्द

विपरीत वा उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । नेपाली भाषामा प्रचलनमा रहेका केही विपरीतार्थी शब्दहरू निम्न छन् ।

| | | | | | |
|---|---|---|---|---|---|
| ज्ञान | – अज्ञान | आय | – व्यय | सुख | – दुःख |
| जित | – हार | खण्डन | – मण्डन | सम्मान | – अपमान |
| जीवन | – मरण | अतिवृष्टि | – अनावृष्टि | सन्चो | – बिसन्चो |
| हेला | – माया | स्वतन्त्र | – परतन्त्र | सजीव | – निर्जीव |
| जन्म | – मृत्यु | जाग्रत | – सुषुप्त | शिक्षित | – अशिक्षत |
| टाढा | – नजिक | आगत | – विगत | विकास | – विनाश |
| ज्यादा | – कम्ती | लाभ | – हानि | लघु | – गुरु |
| गाउँ | – सहर | साधु | – चोर | योग्य | – अयोग्य |
| खुला | – बन्द | साक्षर | – निरक्षर | मानवीय | – अमानवीय |

| | | | | | |
|---|---|---|---|---|---|
| एकता | – अनेकता | सुगम | – दुर्गम | भित्र | – बाहिर |
| उन्नति | – अवनति | हर्ष | – विस्मात् | भरी | – खाली |
| अग्लो | – होचो | उँभो | – उँधो | बाक्लो | – पातलो |
| आकाश | – पाताल | कृत्रिम | – प्राकृत | फेद | – टुप्पो |
| आफ्नो | – अर्काको | आकर्षण | – विकर्षण | प्राचीन | – आधुनिक |
| आशा | – निराशा | मरण | – जीवन | प्रत्यक्ष | – अप्रत्यक्ष |
| इज्जत | – बेइज्जत | पर्ती | – रैकर | पाप | – पुण्य/धर्म |
| उचित | – अनुचित | पूर्वीय | – पाश्चात्य | नाफा | – नोक्सान |
| उत्थान | – पतन | मूर्ख | – विद्वान् | धनी | – गरिब |
| उदय | – अस्त | सुन्दर | – कुरूप | दिन | – रात |
| आदी | – अन्त्य | सङ्कीर्ण | – उद्धार | हाँस्नु | – रुनु |
| अगाडि | – पछाडि | अनुकूल | – प्रतिकूल | स्वस्थ | – अस्वस्थ |
| अमृत | – विष | हिउँद | – वर्षा | स्वदेश | – विदेश/ परदेश |
| असल | – खराब | हर्ष | – पीडा | सुरु | – अन्त्य |
| आफू | – अरू | स्वर्ग | – नर्क | साँचो | – झुटो |
| राजा | – रैती | रोगी | – निरोगी | लाभ | – हानि |
| वर | – पर | शिर | – पाउ | माया | – घृणा |
| विस्तृत | – सङ्कुचित | बृहत् | – सङ्क्षिप्त | सक्कली | – नक्कली |
| शुद्ध | – अशुद्ध | सम्पन्न | – विपन्न | सक्रिय | – निष्क्रिय |
| सत्मार्ग | – कुमार्ग | सपना | – विपना | सफा | – फोहोर |
| सुगम | – दुर्गम | सज्जन | – दुर्जन | सुपुत्र | – कुपुत्र |
| सुलभ | – दुर्लभ | शिक्षित | – अशिक्षित | सुख | – दुःख |
| स्वतन्त्र | – परतन्त्र | स्वर्ग | – नर्क | संयोग | – वियोग |
| सापेक्ष | – निरपेक्ष | साक्षर | – निरक्षर | साहसी | – डरपोक |
| सरल | – जटिल | साँझ | – बिहान | साँचो | – झुटो |

| | | | | | |
|---|---|---|---|---|---|
| सुल्टो | – उल्टो | योग्य | – अयोग्य | नयाँ | – पुरानो |
| संश्लेषण | – विश्लेषण | मिलन | – बिछोड | मोटो | – दुब्लो |
| खाली | – भरी | मान्छे | – पशु | लेक | – बेंसी |
| पहिलो | – अन्तिम | होस | – बेहोस | हर्ष | – विस्मात् |
| हँसिलो | – मलिन | हार | – जित | विनम्र | – घमण्डी |
| देवता | – दानव | धेरै | – थोरै | धेरै | – थोरै |
| कोमल | – कठोर | परिचित | – अपरिचित | बिरानो | – आफ्नो |
| देवता | – दानव | महान् | – निच | फाइदा | – बेफाइदा |
| कोमल | – कठोर | परिचित | – अपरिचित | सदुपयोग | – दुरूपयोग |
| सहयोग | – असहयोग | स्थायी | – अस्थायी | जाडो | – गर्मी |
| शुभ | – अशुभ | ज्ञान | – अज्ञान | पवित्र | – अपवित्र |
| जीवित | – मृत | इमानदार | – बेइमान | उत्तर | – दक्षिण |
| उपस्थित | –अनुपस्थित | सहमत | – असहमत | पूर्व | – पश्चिम |

(ग) **अनेकार्थक शब्द**

दुई वा दुईभन्दा बढी अनेक अर्थ बोध गराउने शब्दलाई अनेकार्थक शब्द भनिन्छ। अनेकार्थक शब्दले धेरै अर्थ बोध गराउँछ। नेपाली भाषामा प्रचलनमा रहेका केही अनेकार्थक शब्दहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

कल – झगडा : तिमीहरू आपसमा कल नगर।

कल – धारा : आज त कलमा पानी आएन।

कल – मेसिन : हरिले कलमा लुगा सिलाए।

**नेपालीमा प्रचलित केही अनेकार्थक शब्दहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| कर | – | ढिपी, शुल्क, जिद्दी | कुल | – | गोत्र, सबै |
| तर | – | दुधको जाली, खोला तर्नु, किन्तु | जाल | – | पासो, कपट, छान्ने |
| साल | – | वर्ष, रूख, औँरो | हार | – | पराजय, माला, लहर |
| सार | – | सङ्क्षेप, फाइदा, पुनर्लेखन गर | फल | – | रूखको फल, परिणाम |
| साँचो | – | ताल्चा खोल्ने साधन, सही | पत्र | – | चिठी, तह, पात |

| | | | | | |
|---|---|---|---|---|---|
| ताप | – | तातोपन, चिन्ता | जात्रा | – | रमाइलो, उत्सव, दुर्दशा |
| खोटो | – | विग्रिएको, बिरुवाको चोप | असार | – | जेठ पछिको महिना, सार नभएको |
| अर्थ | – | धन, मतलब | उत्तर | – | जवाफ, दिशा |
| काल | – | मृत्यु, समय, दशा | गोल | – | बाटुलो आकार, अङ्गार |
| टक | – | सिक्का, एक सुरको हेराइ | दाना | – | पशुपन्क्षीको आहारा, गेडा, रूद्राक्ष |
| पुतली | – | आँखाको नानी, खैलौना | मास | – | कालो दाल, महिना, एक |
| ताल | – | पोखरी, धुन, तरिका | हुस्सु | – | मूर्ख, कुहिरो |
| नाल | – | फोहर बग्ने ठाउँ, नाभिको आन्द्रो | | | |

(घ) **श्रुतिसमभिन्नार्थक शब्द**

बोल्दा र सुन्दा उस्तै सुनिने तर लेख्दा केही फरक र अर्थमा चाहिँ पुरै भिन्नता हुने त्यस्ता जोडी शब्दहरूलाई श्रुतिसमभिन्नार्थक शब्द भनिन्छ । सुन्दा उस्तै लागे पनि फरक अर्थ दिन्छन् र लेखन विन्यासमा केही फरक हुन्छन् । जस्तै :

**खाट – सुत्ने पलङ (सानो खाटमा सुत्दा पनि निन्द्रा प्यारो हुन्छ)**

**खात – किताबको चाङ (पुस्तकालयमा पुस्तकको खात देखेर हरि जिल्ल पऱ्यो)**

बिना (बाहेक) – तिमीबिना यो संसारमा आफ्नो भन्ने कोही छैन ।

वीणा (बाजा) – सरस्वतीले वीणा बजाउँछिन् ।

भाडा (शुल्क) – काठमाडौँमा कोठा भाडा ज्यादै महङ्गो छ ।

भाँडा (भाँडाकुँडा) – पकाउने भाँडा नपाएर केटीले दुःख पाइन् ।

भोक (खाने इच्छा) – आज त मलाई धेरै भोक लागेको छ ।

भोग (चलाउनु) – तिम्रो जग्गा तिमी नै भोग गर्नु ।

यति (मात्रा) – तिमी यति काम सकेर मात्र जाऊ ।

यती (हिममानव) – सोलुखुम्बुमा यती पाइन्छ भन्ने कथाहरू प्रचलित छन् ।

यस (यो) – यस गाउँको विकास कसरी होला त ?

यश (कीर्ति) – नेपाली साहित्यमा पारिजातको यश धेरै प्रचलित छ ।

लहर (ताँती) – कमिलाको लहर देखेर भाइ डरायो ।
लहड (मनको तरङ्ग) – साथीहरूको लहडमा लागेर नराम्रो काम गर्नु हुँदैन ।

लेउ (फोहर) – मेरो घरको पछाडि भित्तामा लेउ परेछ ।
लेऊ (लिने काम गर) – त्यो झोला एकछिनलाई लेऊ त ।

विद्या (ज्ञान) – विद्या मानिसको कहिले पनि नाश नहुने धन हो ।
विधा (साहित्यको हाँगो) – पारिजातले निबन्ध विधामा पनि कलम चलाएकी थिइन् ।

विष (जहर) – हिजो मेरो गाउँको एकजना दाइले विष खाएछन् ।
बिस (सङ्ख्या – २०) – मलाई बुबाले बिस रूपैयाँ दिनुभयो ।

शीत (पानीको थोपा) – जाडो महिनामा फूलमा परेको शीत त मोतीझैँ टल्कन्छ ।
सित (सगँ) – बहिनी साथीसित मिलेर बस्छिन् ।

सब (सबै) – तिमी सब काम सकेर मात्र जाऊ ।
शव (लास) – पासाङको शव पशुपतिमा ल्याएर दाहसंस्कार गरियो ।

सर्ग (खण्ड) – 'शााकुन्तल' महाकाव्यमा चौबिस ओटा सर्ग छन् ।
स्वर्ग (देवलोक) – धर्मात्माहरू मरेपछि स्वर्ग पुग्छन् भन्ने सोचाइ धेरैको छ ।

समवेदना (समान खालको दुःख) – हाम्रो गाउँको एकदमै असल भाइको मृत्यु हुँदा सबैले समवेदना प्रकट गरे ।
संवेदना (अनुभूति) – मान्छेबाट संवेदना हराएपछि आतङ्कको सिर्जना हुन्छ ।

सुन (स्वर्ण) – सुनका गहनाहरू धेरै महङ्गा हुन्छन् ।
सुन् (सुन्ने काम गर्) – तँ मेरो कुरा ध्यान दिएर सुन् ।

होस (चेतना) – छिरिङले झ्यालबाट लडेर होस हराइन् ।
होस् (हुने इच्छा) – तिम्रो इच्छा सबै पूरा होस् ।

आँसु (आँखाको पानी) – भाइ फेल भएको खबरले उसका आँखामा आँसु आयो ।
आशु (छिटो) लक्ष्मीप्रसाद देवकोटा आशुकवि थिए ।

अणु (सानो टुक्रा) – दूषित पानीको अणुमा ब्याक्टेरिया हुन्छन् ।
अनु (उपसर्ग) – 'शासन' शब्दमा 'अनु' उपसर्ग लगाउँदा अनुशासन बन्दछ ।

महिना (मूलतः) – ३० दिन) :– एक महिनामा धेरै काम गर्न सकिन्छ ।
मैना (चरो)– मैनाले पनि सुगालेझैँ मानिसको बोली नक्कल गर्छ ।

डर (त्रास) – भूतसिनेमा हेरेर मलाई त डर लाग्यो ।
दर (मूल्य) – यस चामलको प्रतिकिलोको दर कति छ ?

किट (निश्चित गर) – अपराधी किट अनि मात्र सजाय देऊ ।
कि त (अथवा) – तिमी कि त घर जाऊ कि यहाँ बस ।

**नेपालीमा प्रचलित केही श्रुतिसमभिन्नार्थक शब्दहरू :**

| | | | | | |
|---|---|---|---|---|---|
| भाँडा | – | भाँडाकुँडा | गोटा | – | ओटा |
| भाडा | – | तिर्नुपर्ने शुल्क | गोता | – | दुःख/धोका |
| | | | | | |
| अन्य | – | अरू | संवेदना | – | अनुभूति |
| अन्न | – | धान/चामल | समवेदना | – | समान खालको पीडा |
| | | | | | |
| खालि | – | केवल | पूरा | – | सबै |
| खाली | – | रित्तो | पुरा | – | बाँकी खानेकुरा |
| | | | | | |
| विष | – | खाँदा मर्ने/जहर | देश | – | राष्ट्र |
| बीस | – | २० (अङ्क) | द्वेष | – | ईर्ष्या |
| | | | | | |
| टार | – | पहाडी समतल जमिन | आधी | – | आधा |
| तार | – | धातुको डोरी/खबर | आँधी | – | हुरीवतास |
| | | | | | |
| महिना | – | तीस दिनको समय | अपेक्षा | – | चाहना |
| मैना | – | एक प्रकारको चरो | उपेक्षा | – | बेवास्ता |
| | | | | | |
| सब | – | सबै | यति | – | मात्रा |

| | | | | | |
|---|---|---|---|---|---|
| शव | – | लास | यती | – | हिममानव |
| | | | | | |
| प्रदान | – | दिनु | क्रिया | – | कार्य |
| प्रधान | – | प्रमुख | किरिया | – | अन्त्येष्टि |
| | | | | | |
| फेरि | – | अर्कोपटक | कोपर्छ | – | चिथोर्छ |
| फेरी | – | फेर्ने काम | को पर्छ | – | सम्बन्ध |
| | | | | | |
| दूत | – | सन्देशवाहक | आँत | – | भित्री अङ्ग/मन |
| दुध | – | पेय पदार्थ | आँट | – | साहस |
| | | | | | |
| डर | – | भय | खाक | – | खरानी |
| दर | – | मूल्य | खाग | – | गैडाको सिङ |
| | | | | | |
| ढोका | – | द्वार | बिना | – | बाहेक |
| धोका | – | छल | वीणा | – | बाजा |

## अभ्यास

**१. दिएका शब्दहरूको दुई–दुईओटा पर्यावाची शब्द लेख्नुहोस् :**

जस्तै : साँझ – सन्ध्या, बेलुका   देश – मुलुक, राष्ट्र

| | | | | | |
|---|---|---|---|---|---|
| प्रयास | जिउ | बाटो | हात | क्रोध | साँझ |
| कमलो | लोचन | साधु | निर्जल | ठाउँ | साँघुरो |

**२. तलका पर्यावाची शब्दहरूमा उदाहरणमा देखाए जस्तै गरी रेखाङ्कन गर्नुहोस् :**

उदाहरण : नयन, भाका, लोचन, आँखा, अमन, लाम्चो

(क) दिवाकर, विप्लव, आदित्य, सूर्य, प्रसून, निशा

(ख) उग्म, गौरव, अनाथ, गरम, निष्पक्ष, न्यानो

(ग) बदमास, पूर्व, बासी, बुद्धिहीन, हुस्सू

(घ) खरानी, खाली, भास्कर, भस्म, खाक, दुर्जन

(ङ) शैल, शक्ति, भार्या, वाणी, गिरि, पर्वत

(च) वर्ष, संवत्सर, सङ्कल्प, आदित्य, निष्ठा, साल

(छ) द्रव्य, मुद्रा, दिवस, नव, नृप, दाम

(ज) समीप, नजिक, नियम, सुमन, निकट, पुरातन

३. **तलका शब्दहरूको विपरीतार्थक शब्द लेख्नुहोस्:**

उदाहरण : सुरु – अन्त्य          उदय – अस्त

| | | | | | |
|---|---|---|---|---|---|
| प्राचीन | बृहत् | महान् | लेक | उठान | साहू |
| आवादी | अर्पण | उन्नति | मलिन | शिर | सुरु |
| प्रेम | सामान्य | सज्जन | रित्तो | दुर्लभ | विपक्ष |

४. **कोष्ठकबाट मिल्ने विपरीतार्थक शब्द छानेर खाली ठाउँ भर्नुहोस् :**

(क) असलको विपरीतार्थक शब्द ............. हो । (मुजल, खराब, मसल)

(ख) नैतिकको विपरीतार्थक शब्द ............. हो । (अनैतिक, पैतृक, तृक)

(ग) संयोगको विपरीतार्थक शब्द ............. हो । (अयोग, वियोग, संयोग)

(घ) जीवनको विपरीतार्थक शब्द ............. हो । (मरण, भरण, परण)

(ङ) खोक्रोको विपरीतार्थक शब्द ............. हो । (रिलो, भरिलो, गिलो)

(च) योग्यको विपरीतार्थक शब्द ............. हो । (अनयोग्य, आरोग्य, अयोग्य)

(छ) बेलाको विपरीतार्थक शब्द ............. हो । (अवेला, तबेला, हवेली)

(ज) विजयको विपरीतार्थक शब्द ............. हो । (जय, गय, पराजय)

५. **तलका शब्दहरूको विपरीत अर्थमा गोलो घेरा लगाउनुहोस् :**

अग्लो – सग्लो, आग्लो, होचो

आगत – स्वागत, विगत, गत

साक्षर – अक्षर, निरक्षर, क्षर

मूर्ख – विद्वान्, होचो, पतन

हर्ष – वर्ष, विस्मात, मात

आकर्षण – विकर्षण, घर्षण, रण

अतिवृष्टि – अनावृष्टि, वृष्टि,सृष्टि

साधु – चोर, बन्धु, असाधु

सुन्दर – कुरूप, दर, रहर

आय – गय, भय, व्यय

अनुकूल – कुल, प्रतिकूल, अकुल

६. **तलका शब्दहरू मध्ये अनेकार्थक शब्द चिनेर गोलो घेरा लगाउनुहोस् :**

(क) अन्य, गर्भ, बाठो, रस चिटिक्क

(ख) पहाड, हिउँद, खोक्रो, पक्ष, सूर्य

(ग) क्रोध, हुस्सु, दिल, असल

(घ) अग्लो, नगर, चलाख, शरीर, नेता

(ङ) पेटी, कुरूप, ढोका, पालुवा, जीवन

(च) हात, आँखा, फूल, तीन, कापी

(छ) साँचो, माछो, खाँचो, गाँजो

७. **कुनै पाँचओटा अनेकार्थक शब्द लेखी ती शब्दले दिने भिन्नभिन्न अर्थ लेख्नुहोस् ।**

८. **अनेकार्थक शब्दको परिभाषा सहित दुई दुईओटा उदाहरण लेख्नुहोस् ।**

९. **तल दिइएका अनेकार्थक शब्दलाई फरक फरक अर्थ लाग्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आलो | ताप | काल | उत्तर | मास | साल | जात्रा | दाना |

१०. **तलका श्रुतिसमभिन्नार्थक शब्दहरूको अर्थ लेख्नुहोस् :**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कृति | दीन | तार | आउँ | विष | अन्न | प्रधान | वाँस |

११. **खाली ठाउँमा मिल्ने श्रुतिसमभिन्नार्थी शब्द लेख्नुहोस् :**

(क) कूल को श्रुतिसमभिन्नार्थक शब्द .............. हो । (भूल, मूल, कुल)

(ख) दीपको श्रुतिसमभिन्नार्थी शब्द .............. हो । (द्वीप, दीपा, दीपक)

(ग) खागको श्रुतिसमभिन्नार्थी शब्द .............. हो । (खाम, खाक, सिङ)

(घ) टारको श्रुतिसमभिन्नार्थी शब्द .............. हो । (कार, सम्म, तार)

(ङ) गर्भको श्रुतिसमभिन्नार्थी शब्द .............. हो । (गर्व, पेट, घमण्ड)

(च) श्रुतिसमभिन्नार्थी शब्द .............. हुन् । (कोष–दोष, कोस–कोष, केश–देश)

एकाइ
१५

# अनुकरणात्मक शब्द

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

अनुकरण भनेको नक्कल गर्नु हो । आवाज, दृश्य, गति अथवा यस्तै अन्य क्रियाहरूको नक्कल गर्नुलाई अनुकरण भनिन्छ । अनुकरण बोध गराउने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । नेपाली भाषामा प्रचलित केही अनुकरणात्मक शब्दहरू निम्न छन् :

| | |
|---|---|
| भतभती पोल्नु | – आँखा भतभती पोलेर म त मर्न आटेँ । |
| भुतुक्क हुनु | – मेरो किताब देखेर हरि भुतुक्क भयो । |
| भुर्र उड्नु | – चरो भुर्र उड्यो र रूखमा बस्यो । |
| मखख पर्नु | – पुतली देखेर रमा मखख परी । |
| रनक्क रिसाउनु | – मेरो कुरो सुनेर ऊ रनक्क रिसायो । |
| सरसर लगातार चल्नु | – आज त सरसर हावा चलेको छ । |
| श्वाम्म रोप्नु | – अपराधीले रविको पेटमा छुरी श्वाम्म रोप्यो । |
| लटरलम्म फल्नु | – यस पटक त आँप लटरलम्म फलेको छ । |
| लहलह झुल्नु | – खेतमा धान लहलह भएको देखेर ऊ मखख पऱ्यो । |
| लुगलुग काम्नु | – भाइ जाडाले लुगलुग काम्दै छ । |
| लुसुक्क भाग्नु | – गाली गर्दा गर्दै रीता त लुसुक्क भागिछ । |
| सकसक लाग्नु | – टाउकामा जुम्रा परेर हो कि, सकसक लाग्दै छ । |
| सरक्क पन्छिनु | – काम गर्न दिएको त सीता टाउको दुख्यो भनेर सरक्क पन्छिन् । |
| सलक्क बढ्नु | – लौकाको लहरो त सलक्क बढेछ । |
| सुलुक्क निल्नु | – श्यामले त डाक्टरलाई केही नभनी औषधी सुलुक्क निलेछ । |

| | |
|---|---|
| सुँक्कसुँक्क (विस्तारै रुनु) | – टाउको दुख्यो भनेर रिदिमा सुँक्कसुँक्क गर्दै छिन् । |
| स्वाट्ट सक्नु | – ल, यो दुध स्वाट्ट पार् त । |
| हस्याङ्फस्याङ (आत्तिनु) | – छोरो बिरामी भएकोले दिदी हस्याङ्फस्याङ गर्दै अस्पताल हिँडिन् । |
| ह्वाल्ल (पोखिनु) | – तरकारी पकाउँदा पानी ह्वाल्ल पोखियो । |
| फतक्क गल्नु | – धेरै बेर पकाएको त फर्सीको तरकारी फतक्क गलेछ । |
| ङिच्च हाँस्नु | – मलाई देख्ने बित्तिकै विराज ङिच्च हाँस्यो । |
| चिटिक्क पर्नु | – भर्खरकी नयाँ बेहुली चिटिक्क परेर बस्छिन् । |
| चिटचिट पसिना आउनु | – चर्को घामले गर्दा बुबालाई चिटचिट पसिना आयो । |
| प्याट्ट पिट्नु | – शिक्षकले विद्यार्थीलाई पढाइमा ध्यान नदिएर प्याट्ट पिटे । |
| भकभकी उमाल्नु | – दुध भकभकी उमालेर सेलाएपछि मात्र पिउनुपर्छ । |
| बरर्र आँसु झर्नु | – मेरो आँखा घोचेर बरर्र आँसु आयो । |
| फ्याट्ट निस्कनु | – शिवले खरदारमा फ्याट्ट नाम निकाल्यो । |
| फटाफट हिँडनु | – रमेश फटाफट हिँडेर काठमाडौँ पुग्यो । |
| पल्याकपुलुक हेर्नु | – चोरले झ्यालतिर मान्छे पल्याकपुलुक हेऱ्यो र भाग्यो । |
| निस्पट्ट अँध्यारो हुनु | – औँसीको निस्पट्ट रातमा बाघ आयो । |
| निथ्रुक्क भिज्नु | – भाइ पानीमा निथ्रुक्क भिज्यो । |
| धमाधम काम गर्नु | – विद्यार्थीहरू धमाधम लेख्दै छन् । |
| धपक्क बल्नु | – दियोमा बत्ती धपक्क बल्यो । |
| दन्दन्ती आगो बल्नु | – वनमा डढेलो लागेकाले रूखहरू दन्दन्ती बले । |
| थचक्क बस्नु | – उमेश हिँड्न नसकेर पर्खाल माथि बस्यो । |
| तपतप चुहिनु | – ठेकीबाट मोही तपतप चुहिँदै छ । |
| ढुकढुक धड्कन चल्नु | – मेरो मुटु डरले ढुकढुक भइरहेछ । |
| ढपक्क लगाउनु | – झ्याल ढोका ढपक्क लगाएर मात्र सुत । |

| | |
|---|---|
| डमडम भरिनु | – रविनको पेट भोज खाएर डमडम भएको छ । |
| डुङडुङती गनाउनु | – बाटामा मरेको सर्प फालेकाले डुङडुङती गनाउँदै छ । |
| टवाल्ल हेर्नु | – पढ्न छोडेर मोबाइलतिर किन ट्वाल्ल परेर हेरेको बाबु ? |
| टुप्लुक्क आइपुग्नु | – आमा मामाघरबाट टुप्लुक्क आइपुग्नु भयो । |
| टिनिन्न बज्नु | – आज मन्दिरमा बिहान सबेरै टिनिन्न घण्टी बज्यो । |
| टहटह जून लाग्नु | – पूर्णिमाको रातमा टहटह जून लाग्छ । |
| टनक्क कस्नु | – उमाले घाँसको भारी टनक्क कसी । |
| झुलुक्क झुल्कनु | – पूर्वबाट बिहान सबेरै घाम झुल्कन्छ । |
| झल्याँस्स सम्झनु | – आज दिउँसो बैङ्क जानुपर्ने मैले त अहिले पो झल्याँस्स सम्झेँ । |
| झसङ्ग झस्कनु | – सपनामा पहिरो गएको दृश्य देखेर सीता झसङ्ग झस्की । |
| झमझम पानी पर्नु | – बर्खा याममा सबै ठाउँमा झमझम पानी पर्छ । |
| झमक्क साँझ पर्नु | – हामी घर पुग्दा झमक्क साँझ परेको थियो । |
| झनक्क रिसाउनु | – शिशिरको काम देखेर मलाई झनक्क रिस उठ्यो । |
| जुरुक्क उठ्नु | – मैले निदाएको बच्चालाई जुरुक्क उचालेर भित्र लगेँ । |
| जऱ्याकजुरुक उठ्नु | – बेन्चमा बसिराखेका विद्यार्थीहरू जऱ्याकजुरुक उठे । |
| भतभती पोल्नु | – अचारमा खुर्सानी बढी भएछ ओठमा लागेर भतभती पोल्दै छ । |
| च्वास्स घोच्नु | – एँसेलु टिपुँभन्दा काँडाले पो च्वास्स घोच्यो । |
| अकमक्क पर्नु | – प्रवेश काठमाडौँ जाने बाटो नचिनेर अकमक्क पऱ्यो । |
| क्वाम्म खानु | – बाबाले ल्याइदिनुभएको मिठाई मैले क्वाम्म खाए । |
| किटिक्क टोक्नु | – त्यति साह्रो कसार पनि भाइले किटिक्क टोक्यो । |
| कलकल बग्नु | – त्रिशूली नदी गोसाँइकुण्डबाट कलकल बगिरहेछ । |
| खचाखच भरिनु | – काठमाडौँमा भोटो जात्रा हेर्न मानिसहरू खचाखच भरिएछन् । |

| | |
|---|---|
| खुरूखुरु लगातार | – खेम त गृहकार्य खुरुखुरु गर्दै छ । |
| चुर्लुम्म डुब्नु | – म त देवकोटाको रचनामा चुर्लुम्म डुबेँछु । |
| छक्क अचम्म | – मेरो भाषा सुनेर धेरै जना छक्क परेका छन् । |
| छर्लङ्ग बुझ्नु | – गुरुले पढाएको पाठ मैले छर्लङ्ग बुझेँ । |
| चिटिक्क पर्नु | – सरला चिटिक्क परेर कलेज जान्छिन् । |
| चसचसी घोच्नु | – मेरो गोडामा काँडा बिझेर चसचसी घोच्दै छ । |
| घुँक्कघुँक्क रुनु | – भाइ सपनामा घुँक्कघुँक्क रुँदै थियो । |
| घ्याच्च रोकिनु | – मेरो घर अगाडि कार घ्याच्च रोकियो । |
| खलखली पसिना आउनु | – गर्मी भएकाले मलाई खलखली पसिना आयो । |
| किरिरी आवाज आउनु | – रूखमा झ्याउँकिरी किरिरी करायो । |
| खसखस सकसक हुन | – मलाई नयाँ शिक्षकको परिचय सोध्न खसखस लाग्यो । |
| खुत्रुक्क मर्नु | – लठ्ठीले हानेको त सर्प खुत्रुक्क भएछ । |
| खुरुक्क | – तिमी खुरुक्क मसँग हिँड त । |
| खुसुक्क सुनाउनु | – प्रमोद प्रथम भएको कुरा रमाले मलाई खुसुक्क सुनाइन् । |
| प्वाक्क भन्नु | – मैले सुगालाई ढुङ्गाले हानेको कुरा बाबालाई प्वाक्क भनेर गाली खाएँ । |
| झलक्क देख्नु | – मैले काठमाडौँको महत्त्व राष्ट्रपतिलाई देखेर देश विकासको कुरा झलक्क सम्झिएँ । |
| गर्ल्यामगुर्लुम ढल्नु | – दुई हजार बहत्तर वैशाख बाह्रको भूकम्पले धरहरा गल्गर्ल्यामगुर्लुम ढल्यो । |
| गुनगुन कुरा गर्नु | – एस.ई.ई. को परीक्षाफल प्रकाशित भएको दिन भोला र कृष्ण निकै बेरसम्म गुनगुन गरिरहे । |
| घुटुघुटु निल्नु | – बहिनीले अचार खाएको देखेर मैले घुटुघुटु थुक निलेँ । |
| चटक्क छाड्नु | – नेपालको जागिर चटक्क छोडेर दाजु विदेश गए । |
| चिटचिट पसिना आउनु | – मोबाइल बिग्रेपछि बुबाको डरले चिटचिट पसिना आयो । |

| | |
|---|---|
| झ्याइँकुटी उचालेर लैजानु | – बहुमूल्य सामान चोरेकाले चोरलाई पुलिसले झ्याँइकुटी पार्दै लगे । |
| झलझली लगातार सम्झनु | – पोखरामा बस्दा गाउँको सम्झना झलझली आइरहन्छ । |
| गमक्क घमन्डले फुल्नु | – नौ कक्षामा प्रथम भएकाले उमेश गमक्क परेको छ । |
| छम्राकछुम्रुक सानो आवाज आउनु | – अँध्यारोमा हिँड्दा छम्राकछुम्रुक गरे पनि निकै डर लाग्छ । |

## अभ्यास

१. **अनुकरणात्मक शब्दको परिभाषा लेखी पाँचओटा अनुकरणात्मक शब्द लेख्नुहोस् ।**

२. **तलका अनुकरणात्मक शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

रनक्क रिसाउनु – मेरो कुरा सुनेर गुरुआमा रनक्क रिसाउनुभयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| खुरुखुरु | फिरिरी | क्वाम्म | खचाखच | छक्क | चसचसी |
| घ्याच्च | घुटुघुटु | गुनगुन | गमक्क | कलकल | अलमल्ल |
| भतभती | ह्वाल्ल | सरसर | बर्र | दन्दन्ती | ढपक्क |
| झलझली | जुरुक्क | भकभकी | दन्दन्ती | झसङ्ग | फतक्क |

एकाइ १६

# पारिभाषिक शब्द

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

परिभाषाबाट शब्दको अर्थ स्पष्ट हुने खालका शब्दहरूलाई पारिभाषिक शब्द भनिन्छ । पारिभाषिक शब्दहरूलाई परिभाषाबाट मात्र बोध गर्न सकिन्छ । नेपाली भाषामा प्रचलनमा रहेका केही पारिभाषिक शब्दहरू निम्न छन् :

| | | |
|---|---|---|
| बहुमुखी | : | बिभिन्न विषयमा राम्रो ज्ञान भएको |
| निदान | : | रोग पत्ता लगाउने काम |
| दर्शन | : | जीवन तथा जगत्लाई हेर्ने दृष्टिकोण |
| गद्य | : | छन्द नभएको रचना |
| इन्धन | : | शक्ति दिने पदार्थ |
| आपूर्ति | : | अन्यत्रबाट सामान ल्याएर अभाव पूरा गर्ने काम |
| भूक्षय | : | माटो बग्ने काम |
| क्षितिज | : | पृथ्वी र आकाश जोडिए जस्तै देखिने ठाउँ |
| गणतन्त्र | : | जननिर्वाचित व्यक्ति राष्ट्रको प्रमुख हुने व्यवस्था |
| तापक्रम | : | तातोपनको घटबढ तापको परिमाण |
| नामाङ्कन | : | नाम दर्ता गराउने काम |
| भूमण्डल | : | पृथ्वीको वरिपरिको भाग |
| प्रक्षेपण | : | कुनै वस्तुलाई हत्याउनु |
| राष्ट्रियता | : | राष्ट्रप्रति गरिने प्रेम |
| लोकतन्त्र | : | जनप्रतिनिधिद्वारा चलाइने शासनव्यवस्था |
| सम्पादक | : | लेख, समाचार आदि सम्पादन गर्ने व्यक्ति |
| शिलालेख | : | ढुङ्गामा कुँदेर लेखिएको लेख |

| | | |
|---|---|---|
| हिमनदी | : | हिमालबाट हिउँदसँग बग्ने नदी |
| समालोचना | : | कुनै रचनाका विभिन्न पक्ष केलाएर लेखिने लेख |
| परमादेश | : | माथिल्लो अदालतले तल्लो अदालतलाई दिने आदेश |
| संवेदना | : | मानिसको मनमा उत्पन्न हुने तीव्र अनुभूति |
| अध्यादेश | : | संसादको अधिवेशन नभएका बखत जारी गरेको काम चलाउ कानुन |
| हीनताग्रन्थि | : | आफूलाई कमजोर र नीच ठान्ने मनको विकृति |
| विकिरण | : | शक्तिशाली खतरनाक किरण |
| अणु | : | कुनै वस्तुको सबैभन्दा सानो टुक्रा |
| अवमूल्यन | : | रुपियाँको मूल्य घट्ने काम |
| कुपोषण | : | पोषक तत्त्वको कमी |
| भाषिका | : | स्थानअनुसार हुने भाषाको फरक रूप |
| निकुञ्ज | : | वन्यजन्तु संरक्षणका लागि सुरक्षित जङ्गल |
| अनुसन्धान | : | खोजतलास – वैज्ञानिकहरू नयाँ कुराको अनुसन्धानमा सधैँ व्यस्त हुन्छन् । |
| मौलिक हक | : | कानुनले नागरिकलाई दिएका मूलभूत हक वा अधिकार |
| विश्वबन्धुत्व | : | विश्वकै मानिसहरूलाई नातेदार मान्ने विचार |

## अभ्यास

१. **आफ्नै शैलीमा पारिभाषिक शब्दहरूको परिभाषा लेख्नुहोस् ।**

२. **तल दिइएका पारिभाषिक शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :**

गद्य : (छन्द नभएको रचना) – कथा र उपन्यास गद्यमा रचिएका हुन्छन् ।

बहुमुखी : (विभिन्न विषयमा राम्रो ज्ञान भएको) – साहित्य, राजनीति, पत्रकारिता आदिमा योगदान गरेको पारिजात नेपाली साहित्यकी बहुमुखी प्रतिभा हुन् ।

विकिरण, अणु, सम्पादक, गणतन्त्र, आपूर्ति, शिलालेख, हिमनदी, प्रक्षेपण, तापक्रम, भूक्षय, राष्ट्रियता, समालोचना, अवमूल्यन, कुपोषण, निदान, दर्शन, मौलिक हक, अनुसन्धान, परमादेश ।

एकाइ १७

# क्रियाको अर्थ र भाव

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

| | |
|---|---|
| केटाहरू चौरमा खेल्छन् । | (सामान्यार्थ) |
| विमल भकुन्डो खेलोस् । | (इच्छार्थ) |
| तिमी कोठा सफा गर । | (आज्ञार्थ) |
| हामी सुर्खेतको बुलबुले ताल जाउँला । | (सम्भावनार्थ) |

वक्ताले बोल्दा, कुराकानी गर्दा आफ्नो इच्छा र अवस्थाअनुसार उसले फरक कुरा बोल्छ । ती उसका फरक विचार क्रियामा व्यक्त हुँदा क्रियाको अर्थमा आउने परिवर्तनलाई क्रियाको भाव भनिन्छ । क्रियाको अर्थमा फरकपन नै क्रियाको भाव हो । मानिसले आफ्नो मनोदशाअनुसार बोल्ने हुँदा ऊ स्वयम् कर्ता हुन्छ र उसले गरेको काम क्रियापद हुन्छ । उसले गरेको कार्यको सोझो सम्बन्ध हुन्छ । क्रिया कहिले इच्छा भएर, कहिले सामान्य अर्थमा, कहिले आज्ञा भएर कहिले सङ्केतक भएर आउने कामप्रति गर्छन् भने कहिले क्रियाले काम हुने नहुने सम्भावना व्यक्त गर्ने गर्दछन् ।

## २. क्रियाको भावका प्रकारहरू :

(क) सामान्यार्थ

(ख) इच्छार्थ

(ग) आज्ञार्थ

(घ) सङ्केतार्थ

(ङ) सम्भावनार्थ

### (क) सामान्यार्थ

वक्ताले सामान्य अर्थले भनेका वा बोलेका कुरा सामान्य क्रियाबोधक हुन्छन् । कसैले एघारओटै कालका पक्षमा बोलेका कुरा, लेखेका कुरा सामान्यार्थ हुन्छन् । जस्तै :

- सेवक घर गयो ।
- सरोज पोखरा जाँदै थिए ।
- कविताले तरकारी किनेकी थिइन् ।

- लेखनाथ लम्जुङ घुम्थे ।
- सुकन्याले शेर्पिनीलाई बोलाइछे ।
- शारदा आज घरै आउँछिन् ।
- गुरुले 'जय भुँडी' पढाउँदै हुनुहुन्छ ।
- हामी विद्यार्थीले चौरमा खेलेका छौँ ।
- कक्षा दशका दाजुदिदी शैक्षिक भ्रमण जाने छन् ।
- उनीहरूले मन पर्ने भाइ बहिनीलाई लाँदै हुने छन् ।
- सम्पूर्ण गुरुजन वनभोज जानुभएको हुने छ ।

### (ख) इच्छार्थ

वक्ताको इच्छा, चाहना, मनोभावना, मनोकाङ्क्षा, आशीर्वाद आदि व्यक्त गर्दा क्रियामा आउने परिवर्तन वा अर्थ इच्छार्थ हुन्छ ।

| | |
|---|---|
| म (प्र.ए.) | ऊँ (गरुँ/खाऊँ/लेखूँ/सुतूँ/पढूँ/जाऊँ/भेलूँ/ होऊँ/तिरुँ) |
| हामी (प्र.पु./वहु.) | आऔँ/खाऔँ/जाऔँ/लेखौँ/पढौँ/जितौँ/लगौँ/ लैजाऔँ/ चढौँ/गरौँ/सकौँ |
| तँ (द्वि.पु./ए./अना) | गरेस्/खाएस्/लेखेस्/पढेस्/हिँडेस्/सकेस् |
| हरि/त्यो/ऊ (तृ.पु./ए./अना.) | पाओस्/गरोस्/सुतोस्/ल्याओस्/ भरोस्/जाओस् |
| भान्जा/उनी/ उनीहरू | आउन्/खाउन्/गरुन्/हारुन्/बारुन्/टारुन्/ पारुन्/सारुन्/ नहारुन्/ढोगुन्/लेखुन्/राखुन् |
| बुबा/तपाईँ/हजुर | खानुहोओस्/जानुहोओस्/लेख्नुहोओस्/ पाउनुहोओस् |
| तिमी/तिमीहरू (द्वि.पु./ए.व./वहु) | गरे/खाए/लेखे/बोले/हिँडे/पोखे/उठाए/पाए/ भए/ हिँडे/ दौडिए/बसे |

### (ग) आज्ञार्थ

आज्ञा, आदेश, अह्रावट, निर्देशन व्यक्त गर्ने क्रियापदको रूपलाई आज्ञार्थ भनिन्छ । आज्ञार्थ भनेको अह्राउने अर्थका क्रिया बनाउनु हो । आज्ञार्थमा द्वितीय पुरुष सर्वनामका कर्ता प्रयोग हुन्छन् । जस्तै :

तँ ⟶ खा

तिमी ⟶ खाऊ

तपाईँ ⟶ खानुहोस्

हजुर ⟶ खाइबक्सियोस्
तिमीहरू ⟶ खाओ
तपाईंहरू ⟶ खानुहोस्
हजुरहरू ⟶ खाइबक्सियोस्

नोट : आज्ञार्थ बनाउँदा कर्ता द्वितीय पुरुष सर्वनाममा — तँ/तिमी/तपाईं/हजुर/तिमीहरू/तपाईंहरू/हजुरहरू हुन्छन् ।

### केही आज्ञार्थ वाक्यहरू

- तँ खाना खा ।
- तिमी खेल खेल ।
- तपाईं घर आउनुहोस् ।
- हजुर किताब किन्नुहोस् ।
- हजुरहरू छिट्टै दौडेर आउनुहोस् ।
- तपाईंहरू एउटै समूहमा खेल खेल्नुहोस् ।

कर्ता नाम राखेर पनि आज्ञार्थ बनाउन सकिन्छ ।

- राम विद्यालय जाऊ ।
- गुरुआमा कक्षामा आउनुहोस् ।
- दिलाशा बाहिर ननिस्क ।
- सुहाना यता पढ्न ध्यान देऊ ।
- योगेश गणेशको पूजा गर ।
- चाँदनी मिलेका उत्तरहरू सार, नमिलेका फेरि लेख ।
- योगेन्द्र गुरु आज गणितमा अभ्यास सिकाइदिनुहोस् न ।
- तिम्री आमालाई यो उपहार देऊ ।
- ज्ञानमाला पुस्तकका शब्दार्थ मुखाग्र कण्ठ गर ।

### (घ) सङ्केतार्थ

काम हुने नहुने दुवै कुराको सङ्केत गर्ने क्रियाको रूपलाई सङ्केतार्थ भनिन्छ । सङ्केतार्थमा काम पक्का भएकै हो वा होइन ठोकुवा हुँदैन । यसको क्रियामा सङ्केतक रूपमा (क्रिया —खाए, गए, लाए, पाए, लेखे, बोले, गए) प्रयोग भएको हुन्छ भने प्रश्न सुहाउँदो अर्को काल, मिल्ने क्रिया राखिन्छ । सूत्र = कर्ता + ....... + धातु + ए (खाए, गए) + प्रश्नको कालअनुसार क्रिया

- म समाज सेवा गर्छु ।
  मैले समाज सेवा गरे हुन्छ ।

- दीपकले दीनदुःखीको सेवा गरे ।
  दीपकले दीनदुःखीको सेवा गरे हुन्थ्यो ।
- हजुर घरतिर आउँदै हुनुहुन्थ्यो ।
  हजुर घरतिर आए हुन्थ्यो ।
- उनी टाउकामा तेल लगाउँछिन् ।
  उनले टाउकामा तेल लगाए हुन्छ ।
- श्यामाले सधैँ खेलमा हारी ।
  श्यामाले सधैँ खेलमा हारे हुन्थ्यो ।
- उसले खाना खाएको हुनेछ ।
  उसले खाना खाए हुनेछ ।

नोट : दिएको क्रियाको धातुमा ए (सङ्केत) थप्ने र प्रश्नको मिल्दो काल (वर्तमान भए → वर्तमान, भूत भए → भूत र भविष्यत् भए → भविष्यत् कालीन क्रिया राख्ने)

१. तिमी दानाको (रुद्राक्षको) माला लगाऊ ।
   तिमीले रुद्राक्षको माला लगाए (सङ्केतक) हुन्छ ।
   तिमीले रुद्राक्षको माला लाए हुन्थ्यो ।
२. तिमी सामाजिक नागरिक बन्यौ ।
   तिमीले सामाजिक नागरिक बने (सङ्केतक) हुन्थ्यो ।
३. आमाले लुगा सुकाउनुभयो ।
   आमाले लुगा सुकाउनुभए हुन्थ्यो ।
४. तपाईँ धेरै पढ्नुहुन्थ्यो ।
   तपाईँले धेरै पढे हुन्थ्यो ।
५. पानीमा फोहोर नपार ।
   पानीमा फोहोर नपारे हुन्छ ।
६. पानी छिटो पिऊ ।
   पानी छिटो पिए हुन्थ्यो ।

माथिका वाक्यहरूमा लगाए हुन्थ्यो मा वक्ताको त्यो धाराणा हो । कर्ताले नलाउन नि सक्छ । दोस्रो वाक्यमा 'बने हुन्थ्यो' वक्ताको धारणा वा हार्दिकता हो ऊ नबन्न पनि सक्छ, सुकाउनुभए हुन्थ्यो मा पनि 'नसुकाउन नि सक्नुहुन्छ' र चौथो वाक्यमा .... पढे हुन्थ्यो भन्ने धारणामा नपढ्न नि सक्छ । साथै अन्तिम वाक्यमा ....नपारे हुन्थ्योमा पनि पारे नि हुन्थ्यो, नपारे नि हुन्थ्यो भन्ने दुवै भावको सङ्केत हुनाले त्यहाँ क्रियापदको काम हुने वा नहुने, गर्ने वा नगर्ने सङ्केत मात्र गरेको छ ।

### (ङ) सम्भावनार्थ

वक्ताले गरेको काम हुने – नहुने सम्भावना बराबर भएको, क्रियाको रूपलाई सम्भावनार्थ भनिन्छ । धातुमा ला, लान्, लिन्, लाऊ, लास् आदि लागेको अवस्थाको रूपलाई सम्भावनार्थ भनिन्छ । सम्भावनार्थमा कर्ताले गरेको कामको अनिश्चितता रहन्छ । हुने र नहुने ठोकुवा हुँदैन तर हुने र नहुने सम्भावनाचाहिँ अधिक मात्रामा रहन्छ । जस्तै :

सूत्र – कर्ता +....... + धातु + ला/लान्/लिन्/लाऊ/लास्/लिस्/ली

- शिवले जागिर खाला ।
- उनीहरू छिट्टै आउलान् ।
- हरिकला मेरो साथी बन्लिन् ।
- तिमी चाँडो घरतिर हिँड्लाऊ ।
- बहिनी तीन बजिनसकी आउली ।
- कविर तँ एक्लै हिँड्लास् ।
- नाच्तानाच्तै मञ्चमा लड्लिस् ।
- हामी पोखरा घुम्न जाऔँला ।

## अभ्यास

### (क) तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

१. क्रिया भनेको के हो ? क्रियाको भाव किन क्रियामै हुन्छ ?

२. क्रियाका भावका प्रकारहरू लेखी र २/२ ओटा उदाहरणका वाक्य लेख्नुहोस् ।

३. सङ्केतार्थ र सम्भावनार्थमा क फरक छ ? २ ओटा फरक लेख्नुहोस् ।

४. सम्भावनार्थ क्रियाको प्रयोग गरी विदेश जान लागेको साथीका बारेमा १० ओटा वाक्य लेख्नुहोस् ।

५. आफ्नी छोरीको बारेमा सङ्केतार्थ प्रयोग गरी छोटो मिठो एक अनुच्छेद लेख्नुहोस् ।

६. इच्छार्थ भनेको कस्तो खालको क्रिया हो ? यसबाट बनेका क्रिया प्रयोग गरी आफ्नी सानी बहिनीलाई काम अह्राउँदै लेख्नुहोस् ।

७. गर्मीयाममा अपनाउने शारीरिक अवस्थाका विषयमा एक अनुच्छेद लेख्नुहोस् ।

९. सामान्यार्थमा आफ्नो दाजु वा दिदीबहिनीका बारेमा १० वाक्य नघटाई लेख्नुहोस् ।

९. तपाईँको मिल्ने साथीका बारेमा शुभेच्छा प्रकट गर्दै उसले गरेका कामको बारेमा इच्छार्थमा एक छोटो अनुच्छेद लेख्नुहोस् ।

१०. आज्ञार्थ क्रियामा विशेषगरी कस्ता कर्ताहरू आउँछन् ? वा कुन पुरुषका कर्ता र क्रिया प्रयोग हुन्छन् ? लेख्नुहोस् ।

(ख) **तलका वाक्य कोष्ठकका सङ्केतअनुसार खाली ठाउँ भर्नुहोस् :**

| | | |
|---|---|---|
| १. | सेवक सेवा गर्न ................ । | (जा: सामान्यार्थ) |
| २. | ईश्वरले सबैको कल्याण ................ । | (गर्: इच्छार्थ) |
| ३. | सबै जनता देश दौडाहामा ................ । | (लाग्: इच्छार्थ) |
| ४. | यो देश ज्ञानीको तपोभूमि ................ । | (बन्: इच्छार्थ) |
| ५. | म्यानमारमा सधैँका लागि आन्दोलन ................ । | (रोक्: इच्छार्थ) |
| ६. | तिमी त्यति खाना एक्लै ................ । | (खा: आज्ञार्थ) |
| ७. | योजना हिँडेरै ................ । | (आउ: आज्ञार्थ) |
| ८. | तिमी पुस्तक ................ । | (पढ्: सङकेतार्थ) |
| ९. | तेरो छोरो ................ । | (आउ: इच्छार्थ) |
| १०. | सीताले रामलाई ................ । | (भेट्: आज्ञार्थ) |
| ११. | प्रिया देशको एक राजनीतिज्ञ ................ । | (बन्: इच्छार्थ) |
| १२. | म सामाजिक सेवा ................ । | (गर्: इच्छार्थ) |
| १३. | रामले सीतालाई उपहार ................ । | (दि: इच्छार्थ) |
| १४. | पढेका पाठको तालिका ................ । | (बनाउ: आज्ञार्थ) |
| १५. | उनीहरू सरासर घरै ................ । | (जा: इच्छार्थ) |
| १६. | हजुर बैङ्कमा किस्ता तिर्न ................ । | (जा: आज्ञार्थ) |
| १७. | हामी अर्को साल हेटौँडा ................ । | (जा: सम्भावनार्थ) |
| १८. | सबैले प्रशस्त पानी पिउन ................ । | (पाउ: सम्भावनार्थ) |
| १९. | तपाईँ कहिल्यै आकाशका तारा ................ । | (गन्: आज्ञार्थ) |
| २०. | बुबा तपाईँ कतैपनि ................ । | (जाउ: आज्ञार्थ) |
| २१. | तोरी पेले तेल ................ । | (आउ: सामान्यार्थ) |
| २२. | नेपाली कसैलाई रोग ................ । | (लाग्: इच्छार्थ) |
| २३. | तिमीले मिहिनेत गरे उत्तीर्ण ................ । | (हु: सङ्केतार्थ) |
| २४. | सोलर प्लान्टले बिजुली ................ । | (बल्: सम्भावनार्थ) |
| २५. | तिमी मेरो कथाको पात्र ................ । | (बन्: सम्भावनार्थ) |
| २६. | हाम्रो नेपालको चाँडै विकास भए ................ । | (हु: सङकेतार्थ) |
| २७. | नेपालीहरू धन र मनका धनी ................ । | (बन्: सम्भावनार्थ) |
| २८. | तिमी माछाको तेल ................ । | (खा: आज्ञार्थ) |

२९. सिरान चौकसम्म बाटो कालो पत्रे ................ । (हु: इच्छार्थ)

३०. हामी नेपाललाई सुन्दर र शान्त ................ । (बनाउ: इच्छार्थ)

३१. आकाशमा सबै जून र तारा ................ । (देख्: इच्छार्थ)

३२. किसानले यसपालि धेरै अन्न ................ । (फलाउ: सम्भावनार्थ)

३३. नेताहरूको सत्बुद्धि ................ । (आउ: सङ्केतार्थ)

३४. तिमी पाखण्डी ................ । (वन्: आज्ञार्थ अकरण)

३५. तिमीले दुःखबाट पार ................ । (पाउ: इच्छार्थ)

३६. म तिमीलाई दुःख ................ । (दि: इच्छार्थ अकरण)

३७. म सपनामा पनि नेपालकै नागरिकलाई ................ । (देख्: सम्भावनार्थ)

३८. हामी आजको फुटबल खेल ................ । (जित्: सम्भावनार्थ)

३९. कोही नेपाली विदेश................ । (जाउ: इच्छार्थ)

४०. चौँरीहरू लेकको पाखामा ................ । (चर्: इच्छार्थ)

४१. माछाहरू पानीमा मज्जाले ................ । (बढ्: इच्छार्थ)

(ग) **कोष्ठकको निर्देशन हेरी वाक्य परिवर्तन गर्नुहोस् :**

१. मैले योगमाया उपन्यास पढेँ । (इच्छार्थ)

२. सुनैना धान काट्न गई । (सङ्केतार्थ)

३. सुकृति दिनमा तीन लिटर पानी पिउँथी । (सम्भावनार्थ)

४. तपाईं योग्यताको कदर गर्नुहुन्छ । (आज्ञार्थ)

५. म भविष्यको राजनेता बन्छु । (सम्भावनार्थ)

६. ऊ पिरामा बस्छ । (सम्भावनार्थ)

७. उसले जागिर पाउँछ । (इच्छार्थ)

८. चोरले पैसा लुटेन । (सङ्केतार्थ)

९. पैसा मिहिनेतीले कमाउँछ । (आज्ञार्थ)

१०. सबैले आमाबुबाको इच्छा पूरा गर्नुपर्छ । (इच्छार्थ)

११. तिमी दूध पिउँछौ । (इच्छार्थ)

१२. तिमी त्रिशूल चलाउँछौ । (आज्ञार्थ अकरण)

१३. ईश्वरको लीला अपरम्पार छ । (सम्भावना)

१४. दुःखीलाई कसैले ....... । (दुख् इच्छार्थ अकरण)

१५. सन्तवीरलाई पालाको पैँचो तिरौँ । (आज्ञार्थ)

| | | |
|---|---|---|
| १६. | अवगुणको बदला गुण तिरौँ । | (सङ्केतार्थ) |
| १७. | द्रौपदीको परापूर्व कालमा चिरहरण भयो । | (सम्भावनार्थ) |
| १८. | तँ कलाकार बन्छस् । | (आज्ञार्थ) |
| १९. | तपाईँ आदर्श पात्र बन्नुहुन्छ । | (आज्ञार्थ) |
| २०. | तिमी कत्तिपनि धेरै रिमोट चलाउँदैनौ । | (आज्ञार्थ) |
| २१. | कसैले देह त्याग गर्दैनन् । | (इच्छार्थ) |
| २२. | म ठुला मान्छे बन्छु । | (सम्भावनार्थ) |
| २३. | तिमी शिक्षाको क्षेत्रमा काम गर्छौ । | (आज्ञार्थ) |
| २४. | तिमी काम गर्दैनौ । | (आज्ञार्थ) |
| २५. | आज पनि घर गएनौ । | (आज्ञार्थ) |
| २६. | लेखकले विद्रोहको कलम चलाए । | (इच्छार्थ) |
| २७. | आफ्नो प्रचार आफैँ नगर । | (इच्छार्थ) |
| २८. | हामीले बाँचेर केही गर्न सक्छौँ । | (सम्भावनार्थ) |
| २९. | भोलि दीक्षान्त समारोह होला । | (सामान्यार्थ) |
| ३०. | उसले पढे हुन्थ्यो नि । | (सम्भावनार्थ) |
| ३१. | पकलीमा चोर समातियो । | (सम्भावनार्थ) |
| ३२. | जुरेलीले फूल खायो । | (इच्छार्थ) |
| ३३. | चराले डालीडाली चहार्छ । | (सम्भावनार्थ) |
| ३४. | फकिरले घुम्ने काम गर्‍यो । | (सम्भावनार्थ) |
| ३५. | तिम्रा दृष्टि भ्रमित भएका छन् । | (सम्भावनार्थ) |
| ३६. | आज बाहिर जाँदैनौँ । | (सङ्केतार्थ) |
| ३७. | थलाभरि गाईहरू पालिएका छन् । | (सङ्केतार्थ) |
| ३८. | तिमी आली लाउन जान्छौ । | (सङ्केतार्थ) |
| ३९. | देशमा संविधान बन्छ । | (सम्भावनार्थ) |
| ४०. | ईश्वरले सबैको कल्याण गर्छन् । | (इच्छार्थ) |
| ४१. | तँ गुरुको निर्देशन पालना गर्लास् । | (आज्ञार्थ) |
| ४२. | राम्रो मान्छेले असल काम गर्छ । | सङ्केतार्थ) |
| ४३. | म घुम्न जान्छु । | (सम्भावनार्थ) |
| ४४. | राम देशको लागि लड्छ । | (इच्छार्थ) |

४५. विद्यार्थीहरू गृहकार्य गर्दै छन् । (प्रेरणार्थक)

४६. गुरुआमा हामीलाई पढाउनुहुन्छ । (सङ्कुतार्थ)

४७. हामी पनि एउटा गीत गाउँछौँ । (सम्भावनार्थ)

४८. सीता किताब पढ्छे । (प्रेरणार्थक)

४९. आस्था झोलाभित्र किताब हाल्छे । (सम्भावनार्थ)

५०. राम परीक्षामा उत्तीर्ण हुन्छ । (इच्छार्थ)

५१. तिमीले आफ्नो इच्छा पूरा गर । (इच्छार्थ)

५२. हामी आजै पढ्न थालौँ । (सम्भावनार्थ)

५३. सीता र गीता खेल्न गएछन् । (सङ्केतार्थ)

५४. उसले योग्यता परीक्षा देओस् । ( सम्भावनार्थ)

५५. यसपाली त हामी सबै उत्तीर्ण हुन्छौँ । (सङ्केतार्थ)

५६. गुरुदेव आउनुहोला । (सङ्केतार्थ)

५७. वाद्यवाधकले ढोलक बजाए । (इच्छार्थ)

५८. हरिगोपालले योगाभ्यास गर्छ । (सङ्केतार्थ)

५९. ऊ हाम्रो समूहमा एकताबद्ध होला । (सामान्यार्थ)

६०. सरोज हिलामा फुलेको हुन्छ । (इच्छार्थ अकरण)

एकाइ १८

# प्रेरणार्थक क्रिया

## १. प्रेरणार्थक क्रियाको परिचय

प्रेरणा, हौसला, सान्त्वना, ढाडस दिने वाक्यको अर्थलाई प्रेरणार्थक भनिन्छ । प्रेरणा भनेको हौसला हो । कसैले हौसला दिई कर्म गर्न प्रेरणा दिन्छ । यस अवस्थामा प्रेरक हुन्छ । कर्ता (ले), प्रेरित कर्ता (लाई) ......... + धातु + आउ (कालबोधक प्रत्यय) प्रेरणार्थकमा प्रश्न र उत्तरको आशय एकै हुन्छ ।

वा

प्रेरक कर्ता (ले) = प्रेरणा वा हौसला दिने कर्ता (थप्नुपर्छ/आफैँले राख्नुपर्छ)

प्रेरित कर्ता (लाई) = प्रेरणा वा हौसला लिने कर्ता (प्रश्नमा दिएको हुन्छ)

सूत्र — प्रेरक कर्ता (ले) + प्रेरित कर्ता (लाई) +.....+ धातु + आउ + कालबोधक प्रत्यय

जस्तै :

- राम पुस्तक पढ्छन् ।
  सीताले रामलाई पुस्तक पढाउँछिन् ।
- हरि देशको नेता बन्यो ।
  जनताले हरिलाई नेता बनाए ।
- सानो भाइ निदायो ।
  दिदीले सानोभाइलाई सुताउनुभयो ।
- उनले सामान किनिन् ।
  आमाले/पसलेले उनलाई सामान किनायो ।
- हरि गीत गाउँछ ।
  निर्देशकले हरिलाई गीत गाउन लगाउँछन् ।
- ऊ सामाजिक सेवा गर्छ ।
  हरिले उसलाई सामाजिक सेवा गर्न लगाउँछ ।

## २. नियमहरू

- कर्ता दिएको भए त्यो कर्ता अगाडि प्रेरक कर्ता (हौसला दिने) अर्को थपी त्यसमा ले विभक्ति थप्ने

- प्रेरित कर्ता नदिएको भए — प्रेरक र प्रेरित दुवै कर्ता थप्ने,
- कहिले कर्तामा 'ले' र लाई दुवै लागेका कर्ता आए—अर्को कर्ता थपी 'ले' विभक्ति जोड्ने र दिएको ले लागेको कर्तामा बाट जाड्ने र
- अन्त्यमा क्रियाको धातुमा आउ जोडी दिएको जुन काल छ सोहीअनुसार क्रियापद राख्ने ।

  खाना खाऊ । (दुवै कर्ता नदिएको)

  म भाइलाई खाना खुवाउँछु ।

  उसले फटाहालाई कुट्यो । (ले.....लाई...दुवै विभक्ति लागेका कर्ता आएको)

  हरिशरणले उबाट फटाहालाई कुटायो ।

नोट : हरिशरण कर्ता थपेको, पहिलो कर्तामा 'ले' विभक्ति जोडी प्रेरक कर्ता बनाएको र अर्को 'लाई' लागेको कर्तालाई प्रेरित कर्ता बनाएको अनि भूतकालीन क्रियापद भएकाले धातुमा 'आउ' प्रत्यय जोडी प्रश्नअनुसारकै कालमा क्रियापद राखेको ।

## ३. केही फरक कालका अभ्यास

१. म पुस्तक च्यात्तिन ।
   उसले मलाई पुस्तक च्यात्न लगाएन ।

२. आजभोलि आउँदै छ ।
   राजुले उसलाई आजभोलि बोलाउँदै छ ।

३. कमलले खेल जित्यो ।
   खेल निर्देशकले कमललाई खेल जिताए ।

४. तिमीले उसलाई काम गर्न लगाउने छौ ।
   कोशेलीले तिमीबाट उसलाई काम गर्न लगाउने छौ ।

५. गीताले खेल जितेकी छिन् ।
   पुष्पाले गीतालाई खेल जिताएकी छिन् ।

६. पम्फा खाना खाँदै छिन् ।
   आमाले पम्फालाई खाना खुवाउँदै हुनुहुन्छ/खान लगाउँदै हुनुहुन्छ ।

नोट : प्रेरणार्थक भयो कि भएन जाँच्न प्रश्न र उत्तरको अर्थ एउटै हुनुपर्ने छ ।

## अभ्यास

### (क) तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

१. प्रेरणार्थक भनेको के हो ? कस्तो वाक्य प्रेरणार्थक हुन्छ ?

२. प्रेरणार्थकमा प्रेरक कर्ताको भूमिका के हुन्छ ?

३. प्रेरित कर्ता भनेको के हो ? यो कति बेला थप्ने र कति नथप्न सकिन्छ ?

४. प्रेरक र प्रेरित कर्ता दुवै नदिए प्रेरणार्थक कसरी बनाउन सकिन्छ ?

५. प्रेरक ले/लाई लागेका दुवै कर्ता दिए केलाई प्रेरक र केलाई प्रेरित कर्ता बनाइन्छ ?

६. प्रेरणार्थक बनाएको ठिक भयो कि भएन कसरी परीक्षण गर्न सकिन्छ ?

**(ख) तल दिइएका वाक्यहरूको प्रेरणार्थक बनाउनुहोस् :**

१. श्याम घर गयो ।

२. शारदा शीतलमा बसेकी छे ।

३. सीताराम ज्ञानी बनेकी थिई ।

४. कमलले पुस्तकालयबाट पुस्तक ल्यायो ।

५. तिमी विद्यालय जाऊ ।

६. सुजाता बिहानै आई ।

७. महेश गाडी चढेको थियो ।

८. बबिता साथीसँग विद्यालय जान्थी ।

९. ऊ नगरकोट जाने छ ।

१०. आजबाटै पढ्न थाल्यो ।

११. ऊ आएर गयो ।

१२. श्यामा नक्कल पार्ने छे ।

१३. नेपालको विकास हुने छ ।

१४. प्रभुले कृष्णलाई बोलाए ।

१५. राजन विहानै हिँडेका हुने छन् ।

१६. बुबा आउनुभएछ ।

१७. सालो हिजै आएछ ।

१८. तिमी हर दिन आउने छौ ।

१९. तिम्रो रक्तचाप बढ्ने छ ।

२०. ऊ आयो ।

२१. आमाले तरकारी ल्याउनुभयो ।

२२. बहिनी सुतेकी छे ।

२३. उसले समाजसेवा गऱ्यो ।

२४. तिमी काम गर ।

२५. उसले भविष्य सपाऱ्यो ।

२६. मलाई आमाले खाना दिनुभयो ।

२७. सर्वेन्द्र शिक्षक भयो ।

२८. तपाईँ कार्यालय जानुहुने छ ।

२९. छोरीले आमालाई बोलाएकी छे ।

३०. ज्ञानीले दुध पिई ।

३१. म खाजा खान्थेँ ।

३२. आमा मामाघर पुग्नुभयो ।

३३. तपाईँ हाइकु लेख्नुहुन्थ्यो ।

३४. तिमी फटाफट हिँडिछ्यौ ।

३५. छोरी गृहकार्य गर्ने छे ।

३६. बुनू दिनभरि खेल्छिन् ।

३७. डाक्टरले रोगको उपचार गरेका हुने छन् ।

३८. अजय अरूको गृहकार्य सार्छ ।

३९. ऊ भाइसँग सुत्यो ।

४०. ऊ गल्ती नगर्ने कसम खान्छ ।

(ग) **प्रेरणार्थक वाक्यलाई अप्रेरणार्थक वाक्य बनाउनुहोस् :**

१. रमेशले उमालाई पुस्तक दिलायो ।

२. भाइले बहिनीलाई पढाउँदै छ ।

३. उसले दिलाशालाई चिठी लेखाएको छ ।

४. रविले हरिबाट ग्रीष्मालाई उपहार दिलायो ।

५. प्रहरीले ऊबाट चोरलाई कर्तुत ओकल्न लगाउँछ ।

६. उसले हविन्द्रलाई पानी पियायो ।

७. साथीले उसलाई शिष्टाचार सिकाएको हुने छ ।

८. स्मृतिले धनेलाई बनतिर पठाई ।

९. आमाले ठुलेलाई दाउरा कटाउनुहुन्थ्यो ।

१०. विजयले श्यामलाई कुर्सीबाट लडाएछ ।

११. म श्यामालाई मैना चरी पाल्न लगाउने छु ।

१२. दिदीले उनलाई खाजा खुवाउनुभएछ ।

१३. रबीले भाइद्वारा बहिनीलाई उपहार दिलाउनुहुन्थ्यो ।

१४. शायरले मन्दिरालाई पानी पोख्न लगाएको छ ।

१५. साधु कमलद्वारा आमालाई डाक्न लगाउँछन् ।

एकाइ १९

# वाच्य र वाच्यका प्रकार

## १. वाच्यको परिचय

| | | |
|---|---|---|
| गोपाल | गाई | चराउँछ । |
| पुलिङ्ग | | पुलिङ्ग |
| एकवचन | | एकवचन |
| तृतीय पुरुष | | तृतीय पुरुष |
| | | अनादर |
| बहिनीद्वारा | भाइ | पिटिन्छ । |
| | पुलिङ्ग | पुलिङ्ग |
| | एकवचन | एकवचन |
| | तृतीय पुरुष | तृतीय पुरुष |
| | | अनादर |
| सीताद्वारा | | रोइन्छ । |
| | | स्त्रीलिङ्ग |
| | | एकवचन |
| | | अनादर |
| | | तृतीय पुरुष |

वक्ताले बोलेका भनाइ, लेखेका वाक्य कहिले कर्ता केन्द्रित हुँदा कर्तृवाच्य, कर्म केन्द्रित हुँदा कर्मवाच्य र क्रिया केन्द्रित हुँदा भाववाच्य हुन्छ । सामान्यतया वाच्य भनेको भनाइ हो । भनाइ कर्ता केन्द्री, कर्म केन्द्री र क्रिया केन्द्री हुन्छन् ।

| | | |
|---|---|---|
| हरि गीत गाउँछ । | – | सकर्मक वाक्य/सकर्मक क्रिया |
| हरि (कर्ता) | – | एकवचन, तृतीय पुरुष, पुलिङ्ग |
| गाउँछ (क्रिया) | – | एकवचन, तृतीय पुरुष, पुलिङ्ग |
| गीत | – | कर्म |

क्रियापद राखेर के/कसलाई ? भनी प्रश्न गर्दा वाक्यबाट जुन 'जे' शब्द उत्तर आउँछ त्यो कर्म हुन्छ । जस्तै :

के/कसलाई + क्रिया ? = कर्म (उत्तर आए कर्म)

के/कसलाई + क्रिया ? = उत्तर नआए (अकर्मक वाक्य/अकर्मक क्रिया)

१. **कमल खेत खन्छन् ।**

— के खन्छन् ? = खेत (कर्म)

— खन्छन् — सकर्मक क्रिया

कमल खेत खन्छन् । — सकर्मक वाक्य

२. **दिलाशाले साथीलाई कलम दिइछे ।**

— के दिइछे ? = कलम

— कसलाई दिइछे ? = साथीलाई

— दिइछे — सकर्मक (द्विकर्मक क्रिया) क्रिया

दिइछे क्रियाले दुईओटा कर्म ल्याएकाले त्यो क्रिया द्विकर्मक क्रिया हो ।

दिलाशाले ....... दिइछे । — सकर्मक वाक्य


३. **तँ सुकृतिलाई बोलाउँछस् ।**

— कसलाई बोलाउँछस् ? सुकृतिलाई कर्म

— बोलाउँछस् — सकर्मक क्रिया

तँ ........... बोलाउँछस् । — सकर्मक वाक्य

**वाच्य परिवर्तनको रेखाचित्र**




**(क) कर्तृवाच्य**

कर्ता केन्द्री वाक्यलाई कर्तृवाच्य भनिन्छ । कर्तृवाच्य सकर्मक वाक्य पनि हुन सक्छ र अकर्मक वाक्य पनि हुन सक्छ ।

सकर्मक वाक्य भए — कर्मवाच्यमा परिवर्तन हुन्छ । अकर्मक वाक्य भए — भाववाच्यमा परिवर्तन हुन्छ ।

- श्याम खाना खान्थ्यो ।
- नेपालले उनलाई माटो खन्ने कोदालो दिए ।
- म त विस्तारै हिँडेको छु ।
- श्यामा श्यामधाम गई ।
- अरकसियाले रूख लडाएछन् ।
- पुकार ऐना हेर्दै छ ।
- ऊ त सरासर भित्र पसेछ ।
- म तिहारमा धेरै रोएको थिएँ ।
- लेखनाथ बेगनास घुम्न जाँदै हुने छन् ।
- जनता देशको विकासमा लाग्छन् ।
- तपाईँ कहाँ कहाँ जानुभएको छ ?
- निलिमा धुरुधुरु रोइछे ।
- सपना सपना देख्तै हुने छे ।
- हामी त हिँड्यौँ वनभोजतिर ।
- तिमी सारी लगाउँछ्यौ ।

### (ख) कर्मवाच्य

कर्मको अधीनमा वाक्य रहेको छ भने त्यो वाक्य कर्मवाच्य हुन्छ । सकर्मक वाक्य मात्रै कर्मवाच्यमा परिवर्तन हुन्छ । यसका लागि वाक्यमा कर्म अनिवार्य आउन जरुरी छ । यदि वाक्यमा कर्म नआए र सकर्मक क्रिया नभए वाक्य कर्मवाच्यमा परिवर्तन हुँदैन ।

- आमा रोटी पकाउनुहुन्थ्यो । — के पकाउनुहुन्थ्यो ? = रोटी (कर्म)
  आमाद्वारा रोटी पकाइन्थ्यो ।
- केदारले कुटो — कोदालो किने । — के किने ? = कुटोकोदालो (कर्म)
  केदारद्वारा कुटोकोदालो किनिए । (कर्म बहुवचन भए— क्रिया बहुवचन गर्ने (कर्मवाच्यमा)
- उसले सामानहरू किनेछ ।
  उद्वारा सामानहरू किनिएछन् ।
- रीताले पुस्तकहरू किनून । (इच्छार्थ क्रिया आए यून् । (योस् गर्ने)
  रीताद्वारा पुस्तकहरू किनियून ।
- हजुर फलाहार खानुहोस् । (आज्ञार्थ क्रियामा — योस् गर्ने)
  हजूरद्वारा फलाहार खाइयोस् ।

- म ज्ञान जान्ने छु । (भविष्यत् काल वाक्य –त्यही कालमा)
  आफू ज्ञान जानिने छ ।
- हरिकृष्णले पाउरोटी पकाएका छन् । (पूर्ण वर्तमान – उही पक्षमा)
  हरिकृष्णद्वारा पाउरोटी पकाइएको छ ।
- सेवक सेवा गर्दै थियो । (अपूर्ण भूत – उही पक्षमा)
  सेवकद्वारा सेवा गरिँदै थियो ।
- भाइले धानमा पानी लगाएछ । (अज्ञात भूत – उही पक्षमा)
  भाइद्वारा धानमा पानी हालिएछ ।
- उनीहरूले फूल टिपून् । (इच्छार्थ – उही पक्षमा)
  उनीहरूद्वारा फूल टिपियून् ।
- तिमी क्रिकेट बल किन । (आज्ञार्थ – उही पक्षमा)
  तिमीद्वारा क्रिकेट बल किनियोस् ।
- तिमी कोदालोले बारी खन्छौ । (सामान्यार्थ/सामान्य वर्तमान – उही पक्षमा)
  तिमीद्वारा कोदालाले बारी खनिन्छ ।

### (ग) भाववाच्य

क्रिया केन्द्री अकर्मक भनाइ वा वाक्य भाववाच्य हुन्छ । भाववाच्य बनाउने वाक्यमा कर्म हुँदैन वा वाक्य अकर्मक हुन्छ र क्रिया पनि अकर्मक नै हुन्छ । जस्तै :

- **श्यामकली दौडिएर आई । (के आई ?/कसलाई आई ? = ✗ - उत्तर आएन, कर्म छैन ।**
  श्यामकलीद्वारा दौडिएर आइयो ।
- **गोश्वामी सरासर हिँडेछन् । (के हिँड्छ ?/कसलाई हिँड्छ ? = ✗ - कर्म छैन, उत्तर आएन)**
  गोश्वामीद्वारा सरासर हिँडिएछ ।
- **म त मस्तसँग सुत्छु । (के/कसलाई सुत्छु ? - ✗ कर्म छैन)**
  आफू त मस्तसँग सुतिन्छ ।
- **तिमी उकालोतिर हिँड्दै छौ । (के/कसलाई हिँड्दै छौ ? = ✗ कर्म छैन)**
  तिमीद्वारा उकालोतिर हिँडिँदै छ ।

नोट : सबै अकर्मक क्रिया लिएर आएका अकर्मक वाक्य भाववाच्यमा परिवर्तन हुन्छन् । सम्पूर्ण नियम कर्मवाच्यको जस्तै हो । कहिलेकाहीँ कर्ता निस्क्रिय भए भाववाच्यमा कर्ता नराख्दा पनि हुन्छ ।

**यस्ता एकल क्रिया आए वाच्य परिवर्तन हुँदैन ।**

- म घरमा छु ।
- मेरो नाम श्याम हो ।
- तिमी कहाँ छौ ?
- म दिदीको घरमा छु ।
- म स्वाभिमानी नेपाली हुँ ।

## वाच्य परिवर्तनका सामान्य नियमहरू

### कर्तृवाच्यलाई कर्म र भाववाच्यमा परिवर्तन गर्दा

- प्रथमत : कर्तामा द्वारा/बाट जोड्ने,
- कर्ता म दिएको भए म लाई आफू बनाउने (मलाई आफू बनाएपछि द्वारा/बाट जोड्नु पर्दैन ।)
- क्रियापदको धातुमा इ प्रत्यय जोडी जुन काल र पक्ष छ, त्यही काल/पक्षमा क्रियापद राख्ने ।
- कर्मवाच्य बनाउँदा (सकर्मक वाक्यको) कर्म बहुवचन भए क्रियापद बहुवचन नै बनाउने
- आज्ञार्थ क्रिया आए धातुमा योस् जोड्ने
- इच्छार्थ क्रिया आए धातुमा यून गर्ने/जोड्ने
- बिचमा कुनै पनि शब्द आएका जस्ताको तस्तै राख्ने ।
- कर्म र भाववाच्यमा लाँदा क्रिया तृतीय पुरुष, एकवचन, पुलिङ्ग हुन्छ ।

### वाच्य परिवर्तन गर्ने सूत्र

१. कर्ता — (घटाउ) द्वारा/बाट कर्ता + द्वारा/बाट

२. धातु — (घटाउ) इ/ि धातु + इ/ि + कालबोधक प्रत्यय

- स्वरान्त धातु (खा/जा/हु/आउ/सुनाउ...) मा — इ प्रत्यय जोड्ने
- व्यञ्जानान्त धातु (गर्/भन्/लेख्/पढ्) मा — ि प्रत्यय जोड्ने

**केही दृष्टान्तहरू :**

१. कमल चिठी लेख्छन् ।
कमलद्वारा चिठी लेखिन्छ । (सामान्य वर्तमान)

२. मैले कामहरू सकें ।
आफूद्वारा कामहरू सकिए । (सामान्य भूत, कर्म वहुवचन हुँदा)

३. मैले आकाशमा जून र तारा देखेको छु ।
आफूले आकाशमा जून र तारा देखिएका छन् ।

४. सरोज कमलको फूल टिप्दै थियो ।

सरोजद्वारा कमलको फूल टिपिँदै थियो । (अपूर्ण भूत हुँदा)

५. उनीहरूले आँप खाएका थिए ।

उनीहरूद्वारा आँप खाइएको थियो । (पूर्ण भूत आए)

६. हजुर आँप किन्नुहुने छ ।

हजुरद्वारा आँप किनिने छ । (सामान्य भविष्यत् हुँदा कर्मवाच्य)

७. गीताञ्जली कपाल कोर्दै हुने छे ।

गीताञ्जलीद्वारा कपाल कोरिँदै हुने छ । (अपूर्ण भविष्यत् – कर्मवाच्य)

८. उसले रेल कुदाएको हुने छ ।

उद्वारा रेल कुदाइएको हुने छ । (पूर्ण भविष्यत् कर्मवाच्य)

९. दाजुको छोरो दौडन्थ्यो ।

दाजुको छोराद्वारा दौडिइन्थ्यो ।

१०. उहाँहरू धुरुधुरु रुनुभएछ ।

उहाँहरूद्वारा धुरुधुरु रोइएछ । (अकर्मक वाक्यलाई भाववाच्यमा)

११. उनीहरू सरासर आए ।

उनीहरूद्वारा सरासर आइयो । (अकर्मक वाक्यलाई भाववाच्यमा)

१२. म त मज्जाले नाच्छु ।

आफू त मज्जाले नाचिन्छ । (अकर्मक वाक्यलाई भाववाच्यमा)

१३. कोइलीले पिरती गाँसेकी हुने छे ।

कोइलीद्वारा पिरती गाँसिएको हुने छ । (सकर्मक वाक्यलाई कर्मवाच्य)

१४. तिमी छिट्टै घर आऊ है ।

तिमीद्वारा छिट्टै घर आइयोस् है । (अकर्मक वाक्यलाई भाववाच्य)

१५. दाजुले स्याउ र सुन्तला ल्याउनुहोला ।

दाजुद्वारा स्याउ र सुन्तला ल्याइएलान् । (सकर्मक बहुवचन वाक्यलाई कर्मवाच्यमा)

१६. उनीहरूले घाँस दाउरा गरुन् ।

उनीहरूद्वारा घाँसदाउरा गरियून् । (सकर्मक इच्छार्थलाई कर्मवाच्यमा)

## अभ्यास

(क) कर्तृवाच्यलाई कर्म र भाववाच्यमा परिवर्तन गर्नुहोस् :

| | | |
|---|---|---|
| १. | म त मज्जाले नाच्छु । | (भाववाच्य) |
| २. | तिमीले केही पनि खाएनछौ । | (भाववाच्य) |
| ३. | मैले आकाशमा घाम देखें । | (कर्मवाच्य) |
| ४. | भाइले हरिलाई बोलाएको थियो । | (कर्मवाच्य) |
| ५. | सीतास्मा परीक्षामा उत्तीर्ण भई । | (कर्मवाच्य) |
| ६. | सुकृति आउँदै छिन् । | (कर्मवाच्य) |
| ७. | श्यामले हरिलाई कलम दिएका थिए । | (कर्मवाच्य) |
| ८. | तिमी उसलाई बोलाऊ । | (कर्मवाच्य) |
| ९. | मैले दाजुलाई बोलाएँ । | (कर्मवाच्य) |
| १०. | सुमनले कथाहरू लेखेको छ । | (कर्मवाच्य) |
| ११. | ऊ पुस्तक पढ्दैनथ्यो । | (कर्मवाच्य) |
| १२. | कस्तुप कापीहरू किन्थ्यो । | (कर्मवाच्य) |
| १३. | गोठालाले गाईहरू चराएछ । | (कर्मवाच्य) |
| १४. | हामीले सरसामानहरू किने छौं । | (कर्मवाच्य) |
| १५. | उसले तँलाई चिन्ने छ । | (कर्मवाच्य) |
| १६. | तिमी सकेसम्म साथीहरूलाई नपिट । | (कर्मवाच्य) |
| १७. | तिर्थ दुध पिऊ । | (कर्मवाच्य) |
| १८. | केदार सबै कलमहरू ल्याऊ । | (कर्मवाच्य) |
| १९. | हजुर विस्तारै जानुहोस् । | (भाववाच्य) |
| २०. | ऊ जत्ति पनि खाना खान्छ । | (कर्मवाच्य) |
| २१. | उसले कसैलाई छोडेन । | (कर्मवाच्य) |
| २२. | तँ कत्तिपनि नहाँस् । | (भाववाच्य) |
| २३. | दावा दिल खोलेर हाँसेको थियो नि । | (भाववाच्य) |
| २४. | म मस्त घुम्छु । | (भाववाच्य) |
| २५. | हामी त घुम्न जान्छौं नि । | (भाववाच्य) |
| २६. | तँ कहिले आइस् त ? | (भाववाच्य) |
| २७. | हरिकला हिँड्दै थिइन् । | (भाववाच्य) |

२८. तपाईँ त्यहीँ बस्नुहोस् । (भाववाच्य)
२९. म त ८ बजेसम्म सुतेछु । (भाववाच्य)
३०. तँ गोठामा जा र सुत् । (भाववाच्य)
३१. म त पोखरा जान्न नि । (भाववाच्य)
३२. आज तपाईँ कति बजे उठ्नुभयो ? (भाववाच्य)
३३. भोलि त्यो कहाँ पुग्ला है ? (भाववाच्य)
३४. उनीहरू त घर गएछन् नि । (भाववाच्य)
३५. म त कत्ति पनि रुन्न । (भाववाच्य)
३६. उसले देखेको कुरा ल्यायो । (कर्मवाच्य)
३७. आउँछु र जान्छु । (भाववाच्य)
३८. त्यहाँ तपाईँ जानुहोस् र नाच्नुहोस् । (भाववाच्य)
३९. आज तिमी कतिबजे घर छिर्‍यौ ? (भाववाच्य)
४०. म त बजार जान्छु । (भाववाच्य)
४१. म त यहीँ बस्छु, बस्छु । (भाववाच्य)
४२. आमाले नानीलाई रुवाउनुभयो । (कर्मवाच्य)
४३. हामी नाच्दै र गाउँदै थियौँ । (भाववाच्य)
४४. म त लेख्तालेख्तै झकाएँछु । (भाववाच्य)
४५. यसपालि हामी घुम्न जाने छौँ । (भाववाच्य)
४६. सुमन दिल खोलेर हाँस्यो नि । (भाववाच्य)

**(ख) कर्म र भाववाच्यलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :**

१. नेपालमा धेरै जातका चराहरू पाइन्छन् ।
२. नेपालगञ्जमा निक्कै धान रोपिएको छ ।
३. इलाममा साथीहरू छोडिए ।
४. पाठ योजनामा घरेलु सामान प्रयोग गरिन्छ ।
५. कोठामा सामानहरू छरिएका छन् ।
६. राघवद्वारा राम कुटिए ।
७. बहिनीद्वारा सिसाकलमहरू किनिएका हुने छन् ।
८. आफू त छिट्टै सुतिँदैन ।
९. आजभोलि आइँदै छ ।

१०. आमाद्वारा तिमी माया गरिन्छौ ।
११. मबाट बुवा बोलाइनुभएको थियो ।
१२. नानीलाई धुरुधुरु रुवाइएछ नि ।
१३. बृद्धाहरूलाई लुगा कपडाहरू दिइँदै थियो ।
१४. यसपालि मुस्ताङ पुग्न सकिने छैन ।
१५. गुरुद्वारा कथाहरू पनि सुनाइन्थ्यो है ।
१६. त्यहाँ नभइयोस्, नचाहियोस्, ननाचियोस् ।
१७. कवि कवयित्रीद्वारा लेख रचना वाचन गरिँदै हुने छ ।
१८. पापीहरूद्वारा देश बिगारियो ।
१९. जनताद्वारा तिरेको कर नेताबाट खाइएको छ ।
२०. आफू त गइँदैन ।
२१. तिमीद्वारा हिँड्दै गइएला हैन ।
२२. उद्वारा खित्का छोडी छोडी हाँसिएको हुने छ ।
२३. सपनाद्वारा अहिल्यै आइँदै छ ।
२४. केटाहरूद्वारा छमछम नाचियोस् ।
२५. तिमीहरूद्वारा कामहरू गरियून् ।
२६. त्यहाँ कहिले गइयो ?
२७. केटाहरू बोलाइयून् ।
२८. कहिलेदेखि जागिर खाइयो ?
२९. उबाट पापयोग्य काम गरिएको छ ।
३०. हामीबाट देश विकास गरिएको छ ।
३१. तिमीबाट सही कुरा सुन्न नछोडिएला ।
३२. अब दुख सुख बाँडेर बसिन्छ कि !
३३. अब त देशको विकासमा लागिन्छ नि ।
३४. जनताद्वारा निराश भइएको छ ।
३५. त्यहाँ बस्ने गुन्द्री बिछ्याइएला नि हैन !
३६. अब त पढ्न पछि परिँदैन नि ।

एकाइ २०

# कारक र विभक्ति

## १. कारकको परिचय

तिमीले भाइलाई चम्चाले खाना खुवायौ ।

यस वाक्यमा रहेका तिमी, भाइ, चम्चा र खाना जस्ता पदहरूको प्रत्यक्ष सम्बन्ध खुवायौ र क्रियापदसँग छ ।

यी पदले वाक्यमा विभिन्न भूमिका खेली वाक्यलाई अर्थपूर्ण बनाएका छन् । यस प्रकार क्रियापदसँग नाम, सर्वनाम र विशेषणका रूपहरूले कर्ता, कर्म, करण, सम्प्रदान, अपादन आदिको भूमिका खेली वाक्यलाई अर्थपूर्ण बनाउने काम गरेका छन् । त्यसैले यी कारक हुन् ।

कारक भनेको काम गर्ने व्यक्ति वा साधन हो । वाक्यमा जुन शब्दले जस्तो प्रकारको काम गर्छ त्यो काम गराइको प्रकृतिअनुसार फरक कारक निर्धारण हुन्छ । क्रियासँग सोझो सम्बन्ध राख्ने शब्दलाई वा क्रियासँग सोझो कार्य व्यापार गर्ने शब्दलाई कारक भनिन्छ । यी कारक रूपका आधारमा र कार्यका आधारमा गरी दुई प्रकारका हुन्छन् । जस्तै :

### रूपका आधारमा कारक

### (अ) सरल कारक

विभक्ति, नामयोगी, बहुवचनबोधक प्रत्यय आदि नजोडिएको कारक सरल कारक हो । जस्तै : तँ, ऊ, त्यो, ती, भाइ, राम, गीता, सेवक, धनुष, गरिमा आदि ।

### (आ) तिर्यक कारक

रूपमा फरक आएका वा रूप परिवर्तन भएका, विभक्ति लागेका, प्रत्यय जोडिएका, बहुवचन बोधक प्रत्यय लागी रूपमा वा अर्थमा फरक भएका कारक तिर्यक कारक हुन्छन् । जस्तै:

| सरल कारक | तिर्यक कारक |
|---|---|
| राम | रामको, रामसँग, रामलाई, रामकी |
| ऊ | उनी, उनीहरू, उनका, उनीसँग |

| | |
|---|---|
| तपाईँ | तपाईँहरू, तपाईँको, तपाईँका, तपाईँलाई |
| माटो | माटा, माटाहरू, माटाको, माटालाई |
| कलम | कलमले, कलमलाई, कलमका, कलमसँग |

### कारकका प्रकार

कार्यका आधारमा कारक छ प्रकारका छन् । ती छ प्रकारका कारकले कुनैले कर्ता, कर्म, करण, सम्प्रदान आदिको भूमिकामा कार्य गर्छन् । यी सबै कारकले क्रियासँग सोझो सम्बन्ध राख्छन् ।

जस्तै :

**वाक्य – १**

रामले सीतालाई पुस्तक दिए ।

| भूमिका खेल्ने शब्द | क्रिया | कार्य/भूमिका |
|---|---|---|
| रामले | दिए | राम (कर्ता) |
| सीतालाई | दिए | सीता (सम्प्रदान) |
| पुस्तक | दिए | पुस्तक (कर्म) |

**वाक्य – २**

कृष्णले केटाहरूलाई ढुङ्गाले हान्यो र भागेर छानामा कुद्यो ।

| काम/भूमिका खेल्ने शब्द | क्रिया | कार्य/भूमिका |
|---|---|---|
| कृष्ण | कुद्यो | कृष्ण (कर्ता) |
| केटाहरूलाई | हान्यो | केटाहरू (कर्म) |
| ढुङ्गाले | हान्यो | ढुङ्गा (करण) |
| कृष्णले हान्यो | कृष्ण (कर्ता) | |

माथि वाक्य – १ का राम, सीता, पुस्तकले क्रमशः कर्ता, सम्प्रदान र कर्म कारकको भूमिका खेलेका छन् र वाक्य – २ मा कृष्ण, केटाहरू, ढुङ्गा, कृष्णले क्रमशः कर्ता, कर्म, करण, कर्ताको भूमिका खेलेका छन् ।

## २. विभक्तिको परिचय

रामले दावालाई कलम दियो ।
सीताले मलाई सुख दियौ ।
गोराले कालालाई अमेरिकामा दास बनाएका थिए ।

उपयुक्त वाक्यमा नाम, सर्वनाम र विशेषण शब्द आएका छन्, जसलाई नामिकपद पनि भनिन्छ । नामिकपद पछाडि जोडिएका रातो अक्षरमा आएका प्रत्यय विभक्ति चिह्न हुन् । विभक्ति चिह्न नामिकपदसँग सम्बन्धित हुने भएकाले र नामिकपद कारक हुने भएकाले कारक र विभक्तिबिच सम्बन्ध छ । विभक्तिले नामिकपदको क्रियापदसँग स्पष्ट सम्बन्ध देखाउँछ ।

कारक चिनाउने चिह्नलाई विभक्ति भनिन्छ । विभक्तिहरू नामिक शब्दहरू (नाम/सर्वनाम/विशेषण) आदिका पछाडि जोडिएर आएका हुन्छन् । कर्ता, कर्म र अन्य शब्द वा क्रियासँग सम्बन्ध स्थापना गर्ने शब्दहरूलाई स्पष्ट पार्ने काम गर्छन् ।

सीताले हनुमानलाई औँठी दिंदा हनुमानको हातमा टक्क खस्यो ।

माथिको वाक्यमा प्रयुक्त रेखाङ्कित चिह्नहरू विभक्ति हुन् । ती ले, लाई, को, मा ले कारकहरू क्रमश : कर्ता, सम्प्रदान, सम्बन्ध र अधिकरणलाई चिनाएका छन् । विभक्ति चिह्नको अर्थ नभए पनि यिनले कारकसँग जोडिएर अर्थ प्रदान गर्छन् । विभक्ति नजोडिई आउँदै आउँदैनन् । यदि, अगाडि नै कुनै कारकमा विभक्ति वा नामयोगी जोडिएर आएका खण्डमा अर्को विभक्ति कारकमा जोडिँदैनन् । जस्तै : तिम्रा लागि, उसका निम्ति, मेरा लागि आदि ।

## ३. कारक/विभक्तिमा भेद

कारक काम गर्ने व्यक्ति वा साधन भएकाले यसको पहिचान प्रस्ट नहुँदा विभक्ति चिह्नले अझ प्रस्ट पारी चिनाउने काम गरेको हुन्छ । कारक विभक्तिमा गौर गरेर हेर्दा भेद निम्न लिखित देखिन्छन् ।

| कारक | विभक्ति |
|---|---|
| कारक काम गर्ने व्यक्ति वा वस्तु हो । | विभक्ति एक चिह्न मात्र हो । |
| कारकाले क्रियासँग सोझो सम्बन्ध राख्छ । | विभक्तिले कारक चिनाउने काम गर्छ । |
| कारकको आफ्नो स्वतन्त्र अर्थ हुन्छ । | विभक्तिको आफ्नो अर्थ हुँदैन । कारकसँग जोडिएर मात्र अर्थ प्रदान गर्छ । |
| कारक छ प्रकारका हुन्छन् । जस्तै : कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण । | विभक्ति सात प्रकारका हुन्छन् । जस्तै : प्रथमा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमी । |

अर्थ तथा कार्यका आधारमा कारक र विभक्तिका प्रकार

| कारक | विभक्ति | विभक्ति चिह्न | अर्थ प्रधानता |
|---|---|---|---|
| कर्ता | प्रथमा | ले/बाट | काम गर्ने (व्यक्ति, वस्तु) |

| | | | |
|---|---|---|---|
| कर्म | द्वितीया | लाई | कामको असर पर्ने |
| करण | तृतीया | ले/बाट/द्वारा | काम गर्ने साधन |
| सम्प्रदान | चतुर्थी | लाई/लागि/निम्ति | लक्ष्य/उद्देश्य/कामको प्रयोजन |
| अपादान | पञ्चमी | देखि/बाट/देखिन | सुरु हुने/गर्ने समय, छुट्टिने स्थान |
| | षष्ठी | को/का/की/रो/रा/ री/नो/ना/नी | सम्बन्ध देखाउने |
| अधिकरण | सप्तमी | मा/माथि | आधार व्यक्त गर्ने |

## कारक र यिनको प्रकार र प्रयोग

### १. कर्ता कारक :

नाम वा सर्वनामले कार्य गर्दा क्रियासँग सोझो सम्बन्ध राख्ने शब्द कर्ता कारक हो । कर्ता कारकलाई ले/बाट विभक्तिले चिनाए पनि कहिले विभक्ति नजोडिई पनि आउँछ ।

जस्तै :

- राम पोखरा जान्छ ।
- ऊ पुस्तक पढ्छ ।
- हरिले कृष्णलाई बोलाए ।
- तिमीबाट गल्तीहरू गरिए ।
- उनले गृहकार्य सकेछन् ।
- दाजुबाट गरेका कामहरू सकिए ।

रेखाङ्कित कर्ता, कारकमा पछाडि जोडिएका विभक्ति प्रथमा विभक्ति हुन्छन् ।

### २. कर्म कारक :

कर्ताले गरेको कामको कार्य व्यापार गर्ने नामिक पदलाई कर्म कारक भनिन्छ । जस्तै :

- म भाइलाई बोलाउँछु ।
- तिमी उनलाई पत्रिका बेच्छौ ।
- सेवकले पुस्तक पढ्यो ।
- किसानले बारी खने ।
- तिमी पानी ल्याउँछौ ।
- हरि साथीलाई पाठ पढाउँछ ।

- तिमी उसलाई सहयोग गर ।
- किसानले गोरुलाई घाँस दिए ।

रेखाङ्कित शब्द कर्म हुन् । कर्मसँग पछाडि जोडिएका रूप द्वितीया विभक्ति हुन्छन् ।

### ३. करण कारक :

काम गर्ने साधन करण कारक हुन्छन् । कर्ताले काम गर्दा कुन वस्तु वा साधन प्रयोग गर्छ त्यो करण कारक हुन्छ । जस्तै :

- चुलेसीले तरकारी काट ।
- हरिले कैँचीले कपाल काट्यो ।
- ऊ गाडीबाट आयो ।
- गुरुले फटाहा शिक्षार्थीलाई हातले पिट्नुभयो ।
- तिमीलाई ज्वरोले सतायो ।
- गाईलाई लौराले नपिट ।
- प्रीतिले कमललाई नङले कोतरी ।

माथिका वाक्यमा रेखाङ्कित शब्दहरू करण कारक हुन् । तिनको पछाडि जोडिएका ले/बाट तृतीया विभक्ति हुन् ।

### ४. सम्प्रदान कारक :

कर्ताको लक्ष्य वा उद्देश्य बनेर आउने नामिक शब्द सम्प्रदान कारक हुन्छन् । जस्तै :

- कामनाले उसलाई कलम दिइन् ।
- मैले तिम्रा लागि उपहार ल्याइदिएँ ।
- सुमनाले पूजाका निम्ति फूल टिपिन् ।
- युवतीले शङ्करलाई चिठी दिइन् ।
- मैले भाइलाई कपडा किनिदिएँ ।

माथि रेखाङ्कन गरेका कारकहरू सम्प्रदान कारक हुन् ।

### ५. अपादान कारक :

जुन कारक सुरु हुने समय हो, छुट्टिने स्थान हो त्यो अपादान कारकमा पर्दछ । अपादान कारकमा देखि, बाट, देखिन् विभक्ति लाग्छन् । जस्तै :

- श्यामा नारायणगोपालबाट छुट्टिइन् ।
- म पोखराबाट फर्किएँ ।
- आजदेखि वार्षिक परीक्षा सुरु रे ।

- पूर्वदेखि पश्चिम कति किलोमिटर छ ?
- लिपुलेकदेखि कालापानी नजिकै पर्छ ।
- पेयपदार्थ पिएदेखि कमलाले धनवीरलाई त्यागी ।

माथिका रेखाङ्कन गरेका शब्दहरू अपादान कारक हुन् । अपादान कारकमा देखि/बाट/देखिन् विभक्ति लागेका हुन्छन् ।

### ६. अधिकरण कारक :

जुन शब्दले आधार दिन्छ, टेवा दिन्छ त्यो कारक अधिकरण कारक हुन्छ । अधिकरण कारकमा 'मा/माथि' विभक्ति जोडिन्छन् ।

- छानामा फर्सी छ ।
- तिमीमाथि नजर परे ।
- छतमा गट्टा खेल्दा क्या मज्जा आउँछ ।
- पुस्तकमा पानाहरू छन् : पानामा जीवनका अक्षरहरू छन् ।
- आँखाबाट टिल्पिलाएका आँसु आँखैमा बिलाए ।
- उनमा जीवनको भर भेटेको छु ।
- मनमा माया हुन्छ रे आकाशमा बादल मादलमा खरी ।

माथि मा र माथिसँग जोडिएका अगाडि रेखाङ्कन गरिएका सबै शब्दहरू अधिकरण कारक हुन् ।

नोट : षष्ठी विभक्तिहरूसँग जोडिएका सम्बन्ध गाँस्न आउने नामिक शब्दहरू सम्बन्ध कारक हुन् पनि भनिन्छ । कतै ती शब्दलाई कारकमा राखिएका छैनन् । को, का, की, रो, रा, री, नो, ना, नी षष्ठी विभक्ति हुन् । (तिनको प्रयोग यस प्रकार छन् ।

**नाम/सर्वनाम**

| | | | | |
|---|---|---|---|---|
| हरि/ऊ | + | का | – | हरिका/उसका |
| राम/तिनी | + | की | – | रामकी/तिनकी |
| तिमी (पु.) | + | रो | – | तिम्रो |
| हामी/तिमी | + | रा | – | हाम्रा/तिम्रा |
| तिमी(स्त्री) हामी | + | री | – | तिम्री/हाम्री |
| आफू | + | नो | – | आफ्नो |
| आफू | + | ना | – | आफ्ना |
| आफू | + | नी | – | आफ्नी |
| श्याम/ऊ | + | को | – | श्यामको/उसको |

## अभ्यास

१. कारक भनेको के हो ? कारक कति प्रकारका छन् ? लेख्नुहोस् ।

२. कारकलाई केले चिनाउँछ ?

३. विभक्ति भनेको के हो ? यी कति प्रकारका हुन्छन् ? नाम लेख्नुहोस् ।

४. कारक र विभक्तिमा के के भिन्नताहरू पाइन्छन् ? लेख्नुहोस् ।

५. रूपका आधारमा कारक कति प्रकारका छन् ?

६. सरल कारकलाई तिर्यक कारक र तिर्यक कारकलाई सरल कारक कसरी बनाउन सकिन्छ ? उदाहरण दिई लेख्नुहोस् ।

७. तलका वाक्यमा रेखाङ्कन गरेका शब्दका कारक/विभक्ति दुवै छुट्याउनुहोस् ।

(क) तिम्रो छोराले आज थालमा भात ग्वाम्ग्वाम् खायो ।

(ख) सीताको काम अबदेखि नगर, उसले ज्यालादारीलाई पारिश्रमिक नै दिन्न ।

(ग) कविताले कवितामा जीवन पाई र त्यही प्रेरणाले सत्कर्ममा लागी ।

(घ) म उसको साथी हुँ ।

(ङ) तिमी कोसँग वनमा बस्यौ, यत्रोबेर ? अबदेखिन् नजानू नि ।

(च) चराको गुँडमा बचेराले आँ गरेर चारा खोज्दै छन् तर त्यसका बाआमा सिकारीले गुलेलीले मारिसकेछ ।

(छ) विहान ६ बजेबाट नै परीक्षा सुरु हुने कार्यतालिका आएको छ, म पनि तयारीमा जुटेकी छु ।

(ज) हाम्रा कामहरू भोलिदेखि फत्ते हुन्छन् तर नयाँ कामको जोहो कहिलेदेखि हुने हो खै ।

(झ) कपालका जुम्राले सकसक गरेजस्तै नेताले सदनमा उत्तिकै चहलपहल गरेका छन् ।

(ञ) बाख्राका पाठापाठी खोरमा म्याँम्याँ ! गरेदेखि उसले घाँस हाल्ला नत्र कानमा तेल हालेर बस्छ ।

(ट) टेबुलमाथि राखेको किताबले कति ज्ञान दिन्छ भनेर तुलना गर्नभन्दा त्यसका ज्ञान व्यवहारमा उतार्नु नै कल्याण हुन्छ ।

(ठ) नेपाली सेनाले देशका लागि बलिदान दिन पछि परेका छैनन् तर आवश्यक परे बन्दुकले युद्ध गर्न पनि तयार छन् ।

(ड) ती किताबमा किराले किताबमा पसेर कुटुकुटु किताब नै खाएपनि ती किरा विद्वान् हुनका लागि लायक हुँदैनन् ।

(ढ) हनुमान ढोकामा प्रहरीले केही फटाहा लिएर एउटा बाटो खन्ने काम ठेक्का लिएका छन् ।

(ण) घरको काम एक डल्लो ढिँडो र रोटी खाएर पनि गर्नुपर्छ ।

(त) पैसाको मूल्य जसले गर्छ त्यहाँ अरूको पनि आनन्द र सुखचैनमा सहयोगी बन्न सक्छ ।

(थ) तेरो कुरा मानेर उसले विहानदेखि नै पुस्तक खोलेर कुर्सीमाथि बसेर पढ्न बस्दा हातबाट किताब भुइँमा खस्यो ।

(द) एक दिनमा मानिसले धेरै कुरामा बुद्धि पुर्‍याएर काम गर्न सक्छ किनकि यो कम्प्युटरको जमाना हो ।

(ध) छातामा बसेकी प्रेमले आज पनि जीवनको साथ पाएको छ ।

(न) तिम्रा साथी र उसका साथी मिलेर गाउँमा विकासका लहर नै ल्याएका छन् रे भन्ने मैले नि अस्तिबाट थाहा पाएको ।

(प) कमलबाट भएको गल्ती सरोजले सुधार्न सहयोग गरेपछि कमलले सरोजलाई बधाई तथा धन्यवाद ! दियो ।

(फ) तेरो घरमा आजबाट पाहुना जान्छन् किनभने यिनको भिसाको समय सिद्धिएको छ ।

एकाइ २१

# करण–अकरण

## १. करण-अकरणको परिचय

| करण वाक्यहरू | अकरण वाक्यहरू |
|---|---|
| केदार आयो । | केदार आएन । |
| कमल सधैँ पढ्छ । | कमल कहिल्यै पढ्दैन । |
| देवान जहाँतहीँ हिँड्थ्यो । | देवान कतै पनि हिँड्दैनथ्यो । |
| उसले सेवा गरेको छ । | उसले सेवा गरेको छैन । |
| तँ पढ्न जा । | तँ पढ्न नजा । |
| हरिकला आइछे । | हरिकला आइनछे । |
| तेरो मन दह्रो छ । | तेरो मन दह्रो छैन । |

माथिका अकरण वाक्यहरूमा क्रियापदमा कतै अगाडि, कतै बिचमा त कतै पछाडि न जोडिएर नकारात्मक अर्थ दिएका छन् ।

वाक्य, भनाइ वा बोलाइले हो, हुन्छ, वा सकारात्मक अर्थ नकारात्मक होइन भन्ने अर्थ प्रदान गर्नुलाई करण–अकरण भनिन्छ । सकारात्मक वा हो अर्थ दिने करण करण हुन्छ, त्यसको उल्टो नकारात्मक वा होइन अर्थ प्रदान गर्ने अकरण हुन्छ । करणलाई अकरण बनाउँदा क्रियापद अनिवार्य रूपमा अकरण बनाउनुपर्छ ।

वाक्यको बिचमा क्रियाबाहेक अन्य यस्ता तल उल्लेखित शब्द दिए तिनलाई पनि द्वैध अकरण/करण बनाउँदा परिवर्तन गर्नुपर्छ ।

जस्तै :

| यस्ता करण रूप आए | अकरण यस्तो बनाउने |
|---|---|
| जुनै/जुन पनि | कहिल्यै |
| सबैले | कसैले/कसैले पनि |
| जतै पनि | कतै पनि |
| जहाँ पनि/जता पनि | कतै पनि |
| सबै | कुनै पनि |
| जो कोही | कोही पनि |

| | |
|---|---|
| जहिल्यै | कहिल्यै |
| धेरै/थोरै | कत्ति पनि |
| राम्रो | नराम्रो |
| यति | कत्ति पनि |
| जे पनि | कही पनि |
| जुन/जुनै बेला पनि | कुनै बेला पनि |
| जुनै काम | कुनै पनि काम |

१. **आज्ञार्थ र सम्भावनार्थमा – अकरण बनाउँदा क्रियाको अगाडि अकरण बोधक न लाग्छ।**

**आज्ञार्थ वाक्यहरू :**

- तँ खाना नखा ।
- तिमी पुस्तक नपढ ।
- तपाईँ खेल नहार्नुहोस् ।
- तिमीहरू खोलातिर नजाओ ।
- तपाईँहरू योगा गर्न नछुटाउनुहोस् ।
- हजुर ढिला नआइबक्सियोस् ।
- हजुरहरू गल्ती नगर्दा गाली नगरिबक्सियोस् ।

**सम्भावनार्थ वाक्यहरू**

- उसले खाना नखाला ।
- उनले फटाइँ नगर्लिन् ।
- बहिनी ढिलो खाना खाएर शिक्षालय नजाली ।
- उहाँ पोखारबाट नआइपुग्नुहोला ।
- हामी घुम्न डोटी नजाऔँला ।
- तँ नपढे पास नहोलास् । (पुलिङ्ग)
- तँ नपढे उत्तीर्ण नहोलिस् । (स्त्रीलिङ्ग)

**सम्भावनार्थको करणको क्रियालाई अकरण बनाउँदा धातु + ओइन पनि गरिन्छ।**

| | | | |
|---|---|---|---|
| – | हरि पुस्तक पढ्ला | – | हरि पुस्तक पढोइन । |
| – | म खाना खाउँला | – | म खाना खाओइन । |
| – | उनीहरू खेताला जालान् | – | उनीहरू खेताला जाओइनन् । |
| – | तँ लेख लेख्लास् । | – | तँ लेख लेखोइनस् । |

२. **अभ्यस्त र अज्ञात भूतकालीन क्रियाको अकरण बनाउँदा अकरण बोधक न बिचमा लाग्छ।**

- तँ मसँग खेल्दैनथिस्।
- म खाना फ्याल्दिनथेँ।
- ऊ खेल हार्दैनथ्यो।
- उनीहरू पहाड चढ्दैनथे।
- हामी वनबाट चाँडो फर्कदैन्थ्यौँ।
- तिमीहरू पास हुँदैनथ्यौ।
- खेलाडीहरू मिहिनेत गरी खेल्दैनथे।
- भाइ आज सुतेनछ।
- चोरले आत्मसमर्पण गरेनछन्।
- हामीले त्यो बेला खेल जितेनछौँ।
- तँ शिक्षालय गइनछस्। (पुलिङ्ग)
- तँ शिक्षालय गइनछेस्। (स्त्रीलिङ्ग)
- हामीले दीक्षा दिएनछौँ।
- प्यास लाग्दा पानी पिएनछौँ।
- तिमीले/तिमीहरूले फाटेका नाना सिएनछौ।

३. **सामान्य भूत र सामान्य वर्तमान कालीन क्रियालाई अकरण बनाउँदा अकरणबोधक 'न' पछाडि लाग्छ।**

- सरोज खेत जाँदैन।
- उनीहरू घर आउँदैनन्।
- भाइ छिट्टै आउँदैन।
- ऊ अब आउँदिन।
- तपाईँ मेरो घर आउनुभएको छैन।
- उनी खेताला आउँदिनन्।
- हजुरहरू रोपाइँमा जानुहुन्न।
- उसले सीतालाई हरेन।
- उनीहरूले पानी पिएनन्।
- सुन्तु आज आइन्।
- सविनाले दुःखीलाई सहयोग गरिनन्।

- तिमीले वर्षभरि खाने धान भकारीमा भरेनौँ ।
- हामीले जित्नकै लागि खेल खेलेनौँ ।
- मैले उनलाई केही भनिनँ ।
- तँ यता कहिल्यै आइनस् ।

## ४. इच्छार्थ र सङ्केतार्थमा अकरण बनाउँदा अकरणबोधक/निषेध बोधक न अगाडि लाग्छ ।

### इच्छार्थका अकरण वाक्यहरू

- उनीहरूले/उनले घाममा बिस्कुन नसुकाऊन् ।
- कसैले अरूको कुभलो नगरुन् ।
- तिमीले पुरस्कार नपाए ।
- यो कुरा उनले कसैलाई नभनून् ।
- उनीहरूबाट पेय पदार्थ नखाइयून् ।
- तिनीहरूबाट नकाम नगरियून् ।
- आफ्नो मात्र भुँडी कहिल्यै नभरौँ ।
- कसैले दुःख नपाऔँ ।
- हामी झ्याली गरेर खेल नजितौँ ।
- म कहिल्यै दुःख नपाऊँ ।

### सङ्केतार्थमा अकरण हुने अवस्था

- तिमीले दुःख नगरे हुन्थ्यो ।
- सुनेको समाचार नभने हुन्छ ।
- बिग्रेका सामान नल्याए हुने छ ।
- मैले दुःख नपाए हुन्थ्यो । तिमीहरू मसँग नआए हुन्थ्यो ।
- त्यो पानी नफेरियून् ।
- बालबालिकालाई हरर फिल्म नदेखाए हुन्छ ।

### द्वैध अकरण र एकल अकरण

**द्वैध अकरण :**

एउटै वाक्यमा पूर्ण अकरण बनाउन दुई ठाउँ अकरण बनाउने प्रक्रिया द्वैध अकरण हो ।
जस्तै :

१. गोविन्द सधैँ पानी पिउँछन् ।
   गोविन्द कहिल्यै पानी पिउँदैनन् ।

२. कमला जहिल्यै विहान मन्दिर गई पूजा गर्छिन् ।

कमला कहिल्यै पनि विहान मन्दिर गई पूजा गर्दिनन् ।

३. उसले भोक लाग्दा जत्ति पनि खाना खान्छ ।

उसले भोक नलाग्दा कत्ति पनि खाना खाँदैन ।

४. नेताले जनताको जत्ति श्रम लुटे हुन्थ्यो ।

नेताले जनताको कत्तिपनि श्रम नलुटे हुन्थ्यो ।

५. असल शिक्षार्थीले उच्च शिक्षा लिएला ।

खराब शिक्षार्थीले उच्च शिक्षा नलिएला ।

**शाश्वत सत्य वा प्राकृतिक सत्यको अकरण सम्बन्धमा –**

शाश्वत् सत्य वा प्राकृतिक सत्यलाई उल्ट्याउन सकिँदैन र कहिल्यै कसैले सक्तैन पनि वाक्यलाई पूर्ण रूपमा अकरण बनाएको, प्राकृतिक सत्यलाई उल्ट्याएको होइन । व्याकरणमा बालबालिकाको वाक्यलाई ध्रुवीकरण गर्ने कला, क्षमता, बोलीचालीमा अकरण बनाउने शिल्पलाई भाषिक प्रयोगको एक कला मानिने हुनाले वाक्यलाई पूर्ण रूपमा अकरण बनाउन सबै विद्वान्, लेखक, पाठक, साहित्यकार, भावकहरू सहमत हुनुहुन्छ । यहाँ हामीले वाक्यको मात्र अकरण बनाएका हौं । (मैले बनाएको हुँ।) प्राकृतिक सत्य बदल्न खोजेको होइन भन्ने बुझी वाक्यलाई पूर्ण रूपमा अकरण गर्नु नै श्रेयस्कर हुन्छ । पढ्ने बालबालिकामा कुनै पनि दुविधा नदिई, द्वन्द्व नगराई सबै गुरुजनले यही सिकाऔँ । शिक्षार्थीले पनि यही वाक्य मात्र अकरण बनाएको हो भन्ने सिकौँ । जस्तै : धर्मले सहिष्णु बनाउन सिकाउँछ ।

१. घाम सधैँ पूर्वबाट झुल्किन्छ ।

घाम कहिल्यै पूर्वबाट झुल्किँदैन ।

२. गाई घाँस खान्छ ।

गाई घाँस खाँदैन ।

३. ईश्वरले सबैलाई प्रेम गर्छन् ।

ईश्वरले कसैलाई प्रेम गर्दैनन् ।

४. हावा सधैँ वहने गर्छ ।

हावा कहिल्यै वहने गर्दैन ।

५. कवि कविता लेख्छन् ।

कवि कविता लेख्तैनन् ।

६. मानिसले खाना खान्छन् ।

मानिसले खाना खाँदैनन् ।

७. पत्रकारले समाचार लेख्छन् ।
पत्रकारले समाचार लेख्तैनन् ।

८. वृद्धवृद्धाले अक्सर खोक्छन् ।
वृद्धवृद्धाले कहिल्यै खोक्तैनन् ।

९. पानी उत्तरबाट दक्षिण हुँदै बग्छ ।
पानी उत्तरबाट दक्षिण हुँदै बग्दैन ।

१०. विद्यार्थी सधैँ पढ्छ ।
विद्यार्थी कहिल्यै पढ्दैन ।

११. घाम पश्चिममा अस्ताउँछन् ।
घाम पश्चिममा अस्ताउँदैनन् ।

१२. गुरुले चेलालाई ज्ञान बाँड्नुहुन्छ ।
गुरुले चेलालाई ज्ञान बाँड्नुहुन्न ।

१३. पृथ्वीले सूर्यको परिक्रमा गर्छ ।
पृथ्वीले सूर्यको परिक्रमा गर्दैन ।

१४. आकाश निराकार छ : ज्ञान सर्वव्यापक छ ।
आकाश निराकार छैन : ज्ञान सर्वव्यापक छैन ।

## अभ्यास

(क) करण भनेको के हो ?

(ख) अकरण भनेको के हो ?

(ग) ध्रुवीयता भन्दा तपाईँ के बुझ्नुहुन्छ ?

(घ) अकरण बनाउँदा विधिहरू के के छन् ?

(ङ) द्वैध अकरण र एकल अकरण भनेको के हो ? लेख्नुहोस् ।

(च) शाश्वत् सत्यलाई किन पूर्ण अकरण बनाउने रहेछ ?

(छ) अज्ञात भूत र अभ्यस्त भूतका अकरण बनाउँदा अकरण बोधक 'न' कहाँ लागछ ?

(ज) आज्ञार्थ र सामान्यार्थमा अकरण बोधक न कहाँ कहाँ लाग्छ ? उदाहरण दिई लेख्नुहोस् ।

(झ) तलका वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस् ।

१. असारमा पानी पर्छ ।
२. म सधैँ चाँडै उठ्छु ।
३. म विद्यार्थी हुँ ।
४. मेरो काम सकियो ।

५. ऊ ताजा दुध पिउँथ्यो ।

६. तेरी आमा आउनुभयो ।

७. जुनैबेला गाडी आउन सक्छ ।

८. ईश्वर सबैका एक हुन् ।

९. ऊ सधैँ डेस्क सफा गर्न कापी च्यात्छ ।

१०. जताततै हिँड्नु राम्रो कुरा हो ।

११. सधैँ बिहान योगीले योगा सिकाउनुभयो ।

१२. ऊ पानी औधि पिउँछ ।

१३. उसले मर्कटाशन गऱ्यो ।

१४. मेरो नाम गोकर्ण हो ।

१५. म नेपाली पुस्तक ३ दिनमा पढेर सक्छु ।

१६. उहाँले शान्तिपाठ गर्नुभएछ ।

१७. मेरी आमाले मलाई माया गर्नुहुन्छ ।

१८. मानवले मानवलाई बुझ्न सक्नुपर्छ ।

१९. योगा गरे शरीर स्वस्थ हुन्छ ।

२०. म आमालाई धेरै आदर र सम्मान गर्छु ।

२१. आज विहानै घाम दखिएलान् ।

२२. म त जुनबेला पनि पढ्छु ।

२३. थालेपछि जुन काम पनि सकिन्छन् ।

२४. जुन काम पनि गाह्रो भए मलाई ।

२५. जताततै हिँड्दा भाइ हराएको थियो ।

२६. गोविन्द पढ्दा जहिल्यै ध्यान दिन्छ रे ।

२७. उसलाई सबैले माया गर्छन् नि ।

२८. मैले सबै काम थालेको छु, सक्छु ।

२९. म अब त घर बाहिर सधैँ निस्किन्छु ।

३०. पढेपछि पास होइन्छ, होइन्छ ।

३१. गुरुले बिग्रँदा मलाई बारम्बार सम्झाउनुभयो ।

३२. तिमी जहिल्यै पनि पढ्ने बेला हिँड्छौ रे नि ।

३३. पढे जुन विषय पनि सजिलो हुन्छ ।

३४. भाइ त विहानै कलङ्की आउँछ ।

३५. ईश्वरका नजरमा सबै बराबर हुन्छन् ।

३६. जुन लुगा पनि तिमीले नै लगाउने ?

३७. काँडाले फूल तथा वागको संरक्षण गर्छ ।

३८. एउटा कामले अर्को काम गर्ने प्रेरणा दिन्छ ।

३९. मानवले पाप र पुण्य दुवै कर्म गर्छन् ।

४०. थोरै खाऊ, मिठो खाऊ ।

४१. ती सबै काम तिमीले गरे हुन्थ्यो ।

४२. नेता जी ! देश खोक्रो बनाउनुहोस् ।

४३. पूर्खाका कर्मले हामीलाई सधैँ अघि बढ्न प्रेरणा मिल्छ ।

४४. म नौ कक्षाबाट उत्तीर्ण भएर आएको हुँ ।

४५. प्रत्येक मन मुटुमा देश दुखेको हुन्छ ।

४६. भाषाले जुनै पनि नागरिकलाई भाषिक एकीकरण गर्छ ।

४७. माया, प्रेम, स्नेह, प्यार पर्याय शब्द हुन् ।

४८. जुनै काम गर फाइदाजनक हुन्छन् ।

४९. तिमी जुनै पनि मुढामा बस्न सक्छौ ।

५०. जुन पुस्तक भेट्टायौ, त्यो मेरो रहेछ ।

५१. जहिल्यै पनि रेडियोले समाचार दिन्छ ।

**(ञ) अकरण वाक्यलाई करणमा ध्रुवीकरण गर्नुहोस् :**

१. म मानव अधिकारकर्मी होइन ।

२. आकाशमा ताराहरू छैनन् ।

३. म अब कहिल्यै पनि रुन्न ।

४. ती सुकाएका लुगा कुनै पनि तिम्रा होइनन् ।

५. रोगले राज्यलाई स्वस्थ बनाउँदैन ।

६. मलाई पानीको र ज्ञानको प्यास लागेको छ ।

७. कोही जनताले खाना लाउन नपाऊन् ।

८. कुनै पनि प्राणी निरोगी नबनून् ।

९. कुनै पनि बाटा साँघुरा छैनन् ।

१०. कुनै पनि छातीमा देश लुकेको हुँदैन ।

११. फुटले कुनै पनि देश बन्दैन ।

१२. हामी कोही मित्रहरू छुटेका थिएनौँ ।

१३. जहाँ माटो छैन त्यहाँ नेपाली पुगुन् ।

१४. जीवन नगर्नका लागि पाइएको होइन ।

१५. देशले मलाई केही पनि दिएको छैन ।

१६. शहीदहरूले देशका लागि रगत, पसिना दिएका थिएनन् ।

१७. पाप नगरे पाप हुँदैन ।

१८. तपाईँले कर्म नगरे फल कसरी पाउनुहुन्छ ।

१९.	आफू त भाइसँग वनतिर गइँदैनथ्यो ।
२०.	उनीहरूले सजाय पाएनछन् ।
२१.	खराब कर्म गरे खराबै फल मिल्छ ।
२२.	'तृषा' उपन्यास त्यति राम्रो लागेन ।
२३.	योगमाया नारी आन्दोलनकी कमजोर योद्धा होइनन् ।
२४.	तपाईँहरू तामसी भोजन नगर्नुहोस् ।
२५.	सत असतको बाटो कर्मले छुट्याउँछ ।
२६.	म सही र गलत छुट्याउनै सक्तिनँ ।
२७.	नराम्रो सङ्गत कसरी त्याग्ने आमा ?
२८.	नराम्रो नराम्रो कर्ममा कहिल्यै उद्धत हुनु हुँदैन ।
२९.	खान नपाएपछि कोही नबाँच्लान् ।
३०.	अब पापको कर्म नहोस् ।
३१.	कुनै पनि काम गर्न नसिक ।
३२.	मेहेनत नगरे फल प्राप्त हुँदैन ।
३३.	बाँच्नै नपाउनु नागरिकको अधिकार हुन सक्तैन ।
३४.	पुराना रुढी छोड्दै जानुहोस् ।
३५.	उहाँहरू नङ र मासु जस्तै हुनुहुन्थ्यो ।
३६.	पुस्तिका लेखेर सकिएका छैनन् ।
३७.	स्याउला कत्ति नकाटे बन मासिँदैन ।
३८.	दाम्पत्य जीवनबाट घृणा उत्पन्न हुँदैन ।
३९.	म कहिल्यै झगडालु बनेको हुने छैन ।
४०.	कसैले कसैलाई हेप्नु हुँदैन ।
४१.	कहिल्यै तिम्रो कापी हराउँदैनथ्यो नि ।
४२.	कुनै बेला पनि भूक्षय जान सक्तैन ।
४३.	त्यसले त कहिल्यै पढेकी छैन ।
४४.	नपढ्ने कोही फटाहा हुँदैनथे ।
४५.	नपढ्नेको इतिहास बिग्रेको हुँदैन ।
४६.	कोइराला सूर्यकिरणले 'जून अनि तारा' बाल कविता सङ्ग्रह लेखेका छैनन् ।
४७.	म निबन्धकार होइन ।

एकाइ २२

# आदरार्थी

## १. आदरार्थीको परिचय

आदर → निम्न तहः तँ पढ्छस्/पढ्छेस्
आदर → मध्यम तहः तिमी पढ्छौ/पढ्छयौ
आदर → अतिउच्च तहः हजुर पढिबक्सिन्छ

वाक्यमा प्रस्तुत वाक्यको सामाजिक मर्यादाअनुसार व्यक्तिको इज्जत र प्रतिष्ठाको सङ्केत गर्ने व्याकरणात्मक तत्त्वलाई आदर भनिन्छ ।

## २. आदरार्थीको प्रकार

सामाजिक मर्यादाअनुसार आदर भाव चार श्रेणीबाट व्यक्त गरिन्छ ।

### (क) अनादरार्थी

तँ कालो छस् ।
तैँले के काम गरिस् ?
कान्छाले बाटो बिरायो ।
ऊ बजार हिँड्यो ।
त्यो कसले खाएछ ?
हरि तुरुन्त फर्क्यो ।

उपर्युक्त उदारणमा आदरलाई नभई अनादरार्थी सर्वनाम र क्रियापदको प्रयोग भएको छन् । यसमा त द्वितीय पुरुष सर्वनाम र ऊ, यो, त्यो तृतीय पुरुष सर्वनाम र यी सर्वनामले लिने क्रियापद प्रयोग गरिन्छ ।

आफूभन्दा निम्न तहको व्यक्ति वा हेय व्यवहार दर्शाउँदा प्रयोग गरिने आदरलाई अनादरार्थी भनिन्छ ।

### (ख) मध्यम आदरार्थी

तिमी लुगा धोऊ ।
तिमी गीत गाउँछौ ।
ईश्वर मलाई माफ गर ।
उनी घुम्न जान्छिन् ।
तिमी पूजा गर्छिन् ।
यी मेरो भान्सा छन् ।

आफू समानका वा आफूभन्दा तल्लो तहकालाई आदर,प्रेम वा सद्भाव जनाउँछ । प्रयोग

गरिने आदरार्थीलाई मध्यम आदरार्थी भनिन्छ । मध्यम आदरार्थीमा तिमी द्वितीय पुरुष र उनी, यिनी, तिमी तृतीय पुरुष सर्वनाम र यी सर्वनामअनुसारका क्रियापद प्रयोग गरिन्छ ।

(ग) **उच्च आदरार्थी**

तपाईँ बजार जानुहुन्छ । उहाँ कता हिँड्नुभएछ ।
यहाँ के गर्दै हुनुहन्छ । तपाईँ आज आउनुहुन्छ ।
दाजु घुम्न जानुभयो । मन्त्रीज्यू विदेश जानुभयो ।

माथिका उदारहणहरू तल्लो तहकाले आफूभन्दा माथिको तहलाई प्रयोग गर्ने बोली हुन् । उच्च आदरार्थीमा तपाईँ, हजुर, उहाँ जस्ता द्वितीय पुरुष सर्वनाम र तिनै सर्वनामले लिने क्रियापद प्रयोग गरिन्छ । उच्च आदरार्थीमा लिङ्ग भेद हुँदैन ।

(घ) **अतिउच्च आदरार्थी**

हजुर आज फर्किवक्सन्न कि ?
दिज्यू आज घुम्न गइबक्सिन्छ ।
मौसुफबाट प्रदर्शनी नजर गरिबक्स्यो ।
रानी साहेब भुजा ज्युनार गरिबक्सँदै छ ।

राज परिवार वा अति विशष्ट व्यक्तिहरूका लागि विशिष्ट आदरका साथ प्रयोग गरिने आदरार्थीलाई अतिउच्च आदरार्थी भनिन्छ । यसमा हजुर, मौसुफजस्ता सर्वनाम तथा लिङ्ग भेद नभएका क्रियापद प्रयोग हुन्छन् ।

## अभ्यास

१. **तलका वाक्य कुन आदरमा छ, चिनेर लेख्नुहोस् :**

(क) तँ फुटबल खेल्छस् । (ख) उहाँ घर आउनुभयो ।
(ग) छोरी गनगन गर्गैछे । (घ) ऊ घरबाट आयो ।
(ङ) तपाईँ के भन्दै हुनुहुन्छ । (च) सञ्जयले मलाई बतायो ।
(छ) भाइ धुरुधुरु रोयो । (ज) तपाईँ कहिले आउनुभयो ।
(झ) तिमी गीत गाउँछौ । (ञ) हजुरले पहिले बताइबक्सियो ।
(ट) त्यो यतै आयो ।

२. **खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :**

(क) ................ मलाई कहिले भेट्यौ ? (ख) .............. राम्ररी पढ्छन् ।
(ग) .............. चिठी पठाउनुभयो । (घ) ............ चकचक गर्छ ।

(ङ) .................. सवारी होस् ।  (च) .................भेटेको छ ।

(छ) ................. सामान बेच्यो ।  (ज) ............... खाना खानुहुन्छ ।

(झ) ................ बजार गइबक्सियो ।

(ञ) .........हामीलाई व्याकरण पढाउनुहोस् ।

३. **कोष्ठकमा दिइएका निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् :**

(क) छोरो कता गएछ ? (मध्यम आदर)

(ख) तैँले आज के काम गरिस् । (उच्च आदर)

(ग) तिमी घरमा गएर पढ् । (अनादरार्थी)

(घ) तपाई किताब पढ्दै हुनुहुन्छ । (मध्यय आदर)

(ङ) केटो कता हरायो । (मध्यम आदर)

(च) ऊ कहिले आउँछ ? (मध्यम आदर)

(छ) केटी राम्री छिन् । (अनादर)

(ज) उहाँ कता जानुभएछ ? (अनादर)

(झ) हरि बेसरी हाँस्यो । (मध्यम आदर)

(ञ) केटी बिरामी छिन् । (उच्च आदर)

(ट) हजुर सवारी होस् । (अनादर)

(ठ) तैँले फूल टिपिस् । (मध्यम आदर)

(ढ) मन्त्रीज्यू आउँदै हुनुहुन्छ । (अनादर)

(ण) तिमी भोलि आइपुग्छौ । (उच्च आदर)

(त) गीता मिठो गीत गाउँछिन् । (उच्च आदर)

(थ) हजुर आज फर्किबक्सिन्छ । (मध्यम आदर)

(द) तिमी के खान्छौ ? (अनादर)

(ध) तपाईं के गर्नुहुन्छ । (मध्यम आदर)

(न) उनीहरू घर जाँदैनन् । (उच्च आदर)

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) आदरार्थी भनेको के हो ?

(ख) आदर कति प्रकारका छन् ?

(ग) अनादरार्थीको प्रयोग कस्ता व्यक्तिलाई गरिन्छ ?

(घ) मध्य आदरार्थीको प्रयोग कस्ता व्यक्तिलाई गरिन्छ ?

(ङ) उच्च आदरार्थीको प्रयोग कस्ता व्यक्तिलाई गरिन्छ ?

एकाइ २३

# वाक्य र वाक्यका प्रकार

## १. वाक्यको परिचय

- कमल धुरुधुरु रोयो ।
- वंशी पढ्दै छ ।
- सर्जकले सिर्जना गरेका हुने छन् ।

माथि रेखाङ्कन गरिएका कमल – उद्देश्य, रोयो – विधेय, वंशी – उद्देश्य, पढ्दै छ –(क्रिया) विधेय, सर्जक – उद्देश्य, गरेका हुने छन् – विधेय हुन् । ती सबै वाक्य हुन्, सबै अर्थपूर्ण छन् ।

- योजनाले काम गरिन् ।

  योजना – उद्देश्य (कर्ता)  गरिन् – विधेय (क्रिया)

- कमला गृहकार्य गर्छे ।

  कमला –उद्देश्य (कर्ता)  गर्छे – विधेय (क्रिया)

वाक्यलाई लम्ब्याउन उद्देश्यलाई विस्तार गरी उद्देश्य विस्तारक थपिन्छ भने विधेय विस्तार गर्न विधेय अगाडि विधेय विस्तारक थपिन्छ र वाक्यलाई लम्ब्याइन्छ ।

भाषाको क्रमबद्धतामा स्वर वा ध्वनि, वर्ण, अक्षर, शब्द, पदावली, वाक्य र अनुच्छेद हुन्छन् । तलबाट गन्दा छैटौं श्रेणीमा पर्ने वाक्य हुन्छ । समग्रमा वाक्य भन्नाले पदावलीभन्दा ठुलो अनुच्छेदभन्दा सानो अर्थयुक्त एउटा उद्देश्य (कर्ता) र एउटा विधेय (क्रिया) अनिवार्य रूपले आएको अर्थपूर्ण भाषिक एकाइ नै वाक्य हो । वाक्य हुन एउटा उद्देश्य र एउटा विधेय विशेषतः आउने गर्छन् । कर्ता गौण भएर पनि कहिलेकाहीँ कर्ता स्वयम् बोल्छ । कर्ता आउन पनि सक्छ । शब्दहरूको सामूहिक अर्थपूर्ण भाषिक एकाई वाक्य हो । वाक्य पूर्ण हुन एउटा उद्देश्य र एउटा विधेय आउनुपर्छ । उद्देश्य विधेय मिलेर बनेको स्वतन्त्र अर्थपूर्ण हुनु वाक्यको विशेषता हो । कर्ता भएको खण्ड उद्देश्य खण्ड र क्रिया भएको खण्ड विधेय खण्ड हुन्छ । वाक्यमा विधेय अनिवार्य आउन भनेको वाक्य समापन हुनु हो । समापिका क्रियाले वाक्य टुङ्ग्याउनु हो ।

### (क) उसले हिमालमा हिउँ देख्यो ।

हिमाली जिल्ला भ्रमणमा गएको उसले हिमालमा हिउँ टलल्ल टल्केको देख्यो ।

हिमाली जिल्ला भ्रमणमा गएको = उद्देश्य विस्तारक

उसले (कर्ता) = उद्देश्य

| | |
|---|---|
| टलल्ल टल्केको | = विधेय विस्तारक |
| देख्यो | = विधेय |

(ख) **मानिस सामाजिक प्राणी हो ।**

मानिस = उद्देश्य (कर्ता)

हो = विधेय (क्रियापद)

समाजबिना जीवन निर्वाह गर्न नसक्ने मानिस सामाजिक प्राणी समाजमै मिलेर बस्ने गरेको हो ।

| | |
|---|---|
| समाजबिना जीवन निर्वाह गर्न नसक्ने | = उद्देश्य विस्तार |
| मानिस | = उद्देश्य (कर्ता) |
| समाजमै मिलेर बस्ने गरेको | = विधेय विस्तारक |
| हो | = विधेय (क्रियापद) |

## २. वाक्यका प्रकारहरू

**(क) सरल वाक्य**

**(ख) जटिल वाक्य**

(अ) मिश्र वाक्य (आ) संयुक्त वाक्य

### (क) सरल वाक्य

सामान्य उद्देश्य पूरा गर्ने हिसाबले निर्मित एउटा मात्र उद्देश्य र एउटा मात्रै विधेय मिलेर बनेको अर्थपूर्ण भाषिक एकाइ नै सरल वाक्य हो । सरल वाक्यमा कुनै पनि प्रकारका संयोजकहरू लागेका हुँदैनन् । एउटा उद्देश्य (कर्ता), एउटा विधेय (क्रियापद) अनिवार्य आएका हुन्छन् । सकेसम्म अल्पविराम (,) पनि लगाउन मिल्दैन किनकि अल्पविरामलाई पनि संयोजककै रूपमा लिइन्छ । अल्पविराम निरपेक्ष संयोजकको रूपमा विशेष प्रयोग हुन्छ । सरल वाक्यलाई लम्ब्याउन क्रियापदलाई कृदन्तीकरण (धातु + एको, एका, एकी, न, ने, नु, ता, दा, ई, एर, तो, दो, तै, दै) गरिन्छ । गरेपछि, गर्नका लागि, गरिसकेर... आदि गर्न पनि सकिन्छ ।

**सरल वाक्यहरू**

- कमल आए । = सामान्य सरल वाक्य
- बजार गएका कमल तिहुन तरकारी किनेर बजारबाट आए ।

उद्देश्य लम्ब्याई उद्देश्य विस्तारक थपेको र विधेय (क्रिया) लम्ब्याई विधेय अगाडि विधेय विस्तारक थपिएको संयोजक विहीन सरल वाक्य ।

- योजना हिँडी । योजना विद्यालय पुगी । योजना पढ्न थाली । प्रत्येक सामान्य सरल वाक्यलाई एउटै सरल वाक्य बनाउँदा कृदन्तीकरण गरिन्छ ।

योजना हिँडेर (हिँड् + एर) विद्यालय पुगेपछि पढ्न थाली । कृदन्तीकरण = हिँडेर, पुगेपछि

### (ख) जटिल वाक्य

सामान्यभन्दा अप्ठ्यारो निर्माण गर्ने प्रक्रिया केही गाह्रो हुने हुनाले बुद्धिमत्तापूर्वक बनाउन पर्ने हुनाले, यस्ता वाक्यलाई जटिल वाक्य भनिएको हो । यी जटिल वाक्य दुई प्रकारका छन् ।

#### (अ) मिश्र वाक्य

सापेक्ष संयोजक (जब, तब, जसरी, त्यसरी, भने, भन्ने..) ले जोडेका वाक्यहरू मिश्र वाक्य हुन्छन् । वा, एउटा मुख्य वाक्यमा अर्को आश्रित (मिसिन वा पूर्ण गर्ने आएको) उपवाक्य आए जसलाई सापेक्ष संयोजकले जोड्दा बन्ने वाक्य मिश्र वाक्य हुन्छ ।

- जब उसले काम गर्‍यो — आश्रित उपवाक्य
  फल प्राप्त गयो — मुख्य उपवाक्य
- जो आउँदै छ त्यो मेरो छोरो हो ।
  जो आउँदै छ — आश्रित उपवाक्य
  त्यो मेरो छोरी हो — मुख्य उपवाक्य

सापेक्ष संयोजकहरू : जो, त्यो, जुन, त्यो, जहाँ, त्यहाँ, जसरी त्यसरी, जोसँग, त्योसँग, भने, भन्ने, जतिबेला त्यतिबेला, जेकालागि, त्योका लागि... आदि ।

(माथिका सापेक्ष संयोजकहरू मिश्र वाक्य बनाउन प्रयोग हुन्छन् ।)

- जो खेतमा कोदालो मच्चाउँछ त्यो मेरो कर्मशील पति हो ।
- जुन काम थाल्यौ त्यो काम सकेर छाड्नू ।
- जहाँ तिमी पुग्छौ जहाँ तिमी केही गर्छौ त्यहाँ तिम्रो कर्म फुल्छ, फल्छ ।
- जसरी आयौ त्यसरी नै जाऊ ।
- जोसँग हिँड्छौ जोसँग काम गर्छौ त्योसँग जीवन चल्छ भन्ने छैन ।
- बुबा आउनुभयो भने म अवश्य गोठ जान्छु ।
- तिमीले थालेको पढाइ पूरा गर्छौ भन्ने मलाई विश्वास थियो ।
- जतिबेला तिमी आउँछौ, त्यतिबेला म ठिक्क परिरहन्छु ।
- त्यो सामान जेकालागि ल्याइयो त्यसैका लागि खर्च गर्नू ।
- जेका लागि त्यो फूल ल्यायौ त्यहीका लागि प्रयोग गर ।

#### (आ) संयुक्त वाक्य

छोटा छोटा सरल वाक्यहरूलाई निरपेक्ष संयोजक (र, अनि, पनि, त्यसैले, वा, किनकि...) ले जोडेर बन्ने वाक्य संयुक्त हुन्छन् । संयुक्त वाक्यमा छोटा छोटा सरल वाक्य धेरै आउन सक्छन् वा दुई वा दुईभन्दा बढी आउन सक्छन् ।

- निरपेक्ष संयोजकहरू र, अनि, पनि, ताकि, तथापि, किन्तु, परन्तु, त्यसैले, वा, अथवा, पनि, कि, कि..कि, न..न, अन्यथा, नत्र, नकि, या, तथा, एवं, नभए आदि । निरपेक्ष संयोजक लागेका सम्पूर्ण वाक्यहरू संयुक्त वाक्य हुन्छन् । सापेक्ष र निरपेक्ष संयोजक भने मिसाउनु हुँदैन । लामाभन्दा लामा वाक्य जोड्दै जान संयोजकहरूको प्रयोग हुने गर्छ ।

### केही संयुक्त वाक्यका निर्माण

- तिमी र म घर जान्छौँ ।
- हरि आयो र आइते गयो ।
- कविता कविता लेख्छिन् अनि वाचन पनि गर्छिन् ।
- रमेश पटक पटक लड्यो तथापि उठ्न जानेन ।
- तपाईँ गोरखा जानू तथापि गोरखाकालीको दर्शन गर्न नबिर्सनू ।
- तिमी पुस्तक किन या कापी किन अनि पढ ।
- कर्महरू त सबैले गरुन् ताकि कर्मका नाममा कुनै पाप नगरुन् ।
- बुबा संखुवासभा त जानुभयो किन्तु, असला माछाको सिल ल्याउन बिर्सनुभएछ ।
- मानिसहरू धर्म गर्छु भन्छन् परन्तु शास्त्रका कुरा अबलम्बनचाहिँ गर्दैनन् ।
- जहिल्यै पुस्तक पुस्तिका लिएर फिँजाई बस्थ्यो त्यसैले ऊ अनुत्तीर्ण भयो ।
- गीता तिमी खाना वा खाजा जे खाऊ तर चाँडै आऊ ।
- आउन त भाइ अथवा उसको साथी जो आए पनि हुन्छ ।
- कमल पनि आओस् श्याम कृष्ण पनि आओस् ।
- कि त्यो पुस्तक मलाई देऊ कि नोटकापी देऊ, पढ्नु छ ।
- राधे आई कि आइनँ ?
- न त आमा आउनुभयो न त बुबा, घरै सुन्ने भयो ।
- समय खेर नफ्याल अन्यथा जीवनमा हुने प्राप्ति सबै गुम्छन् ।
- बेलामा कर्म गरौँ नत्र दुःख पाइन्छ ।
- मेरा बुबाआमा पशुपति दर्शन गर्न जानुभयो परन्तु मेरो सँगै जाने सपना साकार भएन ।
- जीवन केवल वसन्त होइन, तुसारे शिशिर पनि हो ।
- उहाँ अनुभवि प्राध्यापक हुनुहुन्छ अन्यथा कसैले औँला उठाउँदैनन् ।
- तिमी फुकी फुकी पाइला चाल नकि ठेस नलागोस् ।
- फिरन्ते, घुमन्ते आए नत्र यो घर मानव विहीन हुन्थ्यो ।

- जिजुबाजेले रोपेका वर तथा पीपल अमरत्व प्राप्त गर्ने सत्कर्म हुन् ।
- वर एवं वधूको जोडी ठ्याक्कै मिल्छ ।
- तिमीहरू झट्टै आओ नभए तिमीहरूको खाजा अर्कैले खाला ।

## अभ्यास

(क) **तलका सरल वाक्यलाई मिश्र र संयुक्त वाक्य बनाउनुहोस् :**

१. सानामा बनेको एउटा साथीको नाम हरि थियो ।
२. आज त बसेर चिसो बतासमा सुस्ताउँछु ।
३. एकता पढेपछि जागिर खानेछे ।
४. हरिकुमार आउनासाथ कमला जुरुक्क उठी ।
५. सरोज गुरुले अध्यापन गराउने वित्तिकै कृष्ण गुरु आउनुभयो ।
६. सपनामा रोएको कुरा कसैलाई भन्दिनँ ।
७. एकताको स्वरले सधैँ मानिसलाई मजबुत बनाउँछ ।
८. पढेजति पढाइलाई व्यवहारमा उतार्ने नै संसारको सबैभन्दा महान् मानव हो ।
९. फूल छ र पो सुगन्ध छ नभए सबै दुर्गन्ध हुन्छ ।
१०. सम्झिन होइन रहेछ बिर्सन पो उसले पिएको रहेछ ।
११. संसार जित्न मैले धेरै पटक हारेको छु ।
१२. पानी परेर बाली डुब्यो ।
१३. हाम्रा दाजु गायक हुनुहुन्थ्यो ।
१४. तितो औषधी हितकारी हुन्छ ।
१५. सीतास्मा आएर फूलपाती टिपी भगवानलाई चढाई ।
१६. कस्तुप विहानै उठेर चिया पिएपछि गाडी चढ्नासाथ शहर पुग्यो ।
१७. अबेरसम्म नअस्ताएका घाम अहिले टुप्लुक्क डुबेछन् ।
१८. संयोगले पाएको जीवन नगुमाएर असल कर्ममा लगाई सदुपयोग गर्नू ।
१९. पापीहरूले आमा, जन्मभूमि आदिको तिरस्कार गर्छन् ।
२०. विहान सबेरै उठेका घामले तिम्रा बस्ती र संघारमा उज्यालो छरून् ।
२१. अगम यातायातको नियमको पालना नगर्नाले दुर्घटना परेको थियो ।
२२. तिहारमा भाइटीका लाएर हामी देउसी खेल्न जान्छौँ ।
२३. आमातुल्य मातृभूमिको आदर सम्मान गर्नु सम्पूर्ण नेपालीको कर्तव्य हो ।

२४. संसारमा जित्नेभन्दा हार्नेले जिन्दगीको दिगो जित खोज्न सक्छ ।

२५. पुस्तकको हरेक शब्द ज्ञानले जीवनको अगाडि बढ्ने सार्थक माथि चढ्ने सोपानको काम गरेका हुन्छन् ।

२६. गल्ती गर्ने भन्दा पश्चात्ताप नगरी नसुधार्ने बढी घातक हुन्छन् ।

**(ख) संयुक्त वाक्यहरूलाई सरल तथा मिश्र वाक्य बनाउनुहोस् :**

१. सीताले धान रोपी, गोडमेल गरी त्यसैले धेरै फलाई ।

२. जयकृष्ण इमान्दार छन् तर बदमास छैनन् ।

३. पूजारीले पूजा सामान खरिद गरे अनि छिमेकीलाई बोकाएर पठाए ।

४. उनी ढिलो बजार जान्छिन् तर चाँडो फर्कन्छिन् ।

५. न ऊ पोखरा बस्न सक्यो न काठमाडौं ।

६. सिनेमा हेर्नुभन्दा जो उपन्यास पढ्छ त्यसले जीवनलाई दशगुणा बढी सहज निर्वाह गर्न र बुझ्न सक्छ ।

७. दिनाङ्क धेरै अल्छी छ तर कर्मशील छ ।

८. केशव हिँड्दै छ त्यसैले छिटो घर पुग्छ ।

९. खेलाडीले खेल खेल्यो अनि सबैको मन जित्यो ।

१०. युद्ध रोकियो तैपनि देशको भौतिक सुधार भएन ।

११. हवीन्द्र भर पुग या खेल्न जाऊ तिम्रो विचार ।

१२. राजकुमार, तिमी खेल्न जाऊ नत्र आमालाई बिस्कुन सुकाउन सघाऊ ।

१३. तिमी आफैँ गोल गर नत्र मलाई पास देऊ ।

१४. आमाले फकाउनुभयो अन्यथा भाइ घुक्घुँकाइरहन्थ्यो ।

१५. भाइ हचुवाको भरमा उत्तर दिन्छ तर बहिनी पढेरै दिन्छे ।

१६. जताततै शान्ति बिथोलिएको छ तर नेतालाई मतलब छैन ।

१७. मैले गहिरिएर चिने कि त्यो मान्छे नेपाली रहेछ ।

१८. गुरु आउनुभयो अनि फनक्क फर्कनुभयो ।

१९. आज अत्ति ठन्डी छ त्यसकारण गुन्द्रुकको रस पिउन ठिक हुन्छ ।

२०. वर्षायाममा पानी पऱ्यो तापनि किसान खेततिर काम गर्न गयो ।

२१. दीपक बेलैमा विद्यालय पुग्छ पढ्न अन्यथा बुबाको झापट खान्छ ।

२२. देशको सेवा गर, घरको टेवा गर अनि जीवन बनाऊ सार्थक सुनाम कमाऊ ।

२३. गुरुबा रिसाउनुभयो किनकि हामीले पढ्न ठग्यौं र अभ्यास पूर्ण पनि गरेनौं ।

२४. सिम्रन काली छे तर मनकी सुन्दर अनि गुणवान छे ।

२५. रौनक दाउरा चिर्दै छ या यतिबेला ऊ भैँसी दुहुँदै छ ।

२६. राम धनवान् छ तर कृतघ्न छ ।

२७. कविता आइन्, सविता पनि आइन् तर सूर्य आएन ।

२८. हामीले कति भन्यौँ तर वनभोज लगिएन ।

२९. केटाहरू मुखका बाठा छन् तर कत्तिपनि मिहिनेछ गर्दैनन् ।

३०. प्रवीण असल छ त्यसैले उसलाई सबैले मिजासपूर्ण माया गर्छन् ।

३१. देवराज विमारी भएछ त्यसैले हामीसँग खेल्न आएन ।

३२. सबै बलिया देखिन्छन् तर आँट मरुवा रहेछन् ।

३३. नेता पैसामुखी भए नत्र देशको दशवर्ष अघि विकाशको ढोका खुल्थ्यो ।

३४. न रोहण खेल्छ न पढ्न बिर्सिन्छ त्यसैले ऊ डाक्टर बन्ने निश्चित छ ।

३५. चार बज्यो, त्यसैले अब घन्टी बज्छ ।

३६. मैले त्यो कुरा देखेँ र भनेँ ।

३७. नवीन पनि गयो, कुमार पनि गयो ।

३८. नेपाली संस्कृति प्राचीन छ त्यसैले उद्धार पनि छ ।

३९. देवकोटा महाकवि हुन् त्यसैले यो कुरा निर्विवाद छ ।

४०. पानी परेछ त्यसकारण म हुम्ला जान्नँ ।

४१. वागमा फूल फुलेका छन् त्यसैले वाग सुरम्य लाग्छ ।

४२. आकृति आउँदैछे, ऊ मेरी बहिनी हो ।

४३. साढे सात बज्छ अनि परीक्षा सुरु हुन्छ ।

४४. कोपिला फूल बन्छ तर फुलिरहन सक्तैन अनि एकपल झर्नुपर्छ ।

४५. वाक्यमा उद्देश्य पनि हुन्छ । विधेय पनि हुन्छ ।

**(ग) मिश्र र संयुक्त वाक्यलाई सरल वाक्य बनाउनुहोस् :**

१. जब चासो हुन्छ तब काम पाइन्छ ।

२. जो पायोनीयरमा नेपाली पढाउँछन् ती मेरा गुरु हुन् ।

३. जो राम्रा छन् ती हाम्रा हुँदैनन् ।

४. तिमी घर जाऊ अनि खाना पकाऊ ल ।

५. ऊ पाप मात्र गर्छ त्यसैले दुःख मात्र पाउँछ ।

६. आफू त समाजसेवा गरिन्छ त्यसैले आनन्द लिइन्छ ।

७. मेरो आइफोन हरायो त्यसपछि टिकटिके किनेको छु ।

८. जहाँ नारीको आदर र सम्मान हुन्छ त्यहाँ समाज समृद्ध बन्छ ।

९. लेखकले लेख लेखे र पत्रिकामा छापे ।

१०. तेरो प्यास मेटियो अब त्यो पानी मलाई दे ।

११. जहाँ फूल फुल्छन् त्यहाँ भमरा डुल्छन् ।

१२. नेपाल देश म जहाँ जान्छु, त्यहाँ पुगेको हुन्छ ।

१३. तिमी कर्म गर तर फलको आशा नगर ।

१४. काल आउँछ अनि प्राण पखेरु टपक्क टिपेर लान्छ ।

१५. जुन गोरु फाँफाँ फुँ फुँ गर्छ त्यसले हान्दैन ।

१६. त्यो कुकुरले भुक्छ त्यसैले टोक्तैन ।

एकाइ २४

# पदसङ्गति

## १. पदसङ्गतिको परिचय

(क) बहिनी घर आयो । – लिङ्गको सङ्गति नमिल्दा
बहिनी घर आई । – लिङ्गको सङ्गति मिल्दा

(ख) बगैँचामा फूलहरू फुलेछ । – वचनको सङ्गति नमिल्दा
बगैँचामा फूलहरू फुलेछन् । – वचनको सङ्गति मिल्दा

(ग) म बजार गयो । – पुरुषको सङ्गति नमिल्दा
म बजार गएँ । – पुरुषको सङ्गति मिल्दा

(घ) दाजु खेल्न गयो । – आदरको सङ्गति नमिल्दा
दाजु खेल्न जानुभयो । – आदरको सङ्गति मिल्दा

माथिका क, ख, ग, घ मा लेखिएका पहिलो सबै वाक्यहरूमा सङ्गति मिलेको छैन । त्यसैले यी व्याकणिक दृष्टिले अशुद्ध मानिन्छन् तर तिनै वाक्यमा तल लेखिएका वाक्यहरू सङ्गतिपूर्ण हुनाले शुद्ध छन् ।

वाक्यमा आउने पदहरूको उपयुक्त रखाइलाई पदसङ्गति भनिन्छ । वाक्यमा आउने पदहरू लिङ्ग, वचन, पुरुष, आदर आदिका आधारमा मिलेर बसेका हुनुपर्छ । यसरी नमिलेका वाक्यहरूमा व्याकरणिक रूपमा अशुद्ध मानिन्छन् ।

## २. पदसङ्गतिका प्रकार

### (क) कर्ता र क्रियाको सङ्गति

वाक्यमा कर्ता जनु लिङ्ग, वचन, पुरुष र आदरको प्रयोग हुन्छ क्रियापद पनि त्यही लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियापदको प्रयोग हुने कर्ता र क्रियाको पदसङ्गति हो ।

### (अ) लिङ्गअनुसार पदसङ्गति

| लिङ्ग | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| पुलिङ्ग | तँ | पढ्छस् | एकवचन, पुलिङ्ग, द्वितीय पुरुष |
| | ऊ | पढ्छ | एकवचन, पुलिङ्ग, तृतीय पुरुष |
| | भाइ | खान्छ | एकवचन, पुलिङ्ग, तृतीय पुरुष |

| | | | |
|---|---|---|---|
| स्त्रीलिङ्ग | तँ<br>तिमी<br>ऊ<br>बहिनी | पढ्छिन्<br>पढ्छ्यौ<br>खान्छे<br>खान्छे | एकवचन, स्त्रीलिङ्ग, द्वितीय पुरुष<br>एकवचन, स्त्रीलिङ्ग, द्वितीय पुरुष<br>एकवचन, स्त्रीलिङ्ग, तृतीय पुरुष<br>एकवचन, स्त्रीलिङ्ग, तृतीय पुरुष |

माथिको तालिकामा कर्ताको लिङ्ग, वचन, पुरुषअनुसार क्रियापदको मेल भएको छ ।

### (आ) वचनअनुसार पदसङ्गति

| वचन | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| एकवचन | म<br>तिमी<br>श्याम | लेख्छु<br>लेख्छौ<br>लेख्छ | दुवै लिङ्ग, एकवचन, प्रथम पुरुष<br>पुलिङ्ग, एकवचन, द्वितीय पुरुष<br>पुलिङ्ग, एकवचन, तृतीय पुरुष |
| बहुबचन | हामी<br>तिमीहरू<br>साथीहरू | लेख्छौँ<br>लेख्छौ<br>लेख्छन् | दुवै लिङ्ग, बहुवचन, प्रथम पुरुष<br>दुवै लिङ्ग, बहुवचन, द्वितीय पुरुष<br>दुवै लिङ्ग, बहुवचन, तृतीय पुरुष |

माथिको तालिकामा एकवचनको कर्ताअनुसार एकवचनको क्रियापद राखिएको छ भने बहुवचनको कर्ताअनुसार बहुवचनको क्रियापद राखिएको छ ।

### (इ) पुरुषअनुसार पदसङ्गति

| पुरुष | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| प्रथम पुरुष | म हामी<br>हामी | गएँ<br>गयौँ | दुवै लिङ्ग, एकवचन, प्रथम पुरुष<br>दुवै लिङ्ग, बहुवचन, प्रथम पुरुष |
| द्वितीय पुरुष | तँ<br>हामी<br>तपाई | गइस्<br>गयौ<br>जानुभयो | दुवै लिङ्ग, एकवचन,द्वितीय पुरुष<br>दुवै लिङ्ग, एकवचन, द्वितीय पुरुष<br>दुवै लिङ्ग, एकवचन, द्वितीय पुरुष |
| तृतीय पुरुष | ऊ<br>उनीहरू<br>दावा<br>सीता | गयो<br>गए<br>गयो<br>गई | पुलिङ्ग, एकवचन, तृतीय पुरुष<br>दुवै लिङ्ग, बहुवचन, तृतीय पुरुष<br>स्त्रीलिङ्ग, एकवचन, तृतीय पुरुष |

माथिको तालिकामा पुरुषअनुसार पदसङ्गति मिलाइएको छ जसमा प्रथम पुरुषको म, हामी कर्ताका आधारमा गएँ, गयौँ राखिएको छ । द्वितीया पुरुषमा तँ, हामी, तपाईँ कर्ताका आधारमा गइस्, गयौ, जानुभयो क्रियापद राखिएको छ । त्यसैगरी तृतीय पुरुषका ऊ, उनीहरू, दावा, सीता कर्ताका आधारमा गयो, गए, गई क्रियापद राखिएको छ ।

### (ई) आदरार्थी पदसङ्गति

| आदर | कर्ता | क्रिया | सङ्गति |
|---|---|---|---|
| अनादर | तँ | खान्छस् | एकवचन, पुलिङ्ग, अनादर |
| सामान्य आदर | तिमी | हिड्ँछ्यौ | एकवचन, स्त्रलिङ्ग, सामान्य आदर |
| उच्च आदर | तपाईँ | जानुहुन्छ | एकवचन, दुवै लिङ्ग, उच्च आदर |
| अतिउच्चद आदर | हजुर | गइबक्सिन्छ | एकवचन, दुवै लिङ्ग, अति उच्च आदर |

माथिका तालिकामा अनादर तँका आधारमा क्रियापद खान्छस् राखिएको छ । सामान्य आदरमा तिमीका आधारमा हिड्ँछौ राखिएको । उच्च आदरमा तपाईँका आधारमा जानुहुन्छ राखिएको छ । अतिउच्च आदरमा हजुरको आधारमा गइबक्सिन्छ क्रियापद सङ्गति मिलाइएको छ ।

### (ख) नाम र सर्वनामको पदसङ्गति

दोर्जे बजार गयो । ऊ त्यहीँ बस्यो । सरला राम्ररी पढ्छे । उनी मिहिनेती छिन् । बुबा विद्यालय जानुभयो । उहाँ शिक्षक हुनुहुन्छ । केटाहरू पढ्दै छन् । उनीहरू मिहिनेती छन् ।

वाक्यमा आएका नामपद जुन लिङ्ग, वचन, पुरुष र आदरको छ सोहीअनुसार पुनरावृत्तिमा आउने नामपदका स्थानमा सर्वनाम शब्द प्रयोग गर्नुलाई नाम र सर्वनामको पदसङ्गति भनिन्छ ।

### (ग) विशेषण र विशेष्य पदसङ्गति

| वाक्य | विशेषण | विशेष्य | पदसङ्गति |
|---|---|---|---|
| गोरी केटी | गोरी | केटी | स्त्रीलिङ्ग, एकवचन, अनादर |
| कान्छो भाइ | कान्छो | भाइ | पुलिङ्ग, एकवचन, अनादर |
| मोटी छोरी | मोटी | छोरी | स्त्रीलिङ्ग, एकवचन, अनादर |

विशेष्य भनेको नाम पद हो भने विशेषण भनेको नामको विशेषता जनाउने शब्द हो । त्यसैले विशेष्य (नाम) जुन लिङ्ग, वचन र आदरको छ सोधी आधारमा विशेषणको प्रयोग गर्नुलाई विशेषण र विशेष्यको पदसङ्गति भनिन्छ ।

### (घ) भेद्य र भेदकको पदसङ्गति

धिरजको साथी गयो । (एकवचन, पुलिङ्ग)

दीपककी आमा आउनुभयो । (एकवचन, स्त्रीलिङ्ग)

सुजनका दाजुहरू आउनुभयो । (दुवै लिङ्ग, बहुवचन)

षण्ठी विभक्तिका प्रत्ययहरू को,का, की,रो,रा,री, नो, ना, नी लागेका नाम वा सर्वनामलाई

भेदक विशेषण भनिन्छ भने ती पदहरूको जसको भिन्नता देखाउँछन् तिनलाई भेद्य भनिन्छ । भेद्य जुन वचन, लिङ्ग् र आदरको छ भेदक पनि त्यही वचन, लिङ्ग र आदरको हुने भेद्य र भेदकको सङ्गति हो ।

## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | | |
|---|---|---|
| म | बजार | खानुहुन्छ । |
| ऊ | खेल | गर्छन् । |
| तपाइँ | खाना | खेल्छ । |
| तँ | पढ्न | घुम्छौ । |
| उनीहरू | पूजा | जान्छु । |
| तिमी | लुगा | जान्छस् । |

### २. तल दिइएका वाक्यहरूको पदसङ्गतिको मिलाउनुहोस् :

(क) मानिसहरू बजार जान्छ ।
(ख) उनीहरू फुटबल खेल्छौ ।
(ग) गुरुले व्याकरण पढाइन् ।
(घ) तपाइँले खाना खायो ।
(ङ) गाईले घाँस खान्छिन् ।
(च) ऊ मामाघर जान्छन् ।
(छ) तिमीहरू कहाँबाट आइपुगेछ ?
(ज) हामी हिजै आइपुग्यो ।
(झ) ऊ,तिमी र म गए ।
(ञ) तँ खाजा खाऊ र गोठमा जाऊ ।
(ट) देवकोटा ठुलै कवि रहेछ ।
(ठ) उसका कुरा घत लाग्दा हुन्छिन् ।
(ड) साथीहरू मजाले हाँस्छ ।
(ढ) प्रियाले किताब पढ्यो ।
(ण) मृगहरू वनमा चऱ्यो ।
(त) पेम्बा धारामा नुहाउँछस् ।
(थ) ऊ र तिमी कहिले जान्छ ?
(द) उहाँ भलाद्मी छ ।
(ध) हजुरले राम्रो काम गर्छ ।
(न) विमला मसँगै खेल्न रुचाउँथ्यो ।

### ३. तलका प्रश्नको उत्तरु दिनुहोस् :

(क) पदसङ्गति भनेको के हो ?
(ख) पदसङ्गतिका प्रकारहरू उदाहरणसहित चिनाउनुहोस् ।

एकाइ २५

# वाक्य संश्लेषण र वाक्य विश्लेषण

## १. वाक्य संश्लेषणको परिचय

| | | |
|---|---|---|
| संयोजक रहित वाक्य | – | सरल वाक्य हुन्छ । |
| सापेक्ष संयोजक प्रयुक्त | – | मिश्र वाक्य हुन्छ । |
| निरपक्ष संयोजक प्रयुक्त वाक्य | – | संयुक्त वाक्य हुन्छ । |

छोटा छोटा सरल वाक्यहरूलाई जोडेर एउटै वाक्य बनाउने प्रक्रियालाई वाक्य संश्लेषण भनिन्छ । संश्लेषण भनेको जोड्नु हो । संश्लेषित वाक्य भनेको जोडिएको लामो वाक्य हो ।

**गोश्वामी शास्त्र पढ्छन् । गोश्वामी विद्वान् हुन् ।**

| | | |
|---|---|---|
| सरल | — | शास्त्र पढ्ने गोश्वामी विद्वान् हुन् । |
| मिश्र | — | जो गोश्वामी शास्त्र पढ्छन् ती विद्वान् छन् । |
| संयुक्त | — | गोश्वामी शास्त्र पढ्छन् त्यसैले विद्वान् छन् । |

### (क) सरल वाक्यलाई सरल र मिश्रमा संश्लेषण

१. **म नेपाली हुँ । मलाई नेपालको माया छ । म नेपाल निर्माणमा भूमिका खेल्छु ।**

- नेपालको माया गर्ने म नेपाली भएकोले नेपाल निर्माणमा भूमिका खेल्छु । (सरल)
- जुन नेपालको माया गर्ने ठाउँमा म बसेको छु त्यसको निर्माणमा म भूमिका खेल्छु ।

२. **उनीहरू शहर गए । उनीहरूले बनभोजका सामान किने । उनीहरूले गाडीमा हाले । उनीहरू फर्किए ।**

- उनीहरू शहर गएपछि वनभोजका सामान किनेर गाडीमा हाली फर्किए ।
- जहिले उनीहरू बजार गएर सामान किने तहिले गाडीमा सामान हालेपछि फर्किए ।

३. **म बिहान नाटक हेर्न गएँ । सर्वनाम नाटक थ्रिएटरमा नाटक हेरेँ । नाटक मन पऱ्यो । बेलुका घर फर्किएँ ।**

- जब मैले बिहान नाटक हेर्न सर्वनाम थ्रिएटरमा पुगेर हेरेँ तब मन परेको उक्त नाटक हेरेपछि बेलुका घर फर्किएँ । (मिश्र वाक्य)
- नाटक हेर्न विहानै सर्वनाम थ्रिएटरमा गएको म मनपर्ने उक्त नाटक हेरेपछि बेलुका घर फर्किएँ ।

४. **आदिकविले रामायण लेखे। रामायण सबैले गाए। रामायणले नेपाली भाषाको प्रचार भयो। रामायणले भाषाको एकीकरण गऱ्यो।**

- आदिकवि भानुभक्तले रामायण लेखेपछि सबैले गाउँदा भाषिक प्रचारप्रसार त भयो नै भाषिक एकीकरण समेत भयो। (सरल)
- जब रामायण लेखेर भानुभक्तले भाषिक प्रचार प्रसार गरे तब नेपाली भाषाको एकीकरण समेत गरे। (मिश्र वाक्य)

५. **दीपिका स्याङ्‍जामा बस्थी। उसले स्याङ्‍जामा सात्विक भोजन खान्थी। ऊ मोटाएर काठमाडौँ आउँथी।**

- दीपिका स्याङ्‍जा बस्ता सात्विक भोजन खाएकाले मोटाएर घर फर्किन्थी। (सरल संश्लेषण)
- जुन दीपिका स्याङ्‍जा गएर सात्विक भोजन खाएपछि ऊ घर फर्किन्थी।

## (ख) सरल वाक्यबाट मिश्र र संयुक्तमा संश्लेषण

१. **मानिस सामाजिक प्राणी हो। ऊ समाजमा बस्छ। उसले समाजकै निम्ति काम गर्छ।**

- जो मानिस सामाजिक प्राणी हो त्यो समाजमा बसेर समाजकै निम्ति काम गर्छ। (मिश्र)
- मानिस सामाजिक प्राणी हो, ऊ समाजमा बस्छ र समाजकै निम्ति काम पनि गर्छ।

२. **भाइले किताब किनेर पढेछ। ऊ जान्ने भएछ। भाइ फेल हुन्थ्यो। आजकल प्रथम हुन थालेछ।**

- जुन भाइ किताब किनेर पढ्न थालेपछि जान्ने भएछ त्यो फेल हुने अहिले प्रथम हुन थालेछ। (मिश्र)
- फेल हुने भाइले किताब किनेछ र पढेर जान्ने भएछ त्यसैले अहिले ऊ प्रथम हुन थालेछ। (संयुक्त)

३. **केटाकेटीले विहानै योग गरे। साथीहरूलाई बोलाए। साथीहरूले आधा घण्टा नाचे। उनीहरू सबै स्वस्थ छन्।**

- सबै साथीहरूलाई केटाकेटीले जब बोलाए तब आधा घण्टा कसरत गरे अनि तिनीहरू अहिले सबै स्वस्थ छन्। (मिश्र)
- केटाकेटीले साथीहरूलाई बोलाए, सबैले योग गरे अनि नाचे त्यसपछि अहिले सबै स्वस्थ छन्। (संयुक्त)

४. **सिङ नहुने गोरुको नाम तिखे हुन्छ।**

- जुन गोरुको सिङ छैन त्यसको नाम तिखे हुन्छ। (मिश्र)
- गोरुको सिङ छैन र पनि त्यसको नाम तिखे छ।

**५. असार लाग्यो। पानी दर्‍र पऱ्यो। हिलो भयो। किसानले खेत रोपे।**

- जब असार लागेर पानी पऱ्यो तब हिलो भएर किसानले खेत रोपे। (मिश्र)
- असार लाग्यो, पानी दर्‍र पऱ्यो अनि माटो हिलो भयो त्यसपछि किसानले खेत रोपे। (संयुक्त)

## (ग) मिश्र/संयुक्त वाक्यबाट सरल वाक्यमा वाक्यान्तरण तथा परिवर्तन

**१. जो मानिस हो त्यसले सामाजिक व्यवहार गर्नुपर्छ।**

- मानिस सामाजिक प्राणी भएकाले उसले सामाजिक व्यवहार गर्नुपर्छ।

**२. तिमी आऊ; घरमा बस तर मलाई नछोऊ।**

- तिमी आएर घरमा बस्ता मलाई नछोऊ।

**३. हरि आयो र श्यामलाई बोलायो अनि भेला भएर साथीहरूसँग खेल्न गयो।**

- हरि आएर श्यामलाई बोलाएपछि भेला हुँदै साथीहरूसँग खेल्न गयो।

**४. अमर न्यौपनेले 'सेतो धर्ती' उपन्यास लेखेर बहुचर्चित भयो अनि मदन पुरस्कार पाए त्यसपछि कृति विख्यात भयो।**

- अमर न्यौपानेले लेखेको सेतो धर्ती उपन्यास बहुचर्चित भएपछि मदन पुरस्कार पाएर कृति विख्यात भयो।

**५. जहाँ तिमी जान्छौ जहाँ जेजे काम गर्छौ त्यहाँ मलाई नि लगेर काम सिकाऊ।**

- तिमी गएका सबै ठाउँमा मलाई लगेर आफूले गरेको काम सिकाऊ।

**६. जो पापी हो त्यसले अरूको भावनाको खेलवाड गर्छ।**

- पापी मान्छेले अरूको भावनाको खेलवाड गर्छ।

**७. नेपाल निर्माणमा पुर्खाले लडे जब देश एकीकरण भयो तब नेपाल समृद्ध बन्यो।**

- नेपाल पुर्खाले लडेर निर्माण गरेपछि एकीकरण भएर समृद्ध बन्यो।

**८. आकाशका तारा र ग्रहहरू छन् ती स्वतन्त्र छन् अनि सबै द्रव्यमान फरक छन् तर गुरुत्वाकर्षणले अडिएर रहेका छन्।**

- आकाशका तारा, ग्रहहरू फरक द्रव्यमान भएर नि गुरुत्वाकर्षणका कारणले स्वतन्त्र रूपले अडिएर रहेका छन्।

**९. जुनबेला तिमीले बोलायौ त्यहीबेला म आएको थिएँ।**

- तिमीले बोलाएको बेला म आएको थिएँ।

**१०. शनिबार विदा हुन्छ; म एकसाता पढेका कुरा पुनरावृति गर्छु अनि कर्मको भक्ति गर्छु।**

- शनिबार विदा भएपछि सातामा पढेका कुरा पुनरावृति गर्ने म कर्मको भक्ति गर्छु।

## अभ्यास

**(क) तलका सरल वाक्यहरूलाई कोष्ठकअनुसार सरल/मिश्र र संयुक्त वाक्यमा संश्लेषण गर्नुहोस् :**

१. दिवश चकचके छ । दिवश सानो छ । दिवश फटाहा छ । (संयुक्त)

२. संस्कृति खेल्छिन् । सुकृति साथी बनाउँछिन् । (सरल संश्लेषण)

३. मेरो कलम हराएको छ । कलम तल खसेको थियो । सुविरले टिपेछ । फिर्ता दिएन । (मिश्र संश्लेषण)

४. सेविका हाँस्छे । सेविका कसैसँग बाल्दिन । ऊ कर्मशील छे । (सरल संश्लेषण)

५. तिमीले भकुण्डो खेल्यौ । तिमी थाक्यौ । गोल गरेनौ । (मिश्र संश्लेषण)

६. केशवराज जर्साहेब कहाँ गए । जर्साहेब रिसाएका थिए । केशवराज डराए । भरमा गएर पत्नीलाई गाली गरे । (सरल/मिश्र/संयुक्त संश्लेषण)

७. मदन भोट गयो । भोटमा भोटेलाई भेट्यो । कसैले पैसा पनि चोरिदिए । बिरामीले थलिएर निको भयो । ऊ घर फर्कियो । (मिश्र/संयुक्त संश्लेषण)

८. दिनेशबहादुर अल्छी थियो । उसलाई कुकुरले टोक्यो । त्यो कारण बन्यो । ऊ सधैँ सुत्न पाउने भयो । (सरल संश्लेषण/संयुक्त संश्लेषण)

९. दिनेश विद्यालय गयो । दिनेश कक्षामा बस्न पाएन । दिनेशले गृहकार्य गरेको रहेनछ । शिक्षकबाट सजाय पायो । (सरल/संयुक्त संश्लेषण)

१०. टी.भी. बनाएर ल्याइयो । रिमोट बिग्रियो । समाचार हेर्न पाइएन । (मिश्र संश्लेषण/सरल संश्लेषण)

११. दाजुले एम.वि.वि.एस. गर्नुभयो । आँखा विशेषज्ञ बन्नुभयो । अहिले चर्चित पनि हुनुभयो । उहाँ व्यस्त हुनुहुन्छ । (सरल/मिश्र/संयुक्त संश्लेषण)

१२. म आजैबाट मिहिनेत गर्छु । आमाबाको सपना साकार पार्छु । मेरो नि भविश्य बनाउँछु । सामाजिक कार्य गर्छु । (सरल/मिश्र/संयुक्त संश्लेषण)

१३. अरूलाई दोष नदेऊ । समयलाई दोष नदेऊ । दोष छ त तिमी हामीमा छ । (सरल/मिश्र/संयुक्त संश्लेषण)

## २. वाक्य विश्लेषण

विभिन्न प्रकारका संयोजकहरूले जोडेका, कृदन्तीकरण गरी लामा बनाइएका सरल, मिश्र वा संयुक्त वाक्यलाई टुक्राएर छोटा छोटा टुक्रे स्वतन्त्र वाक्य बनाउने प्रक्रियालाई वाक्य विश्लेषण भनिन्छ । वाक्य जोड्नु संश्लेषण हो भने छुट्याउनु विश्लेषण हो । विश्लेषण र संश्लेषण विपरीतार्थी ध्रुवीय शब्द हुन् ।

वाक्य विश्लेषण गर्दा वाक्यको मूल अर्थ नमारी प्रश्नकै लिङ्ग, वचन, काल र आदरअनुसार मिलाएर राख्नुपर्छ ।

१. **सुनिताले सपनामा चन्द्रमाको फूल लगाई तर विपनामा पाइन। (संयुक्त वाक्यलाई विश्लेषण)**

- सुनिताले सपना देखी ।
- सुनिताले सपनामा चन्द्रमाको फूल लगाई ।
- सपनामा विपनामा चन्द्रमाको फूल लाउन पाइनँ ।

२. **आजभोलि खेताला विहान ८ बजे आएर बाह्र बजेसम्म मात्र काम गर्छन् अनि फुत्त हिँड्छन्। (संयुक्त विश्लेषण)**

- आजभोलि खेताला आठ बजे आउँछन् ।
- खेतालाले बाह्रबजेसम्म काम गर्छन् ।
- खेतालाले बाह्रबजे फुत्त हिँड्छन् ।

३. **जब जब साँझ तब झ्याउँकिरीहरू कराउन थाल्छन् तब रात छिप्पिन्छ। (मिश्रलाई विश्लेषण)**

- साँझ पर्दै जान्छ ।
- साँझमा झ्याउँकिरीहरू कराउँछन् ।
- साँझपछि रात छिप्पिन्छ ।

४. **पोखराबाट हिँडेको बसमा चढेका यात्रुहरू काठमाडौँका भ्रमणीय स्थलको परिकल्पनामा भुसुक्कै निदाएछन्। (सरललाई छोटा सरलमा विश्लेषण)**

- यात्रुहरू पोखराबाट बस चढ्छन् ।
- यात्रुहरू काठमाडौँ हिँडेछन् ।
- यात्रुले गाडीमा काठमाडौँको भ्रमणीय स्थल परिकल्पना गरेछन् ।
- यात्रुहरू कल्पनै कल्पनामा निदाएछन् ।

५. **मिश्र वाक्यको विश्लेषण**

जब पुतली उड्दै आयो तब फूलका पातका मुनामा बस्यो तब फूललाई च्वाप्प चुमेर उड्यो ।

- पुतली उड्दै उड्दै आयो ।
- पुतली फूलका पातमा बस्यो ।
- पुतली फूलहरूमा बस्यो ।
- पुतली मुना मुनामा बस्यो ।
- पुतलीले फूललाई चवाप्प चुम्यो ।
- पुतली भुर्र उड्यो ।

## अभ्यास

(क) वाक्य विश्लेषण भनेको के हो ?

(ख) विश्लेषण र वाक्यको संश्लेषणको फरक कस्तो छ ?

(ग) वाक्यको विश्लेषण गर्दा कस्ता वाक्य बन्छन् ?

(घ) वाक्य विश्लेषण गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् ?

(ङ) वाक्य विश्लेषण र वाक्य संश्लेषण गर्न जानेपछि पाठक, तथा लेखकलाई कस्ता फाइदा हुन्छन् ?

(च) तलका वाक्यलाई छोटा छोटा ४/५ ओटा सरल वाक्यमा विश्लेषण गर्नुहोस् :

१. मानिसको जन्मजस्तै घाम पनि झुल्किन्छ शान्त भएर त्यसपछि उसको जीवन छिप्पिँदै जान्छ ।

२. जब किसान खेतमा हलो कोदालो बोकेर जान्छन् तब संसारका सबै कर्मजीवीको जीवनदीप बल्न थाल्छ ।

३. मलाई एक आमा देऊ म तिमीलाई सिङ्गो राष्ट्र दिनेछु भनेर हिटलरले भनेका थिए ।

४. मेरी आमा संसारका राम्री हुन किनभने उनले मलाई संसारको राम्रो र त्यही राम्रो संसार हाँक्ने बनाउने सपना देखिछन् र त्यस्तै बनाउने कलाकार बन्छिन् ।

५. मैले खेतमा गएर कोदालो बजाउन थालेपछि काम के रहेछ भनेर तोरीको फूल देखेँ ।

६. कैलाशमा शिवपार्वतीले क्रीडा मात्र गरेनन् त्यहाँ शिवले ताण्डव नृत्य र पार्वतीले लास्य नृत्य गरेका थिए ।

७. छोराछोरीलाई बन्दुक, ढुङ्गा र गुलेली खेलाउन दिनुभन्दा सयौँ गुणा उत्तम किताब, कापी र कलम खेलाउन दिनु श्रेयष्कर हुन्छ ।

८. पानीका प्रत्येक बुँदमा जीवन हुन्छन् भने तिनको सदुपयोग र संरक्षण गर्न पनि त्यतिकै आवश्यक छ ।

९. टेलिभिजनले फिलिम मात्र होइन धेरै ज्ञानगुनका कुरा प्रसारण गर्छ, त्यसलाई छनौट गरेर हेर्न जान्नुपर्छ ।

१०. पेशाले म शिक्षक हुँ भने ममा गुरुमा हुने गुरुता हुनु आवश्य छ र विद्यार्थीमा विद्यालाई सही अर्थले प्रयोग गर्ने क्षमता, कला र लगनशीलता ।

११. नेपाल सुन्दर छ जब नेपालमा प्राकृतिक मनोरमता, भौगोलिक विषमता साथै हावापानी चिसो, शान्त स्निग्ध चन्द्रमाको प्रेममय शीतलता पनि छ ।

१२. सिरियलको जीवनमा र रियलको जीवनमा आकाश पातालको फरक छ । त्यसैले वास्तविक प्राकृतिक जीवन जिउन सिक्नुपर्छ ।

१३. जब तिमी पुस्तकका पाना पाना पल्टाएर शब्द शब्द पढ्छौ तब ती ज्ञान तिम्रा जीवनका प्रत्येक पल पलमा अगाडि बढ्ने श्रेणी बन्छन् ।

१४. पल पलमा फुकी फुकी पाइला चाल्नुपर्छ ताकि जीवनमा कतै ठेस नलागोस् ।

१५. त्यो हजारबार मरेर पनि एक पटक अन्तिम मृत्युको पर्खाइमा छ तर म जीवनमा एकै पटक मर्न चाहन्छु ।

१६. सामाजिक सुरक्षा गर्ने, सामाजिक सेवा गर्ने तपाईं समाजसेवी परोपकारी व्यक्ति हुनुहुन्छ ।

१७. देश दुखेका बेला एउटा हठी नेतृत्वले मातृभूमिको कसम खाएर राष्ट्रसेवा तथा जनसेवामा जुट्नुपर्छ ।

एकाइ
२६

# उक्ति परिवर्तन

## १. उक्तिको परिचय

उक्ति भनेको भनाइ हो । कुनै व्यक्तिले आफ्ना मनका कुरा बोलेर वा लेखेर व्यक्त गर्नुलाई उक्ति भनिन्छ । यसलाई कथन पनि भनिन्छ । कसैले भनेको उक्ति वा कथनलाई प्रकट गर्ने दुई तरिका छन् – कसैका कुरालाई उसले भनेकै रूपमा राख्ने वा आफ्ना तर्फबाट आफ्नै तरिकाले अर्थ नबिगारी प्रस्तुत गर्ने/यिनै दुई तरिकाका आधारमा उक्ति दुई प्रकारका हुन्छन् :

### कथनका प्रकारहरू

(क) प्रत्यक्ष कथन (ख) अप्रत्यक्ष कथन

रामचन्द्रले भने, "लङ्का त साह्रै सुन्दर राज्य रहेछ ।" – रामचन्द्रले लङ्का साह्रै सुन्दर रहेको कुरा गरे । माथिका दुई वाक्यहरूमा पहिलो वाक्यले रामचन्द्रले भनेको कुरालाई जस्ताको तस्तै प्रस्तुत गरेको छ त्यसैले पहिलो वाक्य प्रत्यक्ष कथन हो भने दोस्रो वाक्यले रामचन्द्रको भनाइलाई अर्को सुनाउने व्यक्तिले आफ्नै शैलीमा प्रस्तुत गरेको छ त्यसैले दोस्रो वाक्य अप्रत्यक्ष कथन हो ।

### (क) प्रत्यक्ष कथन

कसैले भनेका कुरालाई कुनै पनि किसिमको परिवर्तन नगरी जस्ताको तस्तै प्रस्तुत गर्नु प्रत्यक्ष कथन हो ।

आमाले भन्नुभयो, "तिमी असल र ज्ञानी बन ।"

माथिको उदाहरणमा दुईओटा वाक्य छन् :

१. आमाले भन्नुभयो ।

२. तिमी असल र ज्ञानी बन ।

उक्त दोस्रो वाक्यको भनाइ आमाकै हो । पहिलो वाक्यले भनाइ भन्ने व्यक्तिको परिचय दिने गर्दछ । यहाँ आमाले भनेको कुरालाई तोडमोड नगरी नघुमाई जस्ताको तस्तै राखिएको छ । त्यसैले यो प्रत्यक्ष – कथन हो । प्रत्यक्ष – कथनमा कथयिता अंश र कथन अंश गरी दुई भाग हुन्छन् । वास्तविक भनाइ भन्ने व्यक्ति कथयिता हो भने भनाइ अंश कथन हो । कथयिता अंश स्वतन्त्र हुन्छ भने कथन अंशचाहिँ उद्धरण (" ") चिह्नभित्र राखिन्छ ।

कथयिता अंश – आमाले भन्नुभयो, । (यसले परिचय वा सूचना दिएको छ ।)

कथन अंश – "तिमी असल र ज्ञानी बन ।" (यो मूल भनाइ वा सूचना हो ।)

यो उद्धरण चिह्नभित्र आएको कथन अंश वा मूल सूचना वाक्यका आदि (सुरु), मध्य (बिच) वा अन्त्य जहाँ पनि राख्न सकिन्छ ।

जस्तै :

(क) वाक्यका सुरुमा – "मानिस नै देवता हुन्" देवकोटाले भने ।

(ख) वाक्यका बिचमा – देवकोटाले "मानिस नै देवता हुन्" भने ।

(ग) वाक्यका अन्त्यमा – देवकोटाले भने, "मानिस नै देवता हुन् ।"

यसरी वाक्यका अन्त्यमा कथन अंश राखिने क्रममा चाहिँ कथयिता अंश सकिने बित्तिकै अल्पविरामको प्रयोग पनि गर्नुपर्छ ।

**(ख) अप्रत्यक्ष कथन**

कसैले भनेका कुरालाई आफ्नै शैलीका माध्यमबाट प्रस्तुत गर्नु अप्रत्यक्ष – कथन हो । अप्रत्यक्ष कथनमा मूल वक्ताले प्रयोग गरेका शब्दहरू प्रयोग गरे पनि नगरे पनि अर्थमा चाहिँ परिवर्तन आउनु हुँदैन । जस्तै :

गुरूले राम्ररी पढ्नुपर्ने कुरा भन्नुभयो ।

माथिको उदाहरण अप्रत्यक्ष कथनमा छ । यसमा कथयिता र कथन दुवै अंशलाई संयोजन गरिएको छ वा मिसाइएको छ । यसलाई भावानुवाद पनि भनिन्छ किनभने बोलेको कुरा अप्रत्यक्ष कथनमा राख्दा अर्थ परिवर्तन नहुने गरी धेरै तरिकाले प्रस्तुत गर्न सकिन्छ ।

जस्तै :

| प्रत्यक्ष कथन | अप्रत्यक्ष कथन |
|---|---|
| महावीर पुनले | आविष्कार गर्ने कुरा भने । |
| महावीर पुनले | आविष्कार गर्ने इच्छा व्यक्त गरे । |
| महावीर पुनले | आफूले आविष्कार गर्ने कुरा बताए । |
| महावीर पुनले | आविष्कार गर्छन् रे । |
| महावीर पुनको | भनाइ आफू आविष्कार गर्ने हो । |
| महावीर पुनले | आविष्कार गर्ने कुरा गरेका हुन् । |
| महावीर पुनको | अभिप्राय आविष्कार गर्ने हो । |

## उक्ति परिवर्तन गर्ने तरिका

### प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा परिवर्तन

१. **सुरूमा कथयिता अंशपछिको अल्पविराम र उद्धरण चिह्न हटाउनुपर्छ ।**

जस्तै :

– आमाले भन्नुभयो हार मानिसको अन्त्य होइन ।

२. **अल्पविराम र उद्धरण चिह्न हटाइसकेपछि कथयिता अंश र कथन अंश दुवैलाई भनी, के, भनेर, भनेजस्ता संयोजकले जोड्न सकिन्छ।**

जस्तै :

– हार मानिसको अन्त्य होइन भनेर आमाले भन्नुभयो ।

३. **कथयिता अंशको क्रियापदलाई वाक्यको भावअनुसार आवश्यकता हेरेर बताउनु, व्यक्त गर्नु, जनाउनु, सोध्नु, अनुरोध गर्नु, आदेश गर्नु, इच्छा गर्नु आदिमा बदले पनि हुन्छ।**

जस्तै :

– आमाले हार मानिसको अन्त्य नभएको कुरा बताउनुभयो ।

४. **क्रियापद राख्दा कथयिताअनुसार राखिन्छ र जतिसुकै वाक्यलाई छोट्याए पनि मूल अर्थ आएकै हुनुपर्छ।**

जस्तै :

– आमाले हार मानिसको अन्त्य नभएको भन्नुभयो ।

– आमाका अनुसार हार मानिसको अन्त्य होइन रे । आदि ।

### उक्ति परिवर्तनका केही उदाहरणहरू

### प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा परिवर्तन

(क) गौरवले भन्यो, "विचरा ! श्यामे मऱ्यो नि ।" (प्रत्यक्ष कथन)

– गौरवले श्यामे मरेकोमा दुःख व्यक्त गऱ्यो । (अप्रत्यक्ष कथन)

(ख) कृपीले भनी, "मेरो पेट दुख्यो ।" (प्रत्यक्ष कथन)

– पेट दुखेको कुरा कृपीले बताई । (अप्रत्यक्ष कथन)

(ग) शिवभक्तले, "छोरी नरोऊ" भने । (प्रत्यक्ष कथन)

– शिवभक्तले छोरीलाई नरुन अनुरोध गरे । (अप्रत्यक्ष कथन)

### अप्रत्यक्ष कथनबाट प्रत्यक्ष कथनमा परिवर्तन

माथिको भन्दा ठिक उल्टो प्रक्रिया अपनाउनुपर्छ ।

(क) लुरेले विवाह गर्ने रे । (अप्रत्यक्ष कथन)

– लुरेले भन्यो, "म विवाह गर्छु ।" (प्रत्यक्ष कथन)

(ख) बुबाले मलाई पृथ्वीको भार भनेर गाली गर्नुभयो । (अप्रत्यक्ष कथन)

– बुबाले मलाई गाली गर्नुभयो, "पृथ्वीको भार ।" (प्रत्यक्ष कथन)

(ग) कृपाले मेरो नाम सोधी । (अप्रत्यक्ष कथन)

– कृपाले सोधी, "तिम्रो नाम के हो ?" (प्रत्यक्ष कथन)

## अभ्यास

१. **तलका वाक्यहरूलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

(क) गीताले भनिन्, "जीवन माछा मार्न गएको छ ।"

(ख) अपरिचितले सोध्यो, "तपाईँको घर कहाँ हो ?"

(ग) आमाले बोलाउनुभयो, "भात खान आइज ।"

(घ) मनिषाले इच्छा गरी, "म डाक्टर बनूँ ।"

(ङ) मैले भनेँ, "राष्ट्रकवि माधव घिमिरे राम्रा कवि हुन् ।"

२. **तलका वाक्यहरूलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

(क) पुकारले मलाई नजानेको कुरा सोध्यो ।

(ख) शिवहरि चलचित्र बनाउँछ रे ।

(ग) सत्य कुरा बोल्ने सल्लाह बुबाले दिनुभयो ।

(घ) अब कोही पनि डराउनु नपर्ने विचार रामभक्तको रहेछ ।

(ङ) रमाले चकचके भाइलाई पढ्न दिन अनुरोध गरिन् ।

(च) गुरुको आशय सफलताका लागि परिश्रम भन्ने हो ।

३. **उक्ति भनेको के हो ? उक्तिका प्रकारहरू लेख्नुहोस् ।**

४. **प्रत्यक्ष कथन भन्नले के बुझिन्छ ? पाँचओटा प्रत्यक्ष कथनहरू प्रयोग गरी एक अनुच्छेद रचना गर्नुहोस् ।**

५. **अप्रत्यक्ष कथन भन्नाले के बुझिन्छ ? प्रश्न सङ्ख्या ४ मा रचित प्रत्यक्ष कथनहरूलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् ।**

एकाइ २७

# उखान र टुक्का

## १. उखान र टुक्का

### (क) उखानको परिभाषा :

परम्परादेखि चल्दै आएका सन्देश मुलक सुत्रात्मक भनाइ वा वाक्यहरूलाई उखान भनिन्छ। वाक्यलाई प्रभावपूर्ण बनाउनको लागि उखानको प्रयोग गरिन्छ। उखानले सोझो अर्थलाई भन्दा घुमाउरो वा व्यङ्ग्यात्मक अर्थलाई प्रधानता दिन्छ। नेपाली भाषामा प्रचलित केही उखानहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ। जस्तै :

| | | | |
|---|---|---|---|
| १. | कि पढेर जानिन्छ कि परेर जानिन्छ | २. | आफू नमरी स्वर्ग देखिँदैन |
| ३. | जहाँ इच्छा त्यहाँ उपाय | ४. | इन्द्रका अगाडि स्वर्गको बयान |
| ५. | अचानाको पिर खुकुरीले जान्दैन | ६. | आकाशको फल आँखा तरी मर |
| ७. | जो होचो उसका मुखमा घोचो | ८. | नाच्न नजान्ने आँगन टेडो |
| ९. | नजिकको तीर्थ हेला | १०. | धन भनेपछि महादेवको तीन नेत्र |
| ११. | हुने बिरुवाको चिल्लो पात | १२. | लगनपछिको पातेको के काम ? |
| १३. | देख्नेको आँखा फुटे सुन्नेको सही | १४. | खाने मुखलाई जुँगाले छेक्दैन |
| १५. | कुरो र कुलो जता लग्यो उतै लाग्छ | १६. | कालो अक्षर भैँसी बराबर |
| १७. | गर्ने भन्ने हनुमान पगरी गुथ्न ढेडु | १८. | कानो गोरुलाई औँसी न पुर्ने |
| १९. | मुखमा राम राम, बगलीमा छुरा | २०. | मेरो गोरुको बारै टक्का |
| २१. | जुँगा चल्यो, कुरा बुझ्यो | २२. | नजाने गाउँको बाटो नसोध्नू |
| २३. | रातभरि करायो, दक्षिणा हरायो | २४. | नजिकको तीर्थ हेला |
| २५. | छन् गेडी सबै मेरी, छैनन् गेडी सबै टेढी | २६. | बाघको छालामा स्यालको रजाइँ |
| २७. | नखाऊँ त दिनभरिको सिकार, खाऊँ भने कान्छा बाबुको अनुहार | २८. | म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो |
| २९. | नपत्याउने खोलाले बगाउँछ | ३०. | साँप पनि मरोस्, लठ्ठी पनि नभाँचियोस् |

**यहाँ केही उखानहरूको अर्थ र तिनलाई वाक्यमा प्रयोग गरी देखाइएको छ :**

१. हुने बिरुवाको चिल्लोपात – (गुणी मान्छेको लक्षण पहिले देखि नै राम्रो हुन्छ)

– हुने विरुवाको चिल्लोपात भने झैँ एस्.ई.ई. मा प्रथम भएको हरि सानैदेखि मिहेनत साथ पढ्थ्यो ।

२. कालो अक्षर भैँसी बराबर (पढ्न लेख्न नजान्नु)

– अनपढ रामको लागि चिठी पढ्नु कालो अक्षर भैँसी बराबर भनेझैँ हुन्छ ।

३. लगनपछिको पोतेको के काम ? (मौका बितेपछि कुनै वस्तुको महत्त्व नहुनु)

– अस्पतालमा बिरामी आमालाई रगत आवश्यक पऱ्यो तर कतै पाउन सकिएन र मैले सामाजिक सञ्जालमा सूचना राखेँ । आमालाई सन्चो भइसकेपछि पो पाँच जनाले हामी रगत दिन चाहन्छौँ भनेर सन्देश पठाएका रहेछन् । मैले पनि साथीहरूलाई लगनपछिको पोतेको के काम ? भनेर उत्तर दिएँ ।

४. इन्द्रका अगाडि स्वर्गको वयान (जान्ने व्यक्तिका अगाडि फुर्ती देखाउनु)

– चिनियाँ पर्यटकको सामु चिनियाँको बयान गर्नु त इन्द्रको अगाडि स्वर्गको बयान जस्तै हो ।

५. कि पढेर जानिन्छ कि परेर जानिन्छ (ज्ञानको आर्जन पढेर वा अनुभव गरेर हुन्छ)

– कि पढेर जानिन्छ कि परेर जानिन्छ भनेझैँ गाउँघरका बुढाहरू पढेका केटाहरूले भन्दा छिटो मुखैले हिसाब गर्छन् ।

६. कानो गोरुलाई औँसी न पुर्ने (मूर्खका लागि राम्रो नराम्रो एकै हुन्छ)

– मैले कति गरेर भारतबाट मगाएको किताब त भाइले च्यातेर सबै काम नलाग्ने बनाइदिएछ । के गर्नु कानो गोरुलाई औँसी न पुर्ने ।

७. जति जोगी आए पनि कानै चिरेका (सबै उस्तै)

– जस्तै जुन सरकार आए पनि भ्रष्टाचार गर्न छाड्ने होइनन् क्यारे !

८. मेरो गोरुको बारै टक्का (आफ्नै जिद्दी गर्ने, हठी)

– मेरो गोरुका बाह्रै टक्का नगर्नुहोस् है साहुजी ! समय र परिस्थितिअनुसार चल्न पनि जान्नुपर्छ ।

९. आलु खाएर पेडाको धाक (फुर्ती देखाउनु)


– घरमा साँझ बिहान खाने अन्न छैन होला, आजकालका मानिसहरू आलु खाएर पेडाको धाक लाउँछन् ।

१०. दुधको दुध, पानीको पानी (पक्षपात नगरीकन छुट्याउने काम)

– घनश्यामले राउटेहरूको झगडालाई दुधको दुध, पानीको पानी गरी मिलाइदिन्थे ।

११. मुखमा राम राम, बगलीमा छुरा (मुखले राम्रो तर पेटले कपटी व्यवहार गर्ने)

– रमेश मसित मुखले ठिकक पार्छ, तर भित्रभित्रै विरोध गर्दै हिड्दो रहेछ । यसको व्यवहार त मुखमा राम राम बगलीमा छुरा जस्तो पो रहेछ ।



## अभ्यास

१. **उखानको परिचय दिँदै सातओटा उखान लेख्नुहोस् :**

२. **जोडा मिलाउनुहोस् :**

| (क) | (ख) |
|---|---|
| आकाशको फल आँखा तरी मर | आफ्नै जिद्दी गर्नु |
| ताक परे तिवारी नत्र गोतामे | दुवैतिरबाट लाभ |
| दुवै हातमा लड्डु | प्राप्त गर्न नसक्ने बस्तु |
| मेरो गोरुको वाह्रै टक्का | पक्षपात गर्नु |
| कसैलाई काखा कसैलाई पाखा | अवसरवादी, स्वार्थी |

३. **तल दिइएका उखानहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) एक हातले ताली वज्दैन

(ख) खाने मुखलाई जुँगाले छेक्दैन

(ग) इन्द्रका अगाडि स्वर्गको बयान

(घ) आफू नमरी स्वर्ग देखिँदैन

(ङ) हात्ती आयो हात्ती आयो फुस्सा

(च) बाँदरको हातमा नरिवल

(छ) काम गर्ने कालु मकै खाने भालु

(ज) नाच्न नजान्ने आँगन टेडो

(झ) हुने बिरुवाको चिल्लो पात

(ञ) आलु खाएर पेडाको धाक

(ट) मेरो गोरुको बाह्रै टक्का

## २. टुक्का

दुई वा दुईभन्दा निश्चित शब्द समूहहरू सँगसगै प्रयोग भई आफ्नो सोझो अर्थ नदिएर घुमाउरो अर्थ प्रदान गर्दै विशिष्ट र रुढ अर्थ ग्रहण गर्ने शब्द समूहलाई टुक्का भनिन्छ। टुक्कालाई वाक्य, पद्धति, वाक्यांश, वागधारा, मुहाबरा आदि पनि भनिन्छ। टुक्का हुनको लागि शब्द समूहले सामान्य वा शाब्दिक अर्थ हराएर पहिलेदेखि मानिआएको विशिष्ट अर्थ दिनुपर्छ, सकेसम्म सोझो अर्थ दिने वाक्य नबनाउने गरे राम्रो हुन्छ।

(क) नाक काट्नु (सामान्य अर्थ – नाकलाई काट्नु)

वाक्य – बहिनीले घाँस काट्न जादा हँसियाले आफ्नो नाक काटिछीन्।

(ख) नाक काट्नु (विशिष्ट अर्थ – इज्जत फाल्नु)

वाक्य – रामकी छोरी पोइला गएर बाबुको नाक काटी।

**यहाँ केही टुक्का र तिनको वाक्यमा प्रयोग :**

१. गोता खानु (सास्ती पाउनु, कष्ट झेल्नु)
– धेरै पैसा कमाउँछु भनेर विदेश गएको रमेशले गोता खाएर फर्कियो।

२. चिसो पस्नु (शङ्का लाग्नु)
– वीरेको व्यवहारले ऊ नै खराब भन्ने कुरामा सबैको मनमा चिसो पस्यो।

३. झारा टार्नु (काम गरे जस्तो पार्नु)
– अल्छीहरूले झारा टार्ने काम मात्र गर्दछन्।

४. टाप कस्नु (भाग्नु)
– चोरहरू चोरी गरेर टाप कसे।

५. गिदी खानु (धेरै बोलेर हैरान पार्नु)
– कक्षा कोठामा विद्यार्थीहरूले आवश्यकभन्दा बढी बोलेर गिदी खाए।

६. कुलेलाम ठोक्नु (भाग्नु)
– प्रहरीलाई देखेपछि चोरहरू कुलेलाम ठोकेछन्।

७. मन फाट्नु (विरोध हुनु)
– रामे र श्यामेको बिचमा सानो कुराले मन फाट्यो।

८. हात पसार्नु (माग्नु)
– सबैका सामु हात पसार्न लाज लाग्नुपर्छ।

९. जिब्रो टोक्नु (मर्नु)
– चिन्ताले गर्दा श्यामेको बुबाले जिब्रो टोके।

१०. कामना गर्नु (टक्कर लिनु)
– हरेक मान्छेले अन्यायको सामना गर्नुपर्छ।

११. आलु खानु (असफल हुनु)

– धनेले गणितको जाँचमा आलु खाएछ ।

१२. टुपी काट्नु (जोगी हुनु/इज्जत फ्याल्नु)

– विनोद त टुपी काटेर सहर पसेछ नि ।

१३. आँखा लाग्नु (उँघ्नु)

– सिनेमा हेर्दाखेरि नै मेरा त आँखा लागेछन् ।

१४. ठाडो पुच्छर लगाउनु (भाग्नु)

– साप देखेपछि देवीले घरतिर ठाडो पुच्छर लगाई ।

१५. इतिश्री हुनु (समाप्त हुनु)

– हाम्रो काम आजै मात्र इतिश्री भयो ।

१६. भद्रो हेर्नु (साइत हेर्नु)

– काम गर्न छोडेर के को भद्रो हेरेको ?

१७. ठाडो घाँटी लगाउनु (रक्सी पिउनु)

– राम बेलुका सधैँ ठाडो घाँटी लगाएर झगडा गर्छ ।

१८. अलप हुनु (नदेखिनु)

आकाशमा हिँड्दै गरेको तारा एकैछिनमा अलप भयो ।

१९. कानमा तेल हाल्नु (नसुनेझैँ गर्नु/नपत्याउनु)

अहिलेका केटाकेटीहरूलाई जति सम्झाउँदा पनि कानमा तेल हालेर मात्र बस्छन् ।

२०. सिल्टिमुर खानु (मर्नु)

पल्लो घरे हजुरबाले त आज बिहानै सिल्टिमुर खानुभएछ ।

२१. मन हार्नु (निराश हुनु)

सधैँ मन हार्ने कुरा मात्र गर्नेहरू जिन्दगीमा सफल हुन सक्दैनन् ।

२२. रिसले चुर हुनु (साह्रै रिसाउनु)

भाइले कोठामा चिया पोखेको देखेर आमा रिसले चुर हुनुभयो ।

२३. माछा मार्नु (लड्नु)

मणिरामले आज बाटोमा हिँड्दाहिँड्दै ढुङ्गामा ठेस लागेर माछा मार्‍यो ।

२४. बिन्ती गर्नु (अनुरोध गर्नु)

मैले बहिनीलाई उच्च शिक्षाका लागि विश्वविद्यालयमा भर्ना गरिदिन आमासँग बिन्ती गरेँ ।

२५. वचन दिनु (प्रतिज्ञा गर्नु)

मैले आउँदो वर्ष नयाँ किताब निकाल्छु भनी गुरुलाई वचन दिएँ ।

२६. मुख छाड्नु (गाली गर्नु)

आभाले सानो कुरामा पनि केटाकेटीलाई मुख छाडेर परिवारलाई हैरान पारिसकी ।

२७. अनुसरण गर्नु (पछ्याउनु)

असल व्यक्तिको चरित्र अनुसरण गरेर हामी पनि असल बन्न सक्छौँ ।

२८. तेल लगाउनु (चाकडी गर्नु)

अजयले एक वर्षसम्म नेतालाई तेल लगाएर भए पनि राम्रै जागिर खायो ।

२९. प्रकाश पार्नु (बुझाउनु)

गुरुले निबन्ध लेखनका बारेमा विद्यार्थीलाई राम्ररी प्रकाश पार्नुभयो ।

३०. नाक राख्नु (प्रतिष्ठा बढाउनु)

सरोजले डाक्टर बनेर आफ्नो परिवारको नाक राख्यो ।

### प्रचलित थप टुक्काहरू

| | | | |
|---|---|---|---|
| – | बाटो हेर्नु | – | आँखी हुनु |
| – | ठाडो पुच्छर | – | थाती राख्नु |
| – | सखाप पार्नु | – | खुट्टा लाग्नु |
| – | सोत्तर हुनु | – | दाग लाग्नु |
| – | दुनो सोझ्याउनु | – | तालुमा आलु फल्नु |
| – | कबुल गर्नु | – | रुवाबासी चल्नु |
| – | सही थाप्नु | – | सत्र पर्नु |
| – | चुल्हो फुक्नु | – | ठाडो घाँटी लगाउनु |
| – | काँधमा काँध राख्नु | – | चाख लाग्नु |
| – | कुरो हार्नु | – | मन मिल्नु |
| – | आँखा लाग्नु | – | माया मार्नु |
| – | दिन छिप्पिनु | – | काँध थाप्नु |
| – | टाढा देख्नु | – | मन चोर्नु |
| – | हात थाप्नु | – | उल्लङ्घन गर्नु |
| – | आँखा खानु | – | खोचे थाप्नु |

| | | | |
|---|---|---|---|
| – | आन्द्राभुँडी देख्नु | – | वचन हार्नु |
| – | उभद्रो हेर्नु | – | गोता खानु |
| – | हिम्मत हार्नु | – | आँखाको कसिङ्गर हुनु |
| – | हावा लाग्नु | – | बिलखबन्दमा पर्नु |
| – | आँखाको विष मार्नु | – | सौभाग्य प्राप्त गर्नु |
| – | जुँगामा ताउ दिनु | – | कागको फुल चोर्नु |

## अभ्यास

१. **तलका टुक्काहरूको अर्थ लेख्नुहोस् :**

(क) मुख लाग्नु

(ख) श्री गणेश गर्नु

(ग) संसार छाड्नु

(घ) हरेश खानु

(ङ) हात छोड्नु

(च) हृदय छिया छिया हुनु

(छ) हात बाँध्नु

(ज) पसिना बगाउनु

(झ) बाटो हेर्नु

(ञ) मन दुखाउनु

(ट) नाक राख्नु

(ठ) टुपी काट्नु

(ड) उभद्रो हेर्नु

२. **टुक्काको परिभाषा लेखी उदाहरण सहित वाक्यमा प्रयोग गर्नुहोस् ।**

# खण्ड 'ख'

## बोध तथा अभिव्यक्ति

एकाइ
१

# बोध

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

लिखित वा मौखिक अभिव्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अध्ययन गरी बुझ्नुलाई बोध भनिन्छ । बोधलाई सामान्य भाषामा बुझाइ भनिन्छ । भनिएको भनाइ वा लेखिएको अनुच्छेदको मर्म पहिल्याएर सोधेका प्रश्नको खँदिलो वा पूर्ण उत्तर दिनुलाई नै वास्तवमा बोध भनिन्छ । यसले व्यक्तिको बौद्धिक क्षमताको मूल्याङ्कन गर्दछ ।

दिइएको पाठ वा अनुच्छेद गहन अध्ययन, चिन्तन गरेर सार्थकता प्रस्तुत गर्नुले बोधलाई प्रभावकारी बनाउँछ । अनुच्छेदभन्दा बाहिरको प्रसङ्ग बोध श्रुतिबोध हो भने पढेर गरिने बोधलाई प्रश्नबोध भनिन्छ ।

## बोध प्रश्नको उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू निम्न छन् :

- दिइएको पाठ्यांश वा अनुच्छेद धैर्यपूर्वक सचेतताका साथ गहन अध्ययन गर्ने,
- अनुच्छेदले प्रस्तुत गरेको मूल भावलाई मनमनै बोध गर्ने,
- अनुच्छेदको अन्त्यमा सोधिएका प्रश्नहरू राम्ररी पढेर प्रश्नले मागेको उत्तर पत्ता लगाउने प्रयास गर्ने,
- सोधिएका प्रश्नको उत्तर अनुच्छेदबाट खोजेर रेखाङ्कन गर्ने,
- कुनै पनि प्रश्नको उत्तर दिँदा आफ्नो विद्वत्ता प्रयोग गरी अनुच्छेदमा आधारित कलात्मक उत्तर दिने,
- प्रश्नले जे मागेको छ सो मात्र छोटो, छरितो र स्पष्ट रूपमा उत्तर दिने,
- सकेसम्म अनुच्छेदकै शब्दहरू प्रयोग गरी वैयक्तिक ढङ्गबाट वाक्यगठन गरेर उत्तर लेख्ने ।
- प्रश्नमा जुन काल, पक्ष, लिङ्ग, भावमा प्रश्न सोधिएको छ त्यसैमा आधारित रहेर उत्तर लेख्ने,
- अनुच्छेदको पद पदावलीमा आधारित रहेर प्रश्नको उत्तर लेख्ने ।

## नमुना – १

१. विश्वेश्वरप्रसाद कोइराला राष्ट्रियता, प्रजातन्त्र र समाजवादका त्रिवेणी हुन् । यसै धरातलमा उनको दर्शन विकसित भएको पाइन्छ । उनी मूलत :

प्रजातान्त्रिक समाजवादका अग्रणी व्यक्ति मानिन्छन् । साहित्य र राजनीति दुवै क्षेत्रमा उनको नाम अमर छ । साहित्यतर्फको कुरा गर्दा उनले सुरुमा हिन्दी भाषामा कथा लेखेको पाइन्छ र त्यो कथा वि.सं १९८७ सालको 'हंस' भन्ने पत्रिकामा छापिएको छ । नेपाली भाषामा भने वि.सं १९९२ सालको शारदा पत्रिकामा 'चन्द्रवदन' कथा प्रकाशित भएपछि नै उनको नेपाली साहित्यमा प्रवेश भएको हो । उनले नेपाली कथा क्षेत्रमा मनोविज्ञानलाई प्रवेश गराएर साहित्य क्षेत्रमा नयाँ मोड दिएका छन् । यसलाई नेपाली कथाको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि मानिन्छ । उनका साहित्यिक कृतिहरूमा दोषी चश्मा, (कथासङ्ग्रह) तीन घुम्ती, नरेन्द्र दाइ, हिटलर र यहुदी, सुम्निमा, बाबु आमा र छोरा, मोदि आइन (उपन्यासहरू) र आफ्नो कथा (आत्मकथा) रहेका छन् ।

**प्रश्नहरू :**

(क) विश्वेश्वर प्रसाद कोइराला केका त्रिवेणी हुन् ?

(ख) उनले पहिलो कथा कुन भाषामा लेखेका थिए ? र त्यो केमा छापिएको थियो ?

(ग) नेपाली भाषामा लेखेको उनको पहिलो कथा कुन हो ?

(घ) नेपाली कथाको क्षेत्रमा उनले कसरी नयाँ मोड ल्याए ?

(ङ) उनका प्रमुख साहित्यिक कृतिहरू के के हुन् ?

**उत्तरहरू :**

(क) विश्वेश्वरप्रसाद कोइराला राष्ट्रियता, प्रजातन्त्र र समाजवादका त्रिवेणी हुन् ।

(ख) विश्वेश्वरप्रसाद कोइरालाले पहिलो कथा हिन्दी भाषामा लेखेका थिए । त्यो हंस पत्रिकामा छापिएको थियो ।

(ग) नेपालीमा लेखिएको विश्वेश्वरप्रसाद कोइरालाको पहिलो कथा चन्द्रवदन हो ।

(घ) नेपाली कथाको क्षेत्रमा मनोविज्ञानलाई प्रवेश गराएर विश्वेश्वरप्रसाद कोइरालाले नयाँ मोड ल्याए ।

(ङ) विश्वेश्वरप्रसाद कोइरालाका प्रमुख कृतिहरू (दोषी चस्मा) कथासङ्ग्रह, तीन घुम्ती, नरेन्द्रदाइ, मोदी आइन, हिटलर र यहुदी, सुम्नीमा, बावु, आमा र छोरा (उपन्यासहरू) र आफ्नो कथा (आत्मकथा) आदि हुन् ।

## नमुना – २

**(ख) तलका अनुच्छेद राम्ररी पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

दुनियाँमा अनेक भाषा छन् । तिनीहरूमध्ये कुन भाषामा हामी बालक कालदेखि आमाका घुँडा पक्डेर सिक्ने गर्दथ्यौँ र कुन भाषामा केटाकेटीपनदेखि हामी हाम्रा साना भाइ बहिनीहरूका साथमा कुरा गर्दथ्यौँ त्यो नै हाम्रो मातृभाषा हो । यो हाम्री आमाको भाषा हो । यो भाषा

हाम्रो मातृस्वरूपिणी जन्मभूमिको भाषा हो र यिनै भाषा हाम्री आमा हुन् । यिनले नै हाम्रो जीवनको पोषण गर्छिन् । यिनैका रसले हामी बढिरहेका छौँ । यस भाषाको नाम नेपाली भाषा हो । यिनैलाई आदर गर्न छाडेका दिन हामी कुपुत्र हुन्छौँ । यिनलाई फुल्ने, फल्ने वा फैलने हावापानी नदिए हामी मातृघातक हुन्छौँ । यिनको गला कसेर बन्द गरे आफैँ भुतुभुतु मर्न जान्छौँ । को यति नालायक नेपाली होला जो नेपाली भाषाको विकास र प्रगतिको विरोधी छ ?

**प्रश्नहरू :**

(क) लेखकले नेपाली भाषालाई किन आमा भनेका हुन् ?

(ख) केले हाम्रो जीवनको पोषण गर्छ ?

(ग) नेपाली भाषाका दृष्टिले के कस्तालाई कुपुत्र तथा सुपुत्र भन्न सकिन्छ ?

(घ) यहाँ नेपाली भाषाप्रति लेखकको ममता कसरी प्रकट भएको छ ?

(ङ) लेखकले नेपाली भाषालाई किन त्यति धेरै माया गरेका होलान् ?

**उत्तरहरू :**

(क) लेखकले मातृस्वरूपिणी जन्मभूमिको भाषा भएकाले नेपाली भाषालाई आमा भनेका हुन् ।

(ख) नेपाली भाषी हाम्री आमाले हाम्रो जीवनलाई पोषण गर्छिन् ।

(ग) नेपाली भाषालाई आदर गर्न छाडेकालाई कुपुत्र र आदर गर्नेलाई सुपुत्र भन्न सकिन्छ ।

(घ) यहाँ नेपाली भाषालाई मातृस्वरूपिणी जन्मभूमिका रूपमा लिएर अगाध ममता प्रकट भएको छ ।

(ङ) नेपाली भाषाको मुटु रूपी धड्कन बन्द गरे हाम्रो जीवन सेलाउने हुँदा उनले त्यति धेरै माया गरेका हुन् ।

## अभ्यास

१. **तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

पर्यटन व्यवसायको क्षेत्र विस्तृत र व्यापक छ । पर्यटकहरूको आहार, विहार, भ्रमण, मनोरञ्जन, बसोबास तथा सूचना र व्यापारसँग सम्बन्धित व्यवसाय पर्यटन व्यवसायसँग सम्बन्धित हुने गर्दछ । पर्यटकहरूलाई खानपान र घुमफिरको व्यवस्था गर्न पदयात्रा तथा जलविहारको व्यवस्था मिलाउन दृश्यावलोकन तथा सांस्कृतिक कार्यक्रमबाट मनोरञ्जन गराउनु समुचित वातावरणमा बसोबासको व्यवस्था गर्न, महत्त्वपूर्ण शिक्षा र सूचना दिन तथा पर्यटकहरूका निम्ति बजारको सुविधा उपलब्ध गराउन विभिन्न उद्योग संस्था र

व्यवसायीहरू बिच प्रतिस्पर्धा भइरहेको पाइन्छ । यो प्रबन्धसँग उत्पादनको पनि सम्बन्ध हुन्छ । हस्तकलाका सुन्दर वस्तुहरू नराखिएका पसलमा कुन पर्यटक जान्छन् र ? तसर्थ पर्यटन व्यवसायमा ठुलो जनशक्ति संलग्न हुने गर्दछ । नेपाल जस्तो हरेक ठाँउ नै पर्यटन केन्द्र बनाउन सक्ने देशमा त हिमाल, पहाड र तराईका कुनै पनि ठाउँमा यस किसिमका व्यवसायहरू सञ्चालन गर्न सकिन्छ । यसबाट देशमा विद्यमान बेरोजगारी नियन्त्रण गर्न पनि सहयोग पुग्छ । यिनै कुराहरू महसुस गरेर नै सरकारी स्तरबाट समेत पर्यटन व्यवसायको संवर्धन गर्ने काममा समेत जोड दिइँदै आएको पाइन्छ । तिनका लागि अनेक सुविधाहरू पनि उपलब्ध गराइएको छ ।

**प्रश्नहरू :**

(क) पर्यटन व्यवसायसँग के के कुराहरू सम्बन्धित हुने गर्दछन् ?

(ख) व्यवसायीहरू बिच के विषयमा प्रतिस्पर्धा भइरहेको पाइन्छ ?

(ग) किन नेपालमा पर्यटन व्यवसाय सञ्चालन गर्न सकिन्छ ?

(घ) बेरोजगारी नियन्त्रणका लागि के गर्न सकिन्छ ?

(ङ) हस्तकला र दृश्यावलोकन शब्दको अर्थ के हो ?

२. **तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

दिनभरको परिश्रमले प्राणीहरूको शरीर र दिमाग समेत थाक्दछ । त्यसैले नयाँ स्फूर्ति तथा कामका लागि तयारी गर्नुपर्ने हुन्छ । त्यस्तो तयारी गर्दा मानिसलाई निद्रा लाग्दछ । त्यस्तै निद्राको बेला हामी प्रायः चेतनबाट अर्धचेतन हुने वा केही थाहा पाउने वा केही थाहा नपाउने वा अलिअलि थाहा पाउने हुँदा यस्तो थाहा पाउने वा केही थाहा नपाउने वा चेतनाको कामकाज मस्तिष्कले गर्ने गर्छ भन्ने कुरा जान्नु आवश्यक देखिन्छ । दिनभर काम गर्दा मस्तिष्कका कोषहरूमा ल्याकटिक अम्लले भरिँदै जान्छ । यसरी तेजाव भरिँदा मस्तिष्कले थकाइको महसुस गर्छ । यस्तो हुँदा हामीले थकाइ तथा निद्रा लागेको महसुस गर्दछौँ । मान्छे निदाएपछि मस्तिष्कको एक एक भागबाट पालैपालो रगत हट्दै जान्छ । रगत हटेको भागका जीवकोषहरूलाई ग्लुकोजजस्तो एक विशेष खाले पानी ग्लुकोजले धोएर त्यहाँ शरीरको ल्याकटिक अम्ललाई हटाउने काम गर्दछ । यसै क्रमले मस्तिस्कका सबै भागबाट अम्ल हट्दै जान्छ र केही मिनेटका लागि मस्तिष्कका सबै भागबाट रगत हट्छ अनि मस्तिष्क धोइन्छ । यही मस्तिस्क धुने क्रिया हुँदा हामीलाई निद्रा लाग्छ ।

**प्रश्नहरू :**

(क) प्राणीहरूको दिमाग र शरीर के ले थाक्दछ ?

(ख) निद्राको बेला हामीमा कस्तो परिवर्तन आउँछ ?

(ग) मस्तिष्कले कुन बेला थकाइको महसुस गर्छ ?

(घ) मस्तिष्क कसरी सफा हुन्छ ?

(ङ) मान्छे कतिखेर मात्र निदाउन सक्छ ?

एकाइ २

# बुँदा टिपोट र सारांश लेखन

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

कुनै अनुच्छेदमा भएका मुख्य कुरालाई टिपोट गर्नुलाई नै बुँदा टिपोट भनिन्छ। अनुच्छेद वा पाठमा भएका महत्त्वपूर्ण अंशहरूलाई बुँदाको रूपमा टिपोट गर्नु नै बुँदा टिपोट हो। कुनै अनुच्छेदको मुख्यमुख्य कुरा वा सारपूर्ण कुरालाई लेख्ने कार्यलाई नै सारांश लेखन भनिन्छ। बुँदा टिपोट सारांश लेखनले सिङ्गो पाठको चुरो कुरा पत्ता लगाइने हुँदा यसको विशेष महत्त्व रहेको पाइन्छ।

### बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू :

- प्रश्नमा दिइएको अनुच्छेदलाई ध्यानपूर्वक अध्ययन गर्ने,
- अनुच्छेदका महत्त्वपूर्ण बुँदाहरूलाई सिलसिलेबार रूपमा टिपोट गर्दै जाने,
- टिपेका बुँदाहरू सरल र सामान्य भाषामा प्रस्तुत गर्ने,
- प्रश्नमा तोकिएअनुसार घटबढ नहुने गरी अपूर्ण वा पूर्ण वाक्यको प्रयोग गरी बुँदा टिपोट गर्ने।

### सङ्क्षेपीकरण गर्दा ध्यान दिनुपर्ने कुराहरू :

- सङ्क्षेपीकरण गर्न दिइएको अनुच्छेदलाई गहन अध्ययन गर्ने,
- सङ्क्षेपीकरण गर्दा वाक्यहरूलाई संश्लेषण गर्दै जाने।
- अनुच्छेदको शब्दसङ्ख्या गनी एक तिहाइ शब्दसङ्ख्या निश्चित गर्ने,
- अनुच्छेदमा भएका प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्दै जाने,
- मुख्य कुरा नछुट्ने गरी चारओटा बुँदाहरू टिप्ने,
- टिपिएका बुँदालाई वाक्यमा खँदिलो तरिकाले अनुच्छेदमा लेख्ने,
- सङ्क्षेपीकरण गरिसकेपछि अनुच्छेदको मूल मर्मलाई समेट्ने गरी उपयुक्त शीर्षक दिने (पाठको होइन, अनुच्छेदसँग केन्द्रित)
- सङ्क्षेपीकरण पश्चात् मूल अनुच्छेदको शब्दसङ्ख्या, आवश्यक शब्दसङ्ख्या र सङ्क्षेपिकृत शब्द सङ्ख्या समेत उल्लेख गर्ने।
- लेख्नुपर्ने शब्द सङ्ख्यामा ३/४ शब्दभन्दा बढी सारांश शब्दसङ्ख्या आए त्यसलाई

'खेस्रा लेखन' लेखी पुनः भागफलको ३/४ शब्द बढी वा ३/४ शब्द कमीमा 'साफी लेखन' गर्ने ।

## १. सारांश र बुँदा टिपोटको

### नमुना – १

**(क) तल दिइएको अनुच्छेदबाट चारओटा मुख्य मुख्य बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :**

कुनै पनि देशको मूल कानुनलाई संविधान भनिन्छ । संविधानको भावनाअनुसार ऐन कानुनको तर्जुमा गरिएको हुन्छ । तिनलाई व्यवहारमा उतार्न नियम विनियमहरू बनाइएका हुन्छन् । यी सबैको उद्देश्य देशमा शान्ति सुरक्षा स्थापना गर्ने जनधनको रक्षा गर्ने व्यक्ति, समाज र राष्ट्रलाई अहित हुने कामहरू कतै कसैबाट हुन नदिने हो । यसैगरी मानिसका बोल्ने, लेख्ने, प्रकाशन गर्ने र उद्यम गर्ने जस्ता विभिन्न स्वतन्त्रताहरूको संरक्षण गर्ने पनि हो । अपराध गर्नेलाई तोकेअनुसारको दण्डसजाय गर्ने र कहीं कतैबाट मनोमानी हुन नदिने असल मनसायले नै कानुनको निर्माण गरिएको हुन्छ । यसरी कानुनका आधारमा चल्ने राज्यव्यवस्थालाई नै कानुनीराज भनिन्छ । कुनै पनि व्यक्ति, समाज र राष्ट्रको आफ्नै किसिमको मर्यादाको रक्षाका निम्ति कानुनको खाँचो पर्दछ । सबै मानिसहरू आ–आफ्नो मर्यादामा चल्ने हो भने सायद कानुनको काम पनि कम हुँदो हो तर आजको अस्तव्यस्त समाजमा त्यसो हुनु सम्भव देखिदैन । त्यसैले कानुनको आवश्यकता झन्झन् बढ्न थालेको पाइन्छ ।

## बुँदाटिपोट

१. संविधानको आधारमा ऐन कानुनको तर्जुमा गरिनु,
२. संविधानका नियम विनियमहरूले सबैको अधिकार कार्यान्वयन गर्दै संरक्षण गर्ने,
३. कानुनका आधारमा चल्ने राज्य व्यवस्थालाई नै कानुनीराज भनिने,
४. सबै मानिसहरू आ–आफ्नो मर्यादामा चल्ने हो भने कानुनको समेत खाँचो नपर्ने ।

### सारांश लेखन

संविधान देशको मूल कानुन भएकाले अन्य कानुन त्यसैका आधारमा बन्दछन् । कानुनको उद्देश्य जनधन र राष्ट्रको सुरक्षा तथा राष्ट्रिय स्वतन्त्रताको संरक्षण गर्नु र दण्ड सजायको व्यवस्था गर्नु पनि हो । शान्तिसुरक्षा र राष्ट्रिय मर्यादाका लागि कानुनको खाँचो पर्छ । आजको समाजमा कानुनको आवश्यकता झन्झन् बढ्न थालेको छ ।

अनुच्छेदको शब्दसङ्ख्या : १२६
हुनुपर्ने शब्दसङ्ख्या : ४५
सङ्क्षेपिकृत शब्दसङ्ख्या : ४७

## नमुना - २

**(क) तलको अनुच्छेदबाट चारओटा बुँदा टिपी एकतृतीयांशमा सारांश लेख्नुहोस् :**

नेपाली समाजमा सामान्यतः सरस्वतीको वन्दना गराएपछि शिक्षारम्भ गराइन्छ । रामशरणको शिक्षारम्भ भने फरक किसिमले भएको थियो । उनले कखराबाट नभएर सारेगमबाट शिक्षाको आरम्भ गरेका थिए । उनी आफ्ना घरमा बज्ने बाजाका ध्वनिबाट बाल्यकालदेखि नै प्रभावित हुनाले तिनै बाजाबाट शिक्षारम्भ गर्न उनलाई सहज भयो । उनी एघार वर्षकै उमेरमा ती बाजा बजाउन सक्ने भइसकेका थिए । बाजा बजाउने कामसँग पढाइको कार्यलाई पनि क्रमशः अघि बढाउँदै लगे । घरमा आफ्ना पिताका सङ्कलनमा रहेका पुस्तकले विस्तारै विस्तारै उनलाई अध्ययनमा पनि रुचि जगाइदिएका थिए । उनका पिता पुस्तक सङ्कलनमा रुचि राख्थे । यसैले बजारमा नयाँ पुस्तक देखेपछि किन्न पछि पर्दैनथे । रामशरणलाई सानो छँदा लालहीरा, चार रङका माछा, शर्मिष्ठा, हात्तीमताई जस्ता पुस्तक मन पर्थे । तिनका अतिरिक्त उनका घरमा रामायण, महाभारत, गीता, चण्डी आदिका नेपाली अनुवादसमेत थिए । पुष्कर शमशेरले सम्पादन गरेको अङ्ग्रेजी नेपाली शब्दकोश पनि घरैमा थियो । मुनामदन त अधिकांश साक्षर नेपालीका घरमा हुन्थ्यो नै । यसैले उनका घरमा पनि नहुने कुरै भएन । यसरी पिताको पढाइप्रतिको रुचिका कारण उनमा पनि सानैदेखि पढ्ने इच्छा जागृत भएको थियो ।

### बुँदाटिपोट

(क) सरस्वतीको वन्दनापछि नभई रामशरणले सारेगमबाट शिक्षाको आरम्भ गरेका,

(ख) बाल्यकालदेखि नै बाजा बजाउने कामसँग घरमा भएका लालहिरा, चार रङका माछा,

(ग) रामायण, महाभारत, गीता, चण्डी, अङ्ग्रेजी नेपाली शब्दकोश, मुनामदनजस्ता ग्रन्थले अध्ययनमा झनै रुचि बढेको,

(घ) बजारमा पाइने नयाँ पुस्तक तुरुन्तै किनेर पढ्ने उनको पिताको बानीले उनमा पढ्ने इच्छा जोगको ।

### सारांश :

#### रामशराण दर्नाल

रामशरण दर्नालले सरस्वतीको वन्दनापछि नभई सारेगमबाट शिक्षारम्भ गरेका थिए । उनले बाल्यकालदेखि नै बाजा बजाउने कामसँगै घरमा भएका लालहीरा, चार रङका माछा, शर्मिष्ठा, हात्तीजस्ता कृति र रामायण, महाभारत, गीता, चण्डी, अङ्ग्रेजी नेपाली शब्दकोश, मुनामदन पनि पढेका थिए । बजारमा पाइएका नयाँ पुस्तक तुरुन्तै किनेर पढ्ने पिताको बानीले उनमा पढ्ने इच्छा जागेको थियो ।

मूल अनुच्छेदको शब्दसङ्ख्या = १५०
एक तृतीयांश शब्दसङ्ख्या = ५०
सारांश शब्दसङ्ख्या = ५०

## अभ्यास

१. **तलको अनुच्छेदबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।**

थाङ्का कलाप्रेमीहरूका लागि उत्कृष्ट कलाकृति, बौद्धमार्गीहरूका लागि आस्थाको प्रतीक र शान्तिप्रेमीका लागि शान्तिको प्रतीक हो । थाङ्का बौद्धमार्गीहरूमा लोकप्रिय छ । गुम्बाहरूमा र घर–घरमा समेत थाङ्कालाई सजाइन्छ र पुजिन्छ । लामा बौद्ध समुदायमा त हरेक मृतकका नाममा एउटा थाङ्का अनिवार्य रूपमा चाहिन्छ । बौद्धमार्गीहरूमा अलग अलग इष्टदेवताहरू हुन्छन् । मान्छे मर्दाको इष्टदेवताअनुसार अलग अलग थाङ्का चाहिन्छ । मृतकका नामको थाङ्का घरमा पूजा गरिन्छ वा गुम्बाहरूमा चढाइन्छ । त्यसो त थाङ्का बौद्धमार्गीहरूले मात्र होइन, अरूले पनि किन्छन् । कला मन पराउनेहरू सुन्दर कलाका रूपमा यसलाई किन्छन् । नेपाल घुम्न आउने कतिपय पर्यटकहरूले बुद्ध जन्मिएको भूमिको चिनोको रूपमा पनि थाङ्कालाई किन्ने गरेका छन् । पछिल्लो समयमा थाङ्काको कला र प्रविधि प्रयोग गरेर अरू धर्मका देवीदेवताका चित्रहरू पनि बनाउन थालिएको छ । त्यसैले थाङ्का सबैको प्रिय छ ।

२. **तलको अनुच्छेदबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।**

क्लारा राजनीतिमा सक्रिय रहेको अवस्थामा पहिलो विश्वयुद्ध सुरु भयो । क्लारा विश्वयुद्धकी विरोधी थिइन् । उनले आफू संलग्न पार्टीलाई विश्वयुद्धको विपक्षमा लाग्न आग्रह गरिन् तर पार्टीको बहुमतले युद्धमा जाने जर्मन सरकारको नीतिलाई समर्थन गऱ्यो । क्लारा त्यसमा सहमत भइनन् । उनले आफ्ना साथीहरूसँग मिलेर विश्वयुद्ध विरुद्ध जनमत बटुल्ने प्रयत्न गरिन् । उनकै पहलमा सन १९१५ मा विश्वयुद्ध विरुद्ध अन्तर्राष्ट्रिय महिला शान्ति सम्मेलन भयो । उनले विश्वयुद्ध धनी राष्ट्रहरूले हतियार बेच्ने बाहाना मात्र हो, यसले आम श्रमिकहरूको हित गर्दैन भन्दै युद्ध विरोधी अभियान चलाउने प्रस्ताव राखिन् । उनको प्रस्तावलाई सम्मेलनबाट पारित गरियो । त्यस प्रस्तावले विश्वभर चर्चा पायो । यति हुँदा विश्वयुद्ध भई छाड्यो । उनले युद्ध विरोधी आवाज उठाइरहिन् । युद्धको विरोध गरेकाले उनलाई जर्मन सरकारले पक्रने, थुन्ने र यातना दिने काम गऱ्यो । त्यही यातनाका क्रममा उनी बिरामी परिन् । त्यो रोग पछि पटक पटक बल्झिरह्यो ।

३. **तलको अनुच्छेदबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।**

संस्कृति भूगोल, जातिअनुसार फरक हुन्छ । तराई मधेशमा गर्मी हुने भएकाले त्यहाँका मानिसको पहिरन बढी खुला प्रकृतिको हुन्छ । हिमाली भेगमा अत्यधिक जाडो हुने भएकाले त्यहाँको पहिरन बढी नै बन्द प्रकृतिको हुन्छ । त्यस्तै, पहाडको हावापानी धेरै गर्मी र धेरै

जाडो नहुने भएकाले त्यहाँको पहिरन सोही प्रकृतिको हुन्छ । त्यस्तै खानपिन, मेला, उत्सव, जीवन संस्कार, चाडपर्व, बोलिचाली आदि पनि हावापानीअनुसार फरक हुन्छन् । संस्कृति जात पिच्छे फरक-फरक हुन्छन् भन्ने उदाहरण हामीसँग जति पनि छन् । एउटै टोलमा बस्ने शेर्पाहरू ल्होसारमा, राईहरू साकेलामा, नेवारहरू इन्द्रजात्रामा, लिम्बुहरू धाननाचमा रमाउँछन् । महिला र पुरुषका पहिरन, गरगहना, बोली वचनमा पाइने भिन्नताका आधारमा पनि संस्कृति फरक हुने गरेको देखिन्छ ।

४. **तलको अनुच्छेदबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।**

स्वाथ्य नै जीवनको पहिलो धन रहेछ । स्वस्थ र दीर्घ जीवनका आधार भनेकै नियमित र स्वास्थ्यबर्धक भोजन रहेछ । अनियमित र अधिक भोजनले नै मधुमेह, हृदयघात, मोटोपना, अर्वुद र रक्तचाप जस्ता रोगहरू निम्त्याउने गर्दछ । आहारका सम्बन्धमा बेन्जामिन फ्रयाङ्कलिनले भनेका छन् मैले देखेका धेरै मानिसहरू खाएर मरेका छन् भने थोरै मानिसहरू मात्र खान नपाएर मरेका छन् । खानाकै असावधानीका कारण मान्छेलाई धेरै रोग लाग्न सक्छ । रोग लागिहालेमा सुरुका अवस्थामा हाम्रै घर वरिपरि रहेका जडिबुटी वा घरेलु औषधी सेवन गर्नु श्रेयस्कर हुन्छ भन्ने कुरालाई आयुर्वेद विज्ञानले महत्त्व दिएको पाइन्छ ।

५. **तलको अनुच्छेदबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।**

सबैलाई थाहा छ, बीसौँ शताब्दीतिरको विराट भुँडीले सुरसाको मुख बनाएको छ । मान्छे हनुमानझैँ आकाश, पाताल चहारेर कति नै ठुलो आङ फुलाओस् । भुँडीको बढ्दो आयतनको अनुपातमा उसको शक्ति सामर्थ्य हात्तीको मुखमा जिरा हुन्छ । कसलाई थाहा छैन र ? भुँडीकै लागि समुद्र तरेका भारतीयहरू भुँडीकै भाग नपुगी लङ्काबाट लर्काइँदै छन् भने भुँडीकै पिरलोले जुगजुगदेखि ब्रह्माको मुलुक पसेका नेपालीहरू भुँडीकै समस्याले बर्माबाट फर्काइँदै छन् ।

एकाइ ३

# कथा लेखन

१. **पढ्नुहोस् र बुझ्नुहोस् :**

'कथ' धातुमा 'आ' प्रत्यय लागेर सिङ्गो शब्द कथा बनेको पाइन्छ । कथ्नु, भन्नु वा वर्णन गर्नुलाई कथा भनिन्छ । कथामा, विषयवस्तु, पात्र, परिवेश, संवाद, शैली आदि जस्ता तत्त्वहरू रहेका हुन्छन् । यस्ता तत्व हरूको संयोजन गरी रचना गरिएको सिलसिलेवार प्रस्तुतिलाई नै कथा भनिन्छ । सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, पौराणीक, मनोवैज्ञानिक आदि विभिन्न विषयवस्तुहरूमा आधारित रहेर कथा सिर्जना गरिएको हुन्छ । कथाले विषयवस्तु अनुरूप निश्चित सन्देश प्रवाह गर्दछ ।

**कथा कसरी लेख्ने ?**

१. दिइएका बुँदाहरूलाई काल्पनिक ढाँचामा रूपान्तरण गर्ने,
२. कथानकका लागि सुन्दर परिवेश निर्माण गर्ने,
३. कथाको गहनानै कौतूहलता हो, कथालाई कुतूहलम बनाउने,
४. उठान खण्ड–पहिलो अनुच्छेद बनाउने
५. कथाको शरीर भाग दोस्रो अनुच्छेद बनाउने
६. निष्कर्ष, सन्देशका रूपमा ३/४ हरफमा तेस्रो अनुच्छेद पारी लेख्ने ।
७. पात्र र घटनाको सामज्जस्य कायम गरी वर्णन र संवादका माध्यमबाट कथानकलाई अगाडि बढाउने,
८. सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गर्ने ।

## नमुना – १

एउटा गाउँमा गरिब किसान ......... धेरै मिहिनेती ......... खेतको डिलमा नागको वास........ किसानको परिश्रमबाट नाग प्रकट हुनु ........ नागले हरेक दिन खेतमा सुनको सिक्का खसाल्नु ....... सुनका सिक्का बेचेर किसान धनी हुनु..... विस्तारै किसानमा लोभ जाग्न थाल्नु....... नागलाई मारेर धेरै सिक्का एकै पटक प्राप्त गर्ने निर्णयमा पुग्नु ...... नाग मार्ने प्रयास गर्नु....... नागले डसेर भाग्नु ....... किसानको मृत्यु हुनु ....... धेरै लोभ गर्न हुन्न भन्ने सन्देश ।

### लोभले लियो ज्यान

कुनै मदनपुर नाउँ गरेको गाउँमा प्रताप नाम गरेको किसान थियो । ऊ अत्यन्तै गरिब थियो । गरिब भए पनि प्रताप मिहिनेती, लगनशील र इमानदार थियो । उसले मिहिनेत गरेर खेतीमा राम्रो उत्पादन गरेको थियो । आफ्नै परिश्रमबाट घर परिवारको गर्जो टार्दै प्रगति गर्दै गएको थियो ।

एक दिनको कुरा हो । त्यस किसानको खेतमा उसको दुःख देखेर नाग प्रकट भए । हरेक दिन किसानलाई त्यस नागले एउटा एउटा सुनको सिक्का दिन थाल्यो । हरेक दिन सिक्का पाएपछि प्रताप धनी र प्रतापी हुन थाल्यो । सिक्का बेचेर उसले धेरै धन कमायो । प्रतापको मनमा नागले एक–एक सिक्का दिनुभन्दा एकै पटक धेरै सिक्का प्राप्त गर्ने लोभ पैदा भयो । अझै धनी बन्न प्रतापले नागलाई मारेर एकै पटक धेरै सिक्का पाउने योजना बनायो । आफ्नो योजनाअनुसार प्रताप खेतको कुनामा लुकेर बस्यो र नाग निस्किएपछि आक्रमण गर्‍यो । नागले प्रतापको आक्रमणबाट बच्न उसको हातमा डसेर ज्यान बचायो । नागको डसाइले प्रतापको तत्कालै ज्यान गयो । एकैछिनमा शरीर हरियो भयो । उसले पश्चात्ताप महसुस गर्दागर्दै ज्यान गुमाएको थियो ।

आफ्नो क्षणिक रूपमा पलाएको 'एकै पटक धेरै' कमाएर धनी बन्ने सपना बोकेको प्रतापको मृत्यु भयो । आवश्यकताभन्दा बढी लोभ गरेका कारण प्राप्त गरेको सबै कुरा धन –सम्पत्ति र आफूले ज्यान समेत गुमाउन पुग्यो । त्यसैले हामी मानवका अनावश्यक लोभका कारण ठुला समस्या निम्तिन सक्छन् । आफूसँग भएकै कुरालाई सन्तोष मानी जीवन जिउनुपर्छ भन्ने सन्देश यस कथाबाट पाइन्छ ।

## नमुना – २

**(क) तल दिइएका बुँदाका आधारमा एउटा छोटो कथा रचना गर्नुहोस् :**

एउटा सानो बाँसे पुल ............ घमण्डी भेडो र बलियो बाख्रो ............ दुवैको पुलका बिचमा भेट ............ पुल बाररहित ............ दुवैले ............ बाटो छोड्न नमान्नु ............आआफ्नो घमण्ड देखाउनु ............ बाटो छोड्ने धम्की दिनु ............ दुवै नमान्नु ............ हानाहान गर्ने निर्णयमा पुग्नु ............ हानाहान गर्न थाल्नु ............ सिङ भाँचिएर रगताम्य हुनु ............ अझै लडाइँ गरिरहँदा दुवै खोलामा खसेर मर्नु ............ बढी घमण्डले मृत्यु निम्त्याउनु ............ ।

### घमण्डको फल

वर्षा यामको पानी पर्ने मौसम थियो । ढाँडखर्क र मजुवामा लगातार सात दिनदेखि परेको पानी अझै रोकिएको थिएन । त्यसैले छत्रे खोलामा बाढी आइरहेको थियो ।

बुधसिङका र खड्ग भञ्ज्याङका बासिन्दाले खोला वारपार गर्न पाइयोस् भनेर एउटा सानो बाँसे पुल बनाए ।

बाँसका भाटाहरूबाट बनाइएको त्यस पुलमा कुनै बार थिएन । पुल साँघुरो भएकाले एक पटकमा एकजना मात्र हिँड्नुपर्थ्यो । त्यही पुलमा एकदिन बुधसिङबाट एउटा घमण्डी भेडो आउँदै थियो र खड्ग भञ्ज्याङ पट्टिबाट बलियो बाख्रो जाँदै थियो । पुलका बिचमा पुग्दा ती दुईको आपसमा भेट भयो । दुवैले राताराता आँखा पार्दै एकअर्कालाई हेरे ।

मेरो अगाडि पर्नासाथ सबै डरले भाग्छन् भन्ने घमण्ड भेडालाई थियो भने मेरो बलको अगाडि बाघ पनि डरले भाग्छ भन्ने घमण्ड बाख्रामा थियो । त्यसैले आफ्ना अगाडि सरासर बाख्रो आएको देखेर भेडाले भन्यो, "ए मूर्ख बाख्रा ! म यहाँ आएको देखिनस् र मेरा अगाडि आउँदै छस् ? बाटो छोड् ।" भेडाको कुरा सुनेर बाख्राले झन् चर्को स्वरमा भन्यो, "ए उल्लु भेडा ! तँ कोसँग बोल्दै छस् ? म हिँड्ने बाटामा मलाई नसोधी आउन तँलाई लाज लाग्दैन ?" दुवैको चर्को आवाज सुनेपछि भेडा गोठालो र बाख्रा गोठाला आएका केटाकेटीहरू आफ्नो पक्षमा नारा लगाउन थाले । बुधसिङपट्टिबाट भेडाको समर्थनमा त खड्ग भञ्ज्याङ पट्टिबाट बाख्रोको समर्थन गर्दै केटाकेटीहरू रमिता हेर्न थाले । भेडा बाख्रा दुवैले आफ्नो घमण्ड छाडेनन् र आपसमा हानाहान गर्न थाले । त्यो जुधाइले केटाकेटीलाई झन् मनोरञ्जन दियो । लामो समयसम्म निरन्तर भएको हानाहानले गर्दा दुवैको सिङ भाँचिसकेका थिए । साथै सिङबाट बगेको रगतले पुल नै रातो भइसकेको थियो । रगत नै बग्न थालेको दृष्य देखेपछि भेडा र बाख्रालाई केटाकेटीहरूले बोलाए ।

लामो समयसम्म जुधेर थाकेका र केटाकेटीले बोलाएको भए पनि भेडा र बाख्राको घमण्डचाहिँ कत्ति पनि घटेको थिएन । रिसका कारण ती दुईले आफ्नै अगाडि आइपुगेको मृत्युलाई पनि देख्न सकेनन् र निरन्तर जुधि नै रहे । अन्ततः शरीरले थाम्न छोडेपछि दुवै खोलामा खसे । खोलामा ठुलो बाढी आइरहेकै थियो । एकैछिनमा भेडा र बाख्रा दुवैलाई बगाएर धेरै तल पुऱ्यायो । आफ्ना एउटा भेडा र एउटा बाख्रो गुमाएका वरिपरिका केटाकेटीहरू बढी घमण्ड देखायो भने ज्यानै जाने रहेछ भन्दै बाँकी भेडा बाख्रा धपाउँदै आआफ्नो घरतिर लागे ।

## अभ्यास

१. **दिइएका बुँदाका आधारमा छोटो कथा तयार गरी शीर्षक समेत लेख्नुहोस् :**

(क) हरिशरण अध्ययन गर्न विदेश गएको .................... अध्ययन पूरा गरी घर फर्कदै गरेको .................... आफू विद्वान् भएकोमा घमण्ड बढ्न थालेको .................... घर फर्कदा बाटोमा झुलो खोला भएको .................... खोलामा पुल नभएको .................... डुङ्गा चढेर खोला तर्नुपर्ने बाध्यता .................... डुङ्गा चढ्न

गएको .................... डुङ्गा चढ्दा माझीलाई कति पढेको छस् भनेर सोधेको .................... माझीले आफू अनपढ भएको कुरा बताएका .............. माझीलाई पढ्नुपर्छ भनेर सन्देश दिदै खिल्ली उडाएको .................... खोला तर्दै गर्दा ठुलो छाल आएका.................... माझीले पौडेर खोला तर्नुपर्छ भन्ने उपदेश दिएको .................... पौडिन नआएकोमा विद्वान्लाई ग्लानि भएको .................... व्यावहारिक शिक्षाको आवश्यकता रहेको सन्देश ।

(ख) एउटा बनमा हात्ती र बाँदरसँगै मिलेर बस्नु र सँगै खानेकुरा खोज्नु, ............... एक दिन को ठुलो भन्ने विषयमा झगडा पर्नु, ............................. लाटोकोसेरोलाई झगडा छिनिदिन आग्रह गर्नु, ............................. लाटोकोसेरोले दुवैलाई खोलापारिबाट नरिवल टिपेर ल्याउन भन्नु, ............................. खोलो तर्दा बाँदर हात्तीको पिठिउँमा चढ्नु, ............................. खोलो तर्नु, .................... नरिवलको रूख ज्यादै अग्लो हुनु, .................... हात्तीले बाँदरलाई नरिवल टिपेर ल्याउन अह्राउनु, ............................. बाँदरलाई नरिवल बोक्न अप्ठेरो हुनु, ............................. हात्तीले नरिवल मुखमा च्याप्नु, ............................. लाटोकोसेरोले नरिवल कसरी ल्यायौ भनी सोध्नु, ............................. दुवैले समान कार्य गरेकाले दुवै आआफ्नो काममा ठुला छौ भनी लाटोकोसेराले बताउनु, ............................. पहिले जस्तै मिलेर बस्न थाल्नु, ............................. एकतामा बल हुने सन्देश ।

(ग) कुनै गाँउमा एउटा दुष्ट मानिस बस्नु, ............................. सबै गाँउलेहरूलाई सधैँ सताइरहनु, ............................. गाउँलेहरू ऊसँग सधैँ डराउनु .................... एक पटक ऊ नराम्ररी बिरामी पर्नु, ............................. ऊ मर्नै लाग्नु, ............................. सबै गाउँलेलाई बोलाएर आफूले जीवनभरि उनीहरूलाई दुःख दिएकामा माफी माग्नु, ............................. आफू मरेपछि मुखमा बाँसका किला ठोकेर अन्तिम संस्कार गरिदिन आग्रह गर्नु ............................. दुष्ट मर्नु ............................. गाउँलेहरूले उसले भने बमोजिम मुखमा किला ठोकेर मसानघाट तिर लैजानु ............................. बाटामा पुलिसले देख्नु ........ पुलिसले सबै मलामीलाई पक्रिएर जेल हाल्नु ............................. दुष्टले बाँचुन्जेल मात्र हाइन मरेपछि पनि दुःख दिन्छ. ............................. दुष्टको सङ्गत गर्न नहुने सन्देश ।

(घ) वैशाख जेठको टन्टलापुर घाम .............................. असाध्यै गर्मी हुनु .............................. एउटा कागलाई तिर्खाले असाध्यै सताउनु .............................. हाँगामा शीतल भए पनि तिर्खा नमेटिनु .............................. काग पानी खोज्न थाल्नु .............................. एउटा घरको आँगनमा पानीको गाग्रो हुनु .............................. चुच्चोले पानी नभेटिनु .................... स–साना ढुङ्गा सङ्कलन गरी गाग्रामा हाल्नु ........................... पानी माथि आउनु .............................. पानी पिएर सन्तुष्ट हुनु ........................... जहाँ इच्छा त्यहाँ उपाय भन्ने सन्देश ।

(ङ) कुनै वनमा धेरै परेवाहरू हुनु .................... बनको नजिकै किसानको खेत .................... परेवाहरू सधैँ खेतमा जानु .................... किसानको बाली नष्ट गर्नु .................... किसानले जाल थाप्नु .................... परेवाहरूमध्ये बुढो परेवाले जाल देख्नु .................... बुढो परेवाले अरू परेवालाई सतर्क गराउनु .................... अरू परेवाले बुढो परेवाको कुरा नमान्नु .................... बुढो परेवा बाहेक अरू सबै परेवा जालमा पर्नु .................... बुढो परेवाले मरे जस्तो गर्न भन्नु .................... किसान आएर जाल खोल्नु .................... सबै परेवा भाग्न सफल हुनु .................... आफूभन्दा अग्रजले भनेको नमान्दा दुःख पाइने सन्देश ।

(च) कुनै सहरमा चार जना रुवा व्यापारी हुनु ............ रुवाको ठुलो गोदाम हुनु ............ उनीहरूले एउटा बिरालो पाल्नु ............ बिरालाको एक एक खुट्टो भाग लगाई स्याहार गर्ने प्रत्येकको जिम्मा ............ बिरालो एउटा खुट्टामा चोट लागी घायल हुनु ............जाडाले अगेनातिर बसेको बिरालालाई आगाले पोल्नु ......... पोलिएको बिरालो अताल्लिएर भाग्नु .......... आगो उछिट्टिई रुवाको गोदाम सल्किएर सखाप हुनु ............ सद्दे खुट्टाका मालिक व्यापारीहरूद्वारा घायल खुट्टाको मालिकबाट क्षतिपूर्तिको माग हुनु ............ अदालतमा मुद्दा दायर हुनु ............ तीनओटा सद्दे खुट्टाको सहायताले बिरालालाई रुवाको गोदाम पुऱ्याएको भन्ने तर्क अदालतले गर्नु ............ सद्दे खुट्टाका मालिकहरूबाट क्षतिपूर्ति हुनुपर्ने अदालतको निर्णय ............ कुनियतको परिणाम नराम्रै हुने सन्देश ।

एकाइ ४

# जीवनी लेखन

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

कुनै प्रसिद्ध व्यक्तिको बारेमा लेखिएको वृत्तान्तलाई जीवनी भनिन्छ । व्यक्तिले आफ्नो जीवनभरमा गरेका अनेक कार्य र उसका कार्यबाट समाजमा परेको सकारात्मक प्रभावको आधारमा जीवनी रचना गरिन्छ । जीवनीमा व्यक्तिका जन्मदेखि मृत्युसम्मका घटना वा कार्यहरूको वर्णन गरिन्छ । समाजमा योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिको जीवनी लेखिन्छ ।

### जीवनी कसरी लेख्ने ?

१. जीवनीमा सम्बन्धित व्यक्तिको बाल्यकाल, शिक्षा, महत्त्वपूर्ण कार्य योगदान आदिका बारेमा क्रमबद्ध ढङ्गले मुख्य कुराहरूको वर्णन गर्ने ।

२. प्रस्तुत गरिएका बुँदाहरूलाई राम्रोसँग पढ्ने र मनन गर्ने,

३. जीवनी लेख्ने व्यक्तिको नाम शीर्षकको रूपमा लेख्ने,

४. बुँदाहरूलाई सिलसिलाबद्ध रूपमा मिलाएर व्याख्या एवम् विस्तार गर्ने,

५. जीवनी सरल र बोधगम्य भाषामा लेख्ने,

६. जीवनीलाई सकभर आदि, मध्य र अन्त्य छुट्टिने गरी ३/४ अनुच्छेदमा लेख्ने ।

### जीवनी लेखनको नमूना

नाम : गोपालप्रसाद रिमाल

जन्ममिति : वि.सं १९७५

जन्म स्थान : लगनटोल काठमाडौ

पितामाता : उमाकान्त रिमाल/आदित्य कुमारी रिमाल

शिक्षा : वि.सं १९९२ सालमा एस.एल.सी प्रथम श्रेणीमा उत्तीर्ण/आई.ए सम्मको अध्ययन

प्रमुख घटना :

- जुद्धोदय पब्लिक स्कुलका संस्थापक
- सरकारी सेवा र युवावस्थामै सामाजिक, राजनीतिक र साहित्यिक गतिविधिमा सक्रिय
- राणाविरोधी आन्दोलनमा सक्रिय भई जेल परेका
- वि.सं १९९२ को प्रति शीर्षकको कविताबाट साहित्ययात्रा आरम्भ गरेका

- २००० सालमा भाषानुवाद परिषद्मा लेखकको रूपमा काम गरेका
- २००३ सालमा शारदा पत्रिकाको सम्पादक
- मसान, यो प्रेम (नाटक) माया, नेपाली संस्कृति (एकाङ्की) आमाको सपना (कविता संङ्ग्रह प्रकाशित)

विशेषता : गद्य र पद्य दुवै विधाका प्रवर्तक, नारीवादी लेखक, क्रान्तिकारी कवि

सम्मान तथा पुरस्कार : मदन पुरस्कार, त्रिभुवन प्रज्ञा पुरस्कार आदि

मृत्यु : २०३० साल काठमाडौँ ।

## साहित्यकार गोपालप्रसाद रिमाल

गोपालप्रसाद रिमालको जन्म वि.सं १९७५ सालमा काठमाडौँको लगनटोलमा भएको थियो । उनको पिताको नाम उमकान्त रिमाल र आमाको नाम आदित्यकुमारी रिमाल थियो । वाल्यकालदेखि नै अध्ययनमा रुचि राख्ने र चिन्तनशील स्वभावका रिमालले वि.सं १९९२ सालमा एस.एल.सी परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए । उनले औपचारिक रूपमा आई.एसम्मको अध्ययन गरेका छन् ।

गोपाल प्रसाद रिमाले आफ्नो जीवनकालमा विभिन्न सघं संस्थाहरूसँग आबद्ध रहेर काम गरे । उनी जुद्धोदय पब्लिक स्कुलका संस्थापक हुन् । उनी सरकारी सेवामा संलग्न थिए । उनले युवा अवस्थामा नै सामाजिक, राजनीतिक तथा साहित्यिक गतिविधिमा योगदान पुऱ्याएका थिए । उनले राणाशासनको विरुद्धमा आवाज उठाएका थिए । यसरी राणाशासनको विरोध गरेका कारण उनी जेल पनि परेका थिए ।

रिमालले वि.सं १९९२ सालमा प्रति शीर्षकको कविता रचना गरेर साहित्य यात्राको आरम्भ गरेका थिए । रिमालले २००० सालमा भाषानुवाद परिषदमा जगिरेको काम गरे भने २००३ सालमा शारदा पत्रिकाको सम्पादन समेत गरेका थिए । मसान, यो प्रेम जस्ता नाटक, माया, नेपाली संस्कृतिजस्ता एकाङ्की अनि आमाको सपना शीर्षकको कविता संङ्ग्रह प्रकाशित गरेका रिमाल गद्य कविताका प्रवर्तक, नारीवादी लेखक तथा क्रान्तिकारी र निडर व्यक्ति हुन् ।

साहित्य लेखनको क्षेत्रमा योगदान पुऱ्याएवापत कवि गोपालप्रसाद रिमाल मदन पुरस्कार तथा त्रिभुवन पुरस्कारबाट सम्मानित बनेका छन् । साहित्यको क्षेत्रमा अनवरत योगदान पुऱ्याएको रिमालको वि.सं २०३० सालमा काठमाडौँमा देहावसान भयो । उनको मृत्युबाट नेपाली साहित्य क्षेत्रमा ठुलो क्षति पुगेको देखिन्छ ।

## अभ्यास

१. **तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार गरी शीर्षक दिनुहोस् :**

नाम : पारिजात

जन्ममिति : वि.सं १९९४

| | | |
|---|---|---|
| वास्तविक नाम | : | विष्णुकुमारी वाइबा |
| जन्मस्थान | : | दार्जिलिङ् |
| पिता | : | के.एन वाइबा |
| माता | : | अमृता मोक्तान |
| प्रमुख कृतिहरू | : | शिरीषको फूल, वैंसको मान्छे, महत्ताहीन, (जस्ता उपन्यास) सडक र प्रतिभा, आदिम देश (कथा) आकाङ्क्षा, वैसालु वर्तमान कविता सङ्ग्रह तथा अन्य थुप्रै ग्रन्थहरूको सिर्जना |
| सम्मान तथा पुरस्कार | : | मदन पुरस्कार, गम्की बसुन्धारा पुरस्कार, सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार, आदि |
| साहित्यिक विशेषता | : | विसङ्गतिवादी, अस्तित्ववादी, प्रगतिवादी आदि आधारमा रचना गर्ने रचनाकार, |
| | : | साहित्यका माध्यमबाट समाज सुधार गर्नुपर्छ भन्ने भावना राख्ने साहित्यकार, |
| | : | शारीरिक रूपले अशक्त भए पनि मानसिक रूपमा सवल र दृढ नारी प्रतिभा |
| मृत्यु | : | वि.सं २०५० वैशाख ५ गते काठमाडौँ |

२. **तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार गरी शीर्षक समेत दिनुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | बालकृष्ण शमशेर राणा |
| साहित्यिक नाम | : | बालकृष्ण सम |
| पिता | : | समशेर जवरा |
| माता | : | कीर्तिराज्यलक्ष्मी राणा |
| जन्मस्थान | : | ज्ञानेश्वर, काठमाडौँ |
| शिक्षा | : | आइ.एस्सी |
| जन्ममिति | : | वि.सं १९५९ |
| पेशा | : | साहित्यलेखन/प्राध्यापन |
| कृतिहरू | : | आगो र पानी, चिसो चुल्हो, मुटुको व्यथा, प्रेमपिण्ड, भक्त भानुभक्त आदि । |
| काव्यगत विशेषता | : | परिस्कारवादी कवि, संयमित प्रस्तुति, बौद्धिक र प्राज्ञिक लेखक, मानवतावादी दृष्टिकोण प्रस्तुत गर्ने लेखक |
| पुरस्कार तथा सम्मान | : | पृथ्वी प्रज्ञा पुरस्कार, साझा पुरस्कार, रत्नश्री स्वर्णपदक पुरस्कार आदि |
| मृत्यु | : | वि.सं २०३८ काठमाडौँ |

३. **तल दिइएका बुँदाका आधारमा जीवनी तयार गरी शीर्षक समेत लेख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | भैरव अर्याल |
| जन्ममिति | : | वि.सं १९९३ |
| जन्मस्थान | : | कुपण्डोल, ललितपुर |
| शिक्षा | : | नेपालीमा एम.ए |
| पेशा तथा संलग्नता | : | शिक्षण तथा पत्रकारिता, कुशल व्यवस्थापक गोरखापत्रका जागिरे, पत्रिकाको सम्पादक |
| कृतिहरू | : | काउकुती, गलबन्दी, इतिश्री, दशऔतार जस्ता निबन्ध लेखक |
| विशेषता | : | सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्ने निबन्धकार, कलात्मक भाषा शैलीको प्रयोग गर्ने निबन्धकार हास्यकाव्य जगतका सर्वोच्च प्रतिभा |
| देहावसान | : | वि.सं २०३३ साल गोकर्ण । |

४. **दिइएका बुँदाका आधारमा जीवनी तयार गरी शीर्षक समेत लेख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | लक्ष्मीप्रसाद देवकोटा |
| जन्म | : | वि.सं १९६६ कात्तिक २७ |
| जन्मस्थान | : | धोविधारा काठमाडौँ |
| पिता/माता | : | तिलमाधव देवकोटा/अमर राज्यलक्ष्मी |
| कथा | : | लक्ष्मी कथासङ्ग्रह |
| उपन्यास | : | चम्पा |
| महाकाव्य | : | शकुन्तला, सुलोचना, वनकुसुम, महाराणाप्रताप, पृथ्वीराज चौहान आदि |
| निबन्ध | : | लक्ष्मी निबन्धसङ्ग्रह |
| खण्डकाव्य | : | मुनामदन, लुनी, कुञ्जिनी, श्रृजामाता आदि |
| योगदान | : | नेपाली साहित्यका महाकवि. विशिष्ट निबन्धकार, नेपाली साहित्यका प्रचारक |
| विशेषता | : | स्वच्छन्दतावादी, मानवतावादी कवि. कल्पनाशील तथा बौद्धिक व्यक्तित्व |
| मृत्यु | : | वि.सं २०१६ साल काठमाडौँ |

एकाइ ५

# चिठी लेखन

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

चिठी भनेको पत्र हो । खबर सम्प्रेषण गर्ने माध्यम हो । चिठी व्यापारिक खबर आदान – प्रदान गर्ने हेतुले यसको प्रचलन बढेको पाइन्छ । गोप्य खबर तथा लेनदेन गर्दा, आवेदन निवेदन दिँदा, कार्यालयीय कामकाज गर्दा चिठिको प्रयोग गरिन्छ । हामी बिच सम्बन्धको सूत्रधार पनि चिठी सम्बन्ध टुट्दा (मृत्यु हुँदा) पनि खबर चिठीमै पठाउने चलन थियो । सेतो धागोले बाँधेको चिठी दुःखद खबर ठानी छिट्टो पुऱ्याउने गरिन्थ्यो । सम्बन्ध विस्तार र मजबुतीको साधन वा माध्यम चिठी बन्छ । चिठी बुझ्ने, सम्प्रेषणीय, सरल भाषामा लेखिनुपर्छ । घरायसी चिठी हातैमा कसैलाई पठाउँदा टिकट नटाँसी–'हाते चिठी' पठाइन्छ र हुलाकबाट पठाउँदा 'टाँचा' (छाप) टिकट टाँसेको चिठीमा लगाइन्छ र पठाइन्छ ।

## २. चिठिका प्रकारहरू

(क) घरायसी चिठी/व्यक्तिगत चिठी

(ख) व्यापारिक चिठी (व्यावसायिक चिठी)

(ग) कार्यालयीय चिठी (निवेदन, आवेदन, सूचना)

### (क) घरायसी वा व्यावहारिक (व्यक्तिगत चिठी)

व्यक्तिले व्यक्तिलाई खोज खबर आदान प्रदान गर्ने लिखित माध्यम घरायसी चिठी हो । मित्रले मित्रलाई, छोराछोरीले बुबाआमालाई, ठुलाले सानालाई, सानाले ठुलालाई, गुरुले चेलालाई, चेलाले गुरुलाई लेख्ने अनौपचारिक लेखन चिठी हो । सम्बोधन र शिष्टाचार ! सभ्य र शिष्ट भाषामा प्रयोग गरी लेख्दा चिठी स्तरीय हुन सक्छ ।

### घरायसी चिठी लेख्ने सामान्य तरिका

१. बायाँपट्टि माथि कापीको रातो धर्को एक धर्को तल सम्बोधन – आदरणीय ठूलाबा, शिष्टाचार –सादर नमस्कार ! लेख्ने,

२. त्यसभन्दा एक धर्को माथि दायाँपट्टि मिति पूरा रूपमा लेख्ने, त्यसँग ठेगाना अनिवार्य छैन ।

३. सम्बोधनको १/२ धर्का तल अनुच्छेद छोडी चिठी लेखनको प्रयोजन, सञ्चो सुविस्ताको कुरा लेख्ने अनि पहिलो अनुच्छेद सक्ने,

४. दोस्रो अनुच्छेदमा आफूले लेख्ने खबर, समाचार, सुखदुःख, लेनदेन, मनका भावना सबै कुरा गर्ने, लेख्ने,

५. तेस्रो अनुच्छेदमा फेरि अर्को पत्र लेख्तै गर्ने र उताबाट पनि चिठीपत्र कोर्दै गर्न आग्रह गरी टुङ्ग्याउने,


६. दायाँपट्टि तल, टुङ्गिएको ठाउँको एक पङ्क्ति तल आफ्नो सम्बन्ध खुलाई आफ्नो नाम लेख्ने ।

७. बिच भागमा 'खामको नमुना' लेखी खामको पछाडि देब्रेपट्टि पठाउने र दाहिनेपट्टि पाउने लेखी पूरा ठेगाना लेख्ने ।

८. खामको दाहिने कुनामा माथिपट्टि 'टिकट' लेख्ने वा टाँस्ने ।

| नाता सम्बन्ध | सम्बोधन (सुरुमा) | शिष्टाचार /अभिवादन |
|---|---|---|
| आमा/बुबा/गुरु<br>आफूभन्दा ठुला सबैलाई<br>आफूभन्दा साना – छोराछोरी,<br>भान्जाभान्जी, नातिनातिना, भतिजा/भदाभदै /सालासाली, श्रीमती<br>साथी/मित्र | श्रद्धेय/पूजनीय<br>आदरणीय, श्रद्धेय<br>प्रिय, प्रिया, प्यारो<br>स्नेही/मायालु, प्यारी<br>प्रिय/स्नेही मित्र(नाम)<br>प्यारा साथी/प्यारी मित्रवर । | साष्टाङ्ग दण्डवत्<br>प्रणाम/सेवा/ढोग/नमस्कार<br>प्रणाम/नमस्कार/सेवाढोग<br>आशिर्वाद, शुभआशिष, मिठो सम्झना, सुमधुर स्मृति<br>नमस्कार, सम्झना, धेरै धेरै माया । |

खामको नमुना



### चिठिको नमुना

चिप्लेढुङ्गा – १, कास्की, पोखरा बस्ने तपाईंका मामा माइजूलाई एस.ई.ई. सकिएपछि भ्रमण गर्न आउने जानकारी दिई पत्र लेख्नुहोस् ।

मिति – २०७९/१२/१४

आदरणीय मामा–माइजू,

सादर नमस्कार !

यहाँ हामी सबैलाई आराम कुशल नै छ । त्यहाँ हजुरहरू पनि कुशल मङ्गल नै हुनुहुन्छ भन्ने आशा गरेको छु । तपाईंले पठाएको पत्र पाएँ । पत्रमा काठमाडौँबाट घुम्न आउने कुरा के भो ? कहिले आउने ? भनी लेख्नुभएको रहेछ । त्यहाँको सम्झना गहिरो छ । पत्रको प्रतिउत्तर लेख्दै छु ।

मामा ! भाइ बहिनी कत्रा भए ? खेलेर हैरान गर्थे । दुःख दिइरहन्थे । त्यो दुःख दुःख होइन रहेछ । सम्झनाका पोका पो रहेछन् । तिनीहरूसँग खाए खेलेको सम्झिरहन्छु । ठुला भए होलान् है ! झल्झली सम्झन्छु । पढ्न जान्छन् होला । पढाइमा विशेष रूपले ख्याल गरिदिनू । पढाइबिनाको जीवन अलिनो हुँदोरहेछ ।

माइजूको पत्थरीले पेट दुखिरहन्थ्यो । के शल्यक्रिया गर्नुभयो ? चासो लागिरहेछ । तपाईंले जन्मदिनमा एक जोर लुगा पठाइदिनुभएको रहेछ । पल्लाघरे खड्काले ल्याइदिए । गुन्द्रुक र गेडागुडी, राज्मा पठाइदिएको रहेछ । खुसी लाग्यो । असल मावली पाएको छु, अभिभावकत्व पाएको छु । मामा यसपालि जेठमा एस.ई.ई. हुने भो । परीक्षाको तयारीमा छु । पोखरा विश्वविद्यालयमा पढ्ने मन छ हेरुँ ! घुम्ने मन पनि उत्तिकै छ । घरमा सल्लाह गर्छु अनि परीक्षा सकी फोन गरेर आउँछु । अहिलेलाई यति नै ।

तपाईंको उही भान्जो –

सुवोध अधिकारी

**खामको नमुना**



## २. कार्यालयीय चिठी (निवेदन) को नमुना

### ढाँचा

मिति : ..................

कार्यालय प्रमुखलाई सम्बोधन र कार्यालयको ठेगाना पूरा रूपमा

विषय : ..................................

महोदय,

मुख्य लेखनीय विषयवस्तु ..........................................................................
....................................................................................................
................................................... ।

निवेदक : .......................

नाम : .......................

ठेगाना : .......................




**नमुना**

आजको कान्तिपुर दैनिकमा आएको विज्ञापनअनुसार अशोक टेक्सटायल प्रा. लि.मा लेखापालको २ ओटा पद रिक्त भएको हुनाले आफूसँग तालिम तथा पढाइको अनुभव खुलाई आवेदन दिनुहोस् ।

मिति : २०८०/०१/११

श्रीमान् प्रबन्ध निर्देशकज्यू,
श्री अशोक टेक्सटायल प्रा. लि.
गोंगबु, बसपार्क,
काठमाडौँ ।

विषय : रिक्त पदमा नियुक्ति पाऊँ ।

**महोदय,**


काठमाडौँको प्रतिष्ठित ‘मनास्लु वर्ल्ड कलेज’ चुच्चेपाटीबाट बिबिएसको ‘बैङ्किङ तथा

अकाउन्टिङ कोर्स' को २ वर्षे तालिम पनि लिएर जागिरको खोजीमा हिँडेको मैले श्री अशोक टेक्सटायल प्रा. लि. मा लेखापालको पद रिक्त भएको हिजोको कान्तिपुर दैनिकबाट थाहा पाएँ । मैले आफूलाई उक्त पदमा योग्य रहेको ठानी योग्यताका कागज पत्र वीवीएसको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र साथै तालिम लिएका अनुभवका कागजात पनि यसै आवेदनसँग नत्थी गरी पठाएको छु । मेरो यस कम्पनीमा सेवा गरी जीवन कार्यमुखी बनाउने सुअवसर दिनुहुन्छ भन्ने आशा गरेको छु । आशा छ, तपाईंले दिएको एक अवसर र नियुक्ति नै मेरो जीवनको सार्थक अवसर हुने छ । तपाईंको जो विचार ! जो निगाह ।

निवेदक

किरण कोइराला

हेटौँडा, म. न. पा – ७, पदम पोखरी, मकवानपुर ।




## ३. व्यापारिक चिठी (लेनदेन पत्र) को नमुना

व्यापार व्यवसाय गर्नेले पत्रमार्फत् सामानको दर रेट तथा माग साथै लेनदेन गर्ने पत्र व्यापारिक चिठी हो । जसले सामान मगाउँछ उसैले आफ्नो औपचारिक कागजातमा लेखी सामान माग गरिन्छ । सम्बोधनमा लेखिने नाम ठेगाना पाउनेको हुन्छ । तल एउटा माग पत्रको नमुना दिइएको छ, ख्याल गरी हेर्नुहोला ।

**प्रश्न :**

भक्तपुर निर्माण सामग्री उद्योग गठ्ठाघर भक्तपुरबाट तपाईंको निर्माण सामग्री पसललाई आवश्यक सामान मागिएको माग पत्र तयार पार्नुहोस् ।

व्यावसायिक पत्रको नमुना

मिति : २०८०/२/१५

मनोहर निर्माण सामग्री

कागेश्वर, गट्ठाघर

प.सं. – ३४/१६२/०६३

च. नं. – १३४९

श्रीमान् व्यवस्थापक जयू,
भक्तपुर निर्माण सामग्री उद्योग
गठ्ठाघर, भक्तपुर ।

विषय : निर्माण सामग्री पठाइ पाऊँ ।

महोदय,

तपाईँको प्रतिष्ठित उद्योग 'भक्तपुर निर्माण सामग्री उद्योग' र हामी बिच यही निर्माण सामग्रीको लेनदेनले हाम्रो सम्बन्ध अझ मजबुत भएको छ, विश्वास पनि बढेको छ। लेनदेनमा शुद्धता आएको छ त्यसैले ग्राहकले त्यहाँका सामानको माग आज पनि बढिरहेको छ। तपसिलमा उल्लेख भएका सामान पठाइदिन अनुरोध गर्दछु। सामान तपसिलमा उल्लेख गरिएको छ।

तपसिल

| | |
|---|---|
| १. फुटाएको रोडा/गिटी | – १० टिप |
| २. मिक्स गिटी | – १२ टिप |
| ३. **इँटा** (TLC) | – **१५ टिप** |
| ४. **बालुवा** (**खस्रो**) | – **१५ टिप** |
| **जम्मा** = | **५२ टिप** |

प्रबन्धक ज्यू, तपाइँले पठाइदिएको हालको सामानको रकम आजका मितिले २० दिनमा इन्भेष्टमेन्ट बैंकको तपाईँको खाता नं. ०१९१०७०३९६ मा हालिदिने छु। पहिलाको बाँकी बक्यौता सामान झर्नासाथ उही खाता नं. मा पठाइदिनेछु। आशा छ, सामान चाँडो पठाई ग्राहकको माग बुझिदिनुहुने छ।

खामको नमुना

BY AIR MAIL
PARAVION

टिकट

**प्रेषक**
**हरिशरण आचार्य**
**मनोहरा निर्माण सामग्री**
**कागेश्वर मनोहरा – ५**
**मुलपानी, काठमाडौँ**

**प्रापक**
**श्रीमान् प्रबन्धक**
**भक्तपुर निर्माण सामग्री**
**उद्योग, गठ्ठाघर, भक्तपुर**

## अभ्यास

१. चिठिका प्रकार र तिनका उपयोगिताहरू लेख्नुहोस् ।

२. चिठी भनेको के हो ? यसको महत्त्व किन घट्दो छ ?

३. सीता रेडिमेड एण्ड होलसेल बिक्रेता, नयाँ सडक काठमाडौँबाट बालबालिकाका लागि जाडोका लत्ताकपडा मागिएको पत्रको नमुना तयार पार्नुहोस् ।

४. तपाईँका सासू-ससूरासँग भेटघाट गर्न नै आउँदैनन् भन्ने गुनासोलाई सम्बोधन गर्दै बु. न. पा. - १२, कपन काठमाडौँका तपाईँले भरतपुर - १ चितवन निवासी सासू-ससुरालाई पत्र लेख्नुहोस् ।

५. खेलकुदको अब्बल विद्यार्थीका नाताले खेलकुद सप्ताहमा नाम दर्ता गराउन छुटेकाले तपाईँले अध्ययन गरेको स्कुल, कलेजका खेलकुद विभाग प्रमुखलाई निवेदन लेख्नुहोस् ।

६. दिवान सु-सेन्टर, कपन मिलनचोक काठमाडौँले रेडी सु-सेन्टर चक्रपथ काठमाडौँबाट आवश्यक जुत्ता चप्पल मागिएको माग पत्र लेख्नुहोस् ।

७. आफ्नो पढाइको विषय उल्लेख गर्दै तपाईँका होनहार गुरु जो विद्यालयबाट भर्खर विदा हुनुभयो, उहाँलाई पत्र लेख्नुहोस् ।

८. विदेशमा कक्षा-१२ पढेर सकी ज्याला मजदुरी गर्न जान लागेका तिम्रा अनन्य मित्रलाई स्वदेशमा नै कलकारखानामा वा स्वरोजगार गर्न आग्रह गरी स्वदेशमै रगत पसिना र पाखुरी चलाए केही हुन्छ भनी सल्लाह दिई चिठी लेख ।

९. तपाईँकै विद्यालयमा जागिर पाऊँ भनी भर्खर शिक्षक कोटा खाली भएकाले योग्यताको प्रमाणसहित निवेदन लेख्नुहोस् ।

१०. बेलबारी - ८ मोरङ बस्ने आफ्ना मातापितालाई आफ्नो शिक्षा र रोजगारको अवस्थाको उल्लेख गर्दै पत्र लेख्नुहोस् ।

एकाइ ६

# वादविवाद लेखन

१. **पढ्नुहोस् र बुझ्नुहोस् :**

'वादविवाद' (वि+वाद) मिलेर बनेको तत्सम शब्द हो । वादविवाद कुनै पनि विषयको उचित खण्डन–मण्डन गरी, तर्क वितर्क गरी निष्कर्षमा पुग्ने एक प्रक्रिया हो । 'वादेवादे जायते तत्त्वबोध' वा वादविवाद तर्कवितर्क, छलफल, आदिका माध्यमबाट विषयगत मन्थन भई दही मोथेर 'घ्यू' निकाले जस्तै निख्खर मिहिन चुरो कुरामा पुग्न सकिन्छ । पञ्च बसेर सामाजिक कचहरीका मुद्दामा बहस गरेर निष्कर्षमा पुगिन्छ । 'वाद विवादमा' फरक तार्किक वितर्कले, खण्डन मण्डनले आफ्ना पक्षलाई माथि बनाउँदै अर्को विपक्षीलाई तर्कले जित्नुपर्छ ।

वादविवादमा ढुङ्गालाई चकलेट बनाउन सक्नुपर्छ, त्यो चकलेट कसैलाई खुवाउन सक्नुपर्छ । 'खान वाध्य पार्नुपर्छ, कुनै बलपूर्वक होइन । सर्तले होइन, बलले होइन, दबाबले होइन तर्कले बाध्य बनाउन सक्नुपर्छ, अनि मात्र वादविवाद तर्कले जित्न सकिन्छ । एक–दुई पटक हार्दैमा, बोल्न नजान्दैमा त्यो तपाईंको हार होइन, त्यो त जितको एक खुड्किलो हो, हार्नेले अब जित्ने सयौँ तरिका खोज्न सक्छ र एक दिन, एक पल जितेर जितको झण्डा फहराउन सक्छ ।

**वादविवाद लेख्दा र बोल्दा ध्यान दिनुपर्ने केही नियमहरू :**

- शीर्षकले राम्रो, असल, वेश भनेको पक्ष र अगाडिको विषयवस्तु विपक्ष हुन्छ
- सभा, वादविवादात्मक कार्यक्रम गर्दा वाचकले सभाको प्रकृति उपस्थितिअनुसार सर्वप्रथम सम्बोधन गर्नुपर्छ ।
- सर्वप्रथम सम्बाबेधन गर्दा अनौपचारिक कार्यक्रममा सभा वा सभापतिलाई सभाको मुख्य स्थानमा आसन ग्रहण गराएर मात्र अरूलाई आसन ग्रहण गराउने,
- सभापति पछाडि अरू विद्यालयका प्रधानाध्यापकलाई प्रमुख अतिथिलाई, विशिष्ट अतिथिलाई र अन्य अतिथि, शिक्षकवर्ग, विद्यार्थी, वक्ता, श्रोता, अभिभावक सबैलाई आसन ग्रहण क्रमशः गराउनुपर्छ । (विद्यालयले आन्तरिक रूपमा गरेको कार्यक्रम भए सीमित उपलब्ध अतिथिलाई मात्र आसन ग्रहण गराउने,
- लेख्नुपर्ने वा बोल्नुपर्ने विषय तयारी गर्दा बुँदागत रूपमा लेखी त्यसलाई अनुच्छेदीकरण गरी तयारी गर्ने,
- तार्किक, भावपूर्ण, श्रृङ्खलाबद्ध तरिकाले खण्डन गर्दै प्रस्तुति दिने, (लेख्दा पनि

शीर्षक, सम्बोधन विषयवस्तुको उठान, विषयप्रति तर्क–वितर्क, खण्डन मण्डन गरी जनाउ घण्टीपछि निष्कर्ष कुरा बोली पटाक्षेप गर्ने,

- सम्बोधनमा नझुक्किई प्रथमतः श्रद्धेय सभापति, वादविवादात्मक कार्यक्रमका सभानायक, श्रीमान् सभापति आदि पछि अरूलाई क्रमशः सम्बोधन गर्ने,
- विपक्षीका कमजोरी, तर्क, विषयवस्तुप्रति खेद, टीका/टिप्पणी, खण्डन मज्जाले गर्न सकिन्छ तर ठाडो आक्षेप वा आरोप लगाउनु हुँदैन । नाम तोकेर यो पात्रले भनी तोक्नु हुँदैन 'पूर्ववक्ता' साथी, मित्रले भनी शब्द प्रयोग गर्ने,
- तथाकथित, मनगणन्ते तर्क पटक्कै प्रस्तुत नगरी तथ्य वा प्रमाणित तर्क प्रस्तुत गर्ने,
- बोल्दा हात–पाउ, बोली, सबैको हाउभाउ गर्न सकिने तर औँलाले सोझो औँल्याउन पाइँदैन ।
- लेख्दा हाउभाउलाई कोष्ठकमा प्रस्तुत गर्ने,
- निष्कर्ष स्पष्ट, तथ्यगत, बलियो, सत्य, विश्वासिलो र अचुक तर्क दिई आफूले बोलेको पक्षलाई समर्थन गरी श्रोता/दर्शकलाई धन्यवाद ! दिई वादविवाद टुङ्ग्याउने ।

### वक्तृताका केशमा

- वक्तृतामा पनि उही तरिकाले विधिगत सम्बोधन गर्ने,
- सबै शैली उस्तै हुन्छ तर वक्तृता मन्तव्य/भाषण भएकाले वक्तृतामा शीर्षकको एकतर्फी खण्डन  मण्डन नगरी एकतर्फी प्रस्तुति हुन्छ ।
- जुन वक्ताले बढीभन्दा बढी तर्क, तथ्यगत, खोजमूलक कुरा विश्वसनीयता तथा वैज्ञानिक रूपले प्रस्तुत गर्छ त्यो विजयी बन्छ ।
- प्रस्तुत कर्ताको बोलीको गति, शब्द उच्चारणमा स्पस्टता, हाउभाउ, निडरपन, बोलीको सुरुवाती उठान र निष्कर्ष दिने शैली साथै समयभित्र बोले/नबोलेको कुराले पनि प्रभाव पर्छ ।
- समयभन्दा बढी बोल्ने– त्यसले प्राथमिकता पाउँदैन । समयभित्र बोल्ने अभ्यास गर्नुपर्छ ।

## १. वादविवाद लेखनको नमुना

### खुकुरीभन्दा कर्द लाग्ने

श्रद्धेय सभापति महोदय,
प्रमुख अतिथि, विशेष अतिथि
प्रधानाध्यापक यस विद्यालयका
शिक्षकहरू तथा दर्शक श्रोताहरू !

आज 'वाल दिवस' को अवसर पारी यस्तो वौद्धिक तथा तार्किक कार्यक्रम राखी बालबालिकाको मानसिक, शैक्षिक बौद्धिक तथा तार्किक कला शक्ति वृद्धि गराउने यो

सु–अवसर प्रदान गर्नुहुने आयोजकप्रति धन्यवाद ! दिन चाहन्छु । शीर्षक पनि प्रतीकात्मक 'खुकुरी भन्दा कर्द लाग्ने' वा अभिभावक तथा बुवाआमाभन्दा, ठुलाभन्दा साना पनि केही हुन् र हुन सक्छन् भन्ने हो । म यस शीर्षकको पक्षमा वा 'खुकुरी भन्दा कर्द नै लाग्ने हुन्छ भन्दै मेरा तर्कहरू राख्न जाँदै छु, आशा छ सुनेर साथ दिनु हुनेछ भन्ने आशा गरेको छु ।

सभापति महोदय, संसार शक्ति पृथकीकरणतिर उन्मुख छ । फूर्ति लगाउनेहरूको मात्र क्षमता हुन्छ भन्ने हुँदैन । जन्मका आधारले जेठो वा पाको भयो भन्दैमा बुद्धि, विवेक, क्षमता, लगनशीलता, काम गर्ने तीव्रता सबै बढी हुन्छ भन्ने हुँदैन । युवा तथा बालबालिकामा एक्काइसौँ शताब्दी सुहाउँदो वैज्ञानिक क्षमता छ, जोस छ, जाँगर छ, दसौँदेखि सयौँ मानिस ज्याला मजदुरले गर्ने काम अहिले एउटा युवाले गर्न सक्छ, एउटै कुर्सीमा बसेर । पूर्ववक्ता साथीले मानिस रोगी बने, ढाड खिइने, आँखा दुख्ने रोग बढ्दै गएको कुरा उठाउनुभयो । यो बालबालिकामा आएका आधुनिक समस्या हुन् । पहिला पनि मानिस त रोगी नभएको होइनन् । आधुनिक केटाकेटी भनेका कर्दका प्रतीक हुन् जो तिख्खर फरक सीप, क्षमता र मानसिताका छन् । बुबा आमाभन्दा चार गुणा बाठा छन् । ऐले नाचेर, गाएर, खेलेर, लाएर, नक्कल वा अभिनय गरेर बोलेर, लेखेर, चित्रकला बनाएर वा जुनसुकै काम फरक प्रकृतिको तर उत्कृष्ट गरे जीवन चलाउन सक्छन् । तर एउटा कुरा आत्ममूल्याङ्कन गर्नुपर्छ अल्छी, काम गर्दा मरिहालिन्छ जस्तो गर्ने गरेका, आमाबुबाको कमाइमा खेलोफड्को गरेका, उनीहरूको सत्कर्मको मूल्याङ्कन नगरेका भने पक्का हुन् । यसो गर्दा आफ्नो ज्यान काम नलाग्ने रोगी भएर अकालै मर्नुपर्छ त्यसैले अग्रजको सम्मान र आदर गर्दै आफ्नो फरक बुद्धि, विवेक, क्षमता, लगनशीलता, दक्षता प्रयोग गर्दै अगाडि बढ्नुपर्छ । युगलाई यहाँसम्म ल्याउने श्रेय नयाँ पुस्ताको काम गर्ने नयाँ शैली पनि अग्रजले युवा पिढीका नयाँ कला, क्षमता, सिर्जनालाई मान्नैपर्छ, आत्मसात् गर्नै पर्छ ।

(जनाउ घण्टी बज्छ)

खुर्सानी सानो हुन्छ तर पिरो हुन्छ । सलाई सानो हुन्छ तर संसार जलाएर ध्वस्त पार्ने क्षमता राख्छ । पानीको थोपो पनि सानो हुन्छ, तर मिलेर महासागर बन्छ । आँखा साना हुन्छन् – विश्व देखाउँछन् । खुट्टा साना हुन्छन् बडेमानको ज्यान उचालेर हिँड्छन् । त्यस्तै कर्दरूपी बालबालिका पनि आजको समाज, राष्ट्र र विश्व हाँक्न सक्छ । यिनीहरू बिनाको संसार पूर्ण अपाङ्ग हुन्छ भन्दै मेरा तर्कहरू यहीँ बिसाउन चाहन्छु । धैर्य गरी सुनिदिनुभयो धन्यवाद !

(घण्टी बज्छ)

## अभ्यास

१. **वादविवाद भनेको के हो ? किन गरिन्छ ?**

२. **वादविवाद गर्दा के के कुरा ख्याल गर्नुपर्छ ?**

३. **वादविवाद गर्दा फाइदाहरू के के हुन् ?**

४. **तलका शीर्षकमा एकल वादविवादात्मक अभिव्यक्ति प्रस्तुत गर्नुहोस् :**

(क) खुकुरीभन्दा कर्द लाग्ने (विपक्ष)

(ख) पुस्तकीय ज्ञान भन्दा व्यावहारिक ज्ञान वेश (विपक्ष)

(ग) कागभन्दा कोइली चङ्ख (पक्ष)

(घ) विज्ञान अभिशाप नभै वरदान हो । (पक्ष)

(ङ) गाउँले जीवनभन्दा सहरिया जीवन वेश (पक्ष)

(च) आध्यात्मिक सुखभन्दा भौतिक सुख वेश (विपक्ष)

(छ) पत्रपत्रिकाको ज्ञानभन्दा टि.भी. कम्प्युटर आदिको ज्ञान बढी हुन्छ (विपक्ष)

(ज) स्थानीयकरणभन्दा विश्वव्यापीकरण वेश (पक्ष)

(झ) तरबारभन्दा कलम बलियो । (पक्ष)

(ञ) धनभन्दा स्वास्थ्य ठुलो (विपक्ष)

(ट) छोरीलाई अंशभन्दा शिक्षा दिनु वेश (पक्ष)

(ठ) देशको विकासमा नेताको भन्दा जनताको भूमिका बढी हुन्छ । (पक्ष)

(ड) जन्मदिने बुबाआमाभन्दा शिक्षा दिने गुरु महान् हुन् ।

एकाइ ७

# वक्तृता लेखन

१. **पढ्नुहोस् र बुझ्नुहोस् :**

### कलमको उपयोगिता

श्रीमान् सभापति महोदय,

प्रमुख अतिथि, अतिथिगण,

प्रधानाध्यापक, शिक्षकवर्ग तथा

प्रतिस्पर्धी तथा अन्य दर्शकश्रोताहरू !

आज हुन गइरहेको वौद्धिक वक्तृता कार्यक्रममा समाहित हुन पाउँदा आफूलाई भाग्यमानी ठानेको छु । ज्ञानवर्धक बालबालिकाको मानसिक, तार्किक क्षमताको विकास गर्ने यस्तो कार्यक्रमको आयोजना गरी सम्पूर्ण बालबालिकालाई मञ्च प्रदान गर्ने श्री जनता उ. मा. वि. बेलबारी – ८ मोरङ राधानगरलाई हार्दिक धन्यवाद ! दिन चाहन्छु । मेरो वक्तृताको शीर्षक छ 'कलमको उपयोगिता ।' मेरा तर्कहरू प्रस्तुत गर्न जाँदै छु, आशा छ ध्यान दिएर सुनिदिनुहुने छ ।

'कलम' शिक्षाको प्रतीक हो, समाज रूपान्तरण गर्ने माध्यम हो र समाज, राष्ट्र निर्माण गर्ने खाका कोर्ने एक माध्यम हो । जीवन अँध्यारोबाट उज्यालोतिर डोऱ्याउने एक माध्यम हो । कलम अक्षर हो, वर्ण हो, शब्द र वाक्य, कला सिर्जना प्रस्तुत गर्ने माध्यम हो । 'कलमले जीवन दिन्छ, जीवन लिँदैन ।' कलमलाई माया, आदर, सम्मान, संरक्षण साथै कलात्मक रूपले सिर्जनशील काममा लगाउने हो भने कलम जीवनदायिनी वस्तु बन्न सक्छ । विश्व विकासमा कलमको भूमिका ठुलो छ । वैज्ञानिक, दार्शनिक, चिन्तक, लेखक, राजनीतिज्ञ, विद्यार्थी, शिक्षक, साधुसन्त, पत्रकार, सामाजिक अभियन्ता, कवि, कवयित्री, प्रोफेसर, प्राध्यापक सबै कलमले नै उत्पादन गर्छन् ।

कलम छैन त चेतना छैन । कलम छैन छ अक्षर छैनन् । कलम छैन त नयाँ कला, चित्रकला, मूर्ति–वास्तुकला, केही छैनन् । इतिहास छैन, संस्कार छैन, संस्कृति छैन, प्राचीन छैन, आधुनिकता छैन त्यसैले प्राचीन कला, साहित्य, इतिहास, राननीति, सिर्जना सबैलाई कलमले जोडेको छ, लेखेको छ र संरक्षण गरेको छ । ऐले त कलमबिना जीवन नै सम्भव छैन ।

अमेरिकाका राष्ट्रपति हुन् कि नेपालका नेता, चीनका चिन्तक हुन् कि ग्रीकका दार्शनिक कलमले नै बनाएको हो । कलमले 'बत्ती मात्र बाल्दैन, कलमले कीटाणु पनि मार्छ' (जनाउ घण्टी बज्छ)

कलमको सहाराले न्युटन सर आइजक न्युटन बने । लुइ पाश्चर बने, चङ्गेज खाँ बने । नेपोलियन बने, गोठाले व्यक्ति राष्ट्रपति रामवरण यादव बने । कलमले हामीलाई विद्यार्थी बनायो, शिक्षकलाई गुरु बनायो । कलमजीवी पत्रकार बनायो, वक्ता अधिवक्ता बनायो, चन्द्रमालाई नजिक बनायो, समुद्रलाई चौर बनायो र खानी बनायो ।

(जनाउ घण्टी बज्छ)

सभापति महोदय, कलमका उपयोगिता यी त सङ्केत मात्र हुन्, तपाईँ त्यही कलम लिएर मेरो वौद्धिक स्तर जाँच्दै हुनुहुन्छ म के भनूँ ? यति भन्दै मेरा केही तर्कहरू यहीँ टुङ्ग्याउन चाहन्छु । हवस् त धन्यवाद ! (घण्टी बज्छ/तालीको गड्गडाहट सुनिन्छ ।)

## अभ्यास

१. **मोबाइलको प्रयोग**

२. **सामाजिक उत्थानमा युवाको भूमिका**

३. **नेपालको विकासमा युवा राजनीति**

४. **खेलकुदको महत्त्व**

५. **स्वस्थ रहन योगाभ्यास**

६. **नेपाली संस्कृति नेपालको पहिचान ।**

७. **नेपाली भाषाको विकास नै भाषिक एकीकरण**

८. **मानिसको व्यक्तित्व नै नैतिक आचरण र संस्कार**

९. **पुस्तक पठनको विकास र बौद्धिक परिवर्तन**

१०. **नेपालको इतिहास नेपालीको गौरव**

११. **बुद्धको देश नेपाल**

एकाइ ८

# संवाद लेखन

**१. पढ्नुहोस् र बुझ्नुहोस् :**

संवाद 'सम् + वाद' भएर निर्माण भएको तत्सम शब्द हो । 'सम्' भनेको 'उस्तै' र 'वाद' भनेको कुराकानी, चर्चा, परिचर्चा गफगाफ हुन्छ । गफ वा कुराकानी निश्चित विषय शीर्षकमा भए त्यो संवाद हुन्छ । संवाद वा कुराकानी गरेपछि, जे विषयमा कुरा गऱ्यो, कुरा उठाएपछि निष्कर्षमा पुग्ने र कुराकानीको सिकाइ पूरा गर्नुपर्छ । चौतारी, पार्क, फलैँचा, चौर, वनमा रूखको छहारी, विश्रामालय, चमेना गृह, खाजा घर आदिमा वा बैठक कोठामा बसेर पनि गफिन सकिन्छ । उडन्ते गफले समय बर्बाद गर्छ तर सार्थक शीर्षक केन्द्रित कुराकानी वा संवाद बहस गर्न सके समस्याको निकास खोज्न सकिन्छ । कुराकानी गर्दा धेरै पात्र भए – दुईजनाले बोल्दा अर्को तेस्रो पात्रको पालो नआउन वा ढिलो आउन सक्छ र त्यो पात्रले रुचिकर हिसाबले संवाद नगर्न पनि सक्छ । साथै संवाद लामो पनि हुन सक्छ । त्यसैले संवाद लेख्दा अङ्कअनुसार सही ढाँचामा लेख्ने र विषय केन्द्रित भई लेख्ने गर्नु पर्दछ । दुईजना पात्र उभ्याए लेख्न सहज हुन्छ ।

संवाद औपचारिकताबाट शिष्ट भई सुरु गर्ने र अन्त्यमा पनि नमस्ते । छुटौँ ल ! शुभ दिन ! भनी सक्ने गर्नुपर्छ । संवाद गर्नेले गरे सिक्न चाहनेले पनि पृष्ठपोषण गरेको (जानेको) हुनुपर्छ । संवाद कुनै पनि समस्याका विषयमा गर्न सकिन्छ र त्यस समस्याको समाधान पत्ता लगाई निष्कर्षमा पुगेर संवाद टुङ्ग्याउनुपर्छ ।

**पानीको महत्त्व**

समय : दिनको १ बजे
स्थान : चमेना गृह
पात्र : सुकृति र संस्कृति

(खाजा खाने घन्टी बजेको छ । सरसफाइमा गएर आएका केटाकेटी, साथीहरू आ–आफ्ना खाजा खान थाले । सुकृति र संस्कृति टेबलमा, भुइँमा, धारामा पानी खेर गएको देखी कुराकानी गर्दै छन् ।)

संस्कृति : शुभदिन ! दिदी ।
सुकृति : शुभदिन ! बहिनी । के खाजा खान आएकी ?
संस्कृति : खाजा त खाइसकेँ । तपाईँलाई केही सोधौँ भनेर आएकी ।
सुकृति : के सोध्छ्यौ त ? म जान्दछु कि जान्दिनँ । जाने भनुँला नि ।
संस्कृति : पानीको दुरुपयोगका विषयमा के दिदी । यसको महत्त्वका विषयमा ।

सुकृति : ऊ....., त्यो धारो हेर त, त्यहाँ भुइँमा, टेबलमा हिलो देख्यौ ? हेर न कसैलाई पिउन पानी माग्दा छैन भन्छन् । त्यही सदुपयोग गरेको भए पुग्दैनथ्यो त ? यस्ता धेरै ठाउँ हुँदा पानी धेरै दुरुपयोग हुन्छ नि ।

संस्कृति : अन्य ठाउँमा चाहिँ नि दिदी, कसरी कसरी दुरुपयोग हुन्छ त ?

सुकृति : नदीमा बगेर गएको पानी बाँध बाँधेर सिंचाइ गर्न कुलो–नहरबाट ल्याउने हो भने जमिन सुख्खा भएर जाँदैनथे । उब्जाउ हुन्थे । फसल फसल बाली, सागसब्जी फल्थ्यो । सबैले काम पाउँथे, अन्नबालीको आयात घट्थ्यो । निर्यात हुन्थ्यो र सबै किसानले पैसा कमाउँथे । धनी हुन्थे ।

संस्कृति : ओहो ! हो त नि अनि यति हो दिदी ? अरू छैन ?

सुकृति : बगेर नदीहरू समुद्रमा मिसिन्छन् । त्यही पानी ड्याम बनाएर थुनी जलविद्युत् आयोजना निर्माण गर्ने हो भने देशका सबै नदीको पानीले विद्युत् उत्पादन गर्दा देशै झलल हुन्छ । हामीले नि जुनसुकैबेला पढ्न पाउँछौँ, सारा कलकारखाना चलेर कोही जनता खाली बस्नुपर्दैन, रोजगारी पाउँछन् । युवा विदेशिनु पर्दैन ।

संस्कृति : दिदी घन्टी बज्न लाग्यो, भान्सामा चाहिँ कसरी पानी सदुपयोग गर्ने त ? भन्नु न ।

सुकृति : ठिक्क जति चाहिन्छ त्यति चलाउने । फारु गर्ने । धारो खुल्ला छोडेर हातगोडा नधुने, खुल्ला छोडी नहिँड्ने, अनावश्यक नपोख्ने, धारो चाहिए खोल्ने नत्र नखोल्ने गर्नुपर्छ । आफूले दुरुपयोग गर्ने पानी अर्कालाई प्रयोग गर्न पुग्छ नि त । ल घन्टी नि लाग्यो ।

संस्कृति : हो त । मैले त पानी प्राण रहेछ भन्ने कुरा बुझ्न पाएँ । सदुपयोग गर्ने सबै तरिका बुझेँ । धन्यवाद ! दिदी । ल कक्षातिर जाऔँ ।

सुकृति : ल ल जाऔँ, जाऔँ (केही बाँकी भए पछि भनुँला, ल ।
(दुवैजना दौडिँदै कक्षातिर लागे)

माथि दिइएको संवादलाई आधार मानी तलका संवादहरू लेख्नुहोस् । शीर्षक, समय, स्थान, पात्र, परिवेश र संवादको सुरुवात पात्रहरू कहाँ, कसरी लेख्ने ? संवादको अन्त्य कसरी गर्ने जस्ता कुरा ख्याल गरी संवाद रचना गर्नुहोस् ।

## अभ्यास

१. "सामाजिक जनचेतना" शीर्षकमा संवाद लेख्नुहोस् ।
२. आफ्नो शिक्षालयले आयोजना गरेको 'विद्यालय परिसर सरसफाई' शीर्षकमा दुई पात्र राखी संवाद लेख्नुहोस् ।
३. "देश विकासमा युवाको भूमिका" शीर्षकमा भलाकुसारी लेख्नुहोस् ।
४. "चरित्र निर्माणमा नैतिक शिक्षा" शीर्षकमा कुराकानीगत संवाद लेख्नुहोस् ।
५. "सवारी साधन दुर्घटना" का समस्या उठाई समाधान गर्ने उपाय दिई संवाद प्रस्तुत गर्नुहोस् ।
६. "कक्षा कोठामा विद्यार्थी अनुशासन" शीर्षक दिई संवाद लेख्नुहोस् ।

एकाइ ९

# अनुच्छेद लेखन

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई अनुच्छेद भनिन्छ अर्थात् कुनै एउटा विषयवस्तु वा शीर्षकमा केन्द्रित भएका एकअर्कासँग सम्बन्धित वाक्यहहरूको खँदिलो विन्यास नै अनुच्छेद हो । अनुच्छेद – लेखन चाहिँ अभिव्यक्तिको शृङ्खलाबद्ध रखाइ हो । जहाँ धेरै वाक्यहरू क्रमबद्ध रूपमा भाव बोकेर आएका हुन्छन् । मूलतः निश्चित विषयवस्तु, निश्चित शीर्षक र निश्चित शैलीमा बाँधिएर एउटा अनुच्छेद रचना गर्नु अनुच्छेद – लेखनले निबन्ध – लेखनका लागि ठुलो सहयोग पुऱ्याउँछ ।

अनुच्छेदको रचना एउटै अनुच्छेदमा हुन्छ । यो सानो हुन्छ तर पनि यसको संरचना चाहिँ आदि, मध्य र अन्त्य तीनै भागमा बाँडिएको हुन्छ । अनुच्छेदको आदिमा शीर्षकमा केन्द्रित हुन्छ, मध्यभागमा शीर्षक सम्बद्ध विषयवस्तुमा केन्द्रित हुन्छ भने अन्त्यभागमा अनुच्छेदको उपसंहार हो । यसरी तीन अवस्था भए पनि यिनले अलग अलग अनुच्छेदको निर्माण भने गर्न पाउँदैनन् । एउटै अनुच्छेदभित्र रहेर एक वा दुई वाक्यमा एउटाले आफ्नो भूमिका निर्वाह गरेको हुन्छ ।

## २. अनुच्छेदका प्रकार

लेखन – शैलीका आधारमा अनुच्छेद आत्मपरक र वस्तुपरक गरी मुख्य रूपमा दुई प्रकारका हुन्छन् :

(क) आत्मपरक – लेखकले आफू स्वयं विषयवस्तुभित्र पसी निजी अनुभूति व्यक्त गरेको हुन्छ ।

(ख) वस्तुपरक – लेखक तटस्थ रहेर विषवस्तुलाई स्पष्ट पार्न सरासर वर्णन गरिएको अनुच्छेद वस्तुपरक हो । यसमा मबाहेकका अन्य पात्रको प्रयोग गरी विषयको तटस्थ वर्णन गरिएको हुन्छ ।

## ३. अनुच्छेद लेख्दा ध्यान दिनुपर्ने कुराहरू

१. सर्वप्रथम एउटा विषयवस्तुको छनोट गर्नुपर्छ ।

२. त्यस विषयवस्तुका बारेमा गहिरो चिन्तन गर्नुपर्छ ।

३. विषयवस्तुको मननपछि त्यससँग सम्बन्धित केही महत्त्वपूर्ण बुँदाहरू टिप्नुपर्छ ।

४. सङ्कलित बुँदाहरूको आदि, मध्य र अन्त्य स्थान निर्धारण गर्नुपर्छ ।
५. उपयुक्त शीर्षक र कुन शैलीमा लेख्ने हो, त्यसको चयन गर्नुपर्छ ।
६. शीर्षक र विषयवस्तुमा केन्द्रित भएर निर्धारित शैलीमा लेख्दै जानुपर्छ ।
७. लेखन विशृङ्खलित र अस्पष्ट नभई क्रमबद्ध र पूर्ण हुनुपर्छ ।
८. अनुच्छेद एउटै अनुच्छेदमा लेख्नुपर्छ ।

## ४. अनुच्छेद लेखनका केही नमूना (वस्तुपरक)

### गरिबीबाट मुक्ति

गरिब हुनु भनेको आर्थिक रूपमा पछाडि पर्नु हो । मुक्ति भन्नाले स्वतन्त्र वा मुक्त हुनु भन्ने हुन्छ । गरिबीलाई पार गर्दै आफ्नो आर्थिक अवस्थालाई सुदृढ बनाउनु नै गरिबीबाट मुक्ति हुनु हो । गरिबीबाट मुक्ति पाउनका लागि मानिसले सबैभन्दा पहिला शिक्षा आर्जन गर्नुपर्छ । सीप सिक्नुपर्छ र आयआर्जन हुने काममा लाग्नुपर्छ । जसका लागि कडा मेहेनत र परिश्रमको खाँचो पर्दछ । बिना परिश्रम आयआर्जन गर्न सकिँदैन । सत्मार्गमा लागेर, असल सङ्गत गरेर, कुलतमा नलागी काम गरेमा धनआर्जन गर्न सकिन्छ । लामो सङ्घर्ष, दुःख र पीडा अनि समस्या पर्दा धैर्य गर्न सक्ने क्षमता पनि हुनुपर्छ । मिठो बोली र नम्रताको पनि खाँचो पर्दछ । विभिन्न किसिमका सिप आर्जन गरी त्यही सिपको प्रयोगद्वारा विभिन्न आयआर्जन हुने काम गरेर केही पैसा सदुपयोग गरी राम्रो काममा प्रयोग गर्नुपर्छ । अनावश्यक रूपमा खर्च गर्नु हुँदैन । अनिमात्र गरिबीबाट मुक्ति पाउन सकिन्छ । बजारमा कुन सामग्रीको माग छ, सोही सामान उत्पादन गर्नतिर लाग्नुपर्छ । व्यापार, व्यवसाय सञ्चालन गर्नुपर्छ । अनि मात्र गरिबीबाट मुक्ति मिल्छ ।

## अभ्यास

१. **तलका शीर्षकहरूमा एकएक अनुच्छेद रचना गर्नुहोस् :**

| आत्मपरक : | वस्तुपरक : |
|---|---|
| (क) मेरो जन्मभूमि | (क) देशभक्ति |
| (ख) नदी र म | (ख) लुम्बिनी |
| (ग) मेरो विद्यालय | (ग) कलम र जीवन |
| (घ) मेरो सपना र लक्ष्य | (घ) सगरमाथा |
| (ङ) हाम्रो दायित्व | (ङ) शारदीय आकाश |

एकाइ १०

# निबन्ध लेखन

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

नेपाली भाषा साहित्यको क्षेत्रमा स्वतन्त्र वा खुल्ला विधा निबन्ध हो । 'निबन्ध' शब्द 'बन्ध' शब्दमा 'नि' उपसर्ग लागेर बनेको तद्धितान्त शब्द हो । निबन्ध पहिला कसले लेखे ! यसका प्रणेता को हुन् ? भन्ने जिज्ञासा हुन सक्छ । यसका प्रणेता फ्रान्सिस बेकन हुन् । उनले 'निबन्धको वास्तविक शीर्षक हुँदैन' वा 'निबन्धको शीर्षक म नै हुँ' भनेका छन् । त्यसैले शीर्षक जे राखेर पनि लेख्न सकिन्छ । निबन्ध स्वतन्त्र बौद्धिक विधा हो । यहाँ लेखक बौद्धिक, तार्किक, प्रश्न उत्तर सबै शैलीका लेखिन्छ । विशेषगरी माध्यमिक तहमा आत्मपरक तथा वस्तुपरक शैलीका निबन्धहरू लेखेका हुन्छन् । 'म को हुँ ? सुधा त्रिपाठिको आत्मपरक निबन्ध हो । 'थाङ्का' वस्तुपरक निबन्ध हो । भैरव अर्यालको 'आलु', जय भोलि, जय भुँडी' आदि हाँस्यव्यङ्ग्य निबन्धहरू हुन् । विनोद मञ्जको संस्कृति आत्मपरक निबन्ध हो । त्यहाँ वौद्धिक दार्शनिक चिन्तन पाइन्छ ।

'निबन्ध' शीर्षक केन्द्रित प्रस्तुति भएको आख्यानात्मक लेखन हो । निबन्धमा कसैकसैले कविताका पङ्तिहरू पनि प्रस्तुत गरेको पाइन्छ, विशिष्ट भनाइहरू पनि । त्यसैले निबन्ध लेख्ने नानीबाबुहरूले निबन्ध लेख्दा शीर्षकको परिचय दिई शीर्षक केन्द्रित रहेर टिपिएका बुँदालाई लेख्दै लानुपर्छ र आफ्ना राय, सल्लाह, सुझाव, निष्कर्ष दिई टुङ्ग्याउनुपर्छ ।

## शैलीका आधारमा निबन्ध

### १. आत्मपरक निबन्ध

कुनै विषय वा घटनामा लेखकले आफ्ना मनका भाव, विचार र कल्पनालाई महत्त्व दिएर लेखिएको स्वतन्त्र साहित्यिक विधा 'आत्मपरक' निबन्ध हो । यसमा लेखकले आफूले देखेका, भोगेका र सुनेका कुरालाई अनुभूतिका रूपमा प्रस्तुत गर्छ । आत्मपरक निबन्धमा विषयको विस्तार, कथात्मकताभन्दा भावना र अनुभूतिको तार्किक, सिर्जनात्मक बौद्धिकता प्रस्तुत गरिएको हुन्छ । सामान्य विषयवस्तुलाई विश्वसनीय बनाई प्रस्तुत गर्नु, लेखनमा विचार वा आत्मभावका साथै अनुभूति प्रस्तुत हुनु यस प्रकारका निबन्धका विशेषता हुन् । यसमा बाहिरी सुन्दरता होइन, भित्री उद्वेग र अन्तस्करणको चेतना पाइन्छ ।

### २. वस्तुपरक निबन्ध

विषयवस्तुको प्रधानता रहेको आन्तरिकभन्दा बाहिरी विषयवस्तुको प्रधानता रहेको स्वतन्त्र

लेखन वस्तुपरक निबन्ध हो । वस्तुपरक निबन्ध आवरणात्मक, वस्तुनिष्ठ, तथ्यगत बढी हुन्छ । लेखकको निजी अनुभूति हुन्छ तर कल्पनाको प्रधानता हुँदैन । लेखक तटस्थ बसेर विषय र घटनाको रोचक वर्णन गरेको हुन्छ । त्यसैले यस्ता निबन्धलाई प्रबन्ध पनि भनिन्छ । वस्तुपरक निबन्धमा लेखक तटस्थ हुन्छ, आफ्ना कुरा सत्य सावित गर्ने प्रयास पनि उत्तिकै हुन्छ ।

## निबन्धको संरचना

कुनै पनि विषय शीर्षकमा केन्द्रित रहेर लेखिने विधा निबन्ध हो । यसको संरचना निश्चित हुन्छ । यसको संरचना आदि, मध्य र अन्त्यको ढाँचामा लेखिन्छ । विशेषगरी तीन खण्डमा लेखिन्छ तर तीन खण्डभन्दा बढी अनुच्छेद गर्न पनि सकिन्छ । जति अनुच्छेद बनाए पनि फरक प्रसङ्ग आउँदा अनुच्छेद परिवर्तन गर्ने र अन्त्यको ढाँचामा निष्कर्ष लेख्ने ।

### १. आदि भाग

निबन्धको सुरुवाती खण्ड आदि भाग हो । शीर्षकको परिचय, बनावट, शीर्षकको पेरिफेरि भूमिका यस खण्डमा पर्दछ । जुन शीर्षकमा निबन्ध लेख्ने हो त्यसको जानकारी सङ्क्षिप्त रूपमा, पृष्ठभूमि प्रस्तुत गरी आकर्षक ढङ्गमा विषय प्रवेश गरिन्छ । आदि भाग प्रायशः एकै अनुच्छेदमा लेखिन्छ ।

### २. मध्य भाग

यो निबन्धको व्याख्या, विश्लेषण, विषयगत शल्यक्रिया गरिएको चुरो भाग हो । यस खण्डमा विषयवस्तुको प्रतिपादन गरिएको हुन्छ । आदि भागमा विषयको उठान वा कोट्याउने काम मात्र हुन्छ भने मध्य भाग विषयको विस्तार खण्ड हो । विभिन्न अनुच्छेदमा शीर्षकसँग कटाक्ष, व्यङ्ग्य, भावना, विचार, कल्पना आदिलाई सिलसिलेवार रूपमा प्रस्तुत गरिएको हुन्छ । निबन्धको सुरु भाग शिर हो भने प्राण वा मुटु भाग मध्य हो । निबन्धको मध्यभाग रहेकाले श्रृङ्खलाबद्ध धेरै कुरा प्रस्तुत हुन सक्छन्, विभिन्न अनुच्छेदमा ।

### ३. अन्त्य भाग

यो निबन्धको अन्त्य, उपसंहार वा निष्कर्ष भाग हो । निबन्धलाई पटाक्षेप गर्दा निबन्धले के कुरा उठायो त्यसको सम्पूर्ण दृष्टिले चिरफार गरिसकेपछि समस्याको समाधान दिई टुङ्ग्याउने खण्ड हो । यो निबन्धको अन्तिम वा समाप्ति खण्ड पनि हो । यहाँ छोटो मिठो सारसंक्षेप कुरामा आफ्नो राय, सल्लाह र सुझाव दिई निबन्ध टुङ्ग्याइन्छ ।

## निबन्ध लेखनको नमुना

### नमुना - १
### पर्यावरणीय समस्या

पृथ्वीको चारैतिर फैलिएको हावा वा परिसतिलाई वातावरण भनिन्छ । पृथ्वीमा हाम्रो वरिपरि फैलिएको वा रहेको हावालाई पर्यावरण भनेर चिनिने हुनाले वातावरण भन्नु

नै पर्यावरण पनि हो। प्रकृति र पर्यावरण मानव जीवनसँग प्रत्यक्ष सम्बन्धराख्ने विषय हुन्। हाम्रा क्रियाकलापले नै पर्यावरणमा समस्या आउने गर्दछ। वन विनाश, उद्योग, सवारीसाधन, जनघनत्व, रासायनिक मल एवम् कीटनाशक औषधीलगायतका कुराले प्रकृति र पर्यावरणमा प्रदूषण फिँजाउने गर्दछन्। त्यसैले यी प्रदूषणका कारक हुन्। यसरी हाम्रो वरिपरि फैलिएको वा रहेको हावामा देखिएको समस्यालाई पर्यावरणीय समस्या भनिन्छ। प्रकृति र पर्यावरण मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय मानिन्छन्। त्यसैले पर्यावरणीय समस्या सिर्जना गर्ने काममा आज मान्छे नै अग्रपङ्क्तिमा देखा पर्दछ।

आज पर्यावरणलाई प्रदूषित पार्ने काममा मान्छेको प्रमुख भूमिका रहेको छ। आजको मान्छेले प्राकृतिक स्रोत र साधनको प्रयोगमा विवेक पुऱ्याउन छोडेको छ। मानिसले आफ्ना सुख र सुविधाका लागि गर्ने क्रियाकलापले वातावरण प्रतिकूल बन्ने गर्छ। मानिसले प्राकृतिक स्रोतको उपयोग गर्दा विवेक पुऱ्याउन आवश्यक छ। प्राकृतिक स्रोत र साधनमा विवेक नपुऱ्याउँदा यसबाट प्रतिकूल स्थितिको सिर्जना हुने अवस्था आउँछ। मानिसका अविवेकी क्रियाकलापले प्राकृतिक स्रोत र साधनमा विकृति उत्पन्न हुन्छ। प्राकृतिक वातावरण विकृत भएमा समस्या उत्पन्न हुन्छ र यस्तो अवस्थामा भूक्षय, बाढी, अतिवृष्टि, अनावृष्टिजस्ता थुप्रै समस्याहरूको सामना मानिसले गर्नुपर्ने हुन्छ।

वातावरण प्रदूषित हुनुमा बढ्दो जनसङ्ख्या मुख्य समस्याका रूपमा देखिन्छ। जनसङ्ख्याको वृद्धिसँगै वनविनाशको गति तीव्र बन्छ। त्यसैगरी उद्योगधन्दा र गाडी आदिले फ्याँक्ने धुवाँले वातावरण अत्यन्त प्रदूषित बन्ने गर्छ। यसैको परिणाम भूक्षय हुनु, बाढी, पहिरो जानु र धनजनको क्षति हुनु, अतिवृष्टि र अनावृष्टि जस्ता समस्याहरू देखापर्छन्। प्राकृतिक सौन्दर्यको विनाशसँगै हिमालहरू पग्लन थाल्छन्। मौसममा ठुलो परिवर्तन देखिन थाल्छ। यतिमात्र होइन पानीका मुहानहरू सुक्न थाल्छन्। विभिन्न रोगका प्रकोपहरू फैलिएर स्थिति भयावह हुन्छ। यस्तो बेला मानिसलगायत सम्पूर्ण जीवको अस्तित्व सङ्कटमा पर्छ।

मानिस एउटा विवेकशील प्राणी हो। प्रकृतिको विनाश आफ्नै विनाशब गर्छ भन्ने बुझेर उसले पाइला चाल्नु जरुरी छ। पर्यावरणलाई जगाउन मानिसले आफैँ सचेत नभए कसले गरिदिन्छ। मान्छेले नै जनस्तरमा चेतना फैलाएर स्वच्छ, सफा र हराभरा वातावरणमा जोडदिन सकेका खण्डमा मानवलगायत सम्पूर्ण जीवको कल्याण हुने कुरामा दुई मत रहन्न।

## नमुना - २

## मानव सभ्यताको संरक्षण

मानव भन्नाले चेतनाको पुञ्ज, विवेकको खानी मान्छे र सभ्यता भन्नाले असल आचरण भएको व्यक्तिमा हुने गुण भन्ने बुझिन्छ। त्यसैगरी संरक्षण भन्नाले कुनै पनि वस्तु वा व्यक्ति आदिको हिफाजात गर्ने, जगेर्ना वा रक्षा गर्ने काम भन्ने बुझिन्छ। यसरी मानव सभ्यताको संरक्षण भन्नाले मानिसले सिर्जना गरेका कुरालाई असल मनसायले रक्षा गर्नु भन्ने बुझिन्छ। मानिस सभ्य र चेतनशील प्राणी हो। मानिस विवेकशील भएकै कारण

उसले सही र गलत, असल र खराब छुट्याउन सक्ने चेतना प्राप्त गरेको हुन्छ । त्यही चेतनाका कारण मानिस आफ्नो तथा अरूको भलाइका लागि कार्य गर्न सक्ने हुन्छ । त्यही कारण ऊ आफ्नो र अर्काको भलाइका लागि कार्य गर्न सक्षम हुन्छ । धर्तीका हजारौँ प्राणीमध्ये मानिस सर्वश्रेष्ठ प्राणी हो । उसमा निहित बुद्धिकै कारण मानिस सर्वश्रेष्ठ प्राणी हो । आदिम युगमा मानिसमा चेतना र विवेकको विकास भइनसकेको कारण ऊ अन्य पशुहरू जस्तै जङ्गली र बर्बर थियो । मानिसमा सभ्यताको गुण नै थिएन । ढुङ्गे युगबाट आजको वैज्ञानिक युगसम्म आइपुग्दा मानिसमा कैयौँ सद्गुण, सभ्यता, चेतना र बुद्धिको विकास भइसकेको छ । बिस्तारै मानिस सभ्य बन्दै गएको छ । एक मानिसले अर्को मानिसलाई शिष्ट व्यवहार गर्नु, एक अर्काका सुखदुःखमा साथ दिनु, एक अर्काको मान प्रतिष्ठा र इज्जतको ख्याल गर्नु, नियम र मर्यादामा चल्नु मानव सभ्यताका केही लक्षणहरू हुन् । यस्ता विशेषताकै कारण मानिस दिनदिनै अघि बढिरहेको छ । यस्ता गुणहरूको संरक्षण गर्नु मानव सभ्यताको संरक्षण हो ।

आफ्नो सभ्यताको संरक्षण गर्नु मानिसको प्रथम जिम्मेवारी हो । आफ्नो असल सभ्यताकै कारण मानिस समुदायमा प्रतिष्ठित हुन्छ । मानिसले आफ्ना सभ्यताको संरक्षणका लागि शिक्षा, अनुशासन, नियम, आपसी सद्भाव आदि कुरामा विशेष ध्यान दिनु आवश्यक हुन्छ । सभ्यता नष्ट भए मानवको पहिचान नै नष्ट हुन्छ । मानिसमा रहेका सभ्य गुणहरूकै कारण ऊ पशुभन्दा भिन्न भएको हो । त्यसैले आफ्नो सभ्यता संरक्षण मानिसको मुख्य कर्तव्य हो ।

आफ्नो सभ्यता संरक्षणका लागि समुदायमा आफ्ना परम्परा, धर्म, संस्कृति, पर्व, उत्सव, मर्यादाप्रति चेतना फैलाउनु आवश्यक छ । आफ्नो संस्कृतिको सभ्य ढङ्गले पालना गर्नु, समुदायमा मेलमिलापपूर्वक बसोबाम गर्नु अतिथि सत्कार गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु मानव सभ्यताकै संरक्षण गर्नु पनि हो । मानवता, भ्रातृत्व, भेदभाव, परोपकार आदि सभ्य गुणहरूको संरक्षण गर्नु मानव सभ्यताको जगेर्ना वा संरक्षण हो । हामी मानव सभ्यताको संरक्षणप्रति सदैव चनाखो रहनुपर्छ ।

मेरो व्यवहार  मेरो आचरण भन्ने शीर्षकमा बुँदा तयार पारी आत्मपरक निबन्ध रचना गर्नुहोस् ।

## नमुना - ३

## मेरो व्यवहार

संसारका सम्पूर्ण प्राणीमध्ये मानिस सर्वश्रेष्ठ प्राणी हो । त्यसैले मानिसले आफ्नो बुद्धि र विवेकले संसारलाई नै आफ्नो नियन्त्रणमा लिन सफल भएको छ । मानिसले आफ्नो जीवनमा सफलता हासिल गर्नका लागि धेरै परिश्रम गर्दछ । जीवन जिउने कला सिक्नका लागि उसले अनेक समस्याहरूको सामना गर्नुपर्ने हुन्छ । आफ्नो जीवन यात्रालाई सकुशल अगाडि बढाउनका लागि कठोर परिश्रम गर्नुपर्ने हुन्छ । प्रत्येक मानिसले बाल्यावस्थादेखि नै केही न केही लक्ष्य लिएको हुन्छ । तर अति कम मानिसले मात्र आफ्नो लक्ष्यलाई

निरन्तरता दिएका हुन्छन् । म आफूलाई भाग्यमा भन्दा कर्ममा विश्वास गर्ने व्यक्तिको रूपमा उभ्याउन चाहन्छु । त्यसैले आफू कर्मवादी बनेर लक्ष्य प्राप्तिका लागि गरिने व्यवहारलाई असल र संस्कारयुक्त बनाउन चाहन्छु । जस्तोसुकै मानिसलाई मानिस बनाउने र मानिसको रूपमा चिनाउने प्रमुख आधार उसको व्यवहार हो । उसले प्रदर्शन गर्ने व्यवहारबाट नै ऊ कस्तो मानिस हो भन्ने कुराको पहिचान हुन्छ । मेरा प्रत्येक व्यवहार सकारात्मक छन् कि नकारात्मक छन् भन्ने कुरा मेरो आचरणबाट प्रतिबिम्बित भइरहेका हुन्छन् । त्यसैले मैले समाजसेवाको माध्यमबाट राष्ट्रसेवामा समर्पित हुने लक्ष्य लिएको छु ।

मलाई गाउँको प्राथमिक विद्यालयमा पढ्दादेखि नै समाजसेवी बनेर देशको सेवा गर्ने रहर पलाएको थियो । त्यतिबेला मलाई कुनै पनि कुराको बारेमा राम्रो जानकारी थिएन । दाइको किताब पढ्दा दयावीरसिंह कंसाकारको जीवनी पढ्ने अवसर पाएँ । त्यो जीवनी पढेपछि मेरो कलिलो मस्तिस्कमा त्यसले गहिरो छाप पार्‍यो । त्यसैले जीवनलाई अगाडि बढाउन मैले पनि त्यसैबेलादेखि त्यस्तै महापुरुषहरूको जीवनी पढ्ने चासो राख्न थालेँ । मैले आफूलाई पनि त्यसैअनुसार कसरी रुपान्तरण गर्न सकिन्छ भनेर जान्ने र बुझ्ने जिज्ञासा राख्न थालेँ । यसले मेरो ज्ञानको क्षितिज पनि फराकिलो बन्दै गयो भने मेरो लक्ष्यप्राप्तिका लागि थप क्रियाशील बन्न प्रेरित गर्‍यो । मलाई पनि उहाँहरूको जस्तै त्याग, सत्कर्म र निःस्वार्थ भावका साथ सेवा कार्यमा जुट्न प्रेरित गर्‍यो ।

म सामान्य ग्रामीण क्षेत्रमा जन्मेहुर्केको कारण मलाई ग्रामीण क्षेत्रको अभाव र दुःख पीडा राम्ररी बुझ्न सक्छु । त्यसैले गरिबीको पीडामा पिल्सिएका मानिसहरूको समस्यालाई थोरै भएपनि सहयोग गर्न पाउँदा स्वर्गीय आनन्दको अनुभूति हुन्छ । आफूले आर्जन गरेको ज्ञान र सीपलाई ग्रामीण समुदायको दुःख कष्ट हटाउनका लागि लगाउन चाहन्छु । आर्थिक उन्नति गर्ने बित्तिकै आफ्नो जन्मगाउँलाई चटक्कै छोडेर सहर पस्ने प्रवृत्तिले भने गाउँप्रतिको मोह घट्ने हो कि भन्ने चिन्ता लाग्छ । तर सहरमा पाइने सम्पूर्ण सुविधा ग्रामीण क्षेत्रमा विकेन्द्रित गर्न सकियो भने गाउँको विकास नहोला भन्ने चिन्ता रहँदैन । म गाउँको विकास र समृद्धिका लागि आफ्नो ज्ञान र सीप खन्याउन चाहन्छु । ग्रामीण क्षेत्रमा यातायात, शिक्षा, स्वास्थ्यलगायत सहरमा पाइने सम्पूर्ण सुविधा उपलब्ध हुने हो भने अधिकांश मानिसको रुचि गाउँतिर जाग्छ । त्यसैले ग्रामीण क्षेत्रमा आधुनिक कृषि प्रणाली, पशुपालन, पुस्तकालय, बालबालिकाहरूका लागि फनपार्क, जैविक खानेकुरा मात्र उपलब्ध हुने खाजाघर आदिको व्यवस्था गर्न सके पुनः गाउँफर्क अभियानकै पुनरावृत्ति हुन सक्छ । त्यसैले म थोरै भएपनि गाउँको विकासमा सहयोग पुर्‍याएर राष्ट्रको समृद्धिका लागि योगदान दिन चाहन्छु ।

मेरो व्यवहार नै मेरो आचरणको ऐना भएकोले मैले सधैँ असल आचरण गर्नु आवश्यक छ । त्यसैले मैले विशिष्ट समाजसेवीहरूको आदर्शलाई पछ्याउनका लागि समाजसेवालाई रोजेको हुँ । आजका युवा पुस्तामा विद्यालय तहदेखि नै गाउँप्रेमको भाव जगाउनका लागि पनि मैले यो क्षेत्र रोजेको हुँ । आम युवा जमातमा अहिलेदेखि नै आफ्नो गाउँप्रति सकारात्मक भाव सञ्चार गर्न सकियो भने हाम्रो देश समृद्ध हुन सक्छ । जीवन दाउमा

राखेर प्रत्येक दिन हजारौँको सङ्ख्यामा लाम लागेर अरबको मरूभूमिमा रगत पसिना बगाउन विदेसिने युवाको सङ्ख्यामा कमी आउन सक्छ । यहीँ प्रशस्त अवसरहरू सिर्जना गर्न सकियो भने युवा विदेसिनुको सट्टा हाम्रो देश विदेशी कामदारका लागि रोजगार दिन सक्ने मुलुक बन्न सक्छ । भोलिका जिम्मेवार नागरिक आजका युवाको काँधमा राष्ट्र निर्माणको जिम्मेवारी भएकोले म अहिले देखि नै समाजसेवाका साथै युवा जागरण अभियानमा निरन्तर लागिरहने छु ।

मैले गरेको व्यवहार मेरो आचरणमा देखिने भएकोले दीर्घकालीन रूपमा पर्न सक्ने असरलाई ख्याल गरेर सुन्दर आचरण प्रस्तुत गर्नुपर्छ । त्यसैले व्यवहार नै मेरो आचरणको ऐना हो । एउटा असल र सभ्य नागरिकले गर्नुपर्ने काम पनि यही हो ।

## अभ्यास

१. समाज सेवामा मानिसको भूमिका

२. चरित्र र नैतिकता जीवनको जग

३. कलमको महत्त्व

४. मेरी आमा र मातृत्व

५. राष्ट्रप्रति नागरिकको कर्तव्य

६. नेपाली भाषा र विश्वव्यापीकरण

७. पुर्खाको गौरव

८. राष्ट्रिय विभूतिहरू

९. म र मेरो कर्तव्य

१०. नेपालमा पर्यटन उद्योग

११. देश विकास गर्न औद्योगीकरण

१२. समाज उत्थानमा नारीको भूमिका

१३. प्राविधिक शिक्षा

१४. मलाई मन पर्ने वैज्ञानिक

१५. मेरा मन परेका साहित्यकार

१६. शान्तिप्रिय नेपाल र गौतमबुद्ध

१७. सामाजिक जागरणमा शिक्षा तथा सञ्चार

१८. जलसम्पदा र समुचित प्रयोग

१९. युवामा बढेको सामाजिक सञ्जालको प्रभाव

२१. वृद्धवृद्धाप्रति कर्तव्य र जिम्मेवारी

२१. पुस्तकालय र शिक्षाको क्रान्ति

२२. जलवायु परिवर्तन र यसको असर

२३. नयाँ पुस्तक पढ्ने बानी

२४. द्रुततर नेपाल विकास गर्न मेरो योजना

२५. दु:खको साथी मित्रता

२६. प्रकृतिको चमत्कार

२७. सबै ग्रहमा उत्कृष्ट, दिव्य, सुन्दर पृथ्वी

२८. देश प्रेम

२९. हाम्रा महान् चाडपर्वहरू

३०. नेपालको हिमाली सौन्दर्य

३१. वातावरणको रक्षा

३२. स्वस्थ जीवनका निम्ति योगाभ्यास

३३. मेरा मनपर्ने मार्गनिर्देशक गुरु

३४. बुबाआमाप्रति छोराछोरीको कर्तव्य

३५. कलमजीवी

३६. मेरो राष्ट्रनायकत्व

३७. मेरो व्यवहार नै मेरो आचरणको ऐना हो ।

३८. मानव सभ्यताको संरक्षण

३९. चेलीवेटी बेचविखन

४०. रक्तदान जीवनदान

४१. विद्युतीकरण र औद्योगीकरण

४२. म र मेरो कर्तव्य

४३. नेपालमा पर्यटकीय सम्भावना र चुनौतीहरू

४४. देश निर्माणमा युवा शक्ति